# नेपाल : सङ्क्रमणकाल र लोकतन्त्र

# नेपाल
## सङ्क्रमणकाल र लोकतन्त्र

**कृष्ण हाछेथु**
साथमा
**संजय कुमार र जीवन सुवेदी**

अनुवादक
**दामिनी वैद्य**

भाषासम्पादन
**केशव सुवेदी**

© इन्टरनेसनल आइडिया (प्रजातन्त्र र निर्वाचन सहयोग संस्था)
जनवरी २००८

यो प्रतिवेदन इन्टरनेसनल आइडियाको प्रकाशन हो । इन्टरनेसनल आइडियाका प्रकाशनहरू राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विशेष स्वार्थबाट स्वतन्त्र छन् । यस प्रकाशनमा व्यक्त विचार र विश्लेषणहरू ग्रन्थकारका निजी हुन् । यसमा यस संस्थाको सहमति हुनैपर्छ भन्ने छैन ।

यस प्रतिवेदनका सबै या कुनै भाग पुनः प्रकाशन या अनुवाद गर्नुपरेमा स्वीकृतिका लागि निम्न ठेगानामा सम्पर्क गर्नुपर्नेछः

इन्टरनेसनल आइडिया
एस इ १०३३४ स्टकहोम
स्वीडेन

इन्टरनेसनल आइडियाले आफ्नो प्रकाशनको प्रचार-प्रसारमा प्रोत्साहन दिने भएकाले यसका प्रकाशनहरूको पुनः मुद्रण/प्रकाशन तथा अनुवादका लागि गरिएको अनुरोधलाई यथाशक्य छिटो स्वीकृति दिइन्छ ।

आइएसबीएनः ९७८–९१–८५७२४–३५–२

मुद्रणः डंगोल प्रिन्टर्स

# प्राक्कथन

दक्षिण एसियामा प्रजातन्त्रको स्थिति/नेपाल शाखाले सन् २००४ मा नेपालमा प्रजातन्त्रको स्थितिबारे एउटा सर्वेक्षण गरेको थियो । यसको तीन वर्षपछि यस संस्थाले प्रजातन्त्र तथा यससँग सम्बन्धित अन्य विषयमा जनताको परिवर्तित धारणाबारे बुझ्न पुनः सर्वेक्षण गरेको छ । २००७ को यस सर्वेक्षणको निष्कर्षबाट २००४ मा जनताद्वारा अभिव्यक्त विचारमा उल्लेखनीय फरक पाइएको छ । जनताका यी परिवर्तित धारणाले नेपालको नयाँ राजनीतिक दिशानिर्देश गरेका छन् ।

हालैका वर्षहरूमा नेपालमा भइरहेका गतिविधि/घटनाक्रमका धेरै सकारात्मक पक्षहरू छन्; जस्तै– राज्य र सम्भ्रान्त वर्गको संरचनामा पुनर्विचारको चाहना राख्नु, देशमा सकारात्मक परिवर्तन ल्याउन जनइच्छा जाग्नु र देशमा शान्ति र स्थायित्वप्रति जनचाहना बढ्नु । दश वर्षे माओवादी जनयुद्धले नेपाली जनमानसमा परिवर्तन ल्याउनु र तत्पश्चात् नेकपा माओवादीलाई बहुदलीय प्रजातन्त्रमा समायोजन गर्नु– यी महत्त्वपूर्ण घटनाक्रम हुन् । पश्चिमी संसदीय/राष्ट्रपतीय प्रजातान्त्रिक पद्धतिलाई नकार्दै जनवादको सिद्धान्तलाई अनुसरण गरिआएको नेकपा माओवादी अब देशमा विद्यमान बहुदलीय प्रजातान्त्रिक व्यवस्थालाई स्वीकार गर्दै मूलधारको राजनीतिमा समाहित भएको छ । नेकपा माओवादीले आफ्नो कोरा सिद्धान्त समयसापेक्ष नभएको र त्यो बाहिरी संसारलाई पनि मान्य नभएको कुरालाई मनन गरेर आफ्नो वैचारिक अडानमा परिवर्तन ल्याएबाट यसलाई प्रजातन्त्र अनुकूलको सफलता मान्नुपर्दछ ।

हालैको सङ्क्रमणकाल देशका लागि अति जोखिमपूर्ण समय हो । यतिखेर सामना गर्नुपर्ने चुनौतीहरू धेरै छन्; तर यस्तो तरल अवस्थाले ती चुनौतीहरूको सामना गर्न पनि प्रशस्त अवसरहरू प्रदान गरेको हुन्छ । राजनीतिक दल/समूहहरू (जो आफू मात्र वास्तविक राजनीतिक शक्तिका रूपमा परिचित हुने सङ्कीर्ण सोचाइ राख्छन्) को राजनीतिका कारण यी चुनौतीहरू डरलाग्दा देखिन्छन् । सैद्धान्तिक रूपमा भन्ने हो भने नेकपा माओवादीसमेतका प्रमुख राजनीतिक दलहरूबीच खास भिन्नता छैन, किनभने धेरैजसो यिनीहरू प्रतिस्पर्धात्मक बहुदलीय राजनीति, गणतन्त्रात्मक शासनपद्धति, जनताको सम्प्रभुता र जनताको स्वतन्त्रताको रक्षा गर्नेजस्ता विषयमा सहमत भइसकेका छन् । अझै पनि कहिलेकाहीँ यी समान सिद्धान्तहरू हुँदा हुँदै पनि राजनीतिक दलहरूको भिन्न स्वार्थका कारण उनीहरूबीचका भिन्न नीतिले समान सैद्धान्तिक प्रतिबद्धतालाई छायाँमा पारेका छन् । यसबाट जनतामा नैराश्यको भावना उत्पन्न हुँदै गएको छ र विभिन्न अवरोधका कारण पटक-पटक संविधानसभाको निर्वाचन सर्न गएकाले देशमा अनिश्चित वातावरण कायम नै रहेको छ । तसर्थ सङ्क्रमणकालको सफल अवतरणमा शङ्का उत्पन्न भएको छ ।

अहिलेको सङ्क्रमणकाल जसरी अघि बढे पनि नेपाली राजनीतिक परिवर्तनले कुन दिशा लिन्छ भन्ने कुरा राजनीतिक दलहरूको कल्पनाशीलता, साहस र दृढतामा निर्भर गर्दछ । तर केही सकारात्मक परिवर्तन हुनुचाहिँ अपरिहार्य छ । जनताको चेतनाको तहमा भएको बृद्धिले निःसन्देह राजनीतिक पार्टीहरूको उत्तरदायित्वबोध गर्ने संस्कृतिमा सुनिश्चितता ल्याउनेछ र क्षेत्रीयता, जातीयता र अन्य पहिचानका विषयमा आएको बढ्दो जागरणले पनि राजनीतिक दलहरूलाई विभिन्न जातीय तथा क्षेत्रीय समूहका वैध मागहरू सम्बोधन गर्न दबाब दिनेछ ।

यस सर्वेक्षणमा नेपालको सङ्क्रमणशील राजनीतिका विविध महत्त्वपूर्ण विषयमा अन्वेषण गरिएको छ । जस्तैः गणतन्त्र, समावेशी लोकतन्त्र र माओवादी मूलधारको राजनीतिक दलमा रूपान्तरणजस्ता विषयहरू यसमा समाविष्ट छन् । यस अध्ययनले नेपालीहरूको जातीय चेतनामा आएको वृद्धिको एक नयाँ धारलाई सङ्केत पनि गरेको छ । तसर्थ सङ्क्रमणको प्रक्रियामा प्रमुख राजनीतिककर्मीहरूबाट सावधानीपूर्ण र कुशल सामाजिक दिशाबोध एवम् जातीय र राष्ट्रिय पहिचानको गतिशीलताको अपेक्षा गरिन्छ । नेपाल राज्यको स्थापना भएदेखि नै विद्यमान विभेदकारी नीतिले असमावेशी राजनीतिलाई प्रोत्साहन दिएको र लाभमुखी जाति र वर्गले मात्र शक्ति र स्रोतको उपयोग गर्दै आएको पाइन्छ । जनआन्दोलन-२ ले नेपालमा रहेका यस्ता धेरै पुराना राज्य ढाँचाका विशेषताहरूलाई परिमार्जन गर्ने अवसर दिएको छ र यस सर्वेक्षणले सकारात्मक परिवर्तनबाट जनताले राखेका अपेक्षाहरूको सूचीकरण पनि गरेको छ ।

मलाई विश्वास छ; यदि यस सर्वेक्षणले दिएका सन्देशहरूप्रति राजनीतिकर्मीहरूले गम्भीर ध्यान दिए र सोअनुरूप काम गरे भने यसले नेपालको सङ्क्रमणलाई छिटो निकास दिनेछ । नेपालमा हालै विकसित भइरहेको घटनाक्रममा संसारले ध्यान दिएर हेरिरहेको छ । सबैतिरका जनताले प्रजातान्त्रिक प्रक्रियाबाट राम्रो फल प्राप्त भएको हेर्न चाहेका छन्, तिनीहरूले द्वन्द्वबाट तहननहस भएको राज्य शान्तिपूर्ण र समृद्ध लोकतान्त्रिक राज्यमा परिवर्तन भएको हेर्न चाहेका छन् । डा. कृष्ण हाछेथु र उहाँको समूहले तयार पारेको यस प्रतिवेदनले उन्नत नेपालका लागि कार्यरत लोकतान्त्रिक संयन्त्रहरूबारे जान्न चाहने सबैलाई सहयोग पुऱ्याउँछ । यस कार्यका लागि हाछेथु र उहाँको समूह प्रसंशायोग्य रहेको छ ।

**लोकराज बराल**
प्रोफेसर तथा कार्यकारी प्रमुख
नेपाल सेन्टर फर कन्टेम्पोररी स्टडिज (एनसीसीएस)
काठमाडौं, नेपाल
जनवरी, २००८

# भूमिका

'प्रजातन्त्र' भन्नाले जनताले के बुझ्दछन् ? जनताले सरकारको कुन संयन्त्रलाई विश्वास गर्दछन् ? जनताको विचारलाई देशमा भइरहेको अशान्त घटनाले कस्तो प्रभाव पारेको हुन्छ ? देशमा हुने अशान्ति र द्वन्द्वको वातावरणले त्यहाँका जनताको विचारमा कस्तो प्रभाव पार्दछ ? यी प्रश्नहरूको उत्तर यस सर्वेक्षणले खोज्ने प्रयास गरेको छ । सबै वर्ग र तह समेटिने विधि (cross-sectional survey) लाई अँगालेर सन् २००४ देखि सन् २००७ सम्म नेपालको सङ्कटपूर्ण समयमा यहाँका जनताका विचार/धारणा, प्रवृत्ति र व्यवहारको चित्राङ्कन गर्ने प्रयास यस सर्वेक्षणले गरेको छ । यस सर्वेक्षणमा जनताले प्रजातन्त्र/लोकतन्त्र भन्नाले के बुझ्दछन्; सरकारी संयन्त्रप्रति उनीहरूको विश्वास के कस्तो छ, राजनीतिक गतिविधिका तह एवम् अल्पसङ्ख्यक समूहबारे आमजनताको धारणा के छ ?, व्यक्तिगत सुरक्षा तथा देश र जनताका भौतिक अवस्थाबारे यथार्थ चित्र के कस्ता छन् ? तिनलाई प्रस्तुत गर्न खोजिएको छ । यी दुवै सर्वेक्षणहरू (सन् २००४ र सन् २००७) ले देशको सङ्कटपूर्ण सङ्क्रमण अवधिमा विद्यमान राजनीतिक तथा सामाजिक परिवेशबारे अध्ययन गर्न खोजेका छन् ।

अन्य मुलुकमा जस्तै नेपालमा पनि मुख्यतया सङ्क्रमणको समयमा यस्ता सर्वेक्षणहरूको महत्त्व र सान्दर्भिकता विवादरहित नहोला । तर निश्चित रूपले सर्वेक्षण जनताको धारणा बुझ्ने एउटा विधि हो । जनताको विचार जान्न प्रयोग गर्ने/गर्न सकिने अन्य धेरै विधिहरू पनि छन्, तर सर्वेक्षणले जनधारणा र जनभावना बुझ्न ज्यादै ठूलो मद्दत गर्दछ । यसका अतिरिक्त जनतालाई आफ्नो भाव अभिव्यक्त गर्ने ठाउँ दिएर यस्ता अध्ययनले प्रजातान्त्रिक संवादको क्षेत्रलाई विस्तृत पार्दछन् । सर्वेक्षणको आफ्नै प्रकृतिअनुरूप यसले निम्नतहका जनताको आवाज सुन्ने र कहिल्यै कुनै पनि सञ्चारमाध्यम या अन्य सूचनाप्रवाह गर्ने निकायले समेट्न नसकेका यी जनआवाज/धारणालाई सबैसामु प्रस्तुत गरेको छ ।

यस सर्वेक्षणमा केही उत्तरदातासँगको गुणात्मक अन्तर्वार्तालाई पनि समावेश गरिएको छ । यसले पाठकवर्गलाई तथ्याङ्कको सन्दर्भ बुझ्न मद्दत गर्नेछ । यस अध्ययनले सम्भ्रान्त वर्ग र विधायिका सदस्यहरूसँगको अन्तर्वार्तालाई पनि समेटेको छ ।

प्रस्तुत अध्ययन परियोजनाको सञ्चालनबाट देशका लागि अतिरिक्त पाइदा पनि पुगेको छ । करिब दुईसय भन्दा बढी विश्वविद्यालय तहका विद्यार्थीहरूलाई सर्वेक्षण विधिबारे तालिम दिइयो । यी तालिमप्राप्त सर्वेक्षकहरूले निश्चय पनि नेपालको प्रजातन्त्र जस्ता विषयमा भविष्यमा अनुसन्धान गर्ने अनुसन्धानकर्ताहरूलाई सहयोग पुऱ्याउनेछन् नै ।

मलाई विश्वास छ- यी परिणामहरू भविष्यका अनुसन्धानकर्ताहरूका लागि अमूल्य डाटा बैंकको रूपमा रहनेछन् । आजको दशकपछिका अनुसन्धानकर्ताहरूलाई सन् २००४–२००७ मा नेपालका जनताको प्रजातन्त्रप्रतिको अवधारणा, सुरक्षा, राजनीति र अर्थतन्त्रबारे उनीहरूको आशय बुझ्न यस अध्ययनका निष्कर्षहरूले सहयोग पुऱ्याउनेछन् । अझ नेपालजस्तो मुलुक जहाँ वैज्ञानिक तथ्याङ्क पाउन गाह्रो छ, त्यहाँ प्रस्तुत अध्ययन ऐतिहासिक अभिलेखका रूपमा रहनेछ ।

प्रस्तुत अध्ययनको अति महत्त्वपूर्ण निष्कर्षहरूमध्ये पहिलो हो– नेपाली जनताले पनि प्रजातन्त्रप्रति विश्वव्यापी नागरिकहरूको आकाङ्क्षालाई नै समर्थन गर्दछन् । २००४ र २००७ का दुवै सर्वेक्षणमा बहुसङ्ख्यक उत्तरदाताहरूले अरू प्रकारको राज्यव्यवस्थाभन्दा लोकतन्त्र नै नेपालका लागि सुहाउँदो व्यवस्था मानेका छन् । यस्ता निष्कर्षको सकारात्मक आशयअनुरूप नेपालमा प्रजातन्त्रको सङ्कल्पलाई विकासशील र क्रियाशील प्रजातन्त्रमा परिणत गर्नु अझै बाँकी छ भन्ने कुरा मनन गर्नुपर्छ र नेपालले त्यसो गर्न नसकेकोप्रति उत्तरदाताले व्यक्त गरेको नकारात्मक प्रतिक्रियालाई पनि उचित ढङ्गले लिनुपर्दछ । तैपनि यस अध्ययनले नेपाली जनताले अहिले भइरहेका शान्ति-प्रक्रिया र प्रजातान्त्रीकरणका प्रक्रियाहरूको समर्थन गर्दछन् भन्ने कुरा देखाएको छ । यसले जनताका ती अपेक्षाहरूको पूर्ति गर्न राष्ट्रिय राजनीतिज्ञहरू र अन्तर्राष्ट्रिय समुदायलाई उत्साहित तुल्याउने नै छ ।

**विदार हेल्गेसेन**
महासचिव
इन्टरनेसनल आइडिया
जनवरी ८, २००८

# आभार तथा कृतज्ञता

प्रस्तुत *नेपाल : सङ्क्रमणकाल र लोकतन्त्र* नेपालमा प्रजातन्त्रको स्वरूपका बारेमा गरिएको अध्ययनको दोस्रो भाग हो । पहिलो भाग *नेपालमा प्रजातन्त्रको स्थितिः सर्वेक्षण प्रतिवेदन* सन् २००४ को नोभेम्बर महिनामा प्रकाशित भएको थियो । यो दोस्रो भाग पहिलोभन्दा धेरै सूचनामूलक छ, किनभने यस सर्वेक्षणमा समाजका सबै वर्गलाई समेट्ने नागरिक सर्वेक्षणका अतिरिक्त सांसदहरूका लागि विधायिका सर्वेक्षण थप गरिएको छ । साथै यसमा छनोटमा परेका क्षेत्रका जनसाधारण तथा राष्ट्रिय स्तरका सम्भ्रान्त वर्गसँग गहन अन्तर्वार्ताबाट सङ्कलित सूचनाहरू पनि समावेश गरिएका छन् । त्यसैकारण नागरिक सर्वेक्षण, विधायिका सर्वेक्षण र बुस्टर सर्वेक्षणका सम्पूर्ण उत्तरदाता तथा गुणात्मक अध्ययनमा सहभागी भई आफ्नो अमूल्य समय दिने सबैप्रति हामी आभारी छौँ ।

यो प्रतिवेदन सामूहिक प्रयासको फल हो; यसमा सयौँ व्यक्तिहरू सामेल भएका थिए । यस अध्ययनको सफलताको श्रेय मुख्यतया ती अनुसन्धानकर्ता र सुपरिवेक्षकहरूलाई छ जसले स्थलगत सर्वेक्षणमा धेरै परिश्रम गरेका छन् ।

प्रस्तुत अध्ययन सञ्चालन गर्ने सिलसिलामा मार्गदर्शन गराउनु हुने नेपाल समसामयिक अध्ययन केन्द्रका अध्यक्ष प्रा.डा. लोकराज बराल तथा यो अध्ययन सञ्चालन गर्न प्रोत्साहित गर्ने प्रा. योगेन्द्र यादव (लोकनीति, सीएसडीएस, दिल्ली)लाई हामी धन्यवाद दिन चाहन्छौँ । यस अध्ययनका सल्लाहकारद्वय श्री शकुन्तला कादिरगामा–राजसिङ्घम तथा श्री लिना रिक्किला (इन्टरनेसनल आइडिया) ले परियोजना डिजाइनदेखि प्रकाशन गर्दासम्म आफ्नो अमूल्य सल्लाह दिनुका साथै नैतिक र बौद्धिक समर्थन दिनुभएको छ र सञ्जय कुमार (लोकनीति, सीएसडीएस) ले प्राविधिक सहायता दिनुभएको छ। उहाँहरूको सहयोग र समर्थनका लागि धन्यवाद दिन चाहन्छौँ। प्राध्यापक कृष्ण खनाल (केन्द्रीय राजनीतिशास्त्र विभाग, त्रि.वि.) र प्रा.डा. डिल्लीराम दाहाल (नेपाल र एसियाली अनुसन्धान केन्द्र, त्रि.वि.) ले यस अध्ययनको मूल्याङ्कन (peer review) गरिदिनुका साथै अन्य किसिमले मद्दत गर्नु भएको छ। तसर्थ हामी उहाँहरूप्रति पनि आभारी छौँ। त्यस्तै श्री नेविनलाल श्रेष्ठ र उहाँको समूहले प्राविधिक सहयोग गर्ने र प्रा. देवेन्द्र क्षेत्री (केन्द्रीय तथ्याङ्क विभाग, त्रिवि.) ले प्रस्तुत अध्ययनका लागि अध्ययन विधि तयार गर्ने कार्यमा सहयोग पुऱ्याउनुभएको छ। यसका लागि उहाँहरू सबै धन्यवादका पात्र हुनुहुन्छ ।

यो अध्ययन शाही नर्वेजियन राजदूतावास, काठमाडौं र बेलायत सरकारको संयुक्त सहयोगमा इन्टरनेसनल आइडियाद्वारा सञ्चालित 'नेपालमा संविधान निर्माणका लागि सहयोग' नामक प्रोजेक्टको एक अंश हो ।

टिकु गौचनले यस प्रतिवेदनको अंग्रेजी भाषा सम्पादन गर्नुभएको हो र अजित बरालले यसलाई अझ राम्रो पार्नुभएको छ। सुश्री दामिनी वैद्यले यसलाई नेपालीमा अनुवाद गर्नु भएको हो भने भाषासम्पादनकार्य प्रा. केशव सुवेदीबाट भएको हो। प्रतिवेदनलाई यस अवस्थामा ल्याइपुऱ्याउन उहाँहरूले गर्नुभएको सहयोगप्रति हामी आभार व्यक्त गर्दछौँ ।

# विषयसूची


| विषय | पृष्ठ |
|---|---|
| प्राक्कथन | ङ |
| भूमिका | छ |
| आभार तथा कृतज्ञता | झ |
| तालिका-सूची | ट |

**पहिलो परिच्छेद**

**परिचय**

| | | |
|---|---|---|
| १.१ | पृष्ठभूमि | १ |
| १.२ | सन्दर्भ | १ |
| १.२.१. | गणतन्त्रका लागि आह्वान | २ |
| १.२.२ | नेकपा (माओवादी) को रूपान्तरण | २ |
| १.२.३ | समावेशी प्रजातन्त्रका लागि आह्वान | ३ |
| १.३ | आजको राज्यको स्थिति | ४ |
| १.३.१ | प्रजातान्त्रिक सरकार | ४ |
| १.३.२ | नेकपा (माओवादी) जनसेनाको व्यवस्थापन | ४ |
| १.३.३ | समावेशी प्रजातन्त्र | ४ |
| १.४ | दश प्रमुख परिणाम | ५ |
| १.५ | प्रतिवेदनको संगठन | ६ |

**दोस्रो परिच्छेद**

**अध्ययनविधि**

| | | |
|---|---|---|
| २.१ | पृष्ठभूमि | ९ |
| २.२ | नागरिक सर्वेक्षण | ९ |
| २.३ | छनोट विधि | ९ |
| २.४ | संसद्/विधायिका सर्वेक्षण | ११ |
| २.५ | बुस्टर सर्वेक्षण | ११ |
| २.६ | जनसाधारणसँग अन्तर्वार्ता | १२ |
| २.७ | राष्ट्रिय स्तरका सम्भ्रान्त वर्गका व्यक्तिहरूसँग अन्तर्वार्ता | १२ |
| २.८ | अवलोकन प्रतिवेदन | १२ |
| २.९ | सर्वेक्षण सन्दर्भ | १३ |
| २.१० | सर्वेक्षण प्रक्रिया | १४ |

२.११ तथ्याङ्क सुरक्षण १४
२.१२ नमुना विशेषता १५

## तेस्रो परिच्छेद
## प्रजातन्त्र, जनआन्दोलन–२ र राजनीतिक सहभागिता

३.१ पृष्ठभूमि १९
३.२ जनआन्दोलन-२ का विशेषता २०
३.२.१ जनआन्दोलन-२ अभूतपूर्व घटना २०
३.२.२ जनआन्दोलन-२ मा जनसहभागिता जुलुसमा भाग लिनुमा मात्र सीमित नभएको २२
३.२.३ जनआन्दोलन-२ को सफलताबाट मुख्यतया शान्ति र मेलमिलापको अपेक्षा गरिएको २४
३.३ सामाजिक पुँजीको निर्माणमा अभिवृद्धि २५
३.३.१ जनताको आमसञ्चारमा पहुँच उल्लेखनीय रूपमा वृद्धि भएको २५
३.३.२ जनआन्दोलन-२ पछि राजनीतिक चेतनामा निकै वृद्धि भएको २७
३.३.३ राजनीतिक चेतनामा आएको वृद्धिले राजनीतिक सहभागिता बढेको २९
३.४ जनआन्दोलन-२ पछि लोकतन्त्रप्रति नेपाली जनताको समर्थनमा वृद्धि ३२
३.५ राजनीतिक दलहरू र नेकपा (माओवादी) जनआन्दोलन-२ का उत्प्रेरक ३६
३.६ सारांश ४२

## चौथो परिच्छेद
## सङ्क्रमणकाल र जनचाहना

४.१ पृष्ठभूमि ४५
४.२ हालको सङ्क्रमणकालीन राजनीतिको मुख्य लक्ष्य संविधानसभाको निर्वाचन ४६
४.३ गणतन्त्रका पक्षमा जनसमर्थन वृद्धि भएको ४९
४.४ नेकपा (माओवादी) को बहुदलीय लोकतान्त्रिक व्यवस्थामा रूपान्तरणकाप्रति जनताको आशङ्का ५३
४.५. नेपाली मतदाताहरूको संविधानसभाको अर्थबोध ५९
४.६ संविधानसभाको निर्वाचन निष्पक्ष हुने कुरामा जनसाधारणको विश्वास तर राजनीतिक दलहरूको आशङ्का ६२
४.७ संविधानसभाको स्वतन्त्र र निष्पक्ष निर्वाचन गराउनमा अन्तर्राष्ट्रिय सुपरिवेक्षणको भूमिकाको अपेक्षा ६९
४.८ सारांश ७१

## पाँचौं परिच्छेद
## जातीयता र समावेशन

५.१ पृष्ठभूमि ७३
५.२ राष्ट्रिय पहिचानलाई प्राथमिकता दिनाका साथै जातीय/क्षेत्रीय पहिचानप्रति लगाव ७५
५.३ समावेशनको अभावले जातीय भावनामा आएको वृद्धि ७९
५.३.१ समावेशन तथा बहिष्करणमा जातीय विभाजन जिम्मेवार ८०
५.३.२ केही समूहलाई बहिष्कृत वर्गमा पार्न धेरै तत्त्वहरूले काम गरेका ८२
५.३.३ बहिष्कृत समूहको अवस्था सुध्रँदै गएको ८३
५.३.४ बहिष्कृत वर्गका लागि काम गरेकोमा नेकपा (माओवादी) लाई सबभन्दा बढी श्रेय दिइएको ८४

५.३.५ संविधानमा समावेशनका प्रावधानहरू राखिनुपर्नेमा मतैक्य रहेको ८५
५.४ समावेशी लोकतन्त्रका लागि उठेका जातीय तथा क्षेत्रीय आन्दोलनका केही ठोस प्रस्तावहरू ८६
५.४.१ जनसाधारणले नेपाललाई हिन्दू राज्यकै रूपमा हेर्न चाहे पनि धर्मनिरपेक्षताको पक्षमा जनसमर्थन बढ्दो ८६
५.४.२ संघात्मकताको सवालमा जनसाधारण र सम्भ्रान्त वर्गको विचार विभाजित ८८
५.४.३ जनसाधारणमा नेपाली भाषाको एकाधिकारको अन्त्यको चाहना ८९
५.५ सारांश ९१

**छैटौँ परिच्छेद**

**निष्कर्ष**

६.१ छवटा सन्देश ९४
६.२ चार चुनौती ९५

सन्दर्भग्रन्थसूची ९९
नेपालका प्रमुख राजनीतिक घटनाक्रम १०१
परिशिष्ट १०४
१. स्थानीय तहमा अन्तर्वार्ता दिने व्यक्तिहरूको नामावली १०४
२. राष्ट्रिय तहमा अन्तर्वार्ता दिने व्यक्तिहरू १०५
३. फ्रिक्वेन्सी तालिका १०६
इन्टरनेसनल आइडियाबारे १४१
दक्षिण एसियामा प्रजातन्त्र (डीएएस्)/नेपालबारे १४३
अध्ययन टोली १४४

# तालिकासूची


| | | |
|---|---|---|
| २.१ | झापा-२ , नमुना क्षेत्र र उत्तरदाता संख्या | १० |
| २.२ | नमुनामा छानिएका संसदीय चुनाव क्षेत्रहरूः भौगोलिक तथा विकासक्षेत्रअनुसार | १५ |
| २.३ | नमुना उत्तरदाता तथा राष्ट्रिय जनसंख्याका विशेषताहरू | १६ |
| २.४ | जातजाति र धर्मका आधारमा उत्तरदातासंख्या | १७ |
| ३.१ | जनआन्दोलन-२ मा जनसहभागिता | २१ |
| ३.२ | जनआन्दोलन-२ मा सहभागिताका प्रकार | २३ |
| ३.३ | जनआन्दोलन-२ बाट जनताले राखेका अपेक्षाहरू | २५ |
| ३.४ | सञ्चारमा पहुँच र राजनीतिक चेतना | २८ |
| ३.५ | राजनीतिक छलफल तथा विरोध कार्यक्रममा सहभागिता वृद्धि | २९ |
| ३.६ | औपचारिक संघ-संस्थामा जनसहभागिता | ३० |
| ३.७ | औपचारिक संघ-संस्थामा सहभागिताको वृद्धिः सन् २००४-२००७ | ३२ |
| ३.८ | प्रजातन्त्र र बुझाइ | ३४ |
| ३.९ | राज्यव्यवस्थाको रोजाइ | ३५ |
| ३.१० | राजनीतिक पार्टीहरूसँगको आबद्धता र कार्यक्रममा सहभागिता | ३७ |
| ३.११ | राजनीतिक दलहरूसँगको आबद्धता र सहभागिता | ३८ |
| ३.१२ | राजनीतिक/राज्यका संगठनहरूप्रति जनविश्वास | ३९ |
| ३.१३ | राजनीतिक दलका नेताहरूप्रतिको विश्वास | ४१ |
| ४.१ | संविधानसभाको निर्वाचनलाई नयाँ संविधान निर्माण-प्रक्रिया भनी बुझ्ने | ४८ |
| ४.२ | संविधानसभाबाट राखिएका अपेक्षा | ४९ |
| ४.३ | राजतन्त्रको भविष्यबारे नागरिकहरूको मत | ५० |
| ४.४ | गणतन्त्र र राजतन्त्रप्रति राजनीतिक दलको अभिमत | ५२ |
| ४.५ | गणतन्त्रात्मक व्यवस्थाप्रतिको अभिमत र वृद्धिदर | ५३ |
| ४.६ | नेकपा माओवादीप्रति विश्वास र यसको रूपान्तरणका विषयमा जनधारणा | ५५ |
| ४.७ | नेकपा माओवादी र यसको रूपान्तरणप्रति राजनीतिक दलहरूको विश्वास | ५६ |
| ४.८ | विभिन्न क्षेत्रका उत्तरदाताहरूको माओवादीसँगको अनुभव | ५८ |
| ४.९ (क) | संविधानसभा र सम्बन्धित विषयमा जनसाधारणको बुझाइ | ६० |
| ४.९ (ख) | संविधानसभा र सम्बन्धित सवालहरूबारे जनताको बुझाइ | ६१ |
| ४.१० | संविधानसभाको निर्वाचन भयरहित हुनेमा विश्वास | ६३ |
| ४.११ | सुरक्षास्थिति | ६५ |
| ४.१२ | पहिलेको तुलनामा अहिलेको सुरक्षास्थिति | ६६ |
| ४.१३ | सुरक्षास्थितिमा सुधार आउनाका कारणहरू | ६७ |

| | | |
|---|---|---|
| ४.१४ | असुरक्षाका स्रोतहरू | ६८ |
| ४.१५ | अन्तर्राष्ट्रिय समुदायको भूमिकाको वर्गीकरण | ७० |
| ५.१ | पहिचानको प्राथमिकता | ७७ |
| ५.२ | राष्ट्रियता र आफ्नो जातीयतामा गर्व गर्नेहरू | ७९ |
| ५.३ | समावेशी समूह र बहिष्कृत समूह | ८१ |
| ५.४ | समाजमा सीमान्तीकरणका कारक तत्त्वहरू | ८२ |
| ५.५ | विगत केही वर्षहरूमा बहिष्कृत वर्गको अवस्थामा भएका सुधार | ८३ |
| ५.६ | बहिष्कृत वर्गको उत्थानमा सहयोग गर्ने निकायहरू | ८५ |
| ५.७ | धर्मनिरपेक्ष वा हिन्दू राष्ट्र | ८७ |
| ५.८ | एकात्मक या संघात्मक राज्यमा छनोट | ८८ |
| ५.९ | सरकारी कामकाजको भाषाको छनोट | ९० |

## पहिलो परिच्छेद

# परिचय

### १.१ पृष्ठभूमि

दक्षिण एसियामा लोकतन्त्रको स्थिति सञ्जाल/नेपाली समूहले, इन्टरनेसनल आइडियाको संयुक्त तत्त्वावधानमा नेपालमा लोकतन्त्रको स्थितिबारे सबै तह र वर्गका नेपाली जनताको मत सर्वेक्षणको दोस्रो चरण पूरा गरेको छ । यसै विषयमा पहिलो मत सर्वेक्षण सन् २००४ को अगस्ट-सेप्टेम्बरमा भएको थियो जुन दक्षिण एसियामा लोकतान्त्रिक संस्थाहरूको आधारभूत मूल्याङ्कन गर्ने क्षेत्रीय संयुक्त प्रयासअनुरूप ५ वटा मुलुकमा गरिएको सर्वेक्षणको एउटा भाग थियो । यस दोस्रो संस्करणका लागि पहिलो अध्ययनको छनोटमा परेका नमुना क्षेत्र र उत्तरदाताहरूलाई नै छनोट गरिएको छ । सन् २००७ को २८ मार्चदेखि २७ अप्रिलसम्ममा गरिएको यस सर्वेक्षणले देशका ४० जिल्लाका ४१ वटा संसदीय निर्वाचन क्षेत्र, जसमा १६२ मतदान केन्द्रहरू (२३ सहरी र १३९ ग्रामीण) लाई समेटेको छ । यस क्रममा जम्मा ४,०८९ मतदाताहरूसँग प्रश्नावली भर्ने काम भएको थियो । प्रश्नावली भर्ने विधिबाट कुल ३३० अन्तरिम सांसद/विधायकहरूमध्ये ३०० जनासँग मत सर्वेक्षण गरिएको थियो । यसबाहेक सन् २००७ को अप्रिलमा ४६ जना स्थानीय तहका र सेप्टेम्बर २००७ मा ३० जना राष्ट्रिय तहका सम्भ्रान्त (elite) व्यक्तिहरूसँग पनि गुणात्मक अन्तर्वार्ता (qualitative interview) लिइएको थियो ।

### १.२ सन्दर्भ

सन् २००६ को अप्रिलमा भएको जनविद्रोह (जसलाई जनआन्दोलन-२ भनिन्छ) मा करिब ३०-४० लाख (नेपालको कुल जनसंख्या २ करोड ५० लाख मात्र छ) नेपालीहरूले भाग लिएका थिए । यसलाई नयाँ नेपालको लोकतान्त्रिक राज्यतर्फको प्रस्थानबिन्दु मानिन्छ । यो नयाँ नेपालको लोकतान्त्रिक राज्यको अवधारणा क्रमिक विकासबाट आएको नभई क्रान्तिकारी र आमूल परिवर्तनकारी स्वरूपको छ । नयाँ नेपाल निर्माण गर्ने सोचले पुरानो कुराबाट फड्को मार्न खोजेको छ । यसले २५० वर्षको इतिहास बोकेको राजसत्ताबाट बिदाइ खोजेको छ; नेकपा (माओवादी) को जनयुद्धका कारण भएको एक दशक लामो अशान्तिबाट बिदाइ चाहेको छ । साथै पहाडी हिन्दू ब्राह्मण-क्षेत्रीको राजनीतिक आधिपत्यको अन्त चाहेको छ । यसले मुख्यतया यी तीन परिवर्तन– अधिराज्यबाट गणतन्त्र, जनद्वन्द्वबाट शान्तिपूर्ण राजनीति तथा उच्च जातबाट शासित असमावेशी राज्यबाट समावेशी प्रजातान्त्रिक राज्यसहितको नयाँ नेपाल राज्यको परिकल्पना गरेको छ । जन आन्दोलन-२ का बेला जनताबाट नयाँ नेपालको निर्माणका लागि संविधानसभाको चुनाव गराउनु नै पहिलो खुड्किलो भन्ने मानिएको थियो । नेपालमा हाल रहेको राजनीतिक वातावरण तथा राजनीतिक विषयमा हाबी रहेका मुद्दाहरू र यसका स्रोतहरूबारे तल संक्षेपमा चर्चा गरिन्छ । यसबाट पाठकहरूले प्रस्तुत अध्ययनको सान्दर्भिकताबारे जानकारी पाउनु हुनेछ ।

### १.२.१ गणतन्त्रका लागि आह्वान

नेपाली राजाहरूले समय-समयमा लोकतन्त्रविरुद्ध प्रहार गर्ने र सम्पूर्ण राज्यशक्ति एकलौटी पार्ने आदि कारणले गर्दा देश गणतन्त्रात्मक हुनुपर्दछ भन्ने सवालमा नेपाली जनता र राजनीतिक पार्टीहरूबीच भारी मतैक्य रहेको छ ।

सन् १९५१ मा एक सय वर्ष पुरानो कुलीन (oligarchic) राणाशासनविरुद्ध (त्यसबखत शाह राजाहरू नाम मात्रका रहेका थिए) हतियारसहितको सफल क्रान्तिबाट नेपालमा पहिलोपटक लोकतन्त्रको स्थापना भएको थियो । तर सन् १९६० मा राजा महेन्द्रले नेपालको भर्खरको लोकतन्त्रमाथि प्रहार गरी शक्ति हत्याए र निर्दलीय पञ्चायती प्रजातन्त्रको स्थापना गरे, जुन सन् १९९० सम्म निरन्तर कायम रह्यो । सन् १९९० अप्रिलमा जनआन्दोलनको मागबाट बहुदलीय लोकतन्त्रको पुनःस्थापना गरियो । लोकतन्त्रको यो दोस्रो संस्करण करिब एक दशकसम्म रह्यो । यद्यपि यस समयमा लोकतन्त्रका धेरै आधारभूत आवश्यकताहरू प्राप्त भए; जस्तै- १९९० मा नयाँ संविधानको निर्माण भयो, सन् १९९१, १९९४ र १९९९ मा संसदीय निर्वाचनहरू सम्पन्न भए र सन् १९९२ र १९९७ मा स्थानीय निर्वाचनहरू सम्पन्न गरिए । तर नेपालको प्रजातन्त्रलाई दोस्रोपटक पनि दरबारबाटै पङ्गु (derailed) बनाइयो । राजा ज्ञानेन्द्रले आफ्ना बुबा राजा महेन्द्रले जस्तै सन् २००२ र सन् २००५ मा शाही 'कू' गरी शक्ति हत्याए ।

राजाले यसरी शक्ति कब्जामा लिई पहिलेदेखि राजाप्रति सशङ्कित रहेका जनतालाई उत्तेजित पारे । सन् २००१ मा १० जना शाही परिवारका सदस्यहरूसहित राजा वीरेन्द्रको हत्यापछि राजा बनाइएका ज्ञानेन्द्रलाई राजगद्दीका वैधानिक हकदार मान्न हिचकिचाउने स्थिति थियो । नेपाली समाज उनलाई सक्रिय तथा सर्वशक्तिसम्पन्न राष्ट्रप्रमुखका रूपमा स्वीकार्न तयार थिएन । शाही नरसंहारलाई जनताले शङ्कालु दृष्टिले हेर्नु, त्यस्तो असहज परिस्थितिमा राजा ज्ञानेन्द्रले राजगद्दी सम्हाल्नु, प्रजातन्त्रमाथि प्रहार गर्नु र शासनशक्तिमाथि एकलौटी कब्जा जमाउनु आदि कार्यले राजालाई अलोकप्रिय बनाउनमा ठूलो टेवा पुऱ्याए । तर के कुरा पनि सत्य हो भने सन् १९९० पछि पार्टीभित्रको आन्तरिक राजनीतिक खिचलो, नेकपा (माओवादी) को द्वन्द्वले पारेको हानिकारक प्रभाव र पतनोन्मुख राजनीतिक संस्कृतिले नेपालको प्रजातन्त्रलाई कमजोर पारेको थियो र त्यसैबेला राजाले शक्ति आफ्नो हातमा लिए । राजाको यस कार्यले संसदीय फाँटका राजनीतिक पार्टीहरूलाई नेकपा (माओवादी) सँग नजिकिन प्रोत्साहित गर्नुका साथै राजालाई जनताबाट अझ टाढा पाऱ्यो । जनता सडकमा उत्री जनआन्दोलन-२ का माध्यमबाट आफ्ना माग राखे, गणतन्त्रका लागि जुलुस प्रदर्शन गरे, जनता राजसंस्थाको पूर्ण समाप्ति चाहन्छन् भन्ने सन्देश दिए । त्यसपछिका दिनहरूमा राजालाई शक्तिबाट वञ्चित गरियो र राज्यसञ्चालनका लागि राजनीतिक पार्टीहरू र नेकपा (माओवादी) को संयुक्त अन्तरिम संसद् गठन गरियो । दरबारबाट प्रजातन्त्रलाई पुग्न सक्ने खतराप्रति सजग रही अब राजनीतिक शक्तिहरू र जनताले दिगो प्रजातन्त्र प्राप्तिका लागि गणतन्त्र मात्र एक उपाय रहेको कुरा व्यक्त गर्न थाले ।

### १.२.२ नेकपा (माओवादी) को रूपान्तरण

सरकारी कामकाज (State Affairs) बाट राजा बाहिरिनु र जनआन्दोलन-२ पश्चात्को सङ्क्रमण व्यवस्थापनमा नेकपा (माओवादी) भित्रिनु एकसाथ हुन पुगेको छ । जनआन्दोलन-२ उल्लेखनीय हुनाको कारण यसले राजसंस्थालाई समाप्त पार्ने भएकाले मात्र नभई यसले द्वन्द्वरत नेकपा (माओवादी) लाई मूलधारको राजनीतिक पार्टीमा रूपान्तरणको सुरुवात गरेकाले पनि हो । नेकपा (माओवादी) को मूलधारको राजनीतिमा प्रवेशलाई जनआन्दोलन-२ को एउटा प्रमुख उद्देश्य मान्न सकिन्छ र यसले राज्यपक्ष र नेकपा (माओवादी) बीचको द्वन्द्वको अन्त गर्न सघाएको छ । राजतन्त्रको समाप्ति र बहुदलीय संसदीय व्यवस्थालाई धराशायी पार्ने घोषित उद्देश्यसहित सन् १९९६ मा नेकपा (माओवादी) ले जनयुद्ध थालेको थियो, जुन छोटो समयमा नै देशभरि फैलियो । नेकपा (माओवादी) समस्या वार्ताको माध्यमबाट सुल्झाउन सन् २००१ र सन् २००३ मा गरिएका प्रयास सफल हुन सकेनन् । नेकपा (माओवादी) ले यसका ३० हजार लडाकू (जनमुक्ति सेना)

का साथ आफ्नो पकड भएका क्षेत्रहरूमा समानान्तर सरकार चलायो । उक्त जनयुद्धका बेला करिब १५,००० जना व्यक्तिहरूले आफ्नो ज्यान गुमाए । यसैकारण पनि नेकपा (माओवादी) सशस्त्र युद्धबाट राजनीतिक पार्टीमा रूपान्तरण हुनुलाई सन् २००६ को राजतन्त्रविरोधी आन्दोलनको एक महत्त्वपूर्ण अङ्ग मानिएको छ । जे होस्; सात दलको गठबन्धनको मूलधार शक्तिले नेकपा (माओवादी) को धेरै अगाडिदेखिको संविधानसभाको मागलाई समर्थन गऱ्यो र त्यसको बदलामा नेकपा (माओवादी) ले सात दलको न्यूनतम माग बहुदलीय प्रजातन्त्र र शान्तिपूर्ण राजनीतिलाई स्वीकार्ने सहमति भएको छ । साथै सातदलीय गठबन्धन र नेकपा (माओवादी) ले देशमा गणतन्त्रको स्थापना गर्न आआफ्ना प्रयासलाई अझ बढाउँदै लैजाने सहमति जनाएका छन् ।

आज नेकपा (माओवादी) ले एक दशक लामो सशस्त्र द्वन्द्वलाई परित्याग गरेको छ, आफ्नो मौलिक उद्देश्यअनुरूप एकदलीय नौलो जनवादको स्थापनालाई परित्याग गरेको छ र यसले नयाँ नेपालमा आफ्नो भूमिका खोल्दै छ । साथै जनआन्दोलन-२, सन् २००६ नोभेम्बरमा सम्पन्न विस्तृत शान्ति-सम्झौता (comprehensive peace agreement), २००७ जनवरीमा घोषणा गरिएको अन्तरिम संविधान, २००७ जनवरीमा स्थापित अन्तरिम व्यवस्थापिका र २००७ अप्रिलमा गठन गरिएको अन्तरिम सरकारमा सहभागी हुनुलगायत नेकपा (माओवादी) ले अन्य धेरै महत्त्वपूर्ण निर्णय गर्नका लागि सहकार्य र सहमतिहरू गरेको छ । हालको अन्तरिम संसद् तथा सरकारमा नेकपा (माओवादी) को उल्लेखनीय प्रतिनिधित्व रहेको छ ।

### १.२.३ **समावेशी प्रजातन्त्रका लागि आह्वान**

माथि उल्लिखित सकारात्मक विकासका कुराले नेपाली प्रजातन्त्र सुधारोन्मुख छ भन्ने दर्शाउँछ । तर नेपालको पुनर्संरचना, साँच्चैको समावेशी प्रजातन्त्र देशको शासन निकायमा सबै जातजाति तथा स्त्री-पुरुष दुवैले उचित मात्रामा प्रतिनिधित्व गरेमा मात्र प्राप्त हुनेछ । नेपालमा १०१ जाति/जनजाति समूह, ९१ भाषिक समूह र नौवटा धार्मिक समूहहरू छन् तर देशको सामाजिक, आर्थिक तथा राजनीतिक शक्तिसंरचनामा पदको ठूलो हिस्सा पहाडी हिन्दू उच्च जातका ब्राह्मण/क्षेत्रीहरूले ओगटेका छन् । नेपालको राजनीतिक संरचनामा यसको सामाजिक विविधता प्रतिविम्बित भएको छैन । नेपालको ऐतिहासिक सङ्कीर्ण राज्यव्यवस्थाको फलस्वरूप उच्च जातिको प्रभुत्ववादले अन्य जातजाति तथा समूहको साँस्कृतिक परिवर्तनलाई पहाडिया शासक वर्गको पकडभित्र राख्दै आएको छ । सन् १७६८ को एकीकरणदेखिका नेपाली शासकहरू शाह राजाहरू (१७६८-१८४५), राणाहरू (१८४६-१९५०), पञ्चहरू (१९६०-१९९०) र पार्टी नेताहरू (१९५१-१९५९ र १९९०-२००२) ले नेपाललाई एक देश, एक भाषा र एक धर्मको नीतिअनुरूप भाषामा नेपाली, धर्ममा हिन्दू, जातमा पहाडी ब्राह्मण/क्षेत्री लाई मात्र प्रोत्साहन दिई देशमा रहेको जातीय, भाषिक, धार्मिक तथा सामाजिक विविधतालाई बेवास्ता गरे । राज्यद्वारा तयार गरिएको यस 'नेपालीकरण प्रक्रिया' (Nepalization process) लाई केन्द्रीकृत प्रशासनले अझ बढी मजबुत पाऱ्यो जसले गर्दा नेपालका सामाजिक समूहहरूमा अझ बढी खाडल बढाउन मद्दत पुऱ्यायो । पहाडी उच्च जातकालाई पहिलेदेखिकै सुविधायुक्त स्थानमा राखियो र जनजाति, मधेसी तथा दलितहरू बहिष्कृत हुँदै गए ।

सन् १९९० को प्रजातन्त्र पुनःस्थापनापश्चात् नेपालका बहिष्कृत वर्गमा राजनीतिक/सामाजिक पहिचान स्थापित गर्ने भावनामा वृद्धि हुँदै आएको छ । जनआन्दोलन-२ पछि जनजातिहरूले आरक्षणको व्यवस्था, राज्यमा जात/जनजातिमा आधारित समानुपातिक प्रतिनिधित्व तथा संघात्मक राज्यको मागसहित समावेशी प्रजातन्त्रका लागि आह्वान गरेका छन् । सन् २००७ जनवरी-फेब्रुवरीमा भएको मधेस आन्दोलनलाई नेपालको सामाजिक-राजनीतिक आन्दोलनको इतिहासमा एक भिन्नै प्रकारको आन्दोलनका रूपमा लिइन्छ । २१ दिन लामो उक्त रक्तपातपूर्ण आन्दोलनमा ३९ जनाको मृत्यु भएको थियो, जबकि जनआन्दोलन-२ मा मृत्यु हुनेहरूको संख्या २१ मात्र रहेको थियो । यसै मधेसको अशान्त स्थितिबीच रौतहट जिल्लामा २७ जना पहाडीमूलका माओवादीको आमहत्या भएको थियो । यसका साथै सङ्क्रमणकालका सरोकारवालाहरूलाई संघीय पद्धतिको मागमा समर्थन जनाउन र जनसंख्याको आधारमा जनजातिको प्रतिनिधित्व हुने गरी निर्वाचन

क्षेत्रको पुनर्वितरण गर्न स्वीकार गराएको छ र यसको श्रेय मधेस आन्दोलनलाई दिनुपर्दछ । यसअनुसार संविधानसभाको कुल २४० सीटमध्ये आधा समानुपातिक प्रतिनिधित्वका आधारमा चुनिने र आधा संख्या बहुमतीय प्रणालीका आधारमा चुनिने व्यवस्था गरियो । तर हालै मात्र २००७ डिसेम्बरमा संविधानसभाको सीट संख्या र यसको वितरणमा केही परिवर्तन गरिएको छ । यसअनुसार संविधानसभाको कुल सीट संख्या ६०१ हुनेछ, जसमध्ये ३३५ सीट समानुपातिक प्रतिनिधित्वको माध्यमबाट पूर्ति हुनेछ, २४० सीट बहुमतीय प्रणालीबाट र बाँकी २६ सीटमा सरकारले मनोनयन गर्नेछ । अन्तरिम सरकारले गरेका यी सबै निर्णय तथा कार्यान्वयनका प्रक्रियाहरू समावेशी प्रजातन्त्रका लागि अति नै महत्त्वपूर्ण कार्य हुन् ।

## १.३ आजको राज्यको स्थिति

### १.३.१ प्रजातान्त्रिक सरकार

जनआन्दोलन-२ सँगै सुरु भएको राज्यको पुनर्संरचनाले सरकारी वृत्तमा उल्लेखनीय परिवर्तनहरू ल्याएको छ । २४ अप्रिल २००६ मा प्रतिनिधि सभा पुनःस्थापना गरियो र नेपाली कांग्रेसका नेता गिरिजाप्रसाद कोइरालालाई २७ अप्रिल २००६ मा प्रधानमन्त्री नियुक्त गरियो । पुनर्स्थापित प्रतिनिधि सभाले १८ मे २००६ मा एउटा घोषणा (जसलाई नेपाली *Magna Carta* को रूपमा लिइएको छ) बाट राजालाई कुनै पनि भूमिका नरहने गरी अधिकारविहीन तुल्यायो । त्यसैगरी २००७ जनवरीमा निर्माण गरिएको अन्तरिम संविधानमा संविधानसभाको पहिलो बैठकले साधारण बहुमतको आधारमा राजसंस्थालाई हटाउन सक्ने प्रावधान राखियो । दोस्रो संशोधित अन्तरिम संविधानमा राजाले संविधानसभाको चुनाव बिथोल्ने कुनै पनि किसिमको प्रयास गरेमा संविधानसभाको चुनाव अगाडि नै देशलाई गणतन्त्र घोषणा गर्न सकिने प्रावधान थपियो । यस अतिरिक्त सन् २००६ मेको घोषणाबाट केही उल्लेखनीय उपलब्धिहरू हासिल भएका छन् । ती हुन्: संविधानसभाको चुनाव गर्ने प्रतिबद्धता, नेपाललाई धर्मनिरपेक्ष राज्य घोषणा गर्ने प्रतिबद्धता र राज्यका सम्पूर्ण निकायमा महिलाहरूका लागि ३३ प्रतिशत सीटको आरक्षण ।

### १.३.२ नेकपा (माओवादी) जनसेनाको व्यवस्थापन

सन् २००६ मे २६ बाट सुरु भएको माओवादीसँगको वार्ता सन् २००६ नोभेम्बरमा पुग्दा सातदल र नेकपा (माओवादी) बीच शान्ति-सम्झौता पत्रमा हस्ताक्षर गर्ने कार्यसम्म सफलतापूर्वक सम्पन्न भयो । सहमतिअनुसार नेकपा (माओवादी) का लडाकूहरूलाई अस्थायी शिविरमा राखियो र उनीहरूका हातहतियारलाई भण्डारण गरियो । नेपाली सेनालाई पनि ब्यारेकभित्र सीमित पारियो । नेकपा (माओवादी) को हतियार संख्या बराबर नेपाली सेनाका हतियारलाई पनि भण्डारणमा राखियो । नेपाल कम्युनिष्ट पार्टी ( माओवादी)लाई मूलधारको राजनीतिमा ल्याई यसलाई अन्तरिम सरकार र अन्तरिम संसद्मा स्थान दिनमा शान्ति-सम्झौताको महत्त्वपूर्ण भूमिका रह्यो । अब नेकपा (माओवादी) ले कसरी आफ्नो जनसेनालाई व्यवस्थापन गर्दछ ? यसले नै यो पार्टी विगतको विद्रोही समूहबाट सफलतापूर्वक प्रतिस्पर्धात्मक राजनीतिक पार्टीमा रूपान्तरित हुने कुरामा महत्त्वपूर्ण भूमिका खेल्नेछ ।

### १.३.३ समावेशी प्रजातन्त्र

महत्त्वपूर्ण भूमिका खेल्यो प्रजातन्त्रको पुनर्ताजगीको (rejuvenate) लागि धेरै उन्नत उपायहरू अँगाल्यो तर समावेशी प्रजातन्त्र निर्माणको कुरालाई सातदल र नेकपा (माओवादी) ले कार्यमा परिणत गर्नमा भन्दा बढी भाषणमा सीमित राखे । शान्ति-सम्झौताको समयमा नै महिला, जनजाति, दलित र मधेसी समूहले नयाँ निर्माण हुने संविधानमा लेखिनुपर्ने आआफ्ना समूहको सुझाव, माग र चासोबारे राजनीतिक पार्टीहरूलाई जानकारी गराउने र दबाब दिने गरेका थिए । तर यस बारेमा सातदल र नेकपा (माओवादी) ले उदासीनता

देखाएपछि यी सीमान्तकृत समूहहरू आफ्नो माग कार्यान्वयनका लागि सडकमा उत्रे । यी सीमान्तकृत समूहको मागलाई सम्बोधन गर्न सातदल र नेकपा (माओवादी) ले देखाएको उदासीनताका कारण जनजाति आन्दोलनले तीव्र गति लियो । सन् २००७ जनवरी-फेब्रुवरीको मधेसी आन्दोलन (विद्रोह)का कारण आखिरमा सरकार मधेसी प्रतिनिधिहरूसँग सम्झौता गर्न वाध्य भयो । यसै मधेसी आन्दोलनले छोटो समयमा नै २००७ को अन्तरिम संविधानमा दुई-दुई पटक संशोधन गर्न लगायो । यस संशोधनले जनजाति तथा क्षेत्रीय आन्दोलनका दुई प्रमुख सवालहरू (क) संघात्मकता, (ख) जनसंख्याको आधारमा समानुपातिक प्रतिनिधित्व र तराईमा संविधानसभाका लागि सीट संख्यामा वृद्धिसम्बन्धी प्रावधानहरू समावेश गरिए । साथै अन्तरिम सरकारले 'मधेसी जनअधिकार फोरम', 'चुरे भावर एकता समाज' र 'नेपाल जनजाति महासंघ' जस्ता नयाँ शक्तिहरूसँग पनि छुट्टाछुट्टै सम्झौता गर्नुपर्‍यो ।

## १.४ दश प्रमुख परिणाम

माथि चर्चा गरिएअनुसार प्रस्तुत नेपालमा प्रजातन्त्रको सर्वेक्षण २००७ ले नेपाली राज्यको पुनर्संरचनाका लागि आवश्यक तीन अवयवहरू– राजतन्त्रको अन्त्य, नेकपा (माओवादी) को रूपान्तरण र समावेशी प्रजातन्त्रसम्बन्धी केही प्रमुख सवालहरूमा जनसाधारण तथा सम्भ्रान्त वर्गको विचारको अपेक्षा गरेको छ । प्रजातन्त्रप्रति उत्तरदाताको धारणा, राजनीतिक पार्टी र नेताहरूप्रति उनीहरूको विश्वास, सङ्क्रमण व्यवस्थापनप्रति उनीहरूको चासो र संविधानसभा चुनावप्रति उनीहरूको विचार– यिनै प्रमुख सवालहरूलाई यस सर्वेक्षणले मापन गरेको छ । यस अध्ययनबाट प्राप्त प्रमुख परिणामहरू तल उल्लेख गरिएअनुसार छन्:

१ **सामाजिक पुँजी (Social Capital) को निर्माण-प्रक्रियाले प्रजातन्त्रको दिगोपन र स्थायित्वलाई निश्चित गर्दछ:** नेपाली समाजले अन्य कुनै पनि किसिमको सरकारभन्दा प्रजातन्त्रलाई रुचाएको छ । यसकारण यो व्यवस्था नेपालका लागि सुहाउँदो छ । तुलनात्मक रूपमा राजनीतिक पार्टीहरू र नेकपा (माओवादी) प्रति जनविश्वास कम छ तर सम्पूर्ण राज्य र राजनीतिक संस्थाहरूप्रतिको जन विश्वासको स्तर सराहनीय रहेको छ । जनताको राजनीतिक चेतना र सहभागिता बढ्दो छ । जनताको सञ्चार सुसूचितता (Media exposure) र औपचारिक संघ-संस्थासँगको आबद्धता/संलग्नतामा वृद्धि भएको छ । जनतामा राजनीतिक घटनाक्रमबारे जानकारी राख्ने, राजनीतिक विषयमा छलफल गर्ने र राजनीतिक क्रियाकलापमा संलग्न रहने प्रवृत्ति बढेको छ ।

२ **धेरैजसो नेपाली मतदाताहरूले संविधानसभाको अर्थ बुझ्दैनन् तर यसको भाव बुझ्दछन्:** नेपालीहरूले कहिले पनि संविधानसभाको चुनावको अनुभव गर्न पाएका छैनन् । त्यसैले धेरै नेपाली जनताले संविधानसभाको प्राविधिक तथा प्राज्ञिक अर्थ बुझ्दैनन्, तर उनीहरूले संविधानसभालाई शान्ति, सुरक्षा, सुशासन, आर्थिक विकास तथा परिवर्तनसँग जोडेर अर्थ लगाउँछन् ।

३ **सम्भ्रान्त नेपाली समाज संविधानसभाको चुनाव हुन्छ भन्नेमा शङ्का गर्छ तर जनसाधारण सकारात्मक छन्:** संभ्रान्तवर्ग सुरक्षा स्थितिप्रति उत्साहित छैन, तर जनताले स्थिति राम्रो भएको विश्वास गर्छन् । आठ पार्टी [सात राजनीतिक दल र नेकपा (माओवादी)] को गठबन्धन र माओवादी विद्रोहको निराकरणजस्ता कारणहरूले देशको सुरक्षास्थितिमा परिवर्तन ल्याउन ठूलो योगदान गरेका छन् । सांसद तथा जनसाधारण दुवै अन्तर्राष्ट्रिय समुदायको सुपरिवेक्षणमा संविधानसभाको चुनाव शान्तिपूर्ण र स्वतन्त्र रूपमा सम्पन्न हुने कुरामा निश्चिन्त छन् ।

**४ जनसाधारण शान्ति, राजनीतिक स्थायित्व र आर्थिक विकासमा बढी चासो राख्छन् भने सम्भ्रान्त वर्ग बढी राज्यको पुनःसंरचनामा चासो राख्दछन्ः** जनसाधारणले मुख्यतया जनआन्दोलन-२ बाट व्यक्त गरिएका जनभावनाहरू परिपूर्ति हुने आशा गरेका छन् । जनसाधारणले संविधानसभाको चुनावबाट देशमा शान्ति र राजनीतिक स्थिरता आउने, स्थिर र प्रभावशाली सरकारको स्थापना हुने र आर्थिक विकास हुने कुरामा विश्वास लिएका छन् । तर सम्भ्रान्त वर्ग भने नेपाली राज्यको पुनःसंरचनाको कार्यमा बढी चासो राख्दछ ।

**५ गणतन्त्रको पक्षमा व्यक्त मतमा बहुगुणित एवं नाटकीय ढङ्गले उतार-चढाव आएको छः** जनताले गणतन्त्रप्रति आफ्नो मत जाहेर गरेका छन् र राजतन्त्रविरुद्ध उनीहरूको धारणालाई जनआन्दोलन-२ पछिको सरकार र राजनीतिक दलहरूले लिएका निर्णयले प्रभाव पारेका छन् ।

**६ जनसाधारण तथा सम्भ्रान्त दुवै वर्गले नेकपा (माओवादी) को बहुदलीय प्रजातन्त्र अनुरूपको रूपान्तरणलाई विश्वास गरेका छन्ः** नेकपा (माओवादी) ले हतियार बिसाउनु, शक्ति साझेदारीमा सहमत हुँदै शान्ति-सम्झौतामा हस्ताक्षर गर्नु र जनतासामु बहुदलीय प्रजातन्त्रप्रतिको प्रतिबद्धता व्यक्त गर्नुले धेरै जनसाधारण र सम्भ्रान्त वर्गले माओवादीको बहुदलीय प्रजातन्त्रप्रतिको प्रतिबद्धतामा विश्वास गर्दछन् । तर कोही कोही अझै पनि नेकपा (माओवादी)को नियतमा शङ्का गर्दछन् ।

**७ जातीय तथा क्षेत्रीय स्व-पहिचानको भावनामा वृद्धिः** मुख्यतया जनआन्दोलन-१ (सन् १९९० को जनआन्दोलन) पछि नेपालमा जातीय भावनामा वृद्धि भएको छ । जनआन्दोलन-२ पछि मधेसीले तराईमा र जनजातिले पहाडमा समावेशी प्रजातन्त्रको मागलाई सडकमा उतारेपश्चात् यी जातीय मुद्दाहरू अझ बढी महत्त्वपूर्ण भएका छन् । तर जातीयता र क्षेत्रीयताको भावनामा आएको यस प्रकारको वृद्धिले राज्यको विखण्डनमा भने भूमिका खेल्नेछैन ।

**८ जनताहरू बहिष्कृत समूहको उठानका लागि गरिने कार्यप्रति सकारात्मक छन् र उनीहरूलाई बहिष्कृत र समाविष्ट समूहका बारेमा जानकारी छः** सम्भ्रान्त र जनसाधारण दुवै वर्गले बहिष्कृत समूहप्रति सहानुभूति राखेका छन् । उनीहरू साधारणतया पहाडी उच्च जातिका (ब्राह्मण, क्षेत्री) लाई समाविष्ट समूह र अन्य मधेसी, दलित, जनजाति, मुस्लिम र महिलाहरूलाई बहिष्कृत समूह मान्दछन् ।

**९ राज्यको पुनःसंरचनासम्बन्धी प्रमुख सवालहरूमा राजनीतिक पार्टीहरूको औपचारिक स्थिति र जनताको छनोटमा भिन्नताः** अन्तरिम संसद्ले आठ राजनीतिक दलको सहमतिमा नेपाललाई धर्मनिरपेक्ष राज्य घोषणा गरेको छ । साथै संविधानसभा चुनावपश्चात् निर्माण हुने नयाँ संविधानमा संघीय राज्यको प्रावधान रहने बेहोरा अन्तरिम सरकारबाट घोषणा भइसकेको छ । तर सर्वेक्षणमा परेका बहुसंख्यक जनसाधारणले नेपाल एकात्मक र हिन्दू राज्य रहनुपर्ने मत व्यक्त गरेका छन् ।

**१० राज्य पुनःसंरचनाको मुद्दामा पहाडीमूलका र मधेसीमूलका जनताको मत विभाजित छः** पहाडीमूलका जनताहरू भाषानीति र सरकारको संरचनामा यथास्थिति चाहन्छन् भने मधेसीमूलका जनताले द्वि/बहुभाषिक नीति र संघात्मक राज्यसंरचनामा आफ्नो मत राखेका छन् ।

## १.५ प्रतिवेदनको संगठन

यस प्रतिवेदनलाई ६ परिच्छेदमा विभाजन गरिएको छ । पहिलो परिच्छेदमा यस सर्वेक्षणको सान्दर्भिकताबारे छोटो जानकारी तथा अध्ययनका मुख्य परिणामहरू दिइएका छन् । सबै वर्ग र तहलाई समेटिएको (cross-sectional) सर्वेक्षणको विश्वसनीयतालाई यस अध्ययनमा प्रयोग गरिएको नमुना छनोट विधिले र अध्ययनमा

समेटिएका उत्तरदाताहरूको चरित्र, राष्ट्रिय विशेषताअनुरूप भए नभएकाबाट मापन गरिन्छ । दोस्रो परिच्छेदमा अध्ययनविधिबारे वर्णन गरिएको छ, जस्तै– नमुना छनोट प्रक्रिया, प्रश्नावली निर्माण, वैज्ञानिक व्यवस्थापन, गुणात्मक अन्तर्वार्ता आदि । तेस्रो परिच्छेदमा सामाजिक पुँजी (social capital) का विविध पक्ष र जनताले प्रजातन्त्रलाई कसरी बुझेका छन् र कसरी मूल्याङ्कन गरिरहेका छन् भन्ने कुरा स्पष्ट पारिएको छ । चौथो परिच्छेदमा संविधानसभाको चुनावलाई मुख्य मुद्दा बनाई सङ्क्रमणशील राजनीतिका प्रमुख सवालहरू जस्तै माओवादीको रूपान्तरणका साथै राज्यको पुनर्संरचना, गणतन्त्र वा राजतन्त्रप्रति जनताको धारणा आदि सम्बन्धमा विश्लेषण गरिएको छ । पाँचौं परिच्छेदमा बढ्दो जातीय पहिचानको भावना र समावेशी प्रजातन्त्रबीचको सम्बन्धबारे चर्चा गरिएको छ । छैटौं परिच्छेदमा अध्ययनका निष्कर्षहरू प्रस्तुत गरिएको छ र त्यसले सर्वेक्षण अध्ययनबाट प्राप्त जानकारीका आधारमा नेपालको प्रजातान्त्रिक स्थिति र यसको सम्बन्धबारे प्रकाश पारेको छ ।

दोस्रो परिच्छेद

# अध्ययनविधि

## २.१ पृष्ठभूमि

नेपालमा प्रजातन्त्र सर्वेक्षण २००७ मुख्यतया समाजका सबै वर्गलाई समेटिएको जनमत सर्वेक्षणमा आधारित छ । यस सर्वेक्षणमा सांसद/विधायकहरूको मत सर्वेक्षण पनि समावेश गरिएको छ । मधेसी तथा पहाडी जनजातिहरूमा बढ्दै गएको जातीय पहिचानको आन्दोलनले पारेका असर तथा प्रजातन्त्र र राज्य पुनर्संगठनप्रति उनीहरूको धारणा बुझ्न यस अध्ययनले पहाडको कास्की जिल्लाका गुरुङहरू तथा तराईको धनुषा जिल्लाका मधेसीहरूमा बुस्टर (Booster) सर्वेक्षण गरेको छ । यस क्रममा समाजका सबै तह, वर्ग एवम् सांसद/विधायकहरूको सर्वेक्षणका अतिरिक्त केही स्थानीय तहका जनसाधारण तथा राष्ट्रिय तहका सम्भ्रान्त व्यक्तिहरूसँग अन्तर्वार्ता (In-depth interview) समेत लिइएको थियो । यसरी नेपालमा प्रजातन्त्र सर्वेक्षण २००७ मा संख्यात्मक विधि (Quantitative Method) (जनमत सर्वेक्षण, सांसद/विधायक सर्वेक्षण र बुस्टर सर्वेक्षण) तथा गुणात्मक विधि (Qualitative Method) (नमुना क्षेत्रका स्थानीय तहका जनसाधारणसँगको अन्तर्वार्ता, विभिन्न पेसा र क्षेत्रका सम्भ्रान्त वर्गसँगको अन्तर्वार्ता) एवम् सर्वेक्षकहरूको प्रत्यक्ष अवलोकन (Observation) बाट तथ्यहरूको सङ्कलन गरिएको थियो ।

## २.२ नागरिक सर्वेक्षण

नेपालमा प्रजातन्त्र सर्वेक्षण २००७ मा अध्ययन क्षेत्र तथा उत्तरदाता छनोटका लागि सन् २००४ को सर्वेक्षणमा प्रयोग गरिएको नमुना छनोट विधिलाई नै प्रयोग गरिएको छ । यस अध्ययनका लागि सर्वेक्षणमा परेका १६२ वटा मत केन्द्रहरूमध्ये १२१ वटा केन्द्र २००४ को सर्वेक्षणमध्येकै रहेका छन् । त्यस्तै सन् २००४ का ३,२४९ उत्तरदाताहरूमध्ये १,४१० जना यस अध्ययनमा पनि समावेश गरिएका छन् । यस अतिरिक्त यस सर्वेक्षणको प्रश्नावलीमा सन् २००४ को प्रश्नावलीका धेरैजसो प्रश्नहरू केही संशोधनका साथ समावेश गरिएका छन् भने सन् २००४ पछि राजनीतिक क्षेत्रमा देखापरेका नयाँ गतिविधि तथा यसका असरहरू प्रतिविम्बित हुने प्रश्नहरू थप गरिएका छन् । यस सर्वेक्षणले पनि पहिलेकै उत्तरदाता र क्षेत्रहरूलाई समावेश गर्नुका दुई कारणहरू छन्– (क) सर्वेक्षित क्षेत्रले देशको भौगोलिक क्षेत्र तथा समाजका विभिन्न वर्ग/तहको प्रतिनिधित्व गरेका छन् र (ख) सन् २००७ को यो सर्वेक्षण सञ्चालन गर्ने समयसम्म पनि निर्वाचन आयोगले नयाँ मतदाता सूची प्रकाशित गरेको थिएन ।

## २.३ छनोट विधि

नेपालमा प्रजातन्त्र सर्वेक्षण बहुचरणयुक्त (३ चरणको) सम्भाव्य (Probability) छनोट विधिमा आधारित छ । पहिलो चरणमा कुल जम्मा २०५ निर्वाचन क्षेत्रमध्ये ४१ निर्वाचन क्षेत्र (२० प्रतिशत) लाई व्यवस्थित

छनोट विधि (Systematic Sampling Technique) प्रयोग गरी छनोट गरिएको थियो । छनोटको लागि निर्वाचन आयोगले तयार गरेको संकेत संख्या (Code no.) लाई नै प्रयोग गरिएको छ । यो क्रमबद्ध सङ्केत संख्या पूर्वको हिमाली क्षेत्र (ताप्लेजुङ) बाट सुरु भई पूर्वी पहाडी क्षेत्र हुँदै पूर्वको तराईमा झरेको छ अनि फेरि पहाडी क्षेत्र हुँदै हिमाली क्षेत्रमा पुगेको छ र यो क्रम सुदूर पश्चिम तराईको कञ्चनपुर ३ मा गई टुङ्गिएको छ । छनोट विधिको यो प्रयोगले देशका ३ वटै भौगोलिक क्षेत्रहरू (Ecological Zones) र ५ विकास क्षेत्रमा छरिएर रहेका सम्पूर्ण निर्वाचन क्षेत्रको प्रतिनिधित्व सुनिश्चित भएको छ । यो व्यवस्थित छनोट प्रक्रियाबाट अध्ययनका लागि जम्मा २०५ संसदीय निर्वाचन क्षेत्रको २० प्रतिशत क्षेत्र मात्र निश्चित गरिएको हुँदा छनोटको अन्तर २०५÷४१=५ का दरले निश्चित गरिएको थियो । सुरुको पहिलो छनोट एकाइ १ देखि ५ सङ्केत क्षेत्रमध्येबाट गोला प्रथाद्वारा छनोट गरियो भने बाँकी एकाइ प्रत्येक अघिल्लो एकाइमा ५ थपेर छनोट गरिएको थियो । यस अध्ययनका लागि छनोटमा परेको पहिलो संख्या २ थियो, जसमा ५ जोडी (२+५=७) दोस्रो क्षेत्र (चुनावी क्षेत्र) लाई छानियो भने तेस्रो क्षेत्र (२+५)+५=१२ छानिएको थियो । यसै क्रममा अन्य चुनावी क्षेत्रहरू पनि छनोट गरिएका थिए ।

दोस्रो चरणको छनोट प्रक्रियामा पहिलो चरणको छनोटमा परेका ४१ संसदीय निर्वाचन क्षेत्रहरूमध्ये प्रत्येक क्षेत्रबाट ४ वटा मतदान केन्द्रहरू छनोट गरियो र यसका लागि पनि पहिलो चरणमा झैं व्यवस्थित छनोट विधि नै अँगालिएको थियो ।

तेस्रो चरणको छनोट प्रक्रियामा दोस्रो चरणको छनोटमा परेका प्रत्येक मतदान केन्द्रबाट समानुपातिक प्रक्षेपण (proportionate allocation) द्वारा उत्तरदाताहरूको छनोट गरियो । यसका लागि पनि निर्वाचन आयोगद्वारा सन् २००२ मा अद्यावधिक गरिएको मतदाता सूचीमा पहिलो र दोस्रो चरणमा झैं व्यवस्थित छनोट विधिलाई नै प्रयोग गरिएको थियो ।

प्रत्येक संसदीय क्षेत्रका लागि १०० जना उत्तरदाता संख्या लक्षित गरिएको थियो । यसरी प्रस्तुत अध्ययनका लागि ४१ संसदीय क्षेत्रबाट ४,१०० लक्षित उत्तरदाता संख्या हुन आउँछ । सर्वेक्षणको क्रममा लक्षित उत्तरदाता संख्या प्राप्त नहुन सक्ने सम्भावनालाई विचार गरी उत्तरदाता संख्या निर्धारण गर्दा दुई तहमा थप गरियो–

क. सुरुमै उत्तरदाताको संख्यामा २० प्रतिशत वृद्धि गरियो,

ख. दोस्रो तहमा उत्तरदाता संख्या जम्मा १२० मा पहाडी क्षेत्रबाट ५० प्रतिशत र तराई क्षेत्रबाट ३० प्रतिशतले वृद्धि गरी उत्तरदाता संख्या निर्धारण गरिएको थियो । तालिका संख्या २.१ ले झापा जिल्ला क्षेत्र नं. २ का लागि तेस्रो चरणको छनोट विधि (१८–२१ उमेरसमूहबाट १५ प्रतिशतसमेत) समानुपातिक प्रक्षेपण तथा जगेडा संख्याको प्रावधानसमेतको उत्तरदाता संख्यालाई प्रस्ट पार्दछ:

**तालिका २.१**

**झापा–२, नमुना क्षेत्र र उत्तरदाता संख्या**

| नमुना निर्वाचन क्षेत्र | निर्वाचन केन्द्रको नाम | जम्मा मतदाता संख्या | छनोट संख्या | लक्षित उत्तरदाता संख्या | वास्तविक उत्तरदाता संख्या |
|---|---|---|---|---|---|
| २ | बैगुनधारा | ४,६५९ | ४८ | ३१ | १६ |
| १० | माहाभारा | २,६६३ | २७ | १७ | १६ |
| १८ | सतासीधाम | ३,८१७ | ३९ | २५ | २५ |
| २६ | शिवगन्ज | ४,०९२ | ४२ | २७ | २९ |
|  | जम्मा | १५,२३१ | १५६ | १०० | ८६ |

*सर्वेक्षण टोली कुल ४,१०० लक्षित उत्तरदातामध्ये ४,०८९ जनाबाट प्रश्नावली भर्न सफल भएको थियो ।*

सन् २००४ मा गरिएको पहिलो सर्वेक्षणभन्दा यो सन् २००७ को सर्वेक्षण दुई कुराले भिन्न छ । पहिलो, सन् २००६ अप्रिलमा देशमा शान्तिस्थापना भइसकेका कारण पहिलेझैँ प्रत्येक संसदीय चुनाव क्षेत्रबाट छानिएका चारवटा मतदान केन्द्रमा थप दुई जगेडा मतदान केन्द्रहरू छनोट गर्ने प्रावधानलाई हटाइएको छ । सन् २००४ को सर्वेक्षणताका देशमा चलिरहेको सशस्त्र द्वन्द्वका कारण कुनै मतदान केन्द्रमा सुपरिवेक्षकहरूले कार्यसञ्चालन गर्न नसक्ने स्थितिको आशङ्कामा थप २ जगेडा मतदान केन्द्रको व्यवस्था गरिएको थियो । धेरै ठाउँमा यो आशङ्काको स्थिति सत्य साबित भयो र जगेडामा परेका मतदान केन्द्रहरूलाई सर्वेक्षणका लागि प्रयोगमा ल्याइयो । दोस्रो, १८–२१ वर्ष उमेरका उत्तरदाताहरूको छनोट विधिमा परिवर्तन गरिएको छ । सन् २००७ को यस अध्ययनमा चुनाव आयोगले सन् २००२ मा अद्यावधिक गरेको मतदाता सूचीलाई प्रयोग गरिएको थियो । तसर्थ यस अध्ययनमा १८–२१ उमेर पुगेका व्यक्तिहरूको नाम सन् २००४ को उत्तरदाता नामावलीमा समाविष्ट थिएन । यसकारण यस उमेरसमूहका उत्तरदाता छनोटको लागि भिन्नै विधि अँगालियो । सन् २००१ को जनगणनाअनुसार उक्त समूहको संख्या कुल मतदाताको १५ प्रतिशत हुन आउँछ । यो १५ प्रतिशत छनोट निम्नानुसार गरियो: पहिले २००४ को उत्तरदाता नामावली हरेक सातौँ उत्तरदाताको ५ घर परको घर छानियो । छानिएको घरबाट १८–२१ उमेरसमूहमा पर्ने वर्णानुक्रमानुसार जसको नाम पहिले आउँछ उसलाई नै उत्तरदातामा छनोट गरियो । यसबाट १८–२१ उमेरसमूहबाट १५ प्रतिशतको सहभागिता र उत्तरदाताको उमेर र लिङ्गको हकमा निष्पक्षताजस्ता फाइदा भएका छन् ।

## २.४ संसद्/विधायिका सर्वेक्षण

प्रस्तुत नेपालमा प्रजातन्त्र सर्वेक्षण २००७ मा संसद्/विधायिका सर्वेक्षण थप गरिएको छ । सर्वेक्षण टोलीका ८ सदस्यहरूले निर्धारित एक महिना (१–३१ जुलाइ २००७) भित्र सक्दो धेरै सांसद/विधायकहरूसँग मतसङ्कलन गरेका थिए । जनसाधारणका लागि तयार गरिएझैँ यसका निम्ति पनि निश्चित प्रश्नावली (Structured Questionnaire) लाई नै प्रयोग गरिएको थियो । तर यसबाट अप्रासङ्गिक आठवटा प्रश्नहरू झिकिएका थिए । यस समूहले कुल सांसद संख्या ३३० मध्ये ३०० जनासँग अन्तर्वार्ता लिएको थियो ।

## २.५ बुस्टर सर्वेक्षण

माथि नै उल्लेख गरिएअनुसार यस २००७ को सर्वेक्षणले जनजातिको जागरण तथा क्षेत्रीय आन्दोलनप्रति जनताको धारणाबारे बुझ्ने प्रयास गरेको छ । यसका लागि तीन चरणयुक्त व्यवस्थित छनोट विधि अँगालिएको छ । पहिलो चरणमा, कास्की र धनुषा जिल्लालाई निश्चित उद्देश्यसहित छानियो– कास्कीलाई पहाडी जनजाति आन्दोलनबारे खोजका लागि र धनुषा जिल्ला तराईमा मधेसी आन्दोलनका लागि ।

दोस्रो चरणमा प्रत्येक जिल्लाबाट तीनवटा स्थानीय सरकारी एकाइहरू (दुई/दुई वटा गा.वि.स. तथा एउटा नगरपालिका) को छनोट उद्देश्यपूर्ण तरिकाले गरियो । एउटै जातिबीचको मतभिन्नताबारे जान्नका लागि एउटा समूहको बाहुल्य भएको कास्कीको घान्द्रुक र धनुषाको यदुकुहा गा.वि.स.लाई छनोट गरियो । मिश्रित समाजका लागि कास्कीको देउराली गा.वि.स. र धनुषाको गोदार गा.वि.स.लाई छनोटमा पारियो । यी जिल्लाका नगरपालिका क्षेत्रमा प्रत्येक नगरपालिकाका वडाहरूमध्ये व्यवस्थित छनोट विधिबाट ५/५ वडाको चयन गरियो ।

तेस्रो चरणमा उत्तरदाताहरूको छनोटका लागि निर्वाचन आयोगद्वारा सन् २००२ मा अद्यावधिक गरिएको मतदाता नामावलीलाई प्रयोग गरिएको छ । कास्की जिल्लाका यी ३ क्षेत्रका मतदाता नामावलीबाट प्रथमतः गुरुङबाहेक अन्य जातिका सम्पूर्ण मतदाताको नाम हटाइयो र बाँकी नामावलीमध्येबाट व्यवस्थित छनोट विधिद्वारा प्रत्येक एकाइबाट १५० जना उत्तरदाताहरूको नाम छनोट गरियो । धनुषा जिल्लाका नमुना क्षेत्रमा

पनि सोही विधिद्वारा गैर मधेसीबाट मधेसीलाई छुट्टयाई प्रत्येक एकाइबाट १५० जना मधेसी उत्तरदाताहरू छनोट गरियो ।

लक्षित उत्तरदाता संख्या ६०० (प्रत्येक एकाइबाट १००, कास्कीका ३ एकाइबाट ३०० र धनुषाबाट ३००) रहे तापनि लक्ष्य पूरा नहुने अनुमानमा बढी संख्याको नाम चयन गरिएको थियो । चार जना सदस्यसहितको दुई भिन्नाभिन्नै टोलीले लक्षित समूहरूसँग २००७ मे मा प्रश्नावलीका माध्यमबाट मत सर्वेक्षण गरेका थिए । यसमा १९५ गुरुङहरू र २७३ मधेसी गरी जम्मा ४६८ जना उत्तरदाताले आफ्नो मत जाहेर गरेका थिए ।

## २.६ जनसाधारणसँग अन्तर्वार्ता (In-depth Interview)

सर्वेक्षण टोलीले लक्षित ५० साधारण उत्तरदाता संख्यामध्ये ४६ जनासँग अन्तर्वार्ता लिए । जनसाधारणसँग सर्वेक्षणका लागि बनाइएको प्रश्नावलीका आधारमा पहिल्यै Checklist तयार पारियो र सुपरिवेक्षकहरूले आफ्नो सुपरिवेक्षण कार्यका अतिरिक्त छनोटमा परेका नमुना उत्तरदाताहरूसँग अन्तर्वार्तासमेत लिएका थिए । यस अन्तर्वार्ताका लागि उत्तरदाता छनोट गर्दा पनि तीन चरणयुक्त नमुना छनोट विधि अपनाइएको थियो– पहिलो चरणमा ४१ वटा संसदीय चुनाव क्षेत्रमध्ये व्यवस्थित छनोट प्रक्रियाबाट ५ वटा क्षेत्र भोजपुर-१, महोत्तरी-१, नुवाकोट-३, पर्वत-२ र दाङ-२ लाई छनोट गरियो । दोस्रो चरणमा यी ५ क्षेत्रबाट प्रत्येक क्षेत्रका ४ मध्ये २/२ वटा मतदान केन्द्रको छनोट चिट्ठा विधिबाट गरियो । यसरी गुणात्मक अध्ययनका लागि छानिएका १० मतदान केन्द्रहरू क्रमशः १. कुदाकाउले, २. जरायोटार (भोजपुर-१), ३. बाँघा, ४. गौरीवास (महोत्तरी), ५. खड्गभन्ज्याङ्ग, ६. विदुर नगरपालिका (नुवाकोट-३), ७. कुर्घा, ८. होर्स्याङ्दी (पर्वत-२), ९. कात्रे र १०. त्रिभुवन नगरपालिका (दाङ-२) रहेका छन् ।

तेस्रो चरणमा यी मतदान केन्द्रका मतदाता नामावलीबाट व्यवस्थित छनोट विधिद्वारा प्रत्येक मतदान केन्द्रबाट ५-५ जना उत्तरदाता छानिएको थियो (अन्तर्वार्ता दिने व्यक्तिको नाम, ठेगाना परिशिष्ट १ मा हेर्नुहोस्) ।

## २.७ राष्ट्रिय स्तरका सम्भ्रान्त वर्गका व्यक्तिहरूसँग अन्तर्वार्ता

प्रस्तुत अध्ययनले राष्ट्रिय तहका सम्भ्रान्त व्यक्तिहरूसँग अन्तर्वार्ता लिएको थियो । जुलाइ १, २००७ देखि १५ सेप्टेम्बर, २००७ सम्म जम्मा साढे दुई महिनाका अवधिमा देशका विभिन्न क्षेत्रका सेना, व्यापारी, योजना आयोग, जातीय संगठन, नागरिक समाज, शैक्षिक क्षेत्र, राजनीतिक कार्यकर्ता र सांसद गरी कूल ३० जनासमेतका सम्भ्रान्त व्यक्तिहरूसँग अन्तर्वार्ता लिइएको थियो (अन्तर्वार्ता दिने व्यक्तिहरूको नाम ठेगानाका लागि परिशिष्ट २ हेर्नुहोस्) ।

## २.८ अवलोकन प्रतिवेदन (Observation Report)

जनसाधारणसँग मत सर्वेक्षणका लागि सर्वेक्षणस्थल जानुभन्दा अगाडि दिइएको निर्देशनअनुसार प्रत्येक सर्वेक्षण समूहले आआफ्ना क्षेत्रका अवलोकन प्रतिवेदन (Observation Report) पेस गरेका थिए । उक्त प्रतिवेदनमा आआफ्नो सर्वेक्षण स्थलमा देखे-भोगेका विभिन्न अनुभवहरू सँगालिएका थिए । यी अवलोकन प्रतिवेदनहरूमा प्रश्नावलीले नसमेटेका तर अध्ययनका लागि महत्त्वपूर्ण विषयवस्तुलाई प्रस्तुत गर्ने मात्र नभई सर्वेक्षण गर्दाको परिवेशसमेतलाई उजागर गरिएको छ ।

## २.९ सर्वेक्षण सन्दर्भ

सन् २००४ को तुलनामा प्रस्तुत नेपालमा प्रजातन्त्र सर्वेक्षण २००७ सञ्चालन गर्दाको समय अत्यन्त अनुकूल रह्यो । सन् २००४ मा पहिलो सर्वेक्षण सञ्चालन गर्दा देशमा त्रि-पक्षीय (माओवादी, सरकार र राजनीतिक दलहरूबीच) द्वन्द्व चलिरहेको थियो र परिस्थिति खतरायुक्त थियो । सन् २००२ अक्टुबरको शाही कदमले राजसत्तालाई साढे तीन वर्षसम्म लम्ब्यायो । यसबाट जनताले आफ्ना धेरै प्रकारका स्वतन्त्रताहरू गुमाए । सन् २००३ अप्रिलदेखि अगस्टसम्म नेकपा माओवादीसँग भएको शान्तिवार्ता विफल भएपश्चात् सन् १९९६ बाट सुरु भएको माओवादी जनयुद्ध अझ तीव्र भएको थियो । नेपालमा प्रजातन्त्र सर्वेक्षणको पहिलो चरण सरकार र माओवादीहरूबीचको सशस्त्र द्वन्द्वको त्रासदीपूर्ण वातावरणमा सम्पन्न गरिएको थियो । यस युद्धबाट नेपालका ७५ जिल्लामध्ये २ जिल्ला (मनाङ र मुस्ताङ) तुलनात्मक रूपमा अप्रभावित रहे । मार्नु, बम पड्किनु, धरापमा पर्नु/पार्नु, बारुदी सुरुङको विस्फोटन गर्नु-गराउनु, अपहरण, बलात्कार, जबरजस्ती बसाइसराइ, सम्पत्ति कब्जा, बेपत्ता हुनु/पार्नु, यातना दिनु, चन्दा आतङ्क आदिजस्ता घटनाहरू त्यस बेलाको दिनचर्याभित्र पर्दथे । यस परिस्थितिमा पहिले नै खतराको अनुमान गरिएअनुसार १९ सर्वेक्षण टोलीमध्ये १४ टोलीले आआफ्ना कार्यक्षेत्रमा माओवादीको सामना गर्नुपऱ्यो । यिनीहरू कम्तीमा १ घण्टादेखि बढीमा ३ दिनसम्म पनि माओवादीहरूको कब्जामा रहनुपरेको थियो । माओवादीकै कारण उत्तरदाताहरूसमेत डराएको स्पष्ट अनुभव गर्न सकिन्थ्यो । राजतन्त्र र नेकपा (माओवादी) सम्बन्धी संवेदनशील प्रश्नको जवाफमा धेरैजसो “बुझ्न सकिनँ” भन्ने उत्तर आएको थियो । सौभाग्यवश यो २००७ को सर्वेक्षण सञ्चालन गर्दा भने त्यस्तो अशान्त समय रहेन ।

सन् २००७ को नेपालमा प्रजातन्त्रको सर्वेक्षण भिन्नै परिवेशमा सञ्चालन भयो । जनआन्दोलन–२ को सफलतापछि मे २००६ मा सात दलको गठबन्धन र नेकपा माओवादीले युद्धविरामको घोषणा गरेका थिए र नोभेम्बर २००६ मा दुवै पक्षले विस्तृत शान्ति-सम्झौतामा हस्ताक्षर गरेका थिए । अप्रिल २००७ मा नेकपा (माओवादी) अन्तरिम सरकारमा समेत सामेल भयो । सर्वेक्षण टोलीले ठाउँ-ठाउँमा माओवादीका लडाकू समूह (वाइसीएल) लाई आफ्नो कार्यबारे जानकारी दिनु त पऱ्यो तर सर्वेक्षण कार्यमा कुनै किसिमको बाधा भएन ।

नेपालको तराई क्षेत्रमा मधेसी (तराई मूलका जनता) र पहाडी (पहाडी मूलका जनता) बीचको साम्प्रदायिक तनावका कारण त्यहाँको वातावरण भिन्नै थियो । २००७ को जनवरी-फेब्रुवरीमा भएको २१ दिन लामो हिंसायुक्त मधेस आन्दोलनका कारण तराई क्षेत्र सर्वेक्षणको समयसम्म पनि तनावग्रस्त थियो । केही हतियारयुक्त मधेसी समूहबाट पहाडीहरूलाई लक्षित गरी मार्ने, अपहरण गर्ने तथा जबरजस्ती सम्पत्ति हडप्ने जस्ता ज्यादती भइरहेका थिए । यस्तो परिस्थितिमा सहज ढङ्गले कार्य सम्पन्न गर्न तराई क्षेत्रमा मधेसीहरूलाई मात्र सर्वेक्षणकार्यमा लगाइयो । यो निर्णय निकै फलदायी साबित भयो । परिणामस्वरूप तराईको त्यस्तो अशान्त स्थितिमा समेत बिना कुनै बाधा-व्यवधान सर्वेक्षण कार्य सम्पन्न गर्ने सफलता प्राप्त भयो ।

यस अवधिमा प्रजातन्त्रको पुनर्स्थापना र शान्तिको कारण जनमानसमा डर हट्दै गएको र स्वतन्त्रताको अनुभव गर्ने वातावरण बनेको थियो । सायद यसै कारण २००७ को यस सर्वेक्षणमा संवेदनशील प्रश्नको जवाफमा “बुझ्न सकिनँ” भन्नेको संख्या उल्लेख्य रूपमा घटेको छ । तर संघीयता, आरक्षण, संविधानसभाजस्ता राज्य पुनर्संरचनाका शब्दावलीहरू नेपाली राजनीतिक परिवेशमा नौलो भएका कारण भने यीसँग सम्बन्धित प्रश्नको जवाफमा “बुझ्न सकिनँ” भन्नेको संख्या उच्च नै रह्यो । राजनीतिक परिचालन र जनस्तरमा राजनीतिक शिक्षाको कमीको कारण राजनीतिक दल तथा नेकपा माओवादीको गाउँघरमा उपस्थिति ज्यादै न्यून भएको कुरा सबै सर्वेक्षकहरूले ठम्याए ।

राजनीतिक परिवर्तनले खासै प्रभाव नपारेका क्षेत्रहरूमा समेत अपरिचित व्यक्तिहरूसँग कुराकानी गर्न त्यहाँका बासिन्दा सशङ्कित रहेको पाइयो । यस्तो सशङ्कित वातावरणले सन् २००४ र सन् २००७ का दुवै सर्वेक्षणलाई प्रभाव पारेको थियो । सर्वेक्षणस्थलमा पुगेका सर्वेक्षकहरूलाई माओवादी वा राजनीतिक कार्यकर्ता

वा राजाका मान्छे ठान्दथे । सर्वेक्षकहरूले उनीहरूको शङ्काको निवारण गर्न तथा आफ्नो कार्यबारे बुझाउन उनीहरूसँग घनिष्ठता बढाउनुपर्थ्यो । त्यसपछि मात्र उत्तरदाताहरू आफ्नो विचार प्रकट गर्दथे । सहायताका लागि तत्तत् सर्वेक्षण स्थलका प्रतिष्ठित तथा कुनै पनि राजनीतिक पार्टीसँग सम्बद्ध नरहेका व्यक्तिहरूमध्येबाट स्थानीय सहायकहरू नियुक्त गरिएको थियो र यस क्रममा उनीहरूको भूमिका सराहनीय रहेको थियो ।

## २.१० सर्वेक्षण प्रक्रिया

सामाजिक वैज्ञानिक सर्वेक्षण विधिको प्रयोगको हिसाबले सन् २००४ र सन् २००७ मा सञ्चालित यी सर्वेक्षण अध्ययनहरू नेपालमा अहिलेसम्मका प्रथम राजनीतिक सर्वेक्षण हुन् । संख्यात्मक अध्ययन पद्धतिको प्रयोगसमेत प्रारम्भिक अवस्थामा रहेको यस मुलुकमा यी अध्ययनहरूले समेटेका मुद्दा/सवालहरू उत्तरदाता तथा सर्वेक्षणस्थलको छनोट विधि र यी विधिहरूको वैज्ञानिकताका कारण यी अध्ययनहरू बृहद् र अग्रणी छन् ।

अध्ययनको विषयवस्तु र विधिलाई सक्दो उन्नत बनाउन अँगालिएका विभिन्न प्रयासहरूमध्ये १६ फेब्रुवरी, २००७ मा आयोजना गरिएको विशेषज्ञहरूको एक दिने बैठक उपलब्धिमूलक रहेको छ । यस बैठकले सन् २००४ को प्रश्नावली र नमुना छनोटविधि माथि विस्तृत पुनरावलोकन गरी सुझावहरू प्रस्तुत गर्‍यो र यसैका आधारमा प्रस्तुत अध्ययनका लागि प्रश्नावली तथा नमुना छनोट विधिको परिमार्जन गरियो । विशेषज्ञहरूको बैठकबाट प्राप्त सुझावका आधारमा यो २००७ को सर्वेक्षणका लागि प्रश्नावली तयार गर्दा यसभन्दा अघि २००४ को सर्वेक्षणमा प्रयोग गरिएका प्रश्नावलीबाट उत्तरदाताको पारिवारिक लगत तथा प्रजातन्त्रप्रति जनधारणा, राजनीतिक दलमाथिको जनविश्वास, सूचनाका स्रोत र जातीय पहिचानसम्बन्धी प्रश्नहरू (२४ मुख्य र १२ सहायक) लाई नै समावेश गरिएको थियो । यसबाहेक २००६ को जनआन्दोलन-२ पछि देशमा देखापरेका राजनीतिक गतिविधि, संविधानसभाको निर्वाचन, नेकपा (माओवादी) को रूपान्तरण एवम् समावेशी र बहिष्कृत वर्गसम्बन्धी २५ वटा नयाँ प्रश्नहरूसमेत थप गरिएका थिए । यसै बैठकको सुझावका आधारमा जगेडा नमुना सर्वेक्षण क्षेत्रको प्रावधान हटाउने र १८-२१ उमेरसमूहबाट उत्तरदाता छान्ने नयाँ विधि प्रयोग गरिएको थियो ।

सन् २००७ को फेब्रुवरीदेखि मार्चसम्मको करिब दुई महिनाको अवधिमा प्रश्नावली निर्माण, पूर्वपरीक्षण, नमुना छनोट, सर्वेक्षकहरूको तालिम आदि कार्यहरू सम्पन्न गरिए । यसमा स्वदेशी तथा विदेशी विशेषज्ञहरूको सहभागिता रह्यो । अध्ययन स्थलमा जानुभन्दा अघि सर्वेक्षक तथा सुपरिवेक्षकहरूका लागि २ दिने (२३-२४ मार्च, २००७) अभिमुखीकरण तालिमको आयोजना गरिएको थियो । यस तालिममा ८० जना सर्वेक्षक र ८ जना सुपरिवेक्षकहरूको सहभागिता रहेको थियो । यी तालिमप्राप्त सुपरिवेक्षक तथा सर्वेक्षकहरूलाई न्यूनतम ३ देखि ५ जनासम्म राखी जम्मा १९ समूहमा विभाजन गरियो र यी प्रत्येक समूहले ३ देखि ५ संसदीय चुनाव क्षेत्रमा सर्वेक्षण कार्य गरेका थिए । यस समूहले प्रश्नावली भर्नुका अतिरिक्त बुस्टर सर्वेक्षण, अन्तर्वार्ता, सांसद सर्वेक्षण आदि कार्यहरू गरेका थिए । यिनै तालिमप्राप्त सर्वेक्षकहरूमध्येबाट केहीलाई २००७ को मेमा सञ्चालित बुस्टर सर्वेक्षण तथा जुलाइ २००७ मा विधायक सर्वेक्षण एवम् सेप्टेम्बर २००७ मा राष्ट्रिय तहका सम्भ्रान्त व्यक्तिहरूसँग अन्तर्वार्ता लिन लगाइएको थियो ।

## २.११ तथ्याङ्क सुरक्षण

अध्ययनक्षेत्रमा भरिएका प्रश्नावलीहरूको सङ्कलन कार्य मध्य-अप्रिल (Mid April), २००७ देखि सुरु गरिएको थियो । स्थलगत सर्वेक्षणको उत्तरार्धदेखि तथ्याङ्क सुरक्षण, प्रश्नावली व्यवस्थापन तथा डाटा इन्ट्री कार्यहरू सँगसँगै थालिएका थिए । भरिएका प्रश्नावलीहरू प्रथमतः सर्वेक्षण स्थलमै सुपरिवेक्षकबाट रुजु गरिएका थिए । पछि कोडिङ गरी ८ जनाको टोलीद्वारा परीक्षण र सम्पादन कार्यसमेत गरिएका थिए । परीक्षण र पुनःपरीक्षण

गरिएका यी प्रश्नावलीहरू तीन जनाको डाटा इन्ट्री विशेषज्ञ समूहसमक्ष पुऱ्याइएको थियो । प्रश्नावलीका लागि उपयुक्त Data Entry Programme- Epi-info Version 6.04d को प्याकेज तयार गरिएको थियो । तथ्याङ्कको गुणस्तर सुनिश्चित गर्नका लागि पर्याप्त मात्रामा Rank Check, Legal Values, Skip Patterns तथा Logical Checks का विकल्पहरूको पनि व्यवस्था गरिएको थियो । संसदीय निर्वाचन क्षेत्रअनुसार तथ्याङ्का सेटहरू पूर्ण भएपछि एक Variable बाट अर्को Variable मा कतिपय परीक्षणहरू सम्पन्न गरिएका थिए । यसरी तथ्याङ्कको शुद्धीकरणपछि Epi Info को तथ्याङ्कलाई SPSS प्याकेजमा रूपान्तरित गरिएको थियो । बुस्टर सर्वेक्षण र विधायक सर्वेक्षणका तथ्याङ्कहरूलाई पनि उपर्युक्त विधिद्वारा नै प्रशोधन गरिएको थियो । गुणात्मक सूचना (Qualitative Data) को हकमा टेप गरिएका सूचना (अन्तर्वार्ताहरू) लाई लिपिबद्ध गरिएको थियो र विश्लेषणका लागि स्थानीय भाषाबाट अंग्रेजी भाषामा अनुवाद गरिएको थियो र अन्तमा प्राप्त तालिकाहरूलाई MS Excel Format मा प्रस्तुत गरिएको थियो ।

## २.१२ नमुना विशेषता

साधारणतया सबै वर्ग/तह समेटिएका मत सर्वेक्षण (Cross-Sectional Citizen Survey) को विश्वसनीयतालाई अध्ययनमा प्रयोग गरिएका नमुना छनोट विधि तथा सर्वेक्षणमा छानिएका नमुना क्षेत्र र उत्तरदाताहरूको विविधताले देशको भौगोलिक तथा सामाजिक विविधतालाई गर्ने प्रतिनिधित्वको तहले मापन गरेको हुन्छ ।

**तालिका २.२**
**नमुनामा छानिएका संसदीय चुनाव क्षेत्रहरू: भौगोलिक तथा विकास क्षेत्रअनुसार**

| भौगोलिक क्षेत्र | जम्मा | नमुनामा छानिएका क्षेत्रसंख्या |
|---|---|---|
| हिमाल | २२ (१०.७%) | ३ (७.३%) |
| पहाड | ९५ (४६.३%) | २० (४८.८%) |
| तराई | ८८ (४२.९%) | १८ (४३.९%) |

| विकास क्षेत्र | जम्मा | नमुनामा छानिएका क्षेत्र संख्या |
|---|---|---|
| पूर्वाञ्चल | ४९ (२३.९%) | १० (२४.४%) |
| मध्यमाञ्चल | ६५ (३१.७%) | १३ (३१.७%) |
| पश्चिमाञ्चल | ४३ (२१.०%) | ९ (२२.०%) |
| मध्य पश्चिमाञ्चल | ३० (१४.६%) | ६ (१४.६%) |
| सुदूर पश्चिमाञ्चल | १८ (८.८%) | ३ (७.३%) |
| जम्मा | २०५ (१००%) | ४१ (१००%) |

**तालिका २.३**

**नमुना उत्तरदाता तथा राष्ट्रिय जनसंख्याका विशेषताहरू**

| | | नमुना संख्या (प्रतिशतमा) | राष्ट्रिय जनसंख्या (प्रतिशतमा) सन् २००१ को जनगणना) |
|---|---|---|---|
| लिङ्ग | पुरुष | ४७.२ | ४९.९ |
| | महिला | ५२.८ | ५०.१ |
| बसोबास क्षेत्र | ग्रामीण | ८६.६ | ८६.० |
| | सहरी | १३.४ | १४.० |
| शिक्षाको तह | निरक्षर | ३९.६ | ५१.४ |
| | साक्षर | ६०.४ | ४८.६ |
| उमेरसमूह | १८-३० | ३९.० | ४०.४ |
| | ३१-४४ | २७.३ | २९.१ |
| | ४५-५९ | २०.७ | १८.५ |
| | ६० र सोभन्दामाथि | ३.० | १२.० |

*१५ वर्ष वा सोभन्दा बढी उमेरका व्यक्तिहरूको मात्र गणना गरिएको शिक्षासम्बन्धी तथ्याङ्कबाहेक अरू सबै राष्ट्रिय जनगणनाका तथ्याङ्कमा आधारित छन् । उमेरका दृष्टिले नमुना तथा राष्ट्रिय जनसंख्या दुवैका लागि १८ वर्ष वा सोभन्दा माथिको गणना गरिएको छ ।*

तालिका २.२ अनुसार नमुना क्षेत्रका विशेषताहरूले बृहतत्तर रूपमा देशका भौगोलिक विशेषताहरूको प्रतिनिधित्व गरेका छन् । पहाडी तथा तराईका नमुनाक्षेत्रले १ देखि २ प्रतिशतले बढी प्रतिनिधित्व गरेका छन् भने हिमाली क्षेत्रको प्रतिनिधित्व ३ प्रतिशतले कम भएको छ । त्यस्तै पूर्वाञ्चल र पश्चिमाञ्चलका नमुनाक्षेत्रले क्रमशः ०.५ प्रतिशत र १ प्रतिशतले बढी प्रतिनिधित्व गरेका छन् भने सुदूर पश्चिमाञ्चलको प्रतिनिधित्वमा १.५ प्रतिशतले कम भएको छ तर यी अन्तरहरू नगण्य छन् ।

नमुना उत्तरदाताका विशेषताले धेरै हदसम्म राष्ट्रिय जनसंख्याका विशेषताहरूलाई प्रतिनिधित्व गरेका छन् । कुल ४,०८९ जना उत्तरदातामध्ये पुरुष ४७.२ प्रतिशत छन् भने महिलाको ५२.८ प्रतिशत रहेको छ । राष्ट्रिय जनसंख्यामा महिलाको प्रतिशतको तुलनामा महिलाको प्रतिनिधित्व २.७ प्रतिशतले बढी छ । उत्तरदाताको बसोबास क्षेत्रअनुसार सहरी क्षेत्रबाट ०.६ प्रतिशतले कम तथा ग्रामीण क्षेत्रबाट ०.६ प्रतिशतले बढी प्रतिनिधित्व गरेका छन् । निरक्षर उत्तरदाताको प्रतिनिधित्वमा ११.८ प्रतिशतले कमी देखिए पनि यसले सन् २००१ देखि ७ वर्षको अवधिमा साक्षर उत्तरदाताको प्रतिशतमा निकै वृद्धि भएको कुरा प्रमाणित गर्दैन । नमुना व्यक्ति छनोटका लागि १८ वर्ष र सोभन्दा माथिल्लो उमेरसमूहका जनसंख्यालाई मात्र लिइएको छ । छनोटमा परेका साक्षर उत्तरदाताहरूमध्ये सामान्य लेखपढ गर्न जान्ने १८.९ प्रतिशत, विद्यालय तहमा अध्ययन गर्नेहरू ३२.९ प्रतिशत र उच्च शिक्षा प्राप्त गरेकाहरूको ८.६ प्रतिशत रहेको छ । उमेरसमूहको प्रतिनिधित्वमा पनि राष्ट्रिय जनसंख्यासँग हुबहु मिलेको छ । यद्यपि ४५-५९ उमेरसमूहबाट २ प्रतिशत बढी तथा ३१-४४ उमेरसमूहबाट २ प्रतिशतले कमी भएको छ । पेसाका आधारमा कुल उत्तरदाताहरू निम्नानुसार वर्गीकृत भएका छन्– कृषि ५६.४ प्रतिशत, गृहिणी १३.३ प्रतिशत, विद्यार्थी १०.३ प्रतिशत, व्यापार ६.२ प्रतिशत, सेवा ६.१ प्रतिशत, श्रमिक ६.० प्रतिशत तथा अन्य १.९ प्रतिशत (तालिका २.३ हेर्नुहोस्) ।

तालिका नं. २.४ ले जातजाति तथा धर्मका आधारमा नमुना उत्तरदाता संख्या र राष्ट्रिय जनसंख्याको तुलनात्मक विवरण प्रस्तुत गरेको छ । राष्ट्रिय जनसंख्याको तुलनामा नमुना पहाडी जनजाति तथा पहाडी जाति र मधेसीहरूले १ देखि २ प्रतिशतको फरकले बढी प्रतिनिधित्व गरेका छन् । त्यस्तै छनोटमा परेका हिन्दूहरूको संख्या २ प्रतिशतले बढी रहेको छ भने अन्य धार्मिक समूहको प्रतिनिधित्वमा देखिएको थपघटको मात्रा नगण्य रहेको छ । समग्रमा नमुना क्षेत्र तथा नमुना उत्तरदाताको विविधताले राष्ट्रिय विविधतालाई पूर्ण प्रतिनिधित्व गरेको छ ।

**तालिका २.४**
**जातजाति र धर्मका आधारमा उत्तरदातासंख्या**

| जातजाति | नमुना संख्या प्रतिशतमा | राष्ट्रिय जनसंख्या प्रतिशतमा |
|---|---|---|
| पहाडी उच्च जात | ३३.५ | ३०.९ |
| पहाडी जनजाति | ३०.२ | २८.६ |
| पहाडी दलित | ८.४ | ८.९ |
| मधेसी उच्च जात | १२.१ | १३.७ |
| मधेसी जनजाति | ९.६ | ८.७ |
| मधेसी दलित | ३.६ | ३.९ |
| मुस्लिम | ३.६ | ४.३ |
| पहिचान नखुलेका | ०.१ | १.० |
| **धर्म** | | |
| हिन्दू | ८२.८ | ८०.६ |
| बौद्ध | ९.६ | १०.७ |
| इस्लाम | २.७ | ४.२ |
| किराँत | २.४ | ३.६ |
| इसाई | १.१ | ०.५ |
| अन्य | १.५ | ०.४ |

तेस्रो परिच्छेद

# प्रजातन्त्र, जनआन्दोलन-२ र राजनीतिक सहभागिता

## ३.१ पृष्ठभूमि

दक्षिण एसियामा लोकतन्त्रको इतिहास एकैनासको छैन । भारत र श्रीलङ्कामा लोकतन्त्रको अभ्यासमा निरन्तरता छ भने बंगलादेश र पाकिस्तानमा उतार चढाब । नेपालको प्रजातन्त्रको इतिहास पाकिस्तान र बंगलादेशसँग मिल्दोजुल्दो छ; तसर्थ भारत र श्रीलङ्काको भन्दा पृथक् छ । एक सय चार वर्ष पुरानो राणाशासनविरुद्ध सन् १९५१ मा सम्पन्न सशस्त्र क्रान्तिबाट नेपालमा प्रजातन्त्रको स्थापना भएको थियो । तर यसको अभ्यास लामो रहेन । सक्रिय राजतन्त्र र दलरहित निरङ्कुश पञ्चायती व्यवस्थाले यसलाई छिटै विस्थापित गऱ्यो । सन् १९९० मा नेपाली कांग्रेस र संयुक्त वाममोर्चाले संयुक्त रूपमा परिचालन गरेको जनविद्रोहबाट तीन दशक लामो पञ्चायती व्यवस्थाको अन्त भई देशमा प्रजातन्त्रको पुनर्बहाली भयो । तर सन् २००२ अक्टुबरमा शाही हस्तक्षेपबाट प्रजातन्त्रको अन्त्य गरियो र २००५ फेब्रुवरीको शाही 'कु' बाट राजाले सम्पूर्ण अधिकार आफ्नो हातमा लिए र उनी आफै मन्त्रिपरिषद्को अध्यक्षसमेत बने । सन् २००२ को शाही कदमको विरुद्धमा क्रमिक रूपमा चलिरहेको संघर्षको चरमबिन्दु जनआन्दोलन-२ २००६ अप्रिलमा सफलतापूर्वक सम्पन्न भयो र यसले प्रजातन्त्रको पुनर्स्थापना गऱ्यो । सन् १९९० देखि २००२ को अवधिमा पनि सम्पूर्ण प्रजातान्त्रिक संयन्त्रहरूलाई पार्टी-पार्टीबीच र पार्टीभित्रकै शक्ति-केन्द्रित आन्तरिक कलह (हाछेथु, २००२), कु-शासन (बराल १९९३; ब्राउन १९९६; होफ्टन (सं.) १९९९; ध्रुवकुमार (सं.) २००६), (बराल (सं.) २००४) तथा भ्रष्टाचार (पाण्डे १९९६) ले आक्रान्त पारेका थिए । तसर्थ प्रजातन्त्रको स्थिति खस्कँदै गयो । फलतः सन् १९९० को संविधान प्रदत्त नेपालको प्रजातन्त्रका दुई प्रमुख विशेषताहरू– संवैधानिक राजतन्त्र तथा संसदीय प्रणालीलाई राजा ज्ञानेन्द्र र नेकपा (माओवादी) बाट खतरा रह्यो । प्रजातन्त्र कालमा राजनीतिक दलहरूले सेवा र सुशासन दिन नसकेको कारणबाट निराश भएका जनता सन् २००२ को शाही कदम विरुद्ध राजनीतिक दलहरूले उठाएका कदममा उदासीन रहे । तर राजाको सक्रिय नेतृत्वकालमा राज्य र नेकपा माओवादीबीचको सशस्त्र द्वन्द्वका कारण खस्कँदै गएको सुरक्षास्थिति तथा मूलधारका राजनीतिक दलहरू र नेकपा माओवादीबीचको सहकार्यबाट देशमा प्रजातन्त्र र शान्तिस्थापना हुनसक्ने आशाका कारण उदासीन जनता फेरि एकपल्ट जागरुक भए ।

सन् २००५ नोभेम्बरमा नेकपा माओवादी र सातदलको गठबन्धनबीच भएको १२ बुँदे सहमतिले नेपाली राजनीतिक वृत्तमा एउटा नयाँ आयामको सुरुवात भयो । यस सहमतिअनुसार दुवै पक्ष यी तीन कुरा कार्यान्वयन गर्न प्रतिबद्ध रहेका थिए–

(क) नेकपा माओवादीको संविधानसभाको मागलाई सात दलले स्वीकार्ने,
(ख) नेकपा माओवादीले प्रतिस्पर्धात्मक बहुदलीय व्यवस्थालाई मान्ने र
(ग) सात दल र नेकपा माओवादी दुवैले निरङ्कुश राजतन्त्रविरुद्ध शान्तिपूर्ण आन्दोलन गर्ने ।

यो १२ बुँदे सम्झौताका कारण जनताले सबै नेताहरूलाई एकै थलोमा पाए र यसले अप्रिल २००६ को जनआन्दोलनलाई सफल पार्न सहयोग गर्‍यो । यहाँनिर १२ बुँदे सम्झौताको प्राक्कथनलाई उद्धृत गर्नु सान्दर्भिक हुनेछ–

*नेपालमा लामो समयदेखि चल्दै आएको निरङ्कुश राजतन्त्र र लोकतन्त्रबीचको संघर्ष आज अत्यन्तै गम्भीर र नयाँ मोडमा पुगेको छ । विगत दश वर्षदेखि जारी सशस्त्र द्वन्द्वको अग्रगामी राजनीतिक निकासद्वारा समाधान गर्दै शान्तिस्थापना गर्नु आजको आवश्यकता भएको छ । त्यसैले निरङ्कुश राजतन्त्रको अन्त्य गरी पूर्ण लोकतन्त्र स्थापना गर्दै राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक सबै क्षेत्रका वर्गीय, जातीय, लिङ्गीय, क्षेत्रीय आदि समस्याहरूको समाधान गर्न राज्यको अग्रगामी पुनर्संरचना गर्दै पूर्ण लोकतन्त्रको अवधारणालाई कार्यान्वयन गर्नु अपरिहार्य आवश्यकता भएको छ ।*

- २२ नोभेम्बर २००५ मा सात राजनीतिक दल र नेकपा माओवादीबीच भएको १२ बुँदे घोषणापत्रबाट ।

जनआन्दोलन-२ को सफलताले आम-नागरिकलाई राजनीतिक क्रियाकलापमा बढी सहभागी तुल्यायो । वास्तवमा विभिन्न संघ-संस्थासँग सम्बद्ध रही सामाजिक पुँजीको निर्माण (Social Capital Formation) गर्ने कुरा सन् १९९० पछि भएको विकास मान्नुपर्छ । आम सञ्चारमा भएको विकास, सामुदायिक संघ-संस्थाहरू (CBOs) को स्थापना, गैरसकारी संघ-संस्थाहरू, नागरिक समाज तथा जातीय संघ-संस्थाहरूले राजनीतिक वृत्त बाहिरका जनतामा राजनीतिक चेतना जगाउन तथा जनपरिचालन र सहभागिताका लागि प्रशस्त नयाँ ठाउँ दिएका छन् । जनआन्दोलन-२ बाट देशमा प्रजातन्त्र र शान्तिको पुनर्बहालीपछि नागरिक अभियान र राजनीतिक क्रियाकलापमा आमजनताको सहभागितामा वृद्धि भएको छ । यसबाहेक जनआन्दोलनपछिको सङ्क्रमणकाल विविध घटनायुक्त रह्यो र अब आमजनताले देशमा भइरहेका गतिविधिमा चासो दिइरहेका छन् ।

## ३.२ जनआन्दोलन–२ का विशेषता

### ३.२.१ जनआन्दोलन–२ अभूतपूर्व घटना

सन् २००६ मा सम्पन्न जनआन्दोलन-२ यसअघिका संघर्ष, आन्दोलन र क्रान्तिभन्दा निकै शक्तिशाली रह्यो । नेपालको राज्य विरुद्धको पहिलो संघर्ष १०४ वर्षे राणाशासनविरुद्ध थालिएको सशस्त्र संघर्ष हो जुन नेपाली कांग्रेसको मुक्तिसेनाले देशको ५० प्रतिशत भूभाग कब्जा गरेपछि समाप्त भएको थियो । सन् १९९० को जनआन्दोलनले तीन दशक लामो पञ्चायती शासन पद्धतिलाई समाप्त पारी प्रजातन्त्रको पुनर्स्थापना गरेको थियो तर यो मुख्यतया सहरी क्षेत्र र मध्यम वर्गीय जनतामा आधारित थियो । नेकपा माओवादीको जनयुद्ध देशभर फैलिएको थियो तर यसमा नेकपा माओवादीका कार्यकर्ता मात्र संलग्न रहे । जनआन्दोलन-२ मा चाहिँ आमग्रामीण जनताको सहभागिता उल्लेखनीय रह्यो । प्रजातन्त्रको पुनर्प्राप्तिका लागि लाखौं जनताले भाग लिएका कारण यो आन्दोलन अभूतपूर्व रह्यो । दाङ जिल्लामा देखिएको जनसहभागिताबारे एक प्रत्यक्षदर्शीको भनाइ यस्तो रहेको छः

*धेरै मानिसहरू गाउँ-गाउँबाट मध्य पश्चिमाञ्चलको तराई क्षेत्र, दाङ जिल्लाको सदरमुकाम घोराहीमा आएका थिए । घोराहीमा आँखाले नभ्याउने गरी ठूलो मानव समुद्र बनेको थियो । म पनि त्यहाँ गएको थिएँ । हामी आफू मात्र गएका थिएनौं । हामीसाग गाउँका अरू मानिसहरू पनि थिए जो घोराही जान चाहन्थे । तीमध्ये कसैले*

*आन्दोलनमा भाग लिँदा केही पाउनुहुन्छ कि भनी सोधेका थिए । तर यस्ता कुरामा धेरै नअलमलिईकनै उनीहरू हामीसँगै घोराही आए र आन्दोलनमा भाग लिए ।*

– ईश्वरी घर्ती, दाङ

सर्वेक्षणको परिणामले पनि जनआन्दोलन-२ अद्वितीय रहेको पुष्टि गर्दछ । सन् २००७ को यस सर्वेक्षणका कुल उत्तरदातामध्ये २३ प्रतिशतले जनआन्दोलन-२ मा भाग लिएको बताए (तालिका नं. ३.१) । यसमा जनआन्दोलन-२ मा भाग लिन चाहेका तर विभिन्न कारणवश भाग लिन नपाएका उत्तरदाताहरूको संख्या जोडिएको छैन, जुन कुल उत्तरदाता संख्याको १९ प्रतिशत रहेको छ । बाँकी ५८ प्रतिशतले भाग लिन नचाहेको र कुनै पनि किसिमले सहभागी नभएको बताए । देशको कुल जनसंख्याको करिब एक चौथाइले भाग लिएको यस राष्ट्रिय आन्दोलनलाई निःसन्देह ठूलो मान्नुपर्छ । यहाँनिर पर्वतकी मायाकुमारी पौडेलको भावना उल्लेख गर्नु सान्दर्भिक हुनेछ–

*मैले जनआन्दोलनमा प्रत्यक्ष रूपमा सहभागी हुने मौका पाइनँ तर पनि देशभर यसको सफलताबारेको खबरले मलाई आनन्दित तुल्याउँथ्यो । कहिलेकाहीँ टेलिभिजनबाट प्रसारित जुलुसहरू देखेर अनायासै म ताली बजाउँथेँ । जनआन्दोलन-२ ले देशमा ल्याएका परिवर्तनहरू निश्चय नै सकारात्मक हुनेछन् ।*

– मायाकुमारी पौडेल, पर्वत

**तालिका ३.१**

**जनआन्दोलन–२ मा जनसहभागिता**

| | | | | | |
|---|---|---|---|---|---|
| | सबै | २३ | विकास क्षेत्र | पूर्वाञ्चल | २१ |
| लिङ्ग | पुरुष | ३३ | | मध्यमाञ्चल | २० |
| | महिला | १४ | | पश्चिमाञ्चल | ३० |
| उमेर | वयस्क | २९ | | मध्य पश्चिमाञ्चल | २५ |
| | वृद्ध | ११ | | सुदूर पश्चिमाञ्चल | १८ |
| क्षेत्र | ग्रामीण | २३ | शैक्षिक स्तर | अशिक्षित | ९ |
| | सहरी | २७ | | शिक्षित | ४६ |
| भौगोलिक क्षेत्र | हिमाल | १५ | सचेतता | सचेत नभएका | ४ |
| | पहाड | २२ | | धेरै सचेत भएका | ३६ |
| | तराई | २६ | सञ्चारमा पहुँच | सञ्चारमा पहुँच नभएका | १२ |
| | | | | सञ्चारमा धेरै पहुँच भएका | ६५ |
| | | | समूह | पहाडी | २२ |
| | | | | मधेसी | २१ |

सर्वेक्षणको यस निष्कर्षले पनि जनआन्दोलन-२ मा सबै उमेर, जात, वर्ग र क्षेत्रबाट नागरिकहरू सहभागी भएको देखाएका छन् । यद्यपि उक्त आन्दोलनमा महिलाभन्दा बढी पुरुष वर्ग सहभागी भएका छन् भने उमेरको हिसाबले ६० वर्ष वा सोभन्दा माथिका जनताले भन्दा १८–३० वर्ष उमेरका युवाहरू बढी संलग्न रहेको पाइन्छ । सामाजिक वर्गीकरणका आधारमा हेर्दा पहाडी उच्च जातको सहभागिता सबभन्दा बढी (३० प्रतिशत) रह्यो । तराईका दलितमध्ये २३ प्रतिशत, तराई जनजातिमध्ये २३ प्रतिशत, पहाडी जनजातिमध्ये २१ प्रतिशत, तराईका अन्य जातहरूमध्ये २० प्रतिशत, मुस्लिममध्ये १७ प्रतिशत र पहाडी दलितमध्ये १७ प्रतिशतले जनआन्दोलन-२ मा भाग लिएका थिए ।

जनआन्दोलन-२ का विरोध कार्यक्रमहरू मुख्यतया सहरी क्षेत्रमा केन्द्रित रहेका थिए । यसरी जनसहभागिताको आकारमा विरोध कार्यक्रम सञ्चालन भएको क्षेत्रको भौगोलिक स्थितिले असर पारेको देखिन्छ । सहरी क्षेत्रका

उत्तरदातामध्ये २७ प्रतिशतले जनआन्दोलनमा आफ्नो सहभागिता रहेको बताए भने ग्रामीण क्षेत्रका उत्तरदाताहरूमा २३ प्रतिशतले मात्र भाग लिएको बताए। भौगोलिक क्षेत्रअनुसार तराईका उत्तरदातामध्ये २६ प्रतिशतले आफ्नो सहभागिता रहेको बताए, जुन पहाडी क्षेत्र (२२ प्रतिशत) र हिमाली क्षेत्र (१५ प्रतिशत) का तुलनामा बढी रहेको छ। त्यस्तै विकास क्षेत्रअनुसार पूर्वाञ्चल, मध्यमाञ्चल र सुदूर पश्चिमाञ्चल विकास क्षेत्रका उत्तरदाता भन्दा पश्चिमाञ्चल र मध्य पश्चिमाञ्चलका उत्तरदाताहरू बढी संख्यामा यस आन्दोलनमा सहभागी भएका थिए।

राजनीतिमा सहभागिता र व्यक्तिको शैक्षिक योग्यता, सचेतना तथा सञ्चारमा पहुँचका बीचमा अन्योन्याश्रित सम्बन्ध रहेको छ। उक्त आन्दोलनमा अशिक्षितमध्येबाट ९ प्रतिशतले आफू सहभागी भएको बताए भने २० प्रतिशत शिक्षित उत्तरदाताहरूले आफू आन्दोलनमा सहभागी भएको बताए। विद्यालय तहसम्म अध्ययन गरेकामध्येबाट ३३.५ प्रतिशतले र उच्च शिक्षा हासिल गरेका उत्तरदातामध्ये ४६ प्रतिशतले भाग लिएको बताए। त्यस्तै बढी सचेत समूह (high level awareness group) का ३६ प्रतिशतले भाग लिएका थिए भने सचेत नभएका (no awarness) समूहबाट ४ प्रतिशत मात्रले आन्दोलनमा भाग लिएका थिए। उच्च तहको सञ्चारमा पहुँच भएका समूहका ६५ प्रतिशतले भाग लिएका थिए भने सञ्चारमा पहुँच नभएका समूहका १२ प्रतिशतले मात्र उक्त जनआन्दोलनमा भाग लिएका थिए। शिक्षित, सचेत र युवाहरूको संलग्नता अशिक्षित, राजनीतिक चेतना कम भएका र वृद्धहरूको तुलनामा बढी हुनु अस्वाभाविक होइन। तर समग्रमा हेर्दा समाजका हरेक वर्ग, क्षेत्र र तप्काका जनताहरूको सहभागिता जनआन्दोलन-२ मा अद्वितीय नै रह्यो। उक्त जनआन्दोलनको क्रममा एक साप्ताहिक पत्रिकाले यस्तो सम्पादकीय लेखेको थियो:

> *यसपटक गुराँस फुल्ने याममा मुलुकका सम्पूर्ण गाउँ-बेसी, सहर-मधेसभर विक्रान्ति पोतियो। यसबेला सबै वर्ग, तप्का, पेसा र जनजीविकाका नेपालीहरू मानव समुद्रमा परिणत हुँदै मुलुकको राजनीतिक परिदृश्यमा एउटा आँधी ल्याए। आधुनिक नेपाल राष्ट्रको एकीकरणयता यसअघि यस्तो अद्भुत जनउभार कहिल्यै आएको थिएन। यस्तो मानव समुद्र देख्दा स्वदेशी मात्र नभएर विदेशीसम्मका आँखा तिर्मिराए भने सत्तामा बस्नेहरूको होसहवास नै उड्यो। सात राजनीतिक दलको हँसिया र विद्रोही माओवादीको होस्टेमा जनसमर्थन जुटेपछि आन्दोलन जनआन्दोलनमा परिणत भयो। २०६२ चैत २४ गतेदेखि आरम्भ भएर ०६३ वैशाख ११ गते मध्यरातमा टुङ्गिएको जनआन्दोलन महाभारतको युद्धझैँ १८ दिन चलेको थियो, जसले कौरवको दम्भ र शकुनीको चालबाजीलाई चकनाचुर पारेजस्तै निरङ्कुश राजतन्त्रलाई घुँडा टेक्न बाध्य तुल्यायो।*
>
> – विशेष सम्पादकीय, नेपाल राष्ट्रिय साप्ताहिक, ७ मे २००६ (भो. ६, नं. ३९)

### ३.२.२ जनआन्दोलन–२ मा जनसहभागिता जुलुसमा भाग लिनुमा मात्र सीमित नभएको

राजनीतिक सहभागिताका विभिन्न रूप हुन्छन्। जुलुस, सभा, समारोहमा भाग लिनुदेखि गिरफ्तारी दिनु वा त्यसै कारणले जेल पर्नुसम्मलाई पनि राजनीतिमा सहभागी भएको मानिन्छ। यस्तै अरूलाई जुलुस आदिमा भाग लिन प्रोत्साहित गर्नु, कर्फ्यू उल्लङ्घन गर्नु तथा यस्ता गतिविधिलाई प्रत्यक्ष अप्रत्यक्ष सहयोग वा समर्थन गर्नुलाई पनि राजनीतिमा सहभागिता भएको मानिन्छ।

जनआन्दोलन-२ मा कुनै न कुनै रूपमा सहभागी जनाएका उत्तरदाताहरूमध्ये ९८ प्रतिशतले जुलुसमा भाग लिएको बताए भने ३८ प्रतिशतले अरूलाई परिचालन गरेको, २५ प्रतिशतले निषेधाज्ञा (कर्फ्यू) उल्लङ्घन गरेको तथा ६ प्रतिशतले गिरफ्तारीमा परेको बताए।

माथि उल्लेख गरिएअनुसार जनआन्दोलन-२ मा आमनागरिकको सहभागिता जुलुसमा मात्र सीमित थिएन। नागरिक सर्वेक्षणका उत्तरदाताहरूमध्ये एक तिहाइले अरूलाई परिचालन गरेका थिए भने एक चौथाइले सरकारको निषेधाज्ञालाई उल्लङ्घन गरेका थिए। राजनीतिक दलहरूले मात्र आन्दोलन परिचालन गरेको भए यति परिमाण तथा तहको जनसहभागिता सम्भव हुने थिएन। तसर्थ आन्दोलनमा आमजनताको सहभागिता स्वस्फूर्त तथा स्वेच्छामा भएको कुरा निश्चित छ।

**तालिका ३.२**
**जनआन्दोलन–२ मा सहभागिताका प्रकार**

| सहभागिता | | जुलुसमा भाग लिएको | जनपरिचालन गरेको | निषेधाज्ञा उल्लङ्घन गरेको | गिरफ्तारी |
|---|---|---|---|---|---|
| विधायिका सर्वेक्षण | विधायकहरू | ८७ | ९३ | ७६ | ५७ |
| नागरिक सर्वेक्षण | जनसाधारण | ९८ | ३८ | २५ | ६ |
| लिङ्ग | पुरुष | ९८ | ३९ | २९ | ६ |
| | महिला | ९७ | ३५ | १५ | ४ |
| उमेरसमूह | जवान | ९९ | ३९ | २७ | ५ |
| | वृद्ध | ९८ | ४६ | २४ | ४ |
| क्षेत्र | ग्रामीण | ९८ | ३८ | २३ | ६ |
| | सहरी | ९६ | ३९ | ३५ | ७ |
| भौगोलिक क्षेत्र | हिमाल | १०० | ५८ | ४५ | १८ |
| | पहाड | ९८ | ४१ | २८ | ५ |
| | तराई | ९७ | ३४ | २१ | ५ |
| विकासक्षेत्र | पूर्वाञ्चल | ९९ | ४६ | २२ | ३ |
| | मध्यमाञ्चल | ९६ | २८ | ३८ | ९ |
| | पश्चिमाञ्चल | ९८ | ४५ | १६ | २ |
| | मध्य पश्चिमाञ्चल | ९८ | ३७ | २७ | १२ |
| | सुदूर पश्चिमाञ्चल | १०० | २७ | १० | २ |
| शैक्षिक तह | अशिक्षित | ९५ | १७ | ९ | ४ |
| | उच्चशिक्षा हासिल गरेका | ९७ | ४२ | ३४ | ६ |
| सचेतनता | सचेत नभएका वर्ग | १०० | ९ | ० | १० |
| | धेरै सचेत भएका वर्ग | ९८ | ४३ | ३१ | ६ |
| सञ्चारमा पहुँच | सञ्चारमा पहुँच नभएका | ९८ | २२ | १३ | ५ |
| | सञ्चारमा पहुँच भएका | १०० | ५५ | ३४ | ४ |
| समूह | पहाडी | ९८ | ३७ | २४ | ६ |
| | मधेसी | ९८ | २८ | १६ | ५ |

अब हेरौँ, जनतालाई परिचालन गर्ने को थिए र निषेधाज्ञा उल्लङ्घन गर्न कसले सक्रिय भूमिका खेले ? उत्तरदाताहरूमध्ये ३८ प्रतिशतले जनपरिचालन गरेको कुरा अध्ययनले देखाएको छ । यसमा बढी संलग्न हुनेहरूमध्ये वृद्ध (उमेरका हिसाबले) बाट (४६ प्रतिशत), हिमाली क्षेत्रमा बसोबास गर्नेबाट (५८ प्रतिशत), पूर्वाञ्चल क्षेत्रका बासिन्दाबाट (४६ प्रतिशत), पहाडी उच्च जातबाट (४७ प्रतिशत) तथा मुस्लिमबाट (४४ प्रतिशत) पर्दछन् । यस्तै निषेधाज्ञा उल्लङ्घन गर्नेमा बढी सक्रिय हुने समूह यस प्रकार छन्: सहरी क्षेत्रका बासिन्दा (३५.५ प्रतिशत), हिमाली क्षेत्रमा बसोबास गर्ने (४५ प्रतिशत), मध्यमाञ्चल विकास क्षेत्रका बासिन्दा (३८ प्रतिशत) तथा उच्च पहाडी जातका जनता (३४ प्रतिशत) ।

तालिका ३.२ ले व्यक्तिको ज्ञानको तह र राजनीतिक सहभागिताबीचको सम्बन्धबारे स्पष्ट पार्दछ । अशिक्षित व्यक्तिहरूभन्दा उच्च शिक्षा हासिल गरेका व्यक्तिहरू बढी मात्रामा जनपरिचालन र निषेधाज्ञा उल्लङ्घन गर्नेमा संलग्न रहेका थिए । त्यस्तै बढी सञ्चारमा पहुँच भएका, बढी सचेत भएका व्यक्तिहरूको उच्च तहको राजनीतिक गतिविधि, विशेषतः जनपरिचालन र निषेधाज्ञा उल्लङ्घन गर्ने कुरामा सहभागिता देखियो ।

निश्चित रूपले सम्भ्रान्त वर्गका मानिसहरू पनि यस आन्दोलनमा सक्रिय सहभागी भएका थिए । विधायक सर्वेक्षणका उत्तरदातामध्ये ८७ प्रतिशतले जुलुसमा भाग लिएको बताए भने ९३ प्रतिशतले जनपरिचालनमा संलग्न रहेको बताएका छन् । त्यस्तै ७६ प्रतिशतले निषेधाज्ञा उल्लङ्घन गर्ने कार्यमा भाग लिएको बताए भने ५७ प्रतिशतले गिरफ्तारीमा परेको बताए ।

### ३.२.३ जनआन्दोलन–२ को सफलताबाट मुख्यतया शान्ति र मेलमिलापको अपेक्षा गरिएको

बहुदलीय प्रणालीको पुनर्स्थापना र निरङ्कुश राजतन्त्रको अन्त्य जनआन्दोलन-२ का मुख्य उद्देश्य थिए । जनआन्दोलनबाट जनताले यिनै कुराहरूको अपेक्षा राखेका थिए र यो कुरा स्वतः देखिन्थ्यो यदि आन्दोलनको सँघारमा सर्वेक्षण गरेको भए । तर यो अध्ययन सञ्चालन गर्दा देशमा बहुदलीय प्रजातान्त्रिक व्यवस्थाको पुनर्स्थापना भएको एक वर्ष भइसकेको थियो र जनवरी २००७ मा निर्मित अन्तरिम संविधानले राजतन्त्रको भविष्य निर्धारण गर्ने विधिसमेत तय गरिसकेको थियो । अन्तरिम संविधानको प्रावधानअनुसार राजतन्त्रको भविष्य संविधानसभाको पहिलो बैठकबाट साधारण बहुमतले निर्धारण गर्ने टुङ्गो लागिसकेको थियो । जनआन्दोलन-२ पछिका गतिविधिमा राजाले टीकाटिप्पणी गर्न छोडेका छन्; भित्रभित्रै षड्यन्त्रका तानाबाना बुनिरहेको भए पनि सर्वसाधारणले त्यो थाहा पाउने कुरा भएन । जनता शान्ति-प्रक्रियामा खलल पर्ला भनी बढी चिन्तित छन् । हातहतियार व्यवस्थापनको प्रक्रिया सुरु भइसकेको छ तर पूरा भएको छैन र रक्तपातपूर्ण गृहयुद्धको सन्त्रास जनताको मनमा अझै ताजै छ । जनआन्दोलन-२ बाट के अपेक्षा राखिएको थियो भन्नेबारे एक वामपन्थी नेताको भनाइ यसप्रकार रहेको छः

> *सन् २००६ अप्रिलको आन्दोलनले धेरै नयाँ सम्भावनाहरू खोलिदिएको छ । सर्वप्रथम त यसले राजतन्त्रलाई उन्मूलन गर्ने म्यान्डेट प्रदान गरेको छ जसबाट देशमा लोकतान्त्रिक गणतन्त्र स्थापना गर्नुपर्ने भएको छ । अर्को म्यान्डेट हो- सामन्तवादको अन्त । यसको अर्थ हामीले कृषिमा वैज्ञानिक क्रान्ति गर्नुपरेको छ । यो क्रान्तिको अर्को लक्ष्य भनेको राज्यको पुनर्संरचना गर्नु हो । यसका लागि संविधानसभाबाट निर्माण हुने नयाँ संविधानमा स्पष्ट उल्लेख हुनुपर्दछ । हामीले प्राप्त गर्ने प्रजातन्त्र पूर्णरूपले 'समावेशी' प्रकृतिको हुनुपर्दछ । हामीले हाम्रो देशको संस्कृति र सामाजिक संरचनामा आमूल परिवर्तन गर्नुपर्दछ । महिलामाथिको शोषणलाई निर्मूल पार्नुपर्दछ र छुवाछूतको प्रथालाई अन्त्य गर्नुपर्दछ । अप्रिल २००६ को आन्दोलनको गतिसँगै हामीले नेपाललाई 'धर्मनिरपेक्ष राज्य' घोषणा गरिसकेका छौं । अब हामीले भाषा, संस्कृति तथा धर्मका नाममा जरा गाडेर बसेका सबै प्रकारका भेदभावलाई अन्त्य गर्नुपरेको छ ।*
>
> झलनाथ खनाल, नेता, ने.क.पा. (एमाले)

जनताले ठूलो उत्साहका साथ जनआन्दोलनमा भाग लिएका थिए । उनीहरूले यस आन्दोलनको सफलताबाट धेरै कुराहरूको अपेक्षा राखेका छन् । तीमध्ये देशमा शान्ति र मेलमिलापको वातावरण स्थापना हुनु उनीहरूका प्रमुख अपेक्षा थिए । ४० प्रतिशत उत्तरदाताहरूले जनआन्दोलनपछि शान्तिको वातावरण पैदा हुने आशा व्यक्त गरेका छन् (तालिका ३.३) । सबैखाले उत्तरदाताहरू- महिला/पुरुष, शिक्षित/अशिक्षित, युवा/जेष्ठ उमेरका, ग्रामीण/सहरी क्षेत्रमा बसोबास गर्नेहरू, पहाडी/मधेसी, पाँचै विकासक्षेत्रका बासिन्दा तथा तीनै भौगोलिक क्षेत्र (हिमाल, पहाड तथा तराई) का नागरिकहरू जनआन्दोलन-२ ले देशमा शान्ति तथा सम्झौताको स्थिति ल्याउने कुरामा आशावादी रहेका छन् । आन्दोलनबाट अपेक्षा गरिएका अन्य उद्देश्यहरूमध्ये आर्थिक विकासलाई जनताले दोस्रो स्थानमा राखेका छन् । जनताले अभिव्यक्त गरेका अन्य अपेक्षाहरू प्राथमिकताका आधारमा यसप्रकार छन्: असल शासन, (१३ प्रतिशत), आधारभूत आवश्यकता आपूर्ति र पूर्वाधार संरचनाको विकास निर्माण (९ प्रतिशत), राज्य पुनर्संरचना (४ प्रतिशत) तथा सामाजिक परिवर्तन (३ प्रतिशत) ।

केही समूहले जनआन्दोलन-२ बाट यीभन्दा पृथक् अपेक्षा राखेको पनि पाइएको छ । समाजका पिछडिएका समूहहरूमध्ये मुस्लिम समुदायका उत्तरदाता र सचेत नभएका समूहका उत्तरदाताले आर्थिक विकास र शान्ति

दुवै उत्तिकै महत्त्वपूर्ण रहेको कुरा जनाएका छन् । शान्तिस्थापनालाई महत्त्व दिने मुस्लिम उत्तरदाताहरूको संख्या आर्थिक विकासलाई महत्त्व दिने मुस्लिम संख्याभन्दा एक प्रतिशत मात्रले बढी रहेको छ । त्यस्तै सचेत नभएका समूहका २७ प्रतिशतले शान्तिलाई जनआन्दोलनबाट प्राप्त गर्नुपर्ने उद्देश्य मध्ये प्रथम प्राथमिकता दिएका छन् भने २६ प्रतिशतले आर्थिक विकासलाई पहिलो स्थान दिएका छन् । दलित र मधेसी उत्तरदाताहरूले शान्ति भन्दा बढी प्राथमिकता आर्थिक विकासलाई दिएका छन् ।

नागरिक सर्वेक्षण र विधायिका सर्वेक्षणमा उत्तरदाताहरूले जनआन्दोलन-२ बाट मुख्य रूपमा शान्ति र मेलमिलापको स्थिति स्थापित हुनुपर्नेमा जोड दिएका छन् । नागरिक उत्तरदातामध्ये ४० प्रतिशत र विधायक उत्तरदाताहरूमध्ये ४२ प्रतिशतले जनआन्दोलनबाट शान्ति र मेलमिलापको स्थिति पैदा हुनेमा विश्वास व्यक्त गरेका छन् । तर अन्य अपेक्षाहरूको प्राथमिकतामा यी दुईबीच मतभिन्नता पाइएको छ । नागरिक उत्तरदाताहरूले आर्थिक विकासलाई दोस्रो प्राथमिकतामा राखेका छन् भने ६ प्रतिशत विधायक उत्तरदाताहरूले मात्र आर्थिक विकास हुने कुरामा विश्वास गरेका छन् । विधायिका सर्वेक्षणमा ३८ प्रतिशत उत्तरदाताले जनआन्दोलनले राज्य पुनर्संरचना र समावेशी राजनीतिका लागि बाटो पहिल्याउने कुरामा विश्वास लिएका छन् भने नागरिक उत्तरदातामध्ये ४ प्रतिशतले यस कुरामा आफ्नो विश्वास जनाएका छन् । जनसाधारणतर्फ १३ प्रतिशतले आन्दोलनबाट असल शासनको आशा राखेका छन् भने सम्भ्रान्तवर्गले यसप्रति खासै चासो व्यक्त गरेनन् ।

**तालिका ३.३**

**जनआन्दोलन-२ बाट जनताले राखेका अपेक्षाहरू**

*बहुउत्तर (Multiple Responses) लाई १०० प्रतिशतमा परिवर्तन गरिएको छ ।*

| अपेक्षाहरू/उत्तरदाताहरू | | शान्ति र मेलमिलाप | आर्थिक विकास | सुशासन | पूर्वाधार निर्माण | राज्य पुनर्संरचना |
|---|---|---|---|---|---|---|
| सर्वेक्षण | विधायिका | ४२ | ६ | ४ | ३ | ३८ |
| नागरिक सर्वेक्षण | जनसाधारण | ४० | २२ | १३ | ९ | ४ |
| सचेतता | सचेत नभएका | २७ | २६ | ६ | १६ | २ |
| | कम सचेत | ३३ | २३ | ११ | १२ | ३ |
| | सचेत भएका | ४१ | २१ | १३ | ९ | ४ |
| | धेरै सचेत भएका | ४३ | २२ | १४ | ७ | ५ |
| सञ्चारमा पहुँच | सञ्चारमा पहुँच नभएका | ३४ | २३ | १० | १३ | ३ |
| | कम मात्र पहुँच भएका | ४३ | २२ | १४ | ८ | ४ |
| | पहुँच भएका | ४४ | २३ | १५ | ५ | ६ |
| | धेरै पहुँच भएका | ४६ | १६ | १५ | ४ | १४ |

*'माओवादीलाई मूलधारमा ल्याउने', 'सामाजिक परिवर्तन', 'नकारात्मक', 'अपेक्षा नगरेको' तथा 'अन्य' जस्ता उत्तरहरू नगण्य रूपमा मात्र आएको हुँदा ती यस तालिकामा समावेश गरिएका छैनन् ।*

## ३.३ सामाजिक पुँजीको निर्माणमा अभिवृद्धि

### ३.३.१ जनताको आमसञ्चारमा पहुँच उल्लेखनीय रूपमा वृद्धि भएको

नेपालमा सन् १९९० पछि प्रजातन्त्रको पुनर्स्थापना र खुला राजनीतिक परिवेशमा सञ्चारका क्षेत्रमा क्रान्तिकारी परिवर्तन भएको छ । दृष्टान्तका रूपमा देशभर फैलिएर रहेका एफ.एम स्टेसनहरूलाई लिन सकिन्छ । सञ्चारले समाजमा भइरहेका जनचासोका विषयहरूमा जानकारी गराउने र यी विषयमा जनचासो बढाई उनीहरूको सहभागिता वृद्धि गर्न मुख्य भूमिका खेलेको हुन्छ । सञ्चारले पारेको प्रभावलाई विश्लेषण गर्नु अगाडि आमसञ्चारका माध्यम तथा यिनको प्रयोगबारे केही जानकारी प्रस्तुत गरिन्छ ।

*नेपाल प्रेस काउन्सिलको जुलाइ २००७ मा प्रकाशित सूचनाअनुसार सन् २००६/२००७ मा ५८२ वटा विभिन्न अखबारहरू नियमित रूपमा प्रकाशित भएका छन्, ७ वटा टेलिभिजन च्यानलहरू प्रसारण भइरहेका छन् र ७७ वटा एफ.एम. रेडियो स्टेसनहरू सञ्चालित छन् ।*

*२०४७ सालपछिको खुला परिवेशमा पनि लडेर मात्रै अधिकार पाएको नेपालको स्वतन्त्र रेडियोको विगत आफैँमा महत्त्वपूर्ण र गौरवशाली छ । अधिकारप्राप्तिपछि यसको प्रभावकारिता चौतर्फी देखियो र प्रशंसा पनि गरियो । सुपथ र सरल भएकाले गाउँघरसम्म ताजा घटना पस्कन यसले महत्त्वपूर्ण योगदान गऱ्यो । प्रजातन्त्रको पुनःस्थापनापछि नै नेपालमा एफएम रेडियोहरूको स्थापना भएको हो र यिनैले समष्टिगत रूपमा स्वतन्त्र रेडियोको सम्बोधन पाएका छन् ।*

*नेपालको स्वतन्त्र रेडियोले छोटो अवधिमा नै निकै ठूलो फड्को मारेको छ । स्थानीय प्रसारणको खास परिभाषा रेखाङ्कन गर्ने एफएम रेडियो नै हो ।*

विनोद ढुङ्गेल, २००७, *शाही शासनमा स्वतन्त्र रेडियोः दमन र प्रतिरोधको कथा,*
काठमाडौं, मार्टिन चौतारी, पृ. ५–६

नागरिक सर्वेक्षणअन्तर्गतका उत्तरदातामध्ये ३४ प्रतिशतले अखबार पढ्ने गर्दछन् भने ४५ प्रतिशतले टेलिभिजन हेर्ने गर्दछन् र ७६ प्रतिशतले रेडियो सुन्ने गर्दछन् । सबभन्दा गरिब मुलुकमध्येको एक मानिएको नेपालका लागि यी तथ्याङ्कहरू अति नै उत्साहजनक रहेका छन् । नागरिक सर्वेक्षणका उत्तरदातामध्ये एकतिहाइले मात्र अखबार पढ्ने गरेको पाइनुले नेपालको साक्षरता तह प्रतिविम्बित हुन्छ । सन् २००१ को जनगणनाअनुसार नेपालको कुल जनसंख्याको ४६ प्रतिशत निरक्षर रहेका छन् । नागरिक सर्वेक्षण समूहका तीन चौथाइ (७५ प्रतिशत) ले रेडियोको माध्यमबाट सूचना (खबर) प्राप्त गर्ने गरेका छन् । टेलिभिजन तथा अन्य माध्यमका तुलनामा रेडियोलाई प्रयोग गर्नुका कारणहरूमा रेडियो प्रसारण देशभर पुग्नु, एफ.एम. स्टेसनहरूको स्थापना, रेडियो ट्रान्जिस्टरहरू सस्तो र दुर्गम क्षेत्रमा समेत सुलभ हुनु आदि मुख्य छन् । नेपालको गरिबी सूचकाङ्क (Poverty Index) मा सबभन्दा तल परेका तराई र पहाडी दलितहरूमध्ये क्रमशः ७१ र ७२ प्रतिशतले रेडियो सुन्ने गरेको पाइन्छ । त्यसै समूहका उत्तरदाताहरूमध्ये १५ र २० प्रतिशतले अखबार पढ्ने तथा २५ र २८ प्रतिशतले मात्र टेलिभिजन हेर्ने गरेको बताए ।

सञ्चारका यी तीनै माध्यमहरू अखबार, रेडियो र टेलिभिजनका प्रयोगकर्ताहरूको एकीकृत तथ्याङ्क यसप्रकार छ– ६२ प्रतिशत पुरुष र ४२ प्रतिशत महिला, ७४ प्रतिशत सहरी क्षेत्रमा बसोबास गर्ने र ४८ प्रतिशत ग्रामीण क्षेत्रमा बसोबास गर्ने, ६५ प्रतिशत युवा र ३३ प्रतिशत वृद्ध (६० वर्षभन्दा बढी उमेरसमूहका), तथा ८७ प्रतिशत उच्च शिक्षित वर्गका, २४ प्रतिशत निरक्षर समूहकाले सञ्चारका माध्यम प्रयोग गर्ने गर्दछन् । हिमाली क्षेत्रका बासिन्दाहरू (३५ प्रतिशत) भन्दा पहाडी क्षेत्रका बासिन्दाहरू (५२ प्रतिशत) सञ्चारमा बढी पहुँच राख्दछन् भने मध्य पश्चिमाञ्चल विकास क्षेत्रका बासिन्दाहरू (४१ प्रतिशत) भन्दा पूर्वाञ्चल विकास क्षेत्रका बासिन्दाहरू (५७ प्रतिशत) को सञ्चारमा बढी पहुँच देखिन्छ । जातिगत तुलना गर्दा तराईका दलितहरू सबभन्दा कम (३२ प्रतिशत) र सबभन्दा बढी पहाडी उच्चजातका व्यक्तिहरू (६० प्रतिशत) आमसञ्चारमा पहुँच राख्दछन् ।

जहाँसम्म आमसञ्चारका माध्यमको प्रयोग गर्ने सवाल छ त्यसमा सम्भ्रान्तवर्गका उत्तरदाताहरूमा लिङ्ग, वर्ग, उमेर, शिक्षा, जात, जातिगत विभेद देखिँदैन । विधायिका सर्वेक्षणका सबै उत्तरदाताहरूले रेडियो, टेलिभिजन र अखबारहरू नियमित रूपमा प्रयोग गर्ने गरेको बताए ।

सन् २००४ र सन् २००७ मा सञ्चारमाध्यमको पहुँचसम्बन्धी तथ्याङ्कलाई विश्लेषण गर्दा पहिलेको तुलनामा आमसञ्चारमा जनताको पहुँच निकै बढेको छ । सन् २००४ मा रेडियो सुन्ने (हरेक दिन वा कहिलेकाहीँ) को संख्या ३६ प्रतिशत थियो भने ३ वर्ष पछाडि यो संख्या ७६ प्रतिशत पुगेको छ । त्यस्तै टेलिभिजन हेर्नेको संख्या २३ प्रतिशतबाट बढेर ४५ प्रतिशत पुगेको छ । तर आश्चर्यजनक रूपमा अखबार पढ्नेको संख्या भने एक प्रतिशत मात्रले बढेको छ । समाजका सबै तह, वर्ग वा समूह– महिला/पुरुष, ग्रामीण/सहरी क्षेत्रका बासिन्दा, युवा/वृद्ध, शिक्षित/अशिक्षित, हिमाल/पहाड/तराई क्षेत्रका बासिन्दाको सञ्चारमाध्यमको पहुँचमा वृद्धि भएको छ तापनि वृद्धिदर एकै खालको छैन । महिलावर्गको तुलनामा पुरुषवर्ग, ग्रामीण क्षेत्रका बासिन्दाका

तुलनामा सहरी क्षेत्रका जनता, वृद्धका तुलनामा युवा, अशिक्षितका तुलनामा शिक्षित तथा हिमाली क्षेत्रका तुलनामा पहाडी क्षेत्रका बासिन्दाको सञ्चार माध्यममा पहुँच बढी छ ।

### ३.३.२ जनआन्दोलन–२ पछि राजनीतिक चेतनामा निकै वृद्धि भएको

प्रजातन्त्रको पुनर्स्थापनाबाट आएको खुल्ला राजनीतिक वातावरण, वाक् स्वतन्त्रता र सञ्चारक्षेत्रमा भएको विकासले नेपाली जनतालाई राजनीतिक गतिविधिबारे बढी सचेत गरायो र राजनीतिक प्रक्रियामा बढी सहभागी तुल्याउन सहयोग पुर्‍यायो । प्रस्तुत अध्ययनले प्राप्त गरेका तथ्याङ्कहरूले सञ्चारमाध्यमले जनतामा चेतना अभिवृद्धि गराउन र प्रजातन्त्र स्थापनामा गरेको योगदानबारे स्पष्ट पार्दछन् । सञ्चारमा पहुँच भएका उत्तरदाता समूहमध्ये ५५ प्रतिशतले आफूहरू बहुदलीय प्रजातन्त्रको पुर्नबहालीका लागि जनआन्दोलन-२ मा जनपरिचालन गर्ने काममा लागेको बताएका छन् भने सञ्चारमा पहुँच नभएका समूहका २२ प्रतिशत मात्र जनपरिचालनमा संलग्न रहेको पाइन्छ ।

बदलिँदो राजनीतिक परिवेशमा नेपाली जनताको राजनीतिक चेतनाको तह मापन गर्न उत्तरदाताहरूसँग जनआन्दोलनपछि भएका ६ वटा प्रमुख घटनाहरूबारे सोधिएको थियो । यसमा सकारात्मक जवाफ (थाहा छ भन्ने) दिनेमध्ये ६७ प्रतिशतलाई जनआन्दोलन-२ भएको, ८४ प्रतिशतलाई गिरिजाप्रसाद कोइराला देशको प्रधानमन्त्री भएको, ७८ प्रतिशतलाई २००६ नोभेम्बरमा शान्ति-सम्झौता भएको, ७२ प्रतिशतलाई माओवादी लडाकुहरूलाई क्यान्टोन्मेन्टमा राखिएको, ६१ प्रतिशतलाई अन्तरिम संसद् गठन भएको तथा ७५ प्रतिशतलाई २००७ जनवरी-फेब्रुवरीमा मधेसी आन्दोलन भएकोबारे जानकारी रहेको पाइएको छ । यी परिणामहरूबाट बहुसंख्यक नेपालीहरू देशमा भइरहेका राजनीतिक गतिविधिबारे जानकारी राख्दछन् भन्ने कुरा स्पष्ट हुन्छ र यसको श्रेय आमसञ्चारलाई नै दिनुपर्दछ ।

उत्तरदाताहरूमा चेतनाको तहमा समूहगत भिन्नता छ । उदाहरणका लागि जनआन्दोलनबारे ७६ प्रतिशत पुरुष वर्गलाई थाहा छ भने महिलामा ५८ प्रतिशतलाई मात्र यसबारे जानकारी रहेको देखिन्छ । गिरिजाप्रसाद कोइरालाको प्रधानमन्त्रीमा नियुक्ति सम्बन्धमा १८-३० वर्ष उमेरसमूहका ८९ प्रतिशत युवालाई जानकारी रहेको छ भने ६० वर्ष वा सोभन्दा माथि उमेरसमूहका ७५.५ प्रतिशतलाई यस बारेमा जानकारी रहेको पाइन्छ । शिक्षित वर्गमा ९७ प्रतिशतलाई शान्ति-सम्झौता भएको बारे थाहा छ भने अशिक्षित वर्गमा ५९ प्रतिशतले मात्र यसबारे जानकारी राखेको पाइयो । नेकपा माओवादीका जनसेनालाई क्यान्टोन्मेन्टमा राखिएको बारे सहरी क्षेत्रका उत्तरदाता समूहमध्ये ७८ प्रतिशतलाई र ग्रामीण क्षेत्रका उत्तरदाताहरूमध्ये ७१ प्रतिशतलाई जानकारी रहेको देखियो । अन्तरिम संसद् गठनबारे पहाडी क्षेत्रका उत्तरदाता समूहमध्ये ६३ प्रतिशत, हिमाली क्षेत्रका ५९ प्रतिशत तथा तराई क्षेत्रका ५६ प्रतिशतलाई जानकारी रहेको देखिन्छ । मधेस जनविद्रोहका सम्बन्धमा सबभन्दा बढी पूर्वाञ्चल विकास क्षेत्रका बासिन्दा (८६ प्रतिशत) लाई जानकारी छ भने मध्यमाञ्चल विकास क्षेत्रका उत्तरदातामध्ये ८० प्रतिशत, पश्चिमाञ्चल विकास क्षेत्रका ७८ प्रतिशत, मध्य पश्चिमाञ्चल विकास क्षेत्रका ५८ प्रतिशत तथा सुदूर पश्चिमाञ्चल विकास क्षेत्रका ४७ प्रतिशत उत्तरदाताहरूले यसबारे जानकारी राखेका छन् । समष्टिगत रूपमा हेर्दा पुरुष, सहरी क्षेत्रका बासिन्दा, शिक्षित वर्ग, पहाडी क्षेत्रका बासिन्दा र पूर्वाञ्चल विकास क्षेत्रका उत्तरदाताहरूको राजनीतिक चेतनाको तह क्रमशः महिला, ग्रामीण क्षेत्रका बासिन्दा, अशिक्षित, हिमाली क्षेत्रका तथा सुदूर पश्चिमाञ्चल क्षेत्रका बासिन्दाभन्दा माथि रहेको देखिन्छ ।

आमसञ्चारमा पहुँचको तहले व्यक्तिको राजनीतिक चेतनाको अभिवृद्धिमा ठूलो भूमिका खेलेको हुन्छ । तालिका नं. ३.४ मा दिइएको तथ्याङ्कअनुसार सञ्चारमा उच्च पहुँच भएका व्यक्तिहरूले यस सर्वेक्षणमा राजनीतिक चेतनामापनका लागि दिइएका ६ वटै राजनीतिक घटनाक्रमबारे जानकारी राखेको पाइयो । यसका विपरीत सञ्चारमा पहुँच नभएका समूहमध्ये ५६ प्रतिशतले मात्र यी घटनाक्रमबारे जानकारी राखेका छन् । समूहगत रूपमा राजनीतिक चेतनाको तहमा भिन्नता देखिए तापनि यस अध्ययनले आम नेपाली जनता देशमा भइरहेका राजनीतिक घटनाक्रम तथा राजनीतिक गतिविधिमा सचेत रहेको कुरा स्पष्ट गर्दछ ।

**तालिका ३.४**
**सञ्चारमा पहुँच र राजनीतिक चेतना**

| राजनीतिक घटनाक्रम | जम्मा | पहुँच नभएको | कम मात्र पहुँच भएको | पहुँच भएको | धेरै पहुँच भएको |
|---|---|---|---|---|---|
| जनआन्दोलन-२ | ६७ | ४९ | ७६ | ९० | ९६ |
| गिरिजाप्रसाद कोइरालाको प्रधानमन्त्रीमा नियुक्ति | ८४ | ७२ | ९३.५ | ९७ | १०० |
| विस्तृत शान्ति-सम्झौता | ७८ | ६३ | ८८ | ९५ | ९९ |
| माओवादी जनसेनालाई शिविरमा राखिएको | ७२ | ५३ | ८३ | ९३ | ९९ |
| अन्तरिम संसद्को गठन | ६१ | ३९ | ७२ | ८७ | ९७ |
| मधेस जनविद्रोह | ७५ | ५७ | ८७ | ९६ | ९९ |

### ३.३.३ राजनीतिक चेतनामा आएको वृद्धिले राजनीतिक सहभागिता बढेको

नेपाली जनताको ठूलो हिस्साले नेपालको राजनीतिक गतिविधिमा चासो राखेको कुरा यस अध्ययनले देखाएको छ । राजनीतिक रूपमा सचेत सबै व्यक्ति राजनीतिसँग सम्बन्ध राख्दैनन् । तर यस्तो सचेतताले राजनीतिक वा सामाजिक क्रियाकलापमा संलग्न हुन योगदान गर्दछ । जनआन्दोलन-२ पछि दलित, महिला, जनजाति, मधेसी, नागरिक समाजका सदस्यहरू, मानव अधिकारकर्मीहरू तथा अन्य पेसाकर्मीहरूले सुरु गरेका आन्दोलनहरूले देशमा राजनीतिक सहभागितावृद्धिका लागि प्रशस्त ठाउँ बनाइदिएका छन् ।

सन् २००७ को यस नागरिक सर्वेक्षणका २९ प्रतिशत उत्तरदाताले कुनै एक वा अर्को किसिमको राजनीतिक विरोधको कार्यक्रम वा आन्दोलनमा भाग लिएको कुरा बताए । यस्तो सहभागिता एकनासको छैन । उत्तरदाताहरूका विभिन्न समूहमध्ये यस राष्ट्रिय संख्या (प्रतिशत) लाई नाघ्ने समूहहरूमा पुरुष वर्ग (४१ प्रतिशत), उच्च शिक्षित वर्ग (५३ प्रतिशत), सहरी क्षेत्रका बासिन्दा (३८ प्रतिशत) तथा पहाडी उच्चजातका जनता (३५ प्रतिशत) रहेका छन् ।

सन् २००४ र सन् २००७ मा सर्वेक्षणद्वारा सङ्कलित तथ्याङ्कका अनुसार राजनीतिक विरोधका कार्यक्रम तथा आन्दोलनमा भाग लिने व्यक्तिहरूको संख्या तीन वर्षको दौरानमा उल्लेखनीय वृद्धि भएको देखिन्छ । सन् २००४ मा राजनीतिक विरोधका कार्यक्रम तथा आन्दोलनमा भाग लिएको भन्नेहरूको संख्या १५ प्रतिशत मात्र रहेको थियो भने सन् २००७ मा प्राप्त तथ्याङ्कअनुसार यो संख्या झन्डै दोब्बर २९ प्रतिशत पुगेको छ । यो राजनीतिक सहभागिता वृद्धि समाजका सबै तह, वर्ग र समुदायमा भएको छ तर असमानुपातिक रूपमा । सर्वेक्षणमा परेकाहरूमध्ये महिला, वृद्ध, ग्रामीण क्षेत्रका बासिन्दा, अशिक्षित, हिमाली क्षेत्रमा बसोबास गर्नेहरू तथा मधेसी समुदायकोभन्दा पुरुष, युवा, सहरी क्षेत्रका बासिन्दा तथा शिक्षित, तराई एवम् पहाडी क्षेत्रमा बसोबास गर्नेहरू र पहाडी समुदायको सहभागिता बढी रह्यो ।

जनताको सहभागिता अन्य राजनीतिक गतिविधिमा समेत उल्लेखनीय रूपमा वृद्धि भएको पाइएको छ । सन् २००७ को यस सर्वेक्षणका उत्तरदाताहरूमध्ये झन्डै आधा (४६ प्रतिशत) ले राजनीतिबारे नियमित रूपमा वा कहिलेकाहीँ कुरा गर्ने गरेको बताए । नागरिक सर्वेक्षणका उत्तरदाताहरूमध्ये महिला (३०.५ प्रतिशत) भन्दा बढी पुरुषहरू (६२ प्रतिशत), वृद्धहरू (३१ प्रतिशत) भन्दा बढी युवाहरू (५५ प्रतिशत), अशिक्षित (२० प्रतिशत) भन्दा बढी उच्चशिक्षित (७४ प्रतिशत), ग्रामीण बासिन्दा (४५ प्रतिशत) भन्दा बढी सहरी बासिन्दा (५२ प्रतिशत) तथा हिमाली क्षेत्रका बासिन्दा (३५.५ प्रतिशत) भन्दा बढी तराईका बासिन्दा (४८ प्रतिशत) ले राजनीतिसम्बन्धी छलफल गर्ने गरेको बताए । विधायिका वर्गका उत्तरदाताहरूमध्ये ९८ प्रतिशतले नियमित रूपमा राजनीतिक विषयमा छलफल गर्ने गरेको बताएका छन् भने २ प्रतिशतले कहिले-काहीँ मात्र यस विषयमा कुरा गर्ने गरेको बताएका छन् ।

सन् २००४ र सन् २००७ को सर्वेक्षणमा प्राप्त तथ्याङ्कअनुसार राजनीतिक विषयमा छलफल गर्नेको संख्या पहिलेको (३४ प्रतिशत) तुलनामा १२ प्रतिशतले वृद्धि भएको छ; २००७ को सर्वेक्षणमा यो संख्या ४६ प्रतिशत

पुगेको छ । कससँग राजनीतिसम्बन्धी छलफल गर्न सजिलो लाग्छ भन्ने प्रश्नमा सन् २००७ का उत्तरदातामध्ये ६२ प्रतिशतले चिनेजानेकासँग सजिलो लाग्ने बताए । सन् २००४ मा यो संख्या ५१ प्रतिशत मात्र थियो । नजिकका नातेदार र साथीभाइसँग मात्र राजनीतिक विषयमा कुरा गर्न सजिलो ठान्ने उत्तरदाताको संख्या सन् २००४ मा २७ प्रतिशत र २००७ मा २६ प्रतिशत रह्यो । यस्तै जोसँग पनि राजनीतिबारे छलफल गर्न सजिलो ठान्नेहरूको संख्या सन् २००४ को ६ प्रतिशतमध्ये ५ प्रतिशतले बढेर सन् २००७ मा ११ प्रतिशत पुगेको छ । यस अध्ययनको निचोडले समाजका सबै वर्ग, तह, समूहहरूका जाति, जनजाति, लिङ्ग, उमेरसमूह, भौगोलिक क्षेत्रका बासिन्दा तथा शैक्षिक तहका जनतामा राजनीतिक छलफलमा भाग लिने विषयमा वृद्धि भए तापनि यो वृद्धि पुरुष, जवान, शिक्षित तथा सहरी क्षेत्रका बासिन्दामा बढी रहेको प्रस्ट हुन्छ ।

**तालिका ३.५**
**राजनीतिक छलफल तथा विरोध कार्यक्रममा सहभागिता वृद्धि**

| | | राजनीतिक विरोध कार्यक्रममा सहभागिता | | | राजनीतिक विषयमा छलफल | | |
|---|---|---|---|---|---|---|---|
| | | २००४ | २००७ | वृद्धि अनुपात | २००४ | २००७ | वृद्धि अनुपात |
| | सबै | १५ | २९ | +१४ | ३४ | ४६ | +१२ |
| लिङ्ग | पुरुष | २२ | ४१ | +१९ | ५० | ६२ | +१२ |
| | महिला | ९ | १८ | +९ | २० | ३० | +१० |
| क्षेत्र | ग्रामीण | १४ | २७ | +१३ | ३३ | ५२ | +१९ |
| | सहरी | १८ | ३७ | +१९ | ३८ | ४५ | +७ |
| उमेरसमूह | युवा | १७ | ३६ | +१९ | ३७ | ५५ | +१८ |
| | वृद्ध | ८ | १६ | +८ | २५ | ३१ | +६ |
| शिक्षाको स्तर | अशिक्षित | ६ | १२ | +६ | १६ | २० | +४ |
| | उच्च शिक्षा हासिल गरेका | ३९ | ५३ | +१४ | ७३ | ७४ | +१ |
| भौगोलिक क्षेत्र | हिमाल | ६ | २७ | +२१ | २० | ३५ | +१५ |
| | पहाड | १३ | २७ | +१४ | ३२ | ४५ | +१३ |
| | तराई | १८ | ३१ | +१३ | ३७ | ४८ | +११ |
| सामाजिक समूह | पहाडी | १५ | २९ | +१४ | ३३ | ४३ | +१० |
| | मधेसी | १६ | २६ | +१० | ३९ | ४३ | +४ |

सन् २००४ को तुलनामा सन् २००७ मा राजनीतिक सहभागितामा निःसन्देह उल्लेखनीय वृद्धि भएको छ । यसको कारण सन् २००७ को सर्वेक्षण सञ्चालन गर्दा त्यस बेला मुलुकमा विद्यमान राजनीतिक परिवशेलाई मान्नुपर्ने हुन्छ । सन् २००४ मा राजाको सक्रिय शासनमा जनताको स्वतन्त्रता खोसिएको थियो भने राज्य र नेकपा माओवादीबीचको सशस्त्र संघर्ष चरम बिन्दुमा पुगेको थियो । तर २००७ को सर्वेक्षण कार्य गर्दा देशमा बहुदलीय प्रजातन्त्र स्थापना भइसकेको थियो र देशमा शान्ति-प्रक्रिया सुरु भइसकेको थियो भने जनताले स्वतन्त्र रूपमा कसैको डर, धाक-धम्कीबिना आफ्नो अभिव्यक्ति दिनसक्ने वातावरण बनिसकेको थियो ।

उत्तरदाताहरूको औपचारिक संघ-संस्थासँगको आबद्धता/संलग्नताको तहमा भिन्नता रहेको छः जस्तै-जनजाति, मधेसी, दलित संघ-संस्थाको कार्यक्रममा सबैभन्दा कम १६ प्रतिशत मात्रले भाग लिएको बताए भने सबैभन्दा बढी २९ प्रतिशतले सामुदायिक संघ-संस्था/गैरसरकारी तथा नागरिक समाजका क्रियाकलापमा भाग लिएको बताए । त्यस्तै राजनीतिक दलहरूका कार्यक्रममा २२ प्रतिशत र महिला संगठनहरूले आयोजना गरेका कार्यक्रममा २५ प्रतिशत उत्तरदाताले भाग लिएको बताएका छन् ।

यी तथ्याङ्कबाट के देखिन्छ भने एक चौथाइ नागरिकहरू कुनै न कुनै किसिमका संघ-संस्थासँग आबद्ध रही उनीहरूका क्रियाकलापमा प्रत्यक्ष रूपमा संलग्न रहने गरेका छन् जसले गर्दा सामाजिक पुँजी निर्माण हुँदै गएको देखिन्छ । यसलाई एकदमै उत्साहपूर्ण मान्नुपर्दछ । यस्ता औपचारिक संघ-संस्थाहरूको गतिविधिमा भाग लिने उत्तरदाताहरूको समष्टिगत तथ्याङ्कलाई केलाउँदा २६ प्रतिशत पुरुष, २६ प्रतिशत युवा, २३ प्रतिशत ग्रामीण क्षेत्रका बासिन्दा, २८ प्रतिशत हिमाली क्षेत्रका बासिन्दा, १९ प्रतिशत तराईका र २६.५ प्रतिशत पहाडी मूलका जनता रहेका छन् । यस्तो सहभागिता तुलनात्मक रूपमा कम देखाउनेहरू यसप्रकार छन्– महिलाहरू (१९ प्रतिशत), वृद्धहरू (१३ प्रतिशत), सहरी क्षेत्रका बासिन्दा (२१ प्रतिशत), पहाडी क्षेत्रका बासिन्दा (२५ प्रतिशत) र तराई क्षेत्रका बासिन्दा (१९ प्रतिशत) र मधेसी समुदायका (१६ प्रतिशत) ।

विश्लेषणकै क्रममा जनसहभागिताको परिमाणमा अझ बेग्लै किसिमको झलक पाइन्छ । संघ-संस्थाबाट आयोजित कार्यक्रमहरूमा पुरुष वर्गको सहभागिता महिला सहभागिताको तुलनामा बढी भए तापनि महिला संघ-संस्थाहरूले आयोजना गरेका कार्यक्रममा महिलाको सहभागिता (३४ प्रतिशत) पुरुषको सहभागिता (१४ प्रतिशत) भन्दा बढी रहेको छ । पहाडी उच्च जाति समूहको सहभागिता सामुदायिक/गैरसरकारी संघ-संस्था नागरिक समाजका कार्यक्रममा सबभन्दा बढी (३८ प्रतिशत) रह्यो भने महिला संघ-संस्थाको कार्यक्रममा ३५ प्रतिशत तथा राजनीतिक दलका कार्यक्रममा २६ प्रतिशत रहेको छ । तर जनजाति/दलित/मधेसी संघ-संस्थाले गरेको कार्यक्रममा यिनीहरूको सहभागिता केवल १० प्रतिशत मात्र रह्यो जबकि यी कार्यक्रममा ३१ प्रतिशत पहाडी दलित र १७ प्रतिशत पहाडी जनजातिको सहभागिता देखिएको छ । यसरी जनजाति/मधेसी/दलितका आन्दोलनमा यिनीहरूकै बढी उत्साहपूर्ण उपस्थिति हुनु स्वाभाविक नै देखिन्छ । जनजाति/दलित/मधेसी संघ-संस्थाले आयोजना गरेका गतिविधिमा पहाडी उच्च जातका उत्तरदाताहरूभन्दा तराई उच्च जातका उत्तरदाताहरूले बढी भाग लिएको पाइयो । मधेसी समुदायमध्ये पनि तराई जनजातिका उत्तरदाताहरूको सहभागिता सामुदायिक/गैरसरकारी/नागरिक समाजको कार्यक्रममा २५ प्रतिशत, महिला संघ-संस्थाको कार्यक्रममा ११ प्रतिशत र राजनीतिक दलहरूद्वारा आयोजित कार्यक्रममा १९ प्रतिशत रह्यो

**तालिका ३.६**
**औपचारिक संघ-संस्थामा जनसहभागिता**

| सहभागिता | | सामुदायिक/गैर सरकारी/ संघ-संस्था नागरिक समाज | जनजाति/ दलित मधेसी संघ-संस्था | महिला संघ-संस्था | राजनीतिक दलहरू |
|---|---|---|---|---|---|
| विधायिका सर्वेक्षण | विधायकहरू | ९४ | ९३ | ९२ | १०० |
| नागरिक सर्वेक्षण | जनसाधारण | २९ | १६ | २५ | २२ |
| शैक्षिक तह | अशिक्षित | १३ | ७ | १८ | ८ |
| | साक्षर | ३० | १६ | ३१ | २३ |
| | विद्यालय तह | ३९ | २२ | २७ | ३२ |
| | उच्चशिक्षा तह | ५१ | २७ | २९ | ३८ |
| सचेत | सचेत नभएका | ६ | २ | ११ | २ |
| | कम सचेत | १३ | ८ | १७ | ८ |
| | सचेत भएका | २६ | १५ | २७ | १९ |
| | धेरै सचेत | ४२ | २३ | ३० | ३५ |
| सञ्चारमा पहुँच | पहुँच नभएका | १६ | ८ | १९ | ११ |
| | कम मात्र पहुँच भएका | ३० | १७ | २७ | २३ |
| | पहुँच भएका | ४८ | २६ | ३० | ४० |
| | धेरै पहुँच भएका | ६५ | ३५ | ३२ | ५२ |

भने तराईकै उच्च जातिका उत्तरदाताको सहभागिता यी कार्यक्रमहरूमा क्रमशः १६ प्रतिशत, ११ प्रतिशत र १७ प्रतिशत रहेको छ । त्यस्तै तराई दलित उत्तरदाताहरूको सहभागिता निकै कम देखियो– सामुदायिक/गैरसरकारी/नागरिक समाजका कार्यक्रममा ११ प्रतिशत, जनजाति/दलित/मधेसी संघ-संस्थाका क्रियाकलापमा १७ प्रतिशत, महिला संघका क्रियाकलापमा ११ प्रतिशत तथा राजनीतिक दलहरूले आयोजना गरेका कार्यक्रममा १५ प्रतिशत । यिनीहरूको राजनीतिक सहभागितामा कमी हुनुको प्रमुख कारण उनीहरूको शिक्षाको तह र ज्ञानको कमी नै हुनुपर्दछ ।

तालिका नं. ३.६ का अनुसार औपचारिक संघ-संस्थाहरूमा सहभागिता व्यक्तिको शिक्षाको तह, सञ्चारमा पहुँचको तह र राजनीतिक चेतनाको स्तरले निर्धारण गरेको हुन्छ । उदाहरणका लागि सामुदायिक/गैरसरकारी/नागरिक समाजका संघ-संस्थामा सहभागी हुने उत्तरदाताको संख्या उनीहरूको शैक्षिक तहअनुसार बढेको देखिन्छ । यी क्रियाकलापहरूमा अशिक्षितमध्ये १३ प्रतिशतले मात्र सहभागिता जनाएको बताएका छन् भने साक्षर समूहका ३० प्रतिशतले आफ्नो सहभागिता रहेको बताएका छन् । शिक्षितमध्ये पनि विद्यालय तहको शिक्षा प्राप्त गर्नेमध्ये ३९ प्रतिशतले भाग लिए भने उच्च शिक्षा आर्जन गर्ने समूहका ५१ प्रतिशतले ती कार्यक्रममा सहभागिता रहेको बताए । त्यस्तै सञ्चारमा पहुँच भएकामध्ये बढी पहुँच भएका समूहका ३५ प्रतिशत उत्तरदाताहरूले जनजाति/दलित/मधेसीहरूका संघ-संस्थाहरूको क्रियाकलापमा सहभागी रहेको बताए भने सञ्चारमा पहुँच नभएका समूहबाट २ प्रतिशतले मात्र त्यस्ता कार्यक्रममा भाग लिने गरेको बताए । त्यस्तै बढी सचेत समूहका ३० प्रतिशत उत्तरदाताहरू महिलाहरूका संस्थाद्वारा आयोजित कार्यक्रममा सरिक हुने गरेको बताए भने सचेत नभएका समूहबाट ११ प्रतिशतले मात्र भाग लिने गरेको बताए ।

विधायक सर्वेक्षणका ३०० जना उत्तरदातामध्ये एक चौथाइले सामुदायिक/गैरसरकारी/संघ-संस्था र नागरिक समाजद्वारा सञ्चालित कार्यक्रमहरूमा नियमित रूपले भाग लिने गरेका बताएका छन् भने ६९ प्रतिशतले कहिलेकाहीँ मात्र भाग लिने गरेको बताए । त्यस्तै यी विधायक समूहका उत्तरदातामध्ये ३१ प्रतिशतले जनजाति/मधेसी/दलित संघ-संस्थाका क्रियाकलापमा नियमित तवरले संलग्न रहने गरेको जनाए भने ६२ प्रतिशतले कहिलेकाहीँ मात्र संलग्न हुने गरेको बताएका छन् । महिलाहरूका संघ-संस्थाले आयोजना गरेका क्रियाकलापको हकमा एक चौथाइ संख्याले नियमित रूपमा र दुई तिहाइले कहिलेकाहीँ भाग लिने गरेको बताए । विधायक समूहका उत्तरदाताहरूमध्ये ९५ प्रतिशतले राजनीतिक पार्टीहरूले अयोजना गरेका कार्यक्रममा नियमित तवरले भाग लिने गरेको बताए । यसलाई आश्चर्यजनक भन्न मिल्दैन । तर आश्चर्य के कुरामा छ भने उनीहरूमध्ये प्रायः सबैले गैर राजनीतिक संस्था जसलाई सामुदायिक/गैरसरकारी संघ-संस्था, नागरिक समाज, जनजाति/दलित/मधेसी र महिला संघ-संस्थाहरूद्वारा आयोजित क्रियाकलापमा संलग्न रहँदै आएको बताएका छन् । यसले के देखाउँछ भने सांसदहरूको सहभागिता कोरा राजनीतिमा मात्र नभई अरू क्षेत्रमा पनि रहेकै छ ।

सन् २००४ को तुलनामा सन् २००७ मा हरेक किसिमका संघ-संस्थाहरूको क्रियाकलापमा नागरिक सहभागिताको संख्यामा निश्चित रूपले वृद्धि भएको छ । यसमा सामुदायिक संघ-संस्था/गैरसरकारी संघ-संस्था/नागरिक समाजका क्रियाकलापमा सम्मिलित हुने संख्यामा अधिक वृद्धि (१९ प्रतिशत) भएको छ भने राजनीतिक दलका क्रियाकलापमा ७ प्रतिशतले र महिला संघ-संस्थाका कार्यक्रममा ५ प्रतिशतले वृद्धि भएको छ ।

बितेका तीन वर्षको अवधिमा संघ-संस्थाको क्रियाकलापमा भाग लिनेहरूको संख्यामा उल्लेखनीय वृद्धि भएको छ (तालिका नं. ३.७) । यो वृद्धि सबै उत्तरदाता समूह महिला र पुरुष, सहरी र ग्रामीण बासिन्दा, युवा र वृद्ध, शिक्षित र अशिक्षित, पहाडी र मधेसी, जात-जाति तथा तीनै भौगोलिक क्षेत्रमा बसोबास गर्नेहरूमा भएको छ । यो वृद्धिदर सामुदायिक/गैरसरकारी संघ-संस्था/नागरिक समाजका कार्यक्रममा सहभागी हुनेहरूको संख्या, महिला संघ-संस्था र राजनीतिक दलमा सहभागी हुनेहरू संख्याभन्दा अपेक्षाकृत रूपमा बढी रहेको छ । उत्तरदाताका विभिन्न वर्ग वा समूहमध्ये कुल सरदर सहभागिता १९ प्रतिशतलाई उछिन्नेमा पुरुष वर्ग, ग्रामीण समूह, युवा, पहाडी तथा हिमाली र पहाडी क्षेत्रका बासिन्दा पर्दछन् । यिनै समूहको

सहभागिताले नै महिला संघ-संस्थाका क्रियाकलापमा भाग लिनेको राष्ट्रिय वृद्धि दर (५ प्रतिशत) भन्दा उच्च कायम हुन गएको छ । त्यस्तै पहाडी र हिमाली तथा तराई क्षेत्रमा बसोबास गर्नेमध्ये राजनीतिक पार्टीका क्रियाकलापमा भाग लिनेहरूको संख्याले राष्ट्रिय सरदर वृद्धिदर ७ प्रतिशतलाई उछिनेको छ ।

**तालिका ३.७**
**औपचारिक संघ-संस्थामा सहभागिताको वृद्धि : सन् २००४-२००७**

| | | सामुदायिक/गैरसरकारी संस्था नागरिक समाज | | | महिला संघ-संस्था | | | राजनीतिक दल | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | २००४ | २००७ | वृद्धि दर+ | २००४ | २००७ | वृद्धि दर+ | २००४ | २००७ | वृद्धि दर+ |
| | सबै | ९ | २८ | १९ | २० | २५ | ५ | १५ | २२ | ७ |
| लिङ्ग | पुरुष | १२ | ३६ | २४ | ९ | १४ | ५ | २३ | ३४ | ११ |
| | महिला | ७ | २२ | १५ | २८ | ३४ | ६ | ७ | १० | ३ |
| क्षेत्र | ग्रामीण | ८ | २९ | २१ | १९ | २५ | ६ | १४ | २२ | ८ |
| | सहरी | १२ | २७ | १५ | २१ | २२ | १ | १५ | २० | ५ |
| उमेरसमूह | युवा | १० | ३३ | २३ | २१ | २८ | ७ | ११ | २५ | ब१४ |
| | वृद्ध | ६ | १५ | ९ | १० | १२ | २ | १२ | १५ | ३ |
| शिक्षा | अशिक्षित | ३ | १३ | १० | १५ | १८ | ३ | ५ | ८ | ३ |
| | उच्च शिक्षित | ३२ | ५१ | १९ | २३ | २९ | ६ | ३८ | ३८ | - |
| भौगोलिक क्षेत्र | हिमाल | २ | ३७ | ३५ | १५ | ३५ | २० | १० | २१ | ११ |
| | पहाड | ९ | ३२ | २३ | २१ | ३० | ९ | १३ | २३ | १० |
| | तराई | १० | २४ | १४ | १८ | १७ | १ | १५ | २० | ५ |
| सामाजिक समूह | पहाडी | ७ | ३० | २३ | २१ | २८ | ७ | ११ | २२ | ११ |
| | मधेसी | ७ | १८ | ११ | १३ | १२ | १ | १३ | १७ | ४ |

## ३.४ जनआन्दोलन-२ पछि लोकतन्त्रप्रति नेपाली जनताको समर्थनमा वृद्धि

प्रजातन्त्रको सफलतालाई भिन्न परिवेशमा भिन्न कुराले निर्धारण गर्दछ । विकसित मुलुकहरू जहाँ प्रजातन्त्र स्थिर र उन्नत रहेका छन् त्यहाँ उत्तरदायित्व, संस्थागत नियम र प्रक्रियाहरूको बढी अर्थ रहन्छ । तर विश्वका तेस्रो मुलुकका जनताले प्रजातन्त्रलाई भिन्नै अर्थमा बुझ्दछन् र भिन्नै प्राथमिकता दिएका हुन्छन् । समय सँगसँगै धेरै उतार-चढावका स्थितिबाट गुज्रेको नेपालको प्रजातन्त्रको इतिहासले पनि नेपाली जनताले प्रजातन्त्रलाई कसरी बुझ्ने गरेका छन् भन्ने कुरामा प्रभाव पारेको हुनुपर्छ ।

*युरोप र उत्तरी अमेरिकामा अभ्यास गरिएका प्रजातन्त्रको अनुभवको आधारमा प्रतिपादित सिद्धान्तले केही पाठ्यपुस्तक बुझाइको लागि प्रजातन्त्रको सिद्धान्तका केही बुँदाहरू प्रदान गरेका छन्; ती हुन्- शासकमाथि जनताको नियन्त्रण, समान अधिकारको प्राप्ति, नागरिक स्वाधीनता, कानुनी राज्यको अवधारणा र निरङ्कुशताबाट मुक्ति । दक्षिण एसियाली व्याख्याअनुसार 'प्रजातन्त्र' लाई मुख्यतया 'जनताको शासन', 'राजनीतिक स्वतन्त्रता', 'उत्पादन र सामुदायिक अधिकारमा समानता' का अवधारणासँग जोडेर हेरिन्छ । यस दक्षिण एसियाली व्याख्यालाई*

*जनताबाट व्यक्त विचारसँग दाँजेर हेर्दा प्रजातान्त्रिक सरकारका आयामहरू 'कानुनी राज्यको अवधारणा' र 'सैद्धान्तिक प्रक्रिया' सँग पूर्ण रूपले मेल खाँदैनन् ।*

एस डी एस ए समूह, २००८, *दक्षिण एसियामा प्रजातन्त्रको स्थिति*, नयाँ दिल्ली, अक्सफोर्ड, पृ. २५-२६

सन् २००७ को यस सर्वेक्षणको निष्कर्षअनुसार जनसाधारणमा प्रजातन्त्र भन्नाले 'जनताको शासन' भनेर बुझ्नेको संख्या २७ प्रतिशत रहेको छ भने प्रजातन्त्रलाई 'संस्था' भनी २५ प्रतिशतले र २३ प्रतिशतले 'स्वतन्त्रता' को रूपमा बुझेको पाइन्छ । प्रजातन्त्रका अन्य महत्त्वपूर्ण विशेषताहरूलाई सर्वेक्षणका उत्तरदाताहरूले कम मात्र महत्त्व दिएका छन्; जस्तै– १० प्रतिशत उत्तरदाताले शान्ति र स्थायित्वलाई, ४ प्रतिशतले विकासलाई, ३ प्रतिशतले न्यायलाई, १.५ प्रतिशतले राज्य पुनर्संरचनालाई र १ प्रतिशतले आधारभूत आवश्यकता पूर्तिलाई ।

समग्रमा प्रजातन्त्रलाई प्रथमतः जनताको शासन भनी बुझ्ने गरेको पाइन्छ र यसलाई संस्था वा स्वतन्त्रतासँग पनि जोडेर बुझ्ने गरेको पाइन्छ । उत्तरदाताका सम्पूर्ण तह/वर्ग/समूह महिला र पुरुष, शिक्षित र अशिक्षित, युवा र वृद्धदेखि विभिन्न भौगोलिक क्षेत्रमा बसोबास गर्ने बासिन्दा सबैले प्रजातन्त्रलाई मुख्यतया जनताको शासन, संघ-संस्था र स्वतन्त्रताको रूपमा बुझेका छन् । यीमध्ये सहरी क्षेत्रका बासिन्दा, पूर्वाञ्चल विकास क्षेत्रमा बसोबास गर्ने र पहाडी जनजाति समूहका उत्तरदाताहरूले 'स्वतन्त्रता' मा बढी मत जाहेर गरेका छन् । पहाडी दलितका उल्लेखनीय संख्या (१३ प्रतिशत) ले प्रजातन्त्रलाई शान्ति र स्थायित्वसँग जोडेर बुझेका छन् भने ११ प्रतिशतले न्यायसँग जोडेर बुझ्ने गरेका छन् । त्यस्तै तराईका दलित उत्तरदातामध्ये १० प्रतिशतले यसलाई विकासका रूपमा ग्रहण गरेका छन् ।

सन् २००४ र २००७ को सर्वेक्षणलाई तुलनात्मक रूपमा अध्ययन गर्दा नेपालीहरूको प्रजातन्त्रलाई हेर्ने दृष्टिकोणमा परिवर्तन आएको छ । सन् २००४ मा प्रजातन्त्रलाई मुख्यतया 'स्वतन्त्रता' को रूपमा बुझ्दथे भने अहिले आएर यसलाई प्रजातन्त्रका मुख्य विशेषताहरूमध्ये तेस्रो स्थानमा राखेको देखिन्छ । सन् २००७ मा प्रजातन्त्रको स्थितिको मापन गर्ने माध्यमहरूमध्ये धेरैले 'जनताको शासन' लाई रोजेका थिए । सन् २००४ को सर्वेक्षणमा 'जनताको शासन' लाई प्रजातन्त्रको स्थिति मापन गर्ने आधारको रूपमा मान्ने उत्तरदाताको संख्या १५ प्रतिशत थियो भने सन् २००७ को यस सर्वेक्षणमा यो प्रतिशत २७ पुगेको छ । यसरी प्रजातन्त्रप्रतिको धारणामा फरक पाइनुका कारण के होलान् त ?

सम्भावित कारणहरूमध्ये पहिलो कारण– २००७ को सर्वेक्षणका उत्तरदाताहरूलाई जनआन्दोलनले उठाएको गणतन्त्रात्मक वातावरणले प्रभावित पार्नु हो । सन् २००४ मा गणतन्त्रको विषय प्रमुख मुद्दा थिएन; बरु त्यो बेला संवैधानिक राजतन्त्र सार्वजनिक छलफलको विषय थियो । तर पछि 'जनताको शासन' को अर्थ राजतन्त्रको निषेधमा बुझ्न थालियो । यसबाहेक जन अन्दोलनपछि तय गरेका महत्त्वाकाङ्क्षी लक्ष्य राज्यको पुनर्संरचनाले पनि आमजनताको लोकतन्त्रलाई परिभाषित गर्ने कुरामा प्रभाव पारेको हुनुपर्दछ ।

देशको वर्तमान राजनीतिक populism बाट साधारण जनताभन्दा बढी विधायकहरू प्रभावित भएका छन् । विधायिका सर्वेक्षणका ४५ प्रतिशत उत्तरदाताले 'प्रजातन्त्र' लाई 'जनताको शासन' भनी व्याख्या गरे । 'प्रजातन्त्र' लाई 'संस्था' सँग जोडेर बुझ्ने विधायक उत्तरदाता संख्या ३१ प्रतिशत रहेको छ, जब कि नागरिक सर्वेक्षणमा यसको संख्या २५ प्रतिशत मात्र रहेको छ । 'प्रजातन्त्रलाई' 'स्वतन्त्रता' सँग जोडेर हेर्ने विधायकहरूको प्रतिशत १० र नागरिक उत्तरदाताको संख्या २० प्रतिशतभन्दा बढी रहेको देखिन्छ ।

**तालिका ३.८**
**प्रजातन्त्र र बुझाइ**

*(बहुउत्तरलाई १०० प्रतिशतमा रूपान्तरित गरिएको छ ।)*

| प्रजातन्त्रको अर्थ | नागरिक | | सम्भ्रान्त वर्ग | बुस्टर सर्वेक्षण | |
|---|---|---|---|---|---|
| | २००४ | २००७ | २००७ | गुरुङ | मधेसी |
| जनताको शासन | १५ | २७ | ४५ | ११ | १७ |
| सिद्धान्त | २१ | २५ | ३१ | १५ | १० |
| स्वतन्त्रता | ३७ | २३ | ११ | १९ | १३ |
| शान्ति र स्थिरता | ३ | १० | १ | २ | ७ |
| विकास | २ | ४ | १ | - | ६ |
| न्याय | १ | ३ | १ | ५ | २ |
| राज्य पुनर्संरचना | १ | २ | ८ | ४७ | ३९ |
| आधारभूत आवश्यकता | ३ | १ | १ | - | - |
| नकारात्मक प्रतिक्रिया | ८ | ४ | १ | १ | ४ |
| अन्य | ९ | २ | १ | - | १ |

नेपालको प्रजातन्त्र बहुआयामिक रहेको छ; यस तथ्यलाई 'बुस्टर' सर्वेक्षणका परिणामहरूले अझ बढी स्पष्ट पारेका छन् । बुस्टर सर्वेक्षणमा परेका गुरुङहरूमध्ये झन्डै आधाले र मधेसीमध्ये ४० प्रतिशतले 'प्रजातन्त्र' भन्नाले 'राज्य पुनर्संरचना' लाई बताए । तर नागरिक सर्वेक्षण र विधायक सर्वेक्षणका अति कम उत्तरदाताले मात्र यसलाई महत्त्व दिए । बुस्टर सर्वेक्षणका गुरुङ र मधेसीहरूले जनताको शासन, स्वतन्त्रता तथा संस्था जस्ता कुरा प्रजातन्त्रको स्थिति मापनका लागि महत्त्वपूर्ण सूचकाङ्क भए तापनि यिनीहरू महत्त्वपूर्ण मुद्दा नभएको बताएका छन् र राज्य पुनर्संरचनामै जोड दिएका छन् ।

नेपालमा प्रजातन्त्र अझै पनि प्रारम्भिक अवस्थामा छ । सर्वेक्षणमा परेका उत्तरदाताहरूले प्रजातन्त्र भनेको एक substance र प्रक्रिया दुवै हो भन्ने कुरासम्म मनन गर्न सकेका छैनन् । नेपालमा प्रजातन्त्रको विगतको इतिहासको कारणले पनि जनताले यसलाई 'जनताको सरकार' र 'स्वतन्त्रता' को रूपमा बुझ्ने र यसको प्रक्रियाका रूपमा राज्यको पुनर्संरचनालाई जोड्ने गरेको हुनुपर्दछ । नेपालमा प्रजातन्त्र स्थापना जनताले राणातन्त्रविरुद्ध गरेको सन् १९५०-५१ को क्रान्ति, १९९० को जनअन्दोलन र २००६ को जनविद्रोहका कारणले मात्र सम्भव भएको कुरा सर्वविदितै छ । यसै सम्बन्धमा यस सर्वेक्षणबाट प्राप्त केही प्रसङ्गहरू यहाँ उल्लेख गर्नु आवश्यक छ : सन् २००७ को यस सर्वेक्षणमा सोधिएको प्रजातन्त्र भन्नाले तपाईं के बुझ्नुहुन्छ भन्ने एउटा प्रश्नको जवाफमा नागरिक सर्वेक्षणका ४४ प्रतिशत उत्तरदाताले थाहा छैन भनेका छन् । उक्त प्रश्नको जवाफ जे भए तापनि यसको अर्थ नागरिक सर्वेक्षणका धेरैजसो उत्तरदातालाई प्रजातन्त्रबारे थाहा नभएको भने होइन, न त यिनीहरूमध्ये कमले मात्र प्रजातन्त्रलाई समर्थन गर्दछन् भन्ने नै हो । धेरैजसो उत्तरदाताले प्रजातन्त्रको ठोस अर्थ दिन नसके तापनि उनीहरूले प्रजातन्त्रले जनता, समाज र देशका लागि राम्रो हुने कुरा बताएका छन् । यहाँनिर निरक्षर महिलाले प्रजातन्त्रलाई कसरी बुझेका रहेछन् भन्ने कुरा एउटी महिलाकै शब्दमा यहाँ प्रस्तुत गरिन्छ:

> *"मलाई लाग्छ प्रजातान्त्रिक पद्धतिमा सबैजना सुखी हुन सक्छन् । पहिले हामीले धेरै कष्टकर जीवन जिउनुपरेको थियो । अहिले हाम्रो गाउँमा मील आएको छ, पहिले त ढिकी-जाँतो मात्र थियो । अहिले सबैको घर-घरमा बिजुली बत्ती छ । प्रजातन्त्रको कारण हाम्रो समाजमा धेरै परिवर्तन आएको छ । तर देशमा शान्ति हुनुपर्दछ; आज देशमा सबै शान्ति चाहन्छन् ।"*

- तेजकुमारी पौडेल, पर्वत

सन् २००७ को नागरिक सर्वेक्षणका दुईतिहाइ उत्तरदाताले अन्य कुनै पनि किसिमका शासन/सरकारभन्दा प्रजातन्त्र नै श्रेयस्कर रहेको बताए । ६ प्रतिशतले निरङ्कुश सरकारलाई मन पराए भने २८ प्रतिशतले कुनै पनि किसिमको सरकार आए पनि फरक नपर्ने विचार व्यक्त गरे । विधायक सर्वेक्षणका ९८ प्रतिशतले प्रजातन्त्रलाई रोजेका छन् भने २ प्रतिशतले निरङ्कुश शासनलाई रोजे । यसरी विधायकहरूको पूर्ण समर्थन प्रजातन्त्रमा रहेको स्पष्ट हुन्छ ।

**तालिका ३.९**
**राज्यव्यवस्थाको रोजाइ**

| उत्तरदाताहरू | सरकारको रोजाइ | प्रजातन्त्र | निरङ्कुशता | फरक छैन |
|---|---|---|---|---|
| | विधायक | ९८ | २ | ० |
| | नागरिक | ६७ | ६ | २८ |
| लिङ्ग | पुरुष | ७३ | ६ | २१ |
| | महिला | ५९ | ६ | ३५ |
| क्षेत्र | ग्रामीण | ६७ | ६ | २८ |
| | सहरी | ६२ | ११ | २७ |
| भौगोलिक क्षेत्र | हिमाल | ६६ | ३ | ३१ |
| | पहाड | ६९ | ६ | २५ |
| | तराई | ६४ | ६ | २९ |
| उमेरसमूह | युवा | ७० | ९ | २२ |
| | वृद्ध | ६० | ४ | ३६ |
| शिक्षा | निरक्षर | ५३ | ३ | ४४ |
| | शिक्षित | ७९ | ९ | ११ |
| चेतनता | सचेत नभएका | ४३ | १ | ५६ |
| | धेरै सचेत भएका | ७९ | ६ | १५ |
| सञ्चारमा पहुँच | पहुँच नभएका | ५७ | ३ | ४० |
| | धेरै पहुँच भएका | ८३ | १२ | ५ |

सर्वेक्षणका सबै उत्तरदाता समूह महिला र पुरुष, युवा र वृद्ध, शिक्षित र अशिक्षित, ग्रामीण र सहरी बासिन्दा र तीनै भोगोलिक क्षेत्रमा बसोबास गर्नेहरूले प्रजातन्त्रलाई प्राथमिकता दिएका छन् । तुलनात्मक रूपमा महिलाको अनुपातमा पुरुषले, सहरी क्षेत्रका बासिन्दाले भन्दा ग्रामीण क्षेत्रका बासिन्दाले, वृद्धहरूले भन्दा युवाहरूले, तराईका बासिन्दाभन्दा पहाडका बासिन्दाले प्रजातन्त्रप्रति बढी समर्थन जनाएका छन् । उत्तरदाताको शिक्षाको तह, चेतनाको तह तथा सञ्चारमा पहुँचको तहमा जति वृद्धि भएको छ उति नै बढी उनीहरूले प्रजातन्त्रलाई समर्थन गरेको देखिन्छ; जब कि समाजका पिछडिएका वर्गका व्यक्तिहरूले प्रजातन्त्रलाई कम मात्र समर्थन जनाएको देखिन्छ । सचेत नभएका समूहका अधिकांश उत्तरदाताले देशमा प्रजातन्त्र हुनु र अधिनायकवाद हुनुमा केही फरक नपरेको बताएका छन् । त्यस्तै अशिक्षित, सञ्चारमा पहुँच नभएका, तराई जनजाति समूह र सुदूर पश्चिमाञ्चल विकास क्षेत्रका उत्तरदाताहरूमध्ये लगभग ४० प्रतिशतले त्यस्तै भाव व्यक्त गरेका छन् । पहाडी दलितमध्ये ३८ प्रतिशत तथा तराई दलितमध्ये ४० प्रतिशत

उत्तरदाताहरूले पनि देशको शासन पद्धतिले केही फरक नपर्ने जनाएका छन् । यी तथ्यहरूले के स्पष्ट पार्दछन् भने यद्यपि तीन वर्षको दौरानमा प्रजातन्त्रप्रति समर्थन जनाउनेहरूको संख्या बढेको छ तर अझै पनि प्रजातान्त्रिक संरचनामा उपेक्षित वर्ग गरिब, दलित, अशिक्षित आदिलाई समावेश गर्न धेरै कार्यहरू गर्नुपर्दछ । यहाँनिर एक महिलाको भनाइ जस्ताको तस्तै राख्नु सान्दर्भिक हुनेछः

*"प्रजातन्त्रले हामीलाई केही फाइदा गर्दैन । गरिब गरिब नै रहन्छ । बीरबहादुर राई (कुदाकाउले गा.वि.स. का पूर्वसभापति) ले भोट माग्दाखेरी हामीलाई थिचोमिचोबाट पार लगाइदिन्छु भनेका थिए तर जितेपछि केही पनि गरेनन् । मेरो लागि सरकारमा जो आए पनि केही फरक पर्दैन । बीरबहादुरले पनि धनीकै पक्ष लिएका थिए । वास्तवमा यो संसार धनीहरूकै लागि बनाइएको रहेछ । धनीले सधैँ गरिबबाट पैसा असुल्छ । धनीले मात्र जित्छ । हाम्रो लागि केही गर्छु भन्नेहरू सरकारमा आए पनि यिनीहरूले हाम्रो लागि केही गर्दैनन् ।"*

- दिलमाया राई, भोजपुर

सन् २००४ र २००७ को सर्वेक्षणका तथ्याङ्क तुलना गर्दा समष्टिगत रूपमा 'प्रजातन्त्र' लाई समर्थन गर्नेको संख्या ६२ प्रतिशतबाट ६७ प्रतिशत पुगेको र 'अधिनायकवाद' लाई मन पराउनेको संख्या १० प्रतिशतबाट ६ प्रतिशतमा (४ प्रतिशतले) झरेको देखिन्छ । तर देशमा कुनै पनि व्यवस्थाप्रति उदासीनहरूको संख्या भने झन्डै उस्तै रहेको छ- २००४ मा २८.३ प्रतिशत र २००७ मा २७.६ प्रतिशत । यसरी एक चौथाइभन्दा बढी उत्तरदाताहरूले प्रजातन्त्रप्रति आफ्नो उदासीनता देखाए तापनि अर्को एक प्रश्नमा कुल उत्तरदातामध्ये ९० प्रतिशतभन्दा बढीले नेपालका लागि प्रजातन्त्र 'उपयुक्त' र 'अति उपयुक्त' व्यवस्था हो भन्ने विचार व्यक्त गरेका छन् ।

सन् २००४ र २००७ को सर्वेक्षणका तथ्याङ्क विश्लेषण गर्दा २००४ मा 'नेपालका लागि प्रजातन्त्र उपयुक्त नभएको आशय व्यक्त गर्नेहरूमध्ये धेरै संख्याले २००७ को सर्वेक्षणमा प्रजातन्त्र नै देशका लागि उपयुक्त रहेको विचार व्यक्त गरेको पाइयो । सन् २००४ मा उत्तरदाताहरूमध्ये २१ प्रतिशतले प्रजातन्त्र उपयुक्त नभएको विचार व्यक्त गरेका थिए भने २००७ मा यस किसिमको उत्तर दिनेको संख्या ८ प्रतिशतमा झरेको छ । अर्को अर्थमा भन्ने हो भने नेपालका लागि प्रजातान्त्रिक व्यवस्था उपयुक्त छ भन्नेको संख्या २००४ को ७९ प्रतिशतबाट बढेर २००७ मा ९२ प्रतिशत पुगेको छ । यो वृद्धि नागरिक सर्वेक्षणले समेटेका सम्पूर्ण वर्ग/समूह– महिला र पुरुष, शिक्षित र अशिक्षित, सहरी र ग्रामीण क्षेत्रका बासिन्दा, तीनै भौगोलिक क्षेत्रका जनता, सचेत र असचेत, पहाडी र मधेसी, युवा र वृद्ध आदिमा देखिन्छ ।

## ३.५ राजनीतिक दलहरू र नेकपा (माओवादी) जनआन्दोलन–२ का उत्प्रेरक

जनआन्दोलन-२ ले बढीभन्दा बढी जनतालाई राजनीतिक क्षेत्रमा सहभागी गरायो र अहिले स्वाभाविक रूपमा बढीभन्दा बढी जनता राजनीतिक दलहरूका गतिविधिमा सरिक हुँदै आएका छन् । नागरिक सर्वेक्षणका २० प्रतिशतभन्दा बढी उत्तरदाताहरूले राजनीतिक दलहरूले आयोजना गरेका कार्यक्रमहरूमा भाग लिएको बताएका छन् । यो संख्यालाई निश्चित रूपमा उल्लेखनीय मान्नुपर्छ । नागरिक सर्वेक्षणका २३ प्रतिशत उत्तरदाताले उनीहरू राजनीतिक दलहरूको नजिक रहेको बताए । यसको अर्थ मतदाता बालिगमध्ये एक चौथाइ कुनै न कुनै राजनीतिक पार्टीसँग औपचारिक वा अनौपचारिक तवरले आबद्ध रहेका छन् । राजनीतिक पार्टीसँग नजिक छु भन्ने उत्तरदाताहरूमध्ये ३६ प्रतिशतले नेपाली कांग्रेस (प्रजातान्त्रिक समेत), ३२ प्रतिशतले नेकपा एमाले, १५ प्रतिशतले नेकपा माओवादी र बाँकीले अन्य साना पार्टीसँग आबद्ध रहेको बताए ।

तर अनौठो कुरा के छ भने राजनीतिक पार्टीसँग आबद्ध छु भन्नेको संख्या (२३ प्रतिशतले) भन्दा राजनीतिक पार्टीको गतिविधिमा भाग लिएको छु भन्नेको संख्या (२२ प्रतिशत) १ प्रतिशतले कम रहेको छ । यसको अर्थ पार्टीसँग आबद्ध रहेका सबै व्यक्तिहरूले पार्टीको गतिविधिमा भाग लिन पाएका छैनन् या त भाग लिँदैनन् ।

राजनीतिक पार्टीहरूसँग आबद्ध रहेका वा उनीहरूका कार्यक्रममा भाग लिएकाहरू मध्ये महिलाभन्दा बढी पुरुष, सहरी क्षेत्रका भन्दा बढी ग्रामीण क्षेत्रका, वृद्धहरूभन्दा बढी युवाहरू र तराई क्षेत्रका भन्दा बढी हिमाली र पहाडी भेगका बासिन्दा रहेका छन् । यस्तो अन्तराल शिक्षित र अशिक्षित तथा सञ्चारमा पहुँच भएका र नभएका बीच अझ बढी छ । शिक्षित उत्तरदातामध्ये ३० प्रतिशतले पार्टीसँग आबद्ध रहेको र २८ प्रतिशतले पार्टीका क्रियाकलापहरूमा भाग लिने गरेको बताए जब कि अशिक्षित समूहमा यो संख्या क्रमशः १५ प्रतिशत र ८ प्रतिशत रहेको छ । सचेत नभएका समूहमा यो प्रतिशत क्रमशः ७ प्रतिशत र २ प्रतिशत मात्र छ । तर बढी सचेत वर्गमा यो संख्या क्रमशः ३३ प्रतिशत र ३५ प्रतिशत रहेको छ । सञ्चारमा धेरै पहुँच भएका समूहमध्ये ३५ प्रतिशतले पार्टीसँग आबद्धता रहेको बताए भने ५२ प्रतिशतले पार्टीका क्रियाकलापमा भाग लिएको बताए । सञ्चारमा पहुँच नभएका समूहको पार्टीसँग आबद्धता र पार्टी गतिविधिमा सहभागिता ज्यादै न्यून रहेको छ । यी तथ्यहरूले पार्टीहरूले समाजका उपेक्षित समूहलाई समेट्न अझ पनि पर्याप्त कार्य गर्न नसकेको कुरालाई इङ्गित गर्दछन् ।

**तालिका ३.१०**
**राजनीतिक पार्टीहरूसँगको आबद्धता र कार्यक्रममा सहभागिता**

| | | आबद्धता | सहभागिता | संविधानसभाको चुनावमा कसलाई भोट दिने निर्णय नगरिसकेका/भन्न नचाहेका |
|---|---|---|---|---|
| नागरिक सर्वेक्षण | जनसाधारण | २३ | २२ | ५२ |
| लिङ्ग | पुरुष | ३१ | ३४ | ४४ |
| | महिला | १५ | १० | ६० |
| क्षेत्र | ग्रामीण | २४ | २२ | ५२ |
| | सहरी | १८ | २० | ५२ |
| भौगोलिक क्षेत्र | हिमाल | २९ | २१ | ४६ |
| | पहाड | २३ | २३ | ५३ |
| | तराई | २३ | २० | ५२ |
| उमेरसमूह | युवा | २२ | २५ | ४५ |
| | वृद्ध | २० | १५ | ५९ |
| शिक्षा | निरक्षर | १५ | ८ | ६४ |
| | उच्च शिक्षा हासिल गरेका | ३० | ३८ | ४७ |
| सचेतता | सचेत नभएका | ७ | २ | ६४ |
| | धेरै सचेत | ३३ | ३५ | ४४ |
| सञ्चारमा पहुँच | पहुँच नभएका | १७ | ११ | ६० |
| | धेरै पहुँच भएका | ३५ | ५२ | ३८ |

समाजका उपेक्षित वर्गको राजनीतिमा संलग्नता कम रहेको तथ्य सर्वेक्षणको दौरानमा संविधानसभा निर्वाचनसम्बन्धी सोधिएको प्रश्नको जवाफबाट अझ बढी स्पष्ट हुन्छ । संविधानसभाको चुनावमा कसलाई भोट दिनु हुन्छ ? भन्ने प्रश्नको जवाफमा नागरिक सर्वेक्षणका उत्तरदातामध्ये ३७.५ प्रतिशतले पछि निर्णय गर्ने बताए भने १४.५ प्रतिशतले कसलाई भोट दिने भन्न चाहेनन् । यी दुवैलाई जोड्दा ५२ प्रतिशत हुन्छ । यस किसिमको जवाफ दिनेको संख्या महिला, वृद्ध र निरक्षरहरूमा अझ बढी रहेको छ । त्यस्तै यो संख्या अति उपेक्षित वर्ग पहाडी र तराई दलित समूहमा अझ बढी रहेको छ । यसै प्रसङ्गमा पहाडी र तराई जनजातिका उत्तरदाताहरू र तराईका उच्च जातसमूहकाले पनि कसलाई भोट दिने 'निर्णय नगरिसकेको' वा 'भन्न नचाहेको' जनाएका छन् । यसले के जनाउँछ भने व्यक्तिहरू जति कम सचेत छन् र जति उनीहरूको सञ्चारमा कम पहुँछ छ त्यति नै बढी उनीहरू संविधानसभाको चुनावमा कसलाई भोट

दिने भन्ने कुरामा अनिर्णित छन् । सचेत नभएका समूहका ६४ प्रतिशत र सञ्चारमा पहुँच नभएका समूहका ६० प्रतिशतले कसलाई भोट दिने भन्ने निर्णय गरिसकेका छैनन् या त उनीहरू खुल्न चाहँदैनन् । यसरी अनिर्णित रहनु वा भन्न नचाहनुको कारण के होला त ? यसका थुप्रै कारणहरू हुन सक्दछन् । तर सर्वेक्षणका दौरानमा गएका सबै (८० जना) सर्वेक्षकहरूको अवलोकन एउटै रह्यो । आफ्नो १ महिना लामो गाउँ बसाइको समयमा त्यहाँ उनीहरूले कुनै पनि राजनीतिक दलले कुनै पनि किसिमको राजनीतिक परिचालनका लागि केही कार्य गरेको देख्न पाएनन् ।

२००७ को सर्वेक्षणमा ४८ प्रतिशत उत्तरदाताहरूले संविधानसभाको चुनावमा कसलाई भोट दिने भन्नेबारे आफ्नो मत जाहेर गरेका थिए । यसअनुसार १४ प्रतिशतले नेपाली कांग्रेस (नेपाली कांग्रेस, प्रजातान्त्रिकसमेत) लाई, ११.२ प्रतिशतले नेकपा माओवादीलाई, १०.७ प्रतिशतले नेकपा एमालेलाई र बाँकीले अन्य साना राजनीतिक दलहरूलाई आफ्नो भोट दिने कुरा बताएका थिए ।

**तालिका ३.११**
**राजनीतिक दलहरूसँगको आबद्धता र सहभागिता**

| | | सहभागितामा वृद्धि | | | आबद्धतामा कमी | | |
|---|---|---|---|---|---|---|---|
| | | २००४ | २००७ | ± अनुपात | २००४ | २००७ | ± अनुपात |
| | सबै | १४ | २२ | +८ | २९ | २३ | -६ |
| लिङ्ग | पुरुष | २३ | ३४ | +११ | ३८ | ३१ | -७ |
| | महिला | ७ | १० | +३ | २२ | १६ | -६ |
| क्षेत्र | ग्रामीण | १४ | २२ | +८ | २९ | २४ | -५ |
| | सहर | १५ | २० | +५ | २७ | १८ | -९ |
| उमेरसमूह | युवा | ११ | २५ | +१४ | २६ | २२ | -४ |
| | वृद्ध | १२ | १५ | +३ | २६ | २० | -६ |
| शिक्षा | निरक्षर | ५ | ८ | +३ | २४ | १५ | -९ |
| | उच्च शिक्षा प्राप्त | ३८ | ३८ | - | ४६ | ३० | -१६ |
| भौगोलिक क्षेत्र | हिमाल | १० | २१ | +११ | १४ | २९ | +१५ |
| | पहाड | १३ | २३ | +१० | २७ | २३ | -४ |
| | तराई | १५ | २० | +५ | ३४ | २३ | -११ |
| सामाजिक समूह | पहाडी | ११ | २२ | +११ | २४ | २३ | -१ |
| | मधेसी | १३ | १७ | +४ | ३५ | २४ | -११ |

सन् २००४ र सन् २००७ का सर्वेक्षणमा प्राप्त तथ्याङ्कहरूलाई तुलनात्मक रूपमा अध्ययन गर्दा यी तथ्याङ्कहरू एक-आपसमा विरोधाभासपूर्ण रहेको देखिन्छ । राजनीतिक पार्टीमा आबद्ध हुनेहरूको संख्यामा कमी आएको छ भने राजनीतिक पार्टीहरूले सञ्चालन गरेका कार्यक्रममा सहभागी हुनेहरूको संख्यामा बढोत्तरी भएको छ । सन् २००४ को सर्वेक्षणमा राजनीतिक पार्टीहरूले सञ्चालन गरेका गतिविधिमा भाग लिनेको संख्या १४ प्रतिशत रहेकोमा २००७ को सर्वेक्षणमा यो संख्या २२ प्रतिशत पुगेको छ । यसबाट जनसाधारण राजनीतिक पार्टीहरू सरकारमा रहेका बेलामा भन्दा तिनीहरूले प्रजातन्त्र पुनर्स्थापनाको लागि आन्दोलन गर्दा ती पार्टीहरूसँग आबद्ध भएका छन् भन्ने कुराको पुष्टि हुन्छ ।

सन् २००४ को तुलनामा सन् २००७ को सर्वेक्षणमा परेका सबै तह र वर्गका उत्तरदाताहरूले राजनीतिक पार्टीहरूले आयोजना गरेका क्रियाकलापमा बढी भाग लिएको पाइएको छ र यो संख्या हिमाली र पहाडी क्षेत्रमा बसोबास गर्नेहरूमा अझ बढी देखिन्छ । राजनीतिक पार्टीहरूले आयोजना गरेका कार्यक्रममा जनसहभागिता सन् २००४ को तुलनामा सन् २००७ मा १५ प्रतिशतले वृद्धि भएको पाइयो । तर सन् २००७

मा पार्टीसँग आबद्ध हुनेहरूमा सहरी क्षेत्रका बासिन्दा, उच्च शिक्षा हासिल गरेका र मधेसी समूहमा बाहेक अन्य सबै समूहमा यो संख्या घटेको छ ।

**तालिका ३.१२**

**राजनीतिक/राज्यका संगठनहरूप्रति जनविश्वास**

*(धेरै विश्वास प्रकट गर्ने र केही विश्वास गर्नेहरूको आँकडालाई समावेश गरिएको छ)*

| | विश्वास | निर्वाचन आयोग | अदालत | लोकसेवा आयोग | सेना | पुलिस | सरकार | राजनीतिक पार्टी | माओवादी |
|---|---|---|---|---|---|---|---|---|---|
| | विधायक | ८५ | ७२ | ७१ | ६६ | ७० | ८० | ८७ | ५५ |
| | आम नागरिक | ७५ | ७५ | ६४ | ६५ | ५९ | ६८ | ५७ | ४९ |
| लिङ्ग | पुरुष | ७९ | ७४ | ६१ | ६६ | ५७ | ६७ | ५८ | ४५ |
| | महिला | ७६ | ७६ | ५६ | ६५ | ६० | ६७ | ५६ | ४८ |
| क्षेत्र | ग्रामीण | ७७ | ७४ | ६४ | ६५ | ५८ | ६८ | ५८ | ५० |
| | सहरी | ८३ | ७६ | ६२ | ६९ | ६२ | ६४ | ५० | ४१ |
| भौगोलिक क्षेत्र | हिमाल | ७९ | ७८ | ७१ | ६० | ५७ | ७९ | ६३ | ५४ |
| | पहाड | ८६ | ८१ | ७२ | ६७ | ६१ | ७५ | ६३ | ५७ |
| | तराई | ६९ | ७७ | ५३ | ६५ | ५७ | ५८ | ४९ | ३९ |
| उमेरसमूह | युवा | ७९ | ७६ | ६४ | ६४ | ५८ | ६७ | ५८ | ५३ |
| | वृद्ध | ७५ | ७१ | ५२ | ७० | ६१ | ६९ | ५५ | ४१ |
| शिक्षा | निरक्षर | ७२ | ७३ | ६३ | ६६ | ६१ | ६९ | ५५ | ४४ |
| | शिक्षित | ८८ | ७८ | ६३ | ६५ | ६२ | ७० | ६२ | ४३ |
| सचेतता | सचेत नभएका | ५३ | ६२ | ५३ | ६७ | ५४ | ६३ | ४५ | ४२ |
| | धेरै सचेत | ८३ | ७७ | ६६ | ६८ | ६० | ६९ | ६१ | ५३ |
| सञ्चारमा पहुँच | पहुँच नभएका | ७३ | ७३ | ६३ | ६५ | ५९ | ६९ | ५५ | ४७ |
| | धेरै पहुँच भएका | ८४ | ७४ | ६२ | ६४ | ५८ | ६७ | ६५ | ५४ |

प्रश्नावलीमा दिइएका ८ वटा राजनीतिक तथा राज्यका संगठनप्रति समग्र उत्तरदातामध्ये ६४.३ प्रतिशतले व्यक्त गरेको विश्वासको तहलाई उत्साहपूर्ण मान्नु पर्दछ । समग्रमा सरदर ६४.३ प्रतिशतभन्दा बढी जनताको विश्वास प्राप्त गर्न सफल हुने राष्ट्रिय संस्थाहरूमा निर्वाचन आयोग (७८ प्रतिशत), अदालत (७५ प्रतिशत), सरकार (६८ प्रतिशत) र सेना (६५.५ प्रतिशत) रहेका छन् । तर सरदर ६४.३ प्रतिशतभन्दा कम मात्र विश्वासको मत पाउने अन्य राष्ट्रिय संघ-संस्था तथा राज्यसंयन्त्रहरू यसप्रकार रहेका छन् : प्रशासन (६३.९ प्रतिशत), प्रहरी (५९ प्रतिशत), संसद्वादी राजनीतिक दलहरू (५७ प्रतिशत) र नेकपा माओवादी (४९ प्रतिशत) । नेपालीहरूले अन्य दक्षिण एसियाली जनताहरूले झैं बराबर सम्पर्कमा रहनुपर्ने राज्यका संयन्त्र/संगठनहरू (राजनीतिक दलहरू, कर्मचारी, प्रहरी, आदि) लाई भन्दा कहिलेकाहीँ मात्र सम्पर्कमा रहनुपर्ने संगठनहरू (जस्तै- निर्वाचन आयोग, अदालत, सेना इत्यादि) लाई बढी विश्वास गर्ने गरेको देखिएको छ । तर सांसद/विधायकहरूले विश्वास गर्ने संस्था र विश्वासको माप नागरिकहरूको भन्दा भिन्न रहेको पाइन्छ । सांसदहरूले सबभन्दा बढी विश्वास गर्ने संस्थामा राजनीतिक पार्टी पर्दछन्, जबकि जनताको रोजाइमा यो संस्था सातौं स्थानमा पर्दछ । दक्षिण एसियामा यस सम्बन्धमा कस्तो स्थिति रहेको छ भन्नेबारे एक अध्ययनले देखाएको निष्कर्ष यस्तो छः

*मोटामोटी रूपमा भन्ने हो भने ती संस्थाहरू जुन जनताबाट चुनिँदैनन् र जसलाई नवीकरणको जरुरत पर्दैन तिनलाई बढी विश्वास गरिएको देखिन्छ ।*

*सम्भवतः जनसाधारणले दैनिक जीवनबाट टाढा रहेका राज्यसम्बद्ध संघ-संस्थालाई भन्दा जनतासँग बढी सम्पर्कमा रहेका संघ-संस्थालाई कमै मात्र विश्वास गर्दछन् ।*

एसडीएसए समूह २००८, *दक्षिण एसियामा प्रजातन्त्रको स्थिति,* नयाँ दिल्ली, अक्सफोर्ड, पृ. ५५ ।

उपर्युक्त आठवटा संघ-संस्थाहरूप्रति विश्वासको कुरा गर्दा विभिन्न वर्ग र समूहमा विभाजित उत्तरदाताहरूको विश्वासको मात्रामा प्रायः थोरै मात्र अन्तर देखिएको छ । तर विश्वासको मात्रा संस्थाअनुसार फरक रहेको भने देखिन्छ । तराई क्षेत्रका बासिन्दाहरूले प्रशासन, अदालत, निर्वाचन आयोग, सेना, पुलिस र सरकारलाई कम विश्वास गर्ने गरेका छन् भने पहाडी र हिमाली क्षेत्रमा बसोबास गर्ने उत्तरदाताहरूले यी संस्थाहरूप्रति बढी नै विश्वास गर्ने गरेको देखिन्छ । तराई क्षेत्रका बासिन्दाहरूले राजनीतिक दल र नेकपा (माओवादी) लाई विश्वास गर्नुभन्दा बढी अविश्वास गर्ने गरेको पाइयो । उपर्युक्त तथ्याङ्कअनुसार व्यक्तिको संघ-संस्थाप्रतिको विश्वासको तहलाई त्यस व्यक्तिको बसोबास क्षेत्रले निकै असर पारेको हुन्छ । उत्तरदाताहरूमध्ये अशिक्षित, सचेत नभएका तथा सञ्चारमा पहुँच नभएका समूहले पनि यी आठवटा संस्थाप्रति कम मात्र विश्वास जनाएका भने शिक्षित, धेरै सचेत भएका र सञ्चारमा धेरै पहुँच भएका समूहले यी संस्थाप्रति ठूलो मात्रामा विश्वास रहेको बताएका छन् ।

यी संस्थाहरूप्रति उत्तरदाताका समूह समूहबीच विश्वासको तह फरक भएझैँ उनीहरूको विश्वासको मात्रा दलका नेता नेताबीचमा पनि फरक रहेको देखिन्छ । समग्रमा नागरिक सर्वेक्षणका ५३ प्रतिशत उत्तरदाताहरूले देशका प्रमुख नौवटा राजनीतिक पार्टीका नेताहरूलाई विश्वास गर्ने गरेको बताए । तीमध्ये सबभन्दा बढी विश्वास नेपाली कांग्रेसका नेता गिरिजाप्रसाद कोइरालाले पाएका छन् (७६ प्रतिशत) भने अन्यमा नेकपा (एमाले) का नेता माधवकुमार नेपालले (६४ प्रतिशत), नेकपा (माओवादी) का नेता प्रचण्डले (६२ प्रतिशत), नेका (प्रजातान्त्रिक) का नेता शेरबहादुर देउवाले (५६ प्रतिशत), मजदुर किसान पार्टीका नेता नारायणमान विजुक्छेले (४७ प्रतिशत), राष्ट्रिय जनशक्ति पार्टीका नेता सूर्यबहादुर थापाले (४६ प्रतिशत) प्राप्त गरेका छन् । त्यस्तै जनताको विश्वास पाउने अन्य दलका नेताहरूमा संयुक्त जनमोर्चाका अमिक शेरचन (४३ प्रतिशत), नेपाल सद्भावना पार्टीका भरतविमल यादव (४२ प्रतिशत) र राष्ट्रिय प्रजातन्त्र पार्टीका नेता पशुपति शमशेर ज.ब.रा. (३९.५ प्रतिशत) रहेका छन् । यसअनुसार राजनीतिक दलको आकार र यसको प्रभावका आधारमा जनसाधारणले यिनीहरूलाई विश्वास गर्ने गरेको देखिन्छ । साथै जनताले राजनीतिक पार्टीका नेताहरूलाई भन्दा बढी उनीहरूको पार्टीलाई विश्वास गर्ने गरेको पनि देखिन्छ । तर केही नेताहरू आफ्नो पार्टीभन्दा बढी जनताको विश्वास पाउन सफल भएका पनि छन् ।

उत्तरदाताका विभिन्न समूहमध्ये हिमाली क्षेत्रमा बसोबास गर्नेहरूले गिरिजाप्रसाद कोइरालाप्रति बढी विश्वास रहेको (८४ प्रतिशत) बताए भने तराई क्षेत्रका उत्तरदाताहरूले उनीप्रति सबभन्दा कम (७० प्रतिशत) विश्वास जनाएका छन् । नेताद्वय माधवकुमार नेपाल र प्रचण्ड पनि तराईमा भन्दा हिमाली र पहाडी क्षेत्रमा लोकप्रिय रहेका छन् । यी दुई नेताहरूले उत्तरदाता समूहमध्ये वृद्धहरूबाट भन्दा युवाहरूबाट, अशिक्षितबाट भन्दा उच्च शिक्षा हासिल गरेकाहरूबाट, सचेत नभएका भन्दा 'धेरै सचेत' वर्गबाट र सञ्चारमा पहुँच नभएका समूहबाट भन्दा धेरै सचेत समूहबाट विश्वास प्राप्त गरेका छन् ।

सर्वेक्षणको छनोटमा परेका सांसदहरूबाट प्रचण्डले सबभन्दा बढी (६८ प्रतिशत) विश्वास पाएका छन् भने सांसदहरूमध्ये ६७ प्रतिशतले नेता माधवकुमार नेपाललाई र ६३ प्रतिशतले गिरिजाप्रसाद कोइरालाप्रति विश्वास रहेको बताएका छन् ।

सन् २००४ र २००७ को सर्वेक्षणमा राज्यका आठ संयन्त्र राजनीतिक दलहरू र संघ-संस्थाहरूप्रति जनसाधारणले देखाएको विश्वासको अनुपातबीच उल्लेखनीय फरक देखिँदैन । सन् २००७ को सर्वेक्षणमा नागरिकको विश्वास, निर्वाचन आयोगप्रति २ प्रतिशतले, अदालतप्रति ३ प्रतिशतले, लोकसेवा आयोगप्रति ५ प्रतिशतले, सेनाप्रति ७ प्रतिशतले र पुलिसप्रति ६ प्रतिशतले घटेको छ । तर राजनीतिक दलप्रतिको विश्वास

**तालिका ३.१३**
**राजनीतिक दलका नेताहरूप्रतिको विश्वास**
*(यहाँ दिइएको तथ्याङ्क, 'धेरै विश्वास गर्छु' र 'केही विश्वास' गर्छु को योगफल हो)*

| | | गिरिजाप्रसाद कोइराला | माधवकुमार नेपाल | प्रचण्ड |
|---|---|---|---|---|
| विधायिका | | ६३ | ६७ | ६८ |
| जनसाधारण | | ७६ | ६४ | ६२ |
| लिङ्ग | पुरुष | ७६ | ६५ | ६४ |
| | महिला | ७५ | ६२ | ६० |
| क्षेत्र | ग्रामीण | ७५ | ६३ | ६२ |
| | सहरी | ७७ | ६८ | ६२ |
| भौगोलिक क्षेत्र | हिमाल | ८४ | ७६ | ७४ |
| | पहाड | ७९ | ७५ | ७३ |
| | तराई | ७० | ५१ | ४८ |
| उमेरसमूह | युवा | ७६ | ६६ | ६५ |
| | वृद्ध | ७७ | ५६ | ५४ |
| शिक्षा | निरक्षर | ७४ | ५४ | ५४ |
| | शिक्षित | ८१ | ७३ | ६३ |
| सचेतता | सचेत नभएका | ६९ | ४८ | ४७ |
| | धेरै सचेत भएका | ७८ | ६९ | ६९ |
| सञ्चारमा पहुँच | पहुँच नभएका | ७४ | ५९ | ५८ |
| | धेरै पहुँच भएका | ८१ | ६९ | ७० |

(२००४ को ५३ प्रतिशतबाट २००७ मा ५७ प्रतिशत पुगेको) ४ प्रतिशतले बढेको पाइयो । त्यस्तै नागरिकहरूको सरकारप्रतिको विश्वास पनि सन् २००४ को (६२ प्रतिशत) तुलनामा २००७ मा (६८ प्रतिशत) ६ प्रतिशतले बढेको छ । सन् २००७ को नागरिक सर्वेक्षणमा ७३ प्रतिशत जनताले सरकारको कार्यप्रति सन्तुष्टि जनाएका छन् । यस तथ्याङ्कले माथि उल्लिखित सरकारप्रतिको विश्वासको वृद्धिलाई पुष्टि गरेको छ ।

लोकतन्त्रमा भने राजनीतिक दलहरू नै प्रमुख भएको हुँदा जनताले राजनीतिक दलप्रति देखाएको विश्वास र अविश्वासको प्रश्नलाई अझ बढी विश्लेषण गर्नु जरुरी छ । सन् १९९० पछि राजनीतिक दलप्रति जनताले व्यक्त गरेको नैराश्य दलहरू नेकपा (माओवादी) सँगको सहकार्यबाट जनआन्दोलन-२ मार्फत देशमा लोकतन्त्र फर्काउन सफल भएका कारण केही हदसम्म कम भएको छ । यस अध्ययनको निष्कर्ष हो- जनआन्दोलन-२ सफल पार्न राजनीतिक दलहरूले प्रमुख भूमिका खेले र यसलाई जनताले सराहना गरेका छन् । यस कुरालाई लोकतन्त्र पुनर्स्थापनाको महिना दिनपछि एन.सी.सी.एस. (नेपाल समसामयिक अध्ययन केन्द्र) ले सञ्चालन गरेको एक अध्ययनले पनि पुष्टि गर्दछ । एन.सी.सी.एस.ले गरेको अध्ययनअनुसार ६४ प्रतिशत उत्तरदाताहरूले राजनीतिक पार्टीप्रति आफ्नो विश्वास रहेको बताएका छन् । यो आँकडा सन् २००४ को सर्वेक्षणमा प्राप्त आँकडा भन्दा ११ प्रतिशतले बढी रहेको छ । तर समयको अन्तराल सँगै जनताको दलहरूप्रतिको विश्वास घटेको देखियो । सन् २००७ मा राजनीतिक दलहरूप्रति ५७ प्रतिशत जनताले विश्वास रहेको कुरा जनाएका छन् । यो प्रतिशत सन् २००४ को तुलनामा ४ प्रतिशतले बढेको देखिए तापनि एक वर्षअघि (एनसीसीएसको अध्ययनबाट प्राप्त तथ्याङ्क) प्राप्त विश्वासको प्रतिशतभन्दा ७ प्रतिशतले घटेको छ । अब प्रश्न रह्यो– एक वर्षको अवधिमा राजनीतिक दलहरूप्रति जनताको विश्वास ७ प्रतिशतले किन घट्यो ? यसका धेरै कारणहरू हुन सक्छन्– (क) जनआन्दोलन-२ पछि राजनीतिक दलहरू सहरी क्षेत्रमा केन्द्रित रहनु (सन् २००१ को जनगणनाअनुसार नेपालको ८४ प्रतिशत जनता ग्रामीण क्षेत्रमा रहेका छन्) र अझ पनि बहुसंख्यक नेपाली जनताको विश्वास जित्न कुनै पनि किसिमको प्रयत्न नगर्नु, (ख) सात दलको

गठबन्धन र नेकपा माओवादीसमेतको संयुक्त अन्तरिम सरकारद्वारा सन् २००७ जूनमा गर्ने भनिएको संविधानसभाको निर्वाचन गर्न नसक्नु, (ग) विगतमा राजनीतिक दलहरूले जनतासमक्ष पुऱ्याउन गरेका प्रतिबद्धता पूरा गर्न नसक्नु । वास्तवमा राजनीतिक दलप्रति जनताले जनाएको विश्वासको मात्रामा बेग्लै किसिमको सन्तुलन सामञ्जस्य रहेको छ- एकातिर जनताले लोकतन्त्र पुनर्स्थापनाका लागि यी दलहरूलाई श्रेय दिएका छन् भने अर्कातिर दलहरूले अझै पनि आफ्ना प्रतिबद्धतालाई व्यवहारमा परिणत गर्न सकेका छैनन् या गर्न चाहेका छैनन् । त्यसैले दलका नेताहरूप्रतिको असन्तोष यसरी प्रकट हुने गरेको देखिन्छः

> *सबै नेताहरू एउटा रोगले ग्रसित छन्: उनीहरू गरिबहरूको जिन्दगीको मूल्यमा धनी हुन चाहन्छन्; उनीहरू आफ्ना छोराछोरीलाई शिक्षाको लागि सहरमा पठाउन चाहन्छन् र त्यसपछि विदेशमा । शक्तिमा जाने मौका नपाउँदासम्म उनीहरू क्रान्तिकारी बनेर कुरा गर्छन्, तर शक्तिमा गएपछि आफूहरूले जनतासमक्ष गरेका सबै बाचाहरू बिर्सिदिन्छन् ।*
>
> – भिमप्रसाद शर्मा, पर्वत

यहाँ उल्लेख गर्नुपर्ने दुई सवालहरू छन्: (१) राजनीतिक संस्था वा दलप्रति जनताको विश्वास बढ्ने घट्ने अनुपात धेरै कम मात्र देखिएको छ (यसले जनताको विश्वासको मात्रा छोटो समयमा परिवर्तन हुने होइन र यसले लामो समय लिन्छ), (२) सन् २००४ र सन् २००७ को सर्वेक्षणमा राजनीतिक दल तथा सरकारी संस्थाहरूप्रति जनताको विश्वास केही बढेको देखिएको छ । तर समग्रमा जनताको विश्वासको तह अनुसार यी संस्थाहरूलाई श्रेणीबद्ध गर्दा यी दुई सर्वेक्षणका माध्यमबाट यिनीहरूले प्राप्त गरेको ठाउँमा नेकपा माओवादीबाहेक (जसलाई २००४ को सर्वेक्षणमा संलग्न गरिएको थिएन) कुनै अन्तर देखिएन । यी दुवै सर्वेक्षणमा जनविश्वासको मापनमा प्रथम स्थान निर्वाचन आयोगले प्राप्त गरेको छ भने अन्तिम स्थान राजनीतिक दलले प्राप्त गरेका छन् ।

## ३.६ सारांश

जनआन्दोलन-२ लोकतान्त्रिक प्रक्रियाका लागि निर्णायक घटना थियो । यो आन्दोलन सन् १९९० को जनआन्दोलनभन्दा निकै शक्तिशाली थियो र आफ्नो लक्ष्य प्राप्त गर्नसमेत सफल भएको थियो । यस अपूर्व घटनाले नेपाली जनताको राजनीतिक मुद्दाहरूप्रति सचेतता जगाउनमा, जनतालाई राजनीतिप्रति जागरुक तुल्याउनमा र जनताको राजनीतिक संघ-संस्थासँगको सम्बद्धतालाई बढाउनमा ठूलो सहयोग पुऱ्याएको छ । यसबाट सामाजिक पुँजी निर्माण र वृद्धिमा ठूलो योगदान पुगेको छ । जुन समाजमा जनता राजनीतिक तवरमा सचेत छन् त्यहाँ लोकतन्त्र फस्टाउँछ र व्यावहारिक लोकतन्त्रका लागि जनताको बढी सचेतता र राजनीतिक वा गैरराजनीतिक क्षेत्रमा उनीहरूको सहभागिताको आवश्यकता हुन्छ । आधुनिक प्रजातन्त्रका यी आवश्यकता परिपूर्ति गर्ने चुनौतीहरूको सामना गर्न जनतालाई जागरुक तुल्याउने कार्यमा जनआन्दोलन-२ सक्षम रहेको थियो ।

नेपाली राजनीतिले धेरै प्रगति हासिल गरिसकेको भए तापनि केही महत्त्वपूर्ण विषयमा सावधानी आवश्यक छ । जस्तै जनआन्दोलन-२ ले राजनीतिक वृत्तलाई धेरै फराकिलो बनाएको छ तर यसबाट समाजका उत्पीडित वर्ग, गरिब, पिछडिएका, अशिक्षित, सञ्चारमा पहुँच नभएका वा कम मात्र पहुँच भएकाहरू लाभान्वित हुन सकेका छैनन् । यसले बहुसंख्यक जनतालाई सशक्तीकरण गर्न जनआन्दोलनका प्रमुख लक्ष्य हासिल गर्न नसकेको तथ्यलाई प्रकाश पार्दछ । यस सर्वेक्षणका अन्य केही तथ्यहरूले पनि यस कुराको पुष्टि गर्दछन् । उत्तरदातामध्ये बहुसंख्यक उपेक्षित र उत्पीडित वर्गले देशमा लोकतन्त्र वा निरङ्कुशतन्त्रमध्ये कुन चाहनुहुन्छ भन्ने प्रश्नको जवाफमा कुनै शासन व्यवस्था आए पनि फरक नपरेको बताएका छन् । त्यस्तै बहिष्कृत/उपेक्षित समूह दलित, जनजाति, मधेसी तथा महिलाको राज्य/राजनीतिक संस्थाप्रतिको विश्वास समावेशी उत्तरदाताहरूको तुलनामा निकै कम छ ।

नेपालका राजनीतिकर्मीहरूले देशका लागि अल्पकालीन वा दीर्घकालीन योजनाको तर्जुमा गर्दा यस सर्वेक्षणमार्फत लोकतन्त्र तथा सम्बन्धित विषयमा व्यक्त गरिएका जनभावनालाई समेट्नुपर्दछ । यस सर्वेक्षणका अनुसार एकातिर जनताको शिक्षाको तह, सञ्चारमा पहुँचको तह र विकास अर्कातिर जनताको सचेतताको तह, राजनीतिक सहभागिता, संघ-संस्थासँगको सम्बद्धता र त्यसमा संलग्नताको परिणाम यी दुई बीचमा अन्तर्सम्बन्ध रहेको देखिन्छ । यी निष्कर्षबाट राजनीतिकर्मीहरूले सामाजिक पुँजी निर्माणका लागि दीर्घकालीन योजना र लक्ष्य निर्धारण गर्नुका साथै केही महत्त्वपूर्ण सवालहरूका लागि तत्काल सम्बोधन गर्नुपर्दछ । जनआन्दोलन-२ को सफलताबाट जनताले यी दुई कुराको आशा राखेका छन्: सरकारले विकासलाई दीर्घकालीन लक्ष्यको रूपमा लिनुपर्ने र शान्ति र मेलमिलापलाई तत्काल गर्नुपर्ने कार्यको रूपमा लिनुपर्ने । त्यसैले देशमा सशस्त्र संघर्षलाई रोकथाम गर्न जनआन्दोलन-२ मा जनताले उठाएका मागहरूलाई समेटी लोकतन्त्रलाई संस्थागत गर्न अत्यावश्यक भएको छ ।

नेपालमा लोकतन्त्र अझै पनि प्रारम्भिक अवस्थामा छ । हालको यस सङ्क्रमणको अवधिमा भोलिको नेपालका लागि उपयुक्त लोकतान्त्रिक संरचनाको खाका कोर्नुपर्ने, द्वन्द्व निवारणका जटिलताहरूको शान्तिपूर्ण व्यवस्थापन गर्नुपर्ने भएकाले यो समय नेपालका लागि अत्यन्त महत्त्वपूर्ण रहेको छ ।

## नोट

१. जनआन्दोलन-२ पछि देशमा विकसित भएका प्रमुख ६ वटा घटनाक्रमसँग उत्तरदाताहरूले राखेको जानकारीका आधारमा 'सचेतता' को तह मापनको सूचकाङ्क तयार गरिएको थियो । यही जानकारीको तहअनुसार उत्तरदाताहरूलाई 'सचेत नभएका' देखि 'धेरै सचेत भएका' सम्म ४ तहमा वर्गीकरण गरिएको थियो । विगत केही वर्षहरूमा देशमा भएका राजनीतिक घटनाबारे केही थाहा नभएका उत्तरदातालाई 'सचेत नभएका' वर्गमा राखिएको छ भने त्यसै समयका राजनीतिक गतिविधिबारे पूर्ण जानकारी भएका उत्तरदाताहरूलाई 'धेरै सचेत भएका' वर्गमा पारिएको छ । यस वर्गीकरणका आधारमा यस सर्वेक्षणका उत्तरदाताहरूमध्ये १४ प्रतिशत 'सचेत नभएका' वर्गमा तथा ४३ प्रतिशत 'धेरै सचेत भएका' वर्गमा पर्दछन् । यी दुई वर्गका बीचमा राजनीतिक गतिविधिबारे केहीकेही मात्र थाहा भएका उत्तरदातालाई 'कम सचेत' वर्ग (२९ प्रतिशत) र जसलाई सम्पूर्ण गतिविधिबारे थाहा छैन तर धेरैजसो राजनीतिक घटनाबारे जानकारी छ तिनीहरूलाई 'सचेत' वर्ग (२९ प्रतिशत) मा पारिएको छ ।

२. जनसञ्चारमा पहुँचको सूचकाङ्कको आधार, उत्तरदाताले प्रयोग गर्ने गरेका सूचनाका प्रमुख स्रोतहरू– रेडियो, टेलिभिजन र अखबारका साथै एक-आपसमा छलफल र यसको Frequency लाई मानिएको छ । सञ्चारका स्रोतमा उत्तरदाताको पहुँचको आधारमा उत्तरदाताहरू ४ वर्गमा वर्गीकृत गरिएका छन् । उत्तरदाताहरूमध्ये जसले कुनै पनि किसिमको सूचनाका स्रोतहरू प्रयोग गर्दैनन् उनीहरू 'सञ्चारमा पहुँच नभएका' वर्गमा राखिएका छन् भने सम्पूर्ण स्रोतहरू प्रयोग गर्ने उत्तरदाताहरू 'सञ्चारमा धेरै पहुँच भएका' वर्गमा परेका छन् । त्यस्ता उत्तरदाताहरू जसले कुनै कुनै मात्र सञ्चारका सामग्री प्रयोग गर्दै आएका छन् तिनलाई 'कमै मात्र पहुँच भएका' र 'पहुँच भएका' वर्गमा वर्गीकृत गरिएको छ । यस सूचकाङ्कका अनुसार सर्वेक्षणका कुल उत्तरदाताहरूमध्ये ४४.७ प्रतिशत 'पहुँच नभएका' वर्गमा, ३३.१ प्रतिशत 'कम पहुँच भएका' वर्गमा, १९.४ प्रतिशत 'पहुँच भएका' वर्गमा र २.८ प्रतिशत 'धेरै पहुँच भएका' वर्गमा परेका छन् ।

३. 'संस्था' भन्नाले लोकतन्त्रका आधारभूत तत्त्व आवधिक निर्वाचन, बहुदलीय प्रणाली, न्यायको शासन, शक्तिविभाजन र सन्तुलन, मानव अधिकार र मौलिक अधिकार, बहुमतको शासन, जनताको सार्वभौमिकता, नेतृत्व, जनसहभागिता र असल शासनको संयुक्त रूपलाई मानिएको छ ।

४. सन् २००६ मेमा गरिएको एनसीसीएसको सर्वेक्षणमा २१ वटा चुनावी क्षेत्रका १,७४९ जना उत्तरदातालाई समेटिएको थियो ।

चौथो परिच्छेद

# सङ्क्रमणकाल र जनचाहना

## ४.१ पृष्ठभूमि

जनआन्दोलन-२ पछि पुनर्स्थापित प्रतिनिधि सभाले सन् २००६ मेमा गरेको घोषणा वर्तमान राजनीतिक सङ्क्रमण प्रक्रियाको कोसेढुङ्गा थियो । यस घोषणामा संविधानसभाको निर्वाचन गर्ने प्रतिबद्धताका साथै राज्यका सम्पूर्ण अङ्गहरू जस्तै– सेना, संसद्, सरकारी तथा प्रशासनिक निकायहरूबाट 'श्री ५' शब्द हटाउने विषय उल्लेख गरिएको थियो । नेकपा माओवादीको सात राजनीतिक गठबन्धनसँगको सम्झौता र यिनीहरूको अन्तरिम विधायिका संसद् र सरकारमा प्रवेशपछि यस घोषणाको लक्ष्यअनुसारको कारबाहीलाई अझ अघि बढाइयो ।

सन् २००७ जनवरी १५ मा जारी गरिएको अन्तरिम संविधानमा संविधानसभाको पहिलो बैठकको साधारण बहुमतले राजतन्त्र राख्ने या हटाउने भन्नेबारे निर्णय गर्ने प्रावधान राखिएको छ । विगतमा राजाबिनाको नेपाली प्रजातान्त्रिक व्यवस्थाबारे सोच्नै सकिएको थिएन । राजनीतिक विश्लेषणका क्रममा राजतन्त्रलाई सधैँ नेपाली राजनीतिको केन्द्रमा राख्ने गरिन्थ्यो (मुनि १९७३; चटर्जी १९८०; डंगोल १९९९; शुक्ल २०००) । तर अहिले राजसंस्था एउटा विवादास्पद संस्था बन्न पुगेको छ (हाछेथु, २००७) ।

जनआन्दोलन-२ पछिको सङ्क्रमणकालको अर्को सफल पक्ष भनेको नेकपा (माओवादी) को रूपान्तरण हो । जनयुद्धको बेला तत्कालीन राजनीतिक व्यवस्था (संसदीय प्रजातन्त्र र संवैधानिक राजतन्त्र) लाई धराशायी बनाउनु माओवादीको मुख्य लक्ष्य थियो । तर परिवर्तित परिस्थितिमा नेकपा (माओवादी) ले प्रतिस्पर्धात्मक बहुदलीय व्यवस्थामा आफ्नो नयाँ भूमिकालाई स्वीकार गरेको छ । जनयुद्धताका प्रकाशित नेकपा माओवादीसम्बन्धी लेख-रचनाहरू मुख्यतः उनीहरूको जनयुद्ध, यसको सुरुवात, यसको प्रकृति र यिनको सामाजिक सम्बन्ध आदिबारे केन्द्रित रहेका हुन्थे (महर्जन २०००; कार्की र सेडन २००३; थापा २००३; थापा र सिजापति २००३; मुनि २००३; उप्रेती २००४; हट २००५; पाठक २००५; आनेस्टो २००५; बराल २००६) । नेकपा माओवादीको सिद्धान्त र रणनीतिबारे गरिएको विश्लेषणबाट सरकार र माओवादीबीच बढ्दै गएको संघर्षको स्थिति अन्तमा कुनै एक पक्षको जित वा हारमा टुङ्गिने अनुमान गरिएको थियो । तर अहिले नेकपा माओवादीले आफूमा निकै परिवर्तन ल्याएको छ । हुन त यसका केही नीतिहरू अझै पनि दोधारे रहेका छन् र यसका गतिविधिहरू अझै चरम वामपन्थी देखिन्छन् तापनि मुख्य कुरा के हो भने यसले प्रतिस्पर्धात्मक शान्तिपूर्ण राजनीतिलाई अङ्गीकार गरिसकेको छ र बहुदलीय लोकतन्त्रप्रति प्रतिबद्धता जनाइसकेको छ ।

नेकपा माओवादीको रूपान्तरणमा अन्तर्राष्ट्रिय समुदाय खासगरी नेपालमा संयुक्त राष्ट्रसंघको मिसन (अनमिन) को ठूलो भूमिका रहेको छ । द्वन्द्वरूपान्तरण र हतियारव्यवस्थापन कार्यमा अनमिनले ठूलो सहयोग गरेको छ । सन् २००५ को नोभेम्बरमा सात राजनीतिक दल र नेकपा माओवादीबीच भएको १२ बुँदे समझदारी अनुरूप २६ मे २००६ देखि सुरु भएको वार्ता विभिन्न चरण पार गर्दै सन् २००६ को नोभेम्बरमा अन्तिम टुङ्गोमा पुग्यो । दुवै पक्षले विस्तृत शान्ति-सम्झौतामा हस्ताक्षर गरे । यस शान्ति-सम्झौतामा हतियारव्यवस्थापनका प्रक्रियाबारे उल्लेख गरिएको छ ।

संविधानसभाको निर्वाचनलाई शान्तिपूर्ण, निष्पक्ष र भयरहित वातावरणमा सम्पन्न गर्न र नेपाली सेनाको लोकतान्त्रीकरण तथा पुनर्संरचना गर्न निम्न कार्यहरू गरिनेछन्:

१. माओवादी लडाकूहरूलाई अस्थायी शिविरहरूमा पठाइनेछ। लडाकूहरूको प्रमाणीकरण र अनुगमन संयुक्त राष्ट्रसंघले गर्नेछ। नेपाली सेनालाई ब्यारेकभित्र सीमित राखिनेछ। तर यसले गर्दै आएका सीमा सुरक्षा, आरक्ष, निकुञ्ज, बैंक, विमानस्थल, विद्युत्‌गृह, टेलिफोन टावर, केन्द्रीय सचिवालय, विशिष्ट व्यक्तिहरूको सुरक्षालगायतका कामहरूलाई निरन्तरता दिइनेछ।
२. माओवादी शिविरको सुरक्षार्थ आवश्यक हातहतियार र गोलीगट्ठाबाहेक माओवादीका अन्य सबै हातहतियार शिविरभित्रै सुरक्षित भण्डारण गरिनेछ र एकल ताल्चा लगाई यसको साँचो सम्बन्धित पक्षले नै राख्नेछ। माओवादीतर्फबाट भण्डारण भएका हतियारको बराबरी संख्यामा नेपाली सेनाले पनि आफ्ना हतियारहरू सुरक्षित भण्डारण गर्ने र एकल ताल्चा लगाई साँचो सम्बन्धित पक्षले नै राख्नेछ।
३. अस्थायी शिविरमा रहेका माओवादी लडाकूहरूको रसदपानीलगायत अन्य आवश्यक व्यवस्था नेपाल सरकारले गर्नेछ।
४. माओवादी सेनाको रेखदेख, समायोजन र पुनर्स्थापनाका निम्ति अन्तरिम मन्त्रिपरिषद्‌ले विशेष सहमति बनाएर काम गर्नेछ। नेपाली सेनाको नियन्त्रण, परिचालन र व्यवस्थापन नयाँ सैनिक ऐनबमोजिम मन्त्रिपरिषद्‌ले गर्नेछ। मन्त्रिपरिषद्‌ले नेपाली सेनाको लोकतान्त्रीकरणका लागि विस्तृत कार्ययोजनाको तर्जुमा र कार्यान्वयन गर्नेछ।

अन्य मुलुक तथा अन्तर्राष्ट्रिय संघ-संस्थाहरूले पनि नेपालमा द्वन्द्वव्यवस्थापन तथा संविधानसभाको निर्वाचन सम्पन्न गराउन आआफ्ना गतिविधिमा वृद्धि गरेका छन्। सात राजनीतिक दल र नेकपा माओवादीबीच भएको १२ बुँदे समझदारीको स्वागत गर्दै राजतन्त्रप्रतिको आफ्नो धेरै अगाडिदेखिको दृष्टिकोणमा परिवर्तन गरी सातदल र नेकपा माओवादीलाई एकै थलोमा ल्याउन भारतले खेलेको सक्रिय भूमिका प्रशंसनीय छ। यसले भारतको भूमिकामा सन्देह राख्ने प्रवृत्तिमा कमी ल्याएको छ। नेपालको सङ्क्रमणकालमा सहयोग गर्ने अन्य प्रमुख राष्ट्रहरूमा संयुक्त राज्य अमेरिका, चीन, यूरोपियन युनियनका मुलुकहरू, जापान र संयुक्त अधिराज्य रहेका छन्।

सङ्क्रमणकालको प्रमुख लक्ष्य संविधानसभाको निर्वाचन हो र यसका निम्ति यी चुनौतीहरू उल्लेखनीय रहेका छन्: के नेकपा माओवादी आफ्नो नयाँ प्रतिबद्धता (बहुदलीय लोकतन्त्र) प्रति इमानदार छ ? के राजनीतिक दलहरू र समाजका विभिन्न वर्ग तथा समूहबीच गणतन्त्रप्राप्तिको लक्ष्यमा मतैक्य छ ? के नेपालीहरूले संविधानसभा निर्वाचनमा भाग लिनु अगावै संविधानसभा के हो भन्ने कुरा थाहा पाउलान् ? के देशको सुरक्षास्थिति स्वतन्त्र र निष्पक्ष निर्वाचन सम्पन्न गराउन उपयुक्त छ ? यिनै प्रश्नहरूले नै देशको हालको सङ्क्रमणकालका गतिविधिलाई प्रभाव पारिरहेका छन्।

## ४.२ हालको सङ्क्रमणकालीन राजनीतिको मुख्य लक्ष्यः संविधानसभाको निर्वाचन

नेपालमा संविधानसभाको निर्वाचनलाई ऐतिहासिक जिम्मेवारीकै रूपमा लिन सकिन्छ। देशमा पहिलो पटक प्रजातन्त्रको स्थापना भएकै दिन १८ फेब्रुवरी १९५१ मा संविधानसभाको निर्वाचन गर्ने घोषणा भएको थियो। त्यस बेलादेखि आधा शताब्दीसम्म थातीमा रहेको संविधानसभाको निर्वाचनको सवाललाई पुनः बिउँताउने र यस कुरालाई प्रायः छाडिसकेका राजनीतिक दलहरूलाई पुनः संविधानसभाको चुनाव गर्न सहमत गराउने श्रेय नेकपा माओवादीलाई दिनै पर्छ। नेकपा माओवादीले बहुदलीय प्रजातान्त्रिक व्यवस्थालाई

स्वीकारेका कारण राजनीतिक दलहरूले संविधानसभाको निर्वाचनको मागलाई समर्थन गरेका थिए । सन् २००६ मे महिनामा पुनःस्थापित प्रतिनिधि सभाको घोषणापछि सात राजनीतिक दल र नेकपा माओवादीबीच भएका हरेक सम्झौताहरूमा संविधानसभाको निर्वाचनलाई प्रमुख लक्ष्यको रूपमा उल्लेख गरिएको छ र यसरी संविधानसभाको निर्वाचनलाई महत्त्व दिइनु पनि औचित्यपूर्ण छ । संविधानसभाको निर्वाचनले मात्रै जनआन्दोलन-२ बाट प्राप्त उपलब्धिहरू र तत्पश्चात्का परिवर्तनहरूलाई वैधता र स्थायित्व प्रदान गर्दछ । राजनीतिकर्मीहरूले संविधानसभाको निर्वाचनबाट धेरै कुराको अपेक्षा राखेका छन् । यसलाई नयाँ नेपालमा जनचाहनाबमोजिमको शासन पद्धतिको सुरुवात र नेपालको निराशापूर्ण विगतबाट आशापूर्ण भविष्यतर्फको खुला ढोकाको रूपमा हेर्ने गरेको पनि देखिन्छ ।

संविधानसभाको चुनावलाई विभिन्न व्यक्तिले विभिन्न अर्थमा बुझेका छन् । यो सर्वेक्षणको क्रममा करिब ५९ प्रतिशत उत्तरदाताहरूले संविधानसभा के हो भन्नेबारे थाहा छैन भनेका छन् । जसलाई थाहा छ तीमध्ये दुई तिहाइ उत्तरदाताहरूले यसलाई नयाँ संविधान निर्माणको प्रक्रियाको रूपमा बुझेका छन् । प्रश्नावलीमा सोधिएको *आजकल धेरै मानिसहरूले संविधानसभाबारे कुरा गर्ने गरेका छन्, तपाईंको बुझाइमा संविधानसभाको चुनाव के हो?* भन्ने प्रश्नको जवाफमा १० प्रतिशतले Populism भनेर बुझेको र अर्को १० प्रतिशतले यसलाई शान्ति र द्वन्द्वनिराकरणसँग जोडेर बुझेको देखिन्छ । नौ प्रतिशतले यसलाई राजनीतिक संस्थाका रूपमा बुझेका छन् भने ४ प्रतिशतले 'सामाजिक परिवर्तन र विकास' एवम् अरू ४ प्रतिशतले 'राज्य पुनर्संरचना' भनेर बुझेको पाइन्छ ।

विधायिका सर्वेक्षणका ८५ प्रतिशत उत्तरदाताले संविधानसभालाई नयाँ संविधान निर्माणका लागि आवश्यक प्रक्रियाको रूपमा बुझेका छन् । ८ प्रतिशत विधायकहरूले यसलाई Populism को रूपमा लिएका छन् भने ४ प्रतिशतले राज्यपुनर्संरचना र २ प्रतिशतले राजनीतिक संस्थासँग सम्बद्ध गरेर बुझेको देखिन्छ । जनसाधारणले संविधानसभालाई कसरी बुझ्ने गरेका छन् भन्ने केही दृष्टान्तहरू तल प्रस्तुत गरिएका छन्:

> *मैले संविधानसभाको चुनावबारे अखबार पढेर, रेडियो सुनेर, टेलिभिजन हेरेर र विद्वान्हरूको कुराबाट थाहा पाएँ । मेरो विचारमा संविधानसभा भनेको राम्रो संविधान बनाउन चुनावबाट छानिएर जाने प्रतिनिधिहरूको एउटा सभा हो । संविधानसभाले जनताको इच्छालाई स्पष्ट पार्दछ । यसले देशलाई नयाँ बाटोमा हिँड्न मद्दत गर्दछ । म संविधानसभाको चुनावमा भोट खसाल्न जान इच्छुक छु ।"*
>
> – मायाकुमारी पौडेल, पर्वत

> *"मैले संविधानसभा के हो र यसबाट के फाइदा हुन्छ भनेर ठ्याक्कै भन्न त सक्दिनँ तर यसले नयाँ संविधान बनाउँछ भन्ने कुरा थाहा छ । नयाँ संविधान बनाएपछि अहिलेको द्वन्द्व समाप्त हुन्छ । यो सबैको लागि राम्रो हुन्छ।*
>
> – गोमा अधिकारी, भोजपुर

> *संविधानसभा भनेको राम्रो (असल) संविधान निर्माणको लागि भेला भएका विद्वान्हरूको समूह हुनुपर्दछ । यो निर्वाचित सभाले देशमा अशान्तिको सट्टामा शान्ति ल्याउन सक्यो भने सबै जनताको लागि राम्रो हुनेछ । त्यसैले गाउँका सबैलाई चुनावमा भाग लिन अभिप्रेरित गर्नुपर्दछ । ७० वर्ष नाघेको म बुढो चाँडै मर्छु होला तर मर्नुभन्दा अगाडि भोट हाल्न चाहन्छु ।*
>
> – पदमबहादुर लामिछाने, पर्वत

> *सबैले संविधानबारे कुरा गर्छन् तर धेरैले यसबारे बुझेका छैनन् । मलाई लाग्छ, सविधान सभाले देशमा गणतन्त्र ल्याउँछ । गणतन्त्र स्थापना भयो भने जग्गामा हदबन्दीको नियम लागू गरेर धनी र गरिब बराबर हुन्छन् ।*
>
> – उमाकान्त महरा, दाङ

समाजका सबै तह र वर्गका बहुसंख्यक उत्तरदाताहरूले संविधानसभाको निर्वाचनलाई नयाँ संविधान निर्माण गर्ने प्रक्रिया भनेर बुझेका छन् । तालिका नं. ४.१ का अनुसार संविधानसभालाई यस अर्थमा बुझ्नेहरूमा महिलाभन्दा बढी पुरुष, वृद्ध भन्दा बढी युवा र ग्रामीणभन्दा बढी सहरी रहेका छन् । त्यस्तै उत्तरदाताको शैक्षिक तह, जनसञ्चारमा पहुँचको तह, चेतनाको तह जति बढी छ उति नै बढी उनीहरूले संविधानसभाको

**तालिका ४.१**
**संविधानसभाको निर्वाचनलाई नयाँ संविधान निर्माण-प्रक्रिया भनी बुझ्ने**
*(प्राप्त बहुउत्तरलाई १०० प्रतिशतमा परिवर्तन गरिएको छ ।)*

| | | |
|---|---|---|
| | विधायक | ८५ |
| | जनसाधारण | ६३ |
| लिङ्ग | पुरुष | ६५ |
| | महिला | ५८ |
| उमेरसमूह | जवान | ६५ |
| | वृद्ध | ५२ |
| क्षेत्र | ग्रामीण | ६२ |
| | सहरी | ६५ |
| शैक्षिक स्तर | अशिक्षित | ५० |
| | उच्च शिक्षा हासिल | ७४ |
| सञ्चारमा पहुँच | सञ्चारमा पहुँच नभएका | ५८ |
| | सञ्चारमा धेरै पहुँच भएका | ७७ |
| सचेतता | सचेत नभएका | ५३ |
| | धेरै सचेत | ६७ |

निर्वाचनलाई संविधान निर्माणको प्रक्रियाको रूपमा बुझेको पाइन्छ । शिक्षा, सचेतता र सञ्चारमा पहुँचका दृष्टिले पछाडि परेका समूहमा पर्नेहरूमध्ये क्रमशः ५० प्रतिशत, ५३ प्रतिशत र ५८ प्रतिशतले मात्र यसलाई सही अर्थमा बुझेका छन् ।

संविधानसभाको निर्वाचनपछि देश सङ्क्रमणको अर्को चरणमा प्रवेश गर्दछ । नागरिक सर्वेक्षण र विधायक सर्वेक्षणका उत्तरदाताहरूले यस निर्वाचनले उनीहरूले चाहेजस्तो नेपालको भविष्य निर्माण हुने अपेक्षा राखेका छन् ।

निर्वाचनबाट शान्तिको अपेक्षा राख्ने उत्तरदाताको संख्या ४५ प्रतिशत रहेको छ। त्यस्तै ३५ प्रतिशतले आर्थिक विकासको आशा गरेका छन् भने १० प्रतिशतले नयाँ राजनीतिक संरचनाको, ५ प्रतिशतले राज्य पुनर्संरचनाको र ३ प्रतिशतले सामाजिक परिवर्तनको अपेक्षा राखेका छन् ।

संविधानसभाको निर्वाचनबाट जनसाधारणले राखेका अपेक्षा विधायकहरूका अपेक्षाभन्दा धेरै फरक छन् । विधायकहरूमध्ये ४९ प्रतिशतले राज्य पुनर्संरचनाको र ३८ प्रतिशतले नयाँ राजनीतिक संरचनाको अपेक्षा राखेको बताए भने जनसाधारणले यसमा खासै चासो देखाएनन् । धेरैजसो विधायकहरूले राज्यको लोकतान्त्रीकरण र राजनीतिक भविष्यलाई महत्त्व दिए भने नागरिक सर्वेक्षणका उत्तरदाताहरूले विकासका साथै देशमा शान्ति छाएको हेर्न चाहेको बताए । यस सर्वेक्षणमा मात्र नभई सन् २००४ को सर्वेक्षणका उत्तरदाताहरूले समेत देशमा शान्तिको स्थापनालाई जोड दिएका थिए । त्यस्तै जनआन्दोलन-२ को सफलताबाट समेत जनताले शान्तिको अपेक्षा प्रमुख रूपमा राखेको देखिन्छ। यसबाट जनयुद्धले जनमानसमा गहिरो चोट पुऱ्याएको र त्यो घाउलाई जनताले चाँडै पुर्न चाहन्छन् भन्ने कुरा स्पष्ट हुन्छ। साथै उनीहरूले अब विगतका घटनालाई बिर्सने मात्र होइन देशको भविष्य पनि उज्ज्वल हुँदै जानु जरुरी छ भन्ने पनि बुझेका छन् ।

नागरिक सर्वेक्षणका सबै वर्ग, तह वा समूह (महिला र पुरुष, युवा र वृद्ध, शिक्षित र अशिक्षित आदि) ले संविधानसभाको निर्वाचनबाट विकास र शान्तिको अपेक्षा राखेका छन् । पिछडिएका समूहका जस्तै सचेत नभएका समूहका ४८ प्रतिशतले विकासलाई प्राथमिकता दिएका छन् भने ४१ प्रतिशतले शान्तिलाई प्राथमिकता दिएका छन् । त्यस्तै सबैभन्दा गरिब समूह मधेसी दलितमध्ये ३७ प्रतिशतले विकासलाई र २३.५

**तालिका ४.२**
**संविधानसभाबाट राखिएका अपेक्षा**

| | | शान्ति | विकास | नयाँ राजनीतिक संगठन | राज्य पुनर्संरचना |
|---|---|---|---|---|---|
| विधायिका सर्वेक्षण | विधायकहरू | ७ | ३ | ३८ | ४९ |
| नागरिक सर्वेक्षण | जनसाधारण | ४५ | ३५ | १० | ५ |
| लिङ्ग | पुरुष | ३८ | ३३ | १२ | ७ |
| | महिला | ४४ | ३१ | ६ | - |
| उमेरसमूह | युवा | ४२ | ३२ | ९ | ५ |
| | वृद्ध | ३९ | ३० | ७ | २ |
| क्षेत्र | ग्रामीण | ३९ | ३४ | ९ | ५ |
| | सहरी | ५० | २४ | १२ | ४ |
| शिक्षा | निरक्षर | ३८ | ३३ | ५ | २ |
| | उच्च शिक्षित | ३८ | २७ | १८ | ९ |
| सञ्चारमा पहुँच | पहुँच नभएका | ४३ | ४१ | ७ | ३ |
| | धेरै पहुँच भएका | ४४ | २५ | १८ | १० |
| सचेतता | सचेत नभएका | ४१ | ४८ | ५ | २ |
| | धेरै सचेत | ४४ | ३२ | १३ | ७ |

प्रतिशतले शान्तिलाई प्राथमिकता दिएका छन् । तर केही पिछडिएका समूहका उत्तरदाताले संविधानसभाको निर्वाचनबाट केही कुराको आश नराखेको बताए; यसमा महिला (११ प्रतिशत), वृद्ध (१५ प्रतिशत), अशिक्षित (१७ प्रतिशत), मधेसी उच्च जातका (१६ प्रतिशत) र दलित (१९ प्रतिशत) रहेका छन् । यिनैमध्येका केही समूह (वृद्ध, अशिक्षित, मधेसी उच्चजातका र दलित) ले नेपालमा गणतन्त्र आउनुभन्दा राजतन्त्रको निरन्तरतालाई नै रुचाएका छन् । सारांशमा राजतन्त्र मन पराउनेहरूले नै संविधानसभाको निर्वाचनबाट केही कुराको आशा नराखेको पाइयो ।

## ४.३. गणतन्त्रका पक्षमा जनसमर्थन वृद्धि भएको

जनआन्दोलन-२ भन्दा अगाडि नेपालमा राजाको सक्रिय शासन चलेको थियो । राजनीतिक दलहरूले सकेसम्म राजासँग सम्झौता गरेर लोकतन्त्रलाई पुनर्बहाली गराउन चाहेका थिए तर राजाले वास्ता गरेनन् । फलस्वरूप दलहरू अर्को वैकल्पिक बाटो पक्रन वाध्य भए । सन् २००५ फेब्रुवरीमा सैनिक बलमा गरिएको शाही 'कू' पछि यी दलहरूले संवैधानिक राजतन्त्रलाई तिलाञ्जली दिए र लामो समयदेखि गणतन्त्रका लागि युद्धरत नेकपा माओवादीसँग सम्झौता गर्न पुगे । नेकपा एमालेले देशमा लोकतान्त्रिक गणतन्त्रको स्थापनालाई आफ्नो मुख्य लक्ष्यको रूपमा घोषणा गऱ्यो भने नेपाली कांग्रेसले आफ्नो विधानबाट 'संवैधानिक राजतन्त्र' शब्द नै हटाइदियो । २००१ जूनमा भएको राजदरबार हत्याकाण्डपछि गद्दीनसिन राजा ज्ञानेन्द्रलाई जनताले मन पराएका थिएनन् । उक्त घटनापछि राजा र उनका छोरालाई दरबार हत्याकाण्डमा मुछेर हेर्न थालियो र 'राजा' र राजसंस्थालाई पहिलेजस्तो सम्मान प्राप्त हुन सकेन । यी प्रमुख घटनाहरूका कारण देशमा राजसंस्था अलोकप्रिय हुँदै गएको थियो ।

२००७ को यस नागरिक सर्वेक्षणमा ५९ प्रतिशतले गणतन्त्रको चाहना राखेको पाइयो भने ४१ प्रतिशत उत्तरदाताले 'राजतन्त्र' लाई रोजेको पाइयो । तर विधायिका सर्वेक्षणमा 'गणतन्त्र' को पक्षमा मत जाहेर गर्नेको संख्या अत्यधिक रह्यो । ८४ प्रतिशत विधायिका उत्तरदाताहरूले गणतन्त्र चाहेका छन् भने ६ प्रतिशत मात्रले राजतन्त्रको निरन्तरतामा आफ्नो मत जाहेर गरेका छन् । मुख्य गरी नेपाली कांग्रेसका ९ प्रतिशत

विधायकहरूले अस्पष्ट उत्तर दिएका छन् (त्यतिबेला नेपाली कांग्रेस पार्टी आफैँ पनि यस विषयमा स्पष्ट भइसकेको थिएन) ।

**तालिका ४.३**
**राजतन्त्रको भविष्यबारे नागरिकहरूको मत**

| | | गणतन्त्र | राजतन्त्र |
|---|---|---|---|
| विधायिका सर्वेक्षण | विधायकहरू | ८४ | ६ |
| नागरिक सर्वेक्षण | नागरिकहरू | ५९ | ४१ |
| उमेरसमूह | जवान | ६८ | ३२ |
| | वृद्ध | ३८ | ६२ |
| क्षेत्र | ग्रामीण | ६० | ४० |
| | सहरी | ४९ | ५१ |
| शिक्षा | निरक्षर | ४२ | ५८ |
| | उच्च शिक्षित | ७१ | २९ |
| सञ्चारमा पहुँच | पहुँच नभएका | ४६ | ५४ |
| | धेरै पहुँच भएका | ७४ | २६ |
| सचेतता | सचेत नभएका | ३० | ७० |
| | धेरै सचेत | ७२ | २८ |
| पहाडी | उच्च जाति | ६२ | ३८ |
| | जनजाति | ६० | ४० |
| | दलित | ६० | ४० |
| मधेसी | उच्च जाति | ४८ | ५२ |
| | जनजाति | ६२ | ३८ |
| | दलित | ४७ | ५३ |
| | मुस्लिम | ४९ | ५१ |

देशमा गणतन्त्र स्थापना गर्ने सवालमा विभिन्न समूहका उत्तरदाताहरू विभाजित छन् (तालिका ४.३ हेर्नुहोस्) । उमेर, शिक्षा, सञ्चारमा पहुँच, सामाजिक स्थितिका हिसाबले अगाडि परेका समूहले 'गणतन्त्र' प्रति आफ्नो अभिमत जाहेर गरेका छन् भने अन्य प्रतिकूल समूहका नागरिक उत्तरदाताले 'राजतन्त्र' मा आफ्नो मत व्यक्त गरेका छन् । बहुसंख्यक सहरवासीले 'राजतन्त्र' रहनुपर्ने आफ्नो विचार राखेका छन् । राजसंस्थाबारे दुई विपरीत विचारको प्रतिनिधित्व तल उल्लिखित दुई फरक भनाइले सङ्केत गर्दछन्-

*सामन्ती सरकारको विरोधमा आठ पार्टीहरू (नेकपा माओवादीसमेत) मिलेर जनआन्दोलन-२ सुरु गरे । तर जनआन्दोलन-२ सफल भएपछि पनि राजा दरबारमै रहेका छन् । नेपालको लागि राजा ठीक छैन, वास्तवमा यो विकासको निम्तिवाधक बनेको छ । धनी र गरिबबीचको दूरी बढाउने, जातविभाजनद्वारा भेदभाव बढाउने र महिलाहरूलाई दास बनाउनेमा यसको प्रमुख भूमिका रहेको छ, त्यसैले यसलाई हटाउनै पर्छ । अहिलेका सचेत नागरिकहरूले जनताको भलो नचिताउने, आफू र आफ्नै परिवारको मात्र भलो सोच्ने र विकासको बाधक बनेका राजालाई कहिल्यै स्वीकार्दैनन् । त्यसैले देशका लागि राजाबिनाको पूर्ण प्रजातन्त्र अपरिहार्य भएको छ ।*

– उमाकान्त महरा, दाङ

*राजा चाहिन्छ । हाम्रो देश जात, धर्म, जनजाति, सामाजिक तथा भौगोलिक रूपमा भिन्न रहेको समूहहरूको वासस्थल हो । यिनीहरूबीच जात र धर्मका नाममा झैझगडा हुन नदिनका लागि पनि राजा चाहिन्छ । राजाले*

*मात्र हामीबीच एकता कायम राख्न सक्छन् । धेरै पहिलेदेखि रहँदै आएको राजसंस्थालाई निरन्तरता दिनुपर्दछ । राजालाई हटायो भने देशमा अनिश्चितताको स्थिति आउँछ र स्थिति अझ खराब हुन्छ ।*

– रेमलाल पुन, दाङ

नागरिक सर्वेक्षणबाट प्राप्त आँकडालाई सरसर्ती हेर्दा जवानहरूमध्ये ६८ प्रतिशतले गणतन्त्र रोजेका छन् भने ६२ प्रतिशत वृद्धहरूले राजतन्त्रलाई रोजेका छन् । ६० प्रतिशत ग्रामीण बासिन्दाले गणतन्त्र चाहेका छन् भने ५१ प्रतिशत सहरबासीले राजतन्त्रलाई चाहेको देखिन्छ । त्यस्तै पिछडिएका समूहका अशिक्षितहरूमध्ये ५८ प्रतिशतले र सञ्चारमा पहुँच नभएकामध्ये ७० प्रतिशतले राजतन्त्रको निरन्तरता चाहेका छन् भने अगाडि परेका समूहमध्येका उच्चशिक्षा हासिल गरेकाहरूले ७१ प्रतिशत र सञ्चारमा धेरै पहुँच भएकामध्ये ७२ प्रतिशतले गणतन्त्रलाई रोजेका छन् । बहुसंख्यक पहाडियाहरूले गणतन्त्रप्रति आफ्नो मत राखेका छन् तर तराई समुदायका ४ समूहमध्ये तीन समूह (उच्च जात, दलित र मुस्लिम) ले राजतन्त्रको चाहना राखेका छन् । मधेसी जनजाति (६२ प्रतिशत) ले भने स्पष्ट रूपमा गणतन्त्र चाहेको बताए ।

सर्वेक्षणअनुसार नेपालमा गणतन्त्र स्थापना हुनुपर्ने सवालमा राजनीतिक दलका सदस्यहरूबीच मतैक्य रहेको छ । तर राष्ट्रिय प्रजातन्त्र पार्टी र तराईका नवोदित पार्टी मधेसी जनअधिकार फोरमका सदस्यहरू अपवादमा रहेका छन् । सन् २००७ को सर्वेक्षणको छनोटमा परेका ४,०८९ जना उत्तरदाताहरूमध्ये ९३४ जनाले आफूहरू एक वा अर्को राजनीतिक दलसँग सम्बद्ध रहेको बताएका थिए । राष्ट्रिय प्रजातन्त्र पार्टीसँग सम्बद्धता जनाउनेमध्ये ७० प्रतिशतले राजतन्त्रको निरन्तरता चाहेको बताए । तर राष्ट्रिय प्रजातन्त्र पार्टीका विधायकहरूमध्ये एक तिहाइले मात्र राजतन्त्र रहनुपर्नेमा आफ्नो मत जाहेर गरे । बाँकीमध्ये एक तिहाइले गणतन्त्र चाहेको बताए भने अर्को एक तिहाइले स्पष्ट उत्तर दिन चाहेनन् । मधेसी जनअधिकार फोरम औपचारिक रूपमा गणतन्त्रको पक्षमा रहे तापनि यससँग सम्बद्ध बहुसंख्यक उत्तरदाताले राजतन्त्र चाहेका छन् । यिनीहरूजस्तै बहुसंख्यक मधेसी नागरिक उत्तरदाताले पनि राजतन्त्रको निरन्तरता नै चाहेका छन् ।

यीबाहेक अन्य राजनीतिक दलसँग सम्बद्ध नागरिक उत्तरदाता तथा राजनीतिक दलका विधायकहरूले गणतन्त्रमा समर्थन जनाएका छन् । नागरिक उत्तरदाताहरूमा नेकपा माओवादी सम्बद्धमध्ये १०० प्रतिशतले, नेपाल सद्भावना पार्टीका ८१ प्रतिशतले, नेपाल कम्युनिष्ट पार्टी (एमाले)को ७२ प्रतिशतले र नेपाली कांग्रेसका ६४ प्रतिशतले गणतन्त्रको पक्षमा मत व्यक्त गरेका छन् । गणतन्त्रको पक्षमा मत दिने विभिन्न दलको प्रतिनिधित्व गर्ने विधायकहरूको अनुपातलाई हेर्दा माओवादीको १०० प्रतिशत, नेकपा एमालेको ९७ प्रतिशत, नेपाल सद्भावना पार्टीको ८३ प्रतिशत र नेपाली कांग्रेसको ५४ प्रतिशत रहेको देखिन्छ । नेपाली कांग्रेसका ३५ प्रतिशत विधायक उत्तरदाताले स्पष्ट जवाफ दिन चाहेनन् । गणतन्त्रको पक्षमा मत दिने विषयमा नेपाली कांग्रेस पार्टीसँग सम्बद्ध नागरिक र विधायक समूहको संख्या तुलनात्मक रूपमा कम देखिएको छ, जुन अप्रत्याशित भने होइन । किनभने त्यतिबेला (यो सर्वेक्षण सञ्चालनको समय) सम्म नेपाली कांग्रेस पार्टी आफै अनिर्णित स्थितिमा थियो । यसले आफ्नो विधानबाट 'संवैधानिक राजतन्त्र' लाई हटाउने निर्णय गरिसकेको थियो तर धेरै पहिलेदेखि लिँदै आएको संवैधानिक राजतन्त्रको दृष्टिकोणलाई त्यागेर पूर्णरूपले गणतन्त्रको पक्षमा जाने विषयमा स्पष्ट धारणा राख्न सकेको थिएन ।

सन् २००४ पछिको ३ वर्षको अवधिमा गणतन्त्रात्मक राज्यव्यवस्थाको माग गर्ने जनताको संख्या उल्लेखनीय ढङ्गले बढेको देखिन्छ । सन् २००४ को नागरिक सर्वेक्षणमा गणतन्त्रात्मक राज्यको पक्षमा विचार राख्नेहरूको संख्या १५ प्रतिशत मात्र रहेकोमा २००६ मेमा एनसीसीएस गरेको सर्वेक्षणमा यो संख्या ५१ प्रतिशत पुगेको थियो भने २००७ का यस सर्वेक्षणमा यो संख्या ५९ प्रतिशत पुगेको छ ।

तालिका ४.५ मा दिइएको तथ्याङ्कअनुसार सर्वेक्षणका उत्तरदाताका सबै समूह महिला र पुरुष, सहरी र ग्रामीण, शिक्षित र अशिक्षित, पहाडी र मधेसी आदिमा गणतन्त्रको पक्षमा मत व्यक्त गर्नेको संख्या उल्लेखनीय रूपमा बढेको देखिन्छ । मुस्लिम समुदायमा यो दर सबभन्दा कम २४ प्रतिशत रहेको छ भने सबैभन्दा उच्चदर युवासमूह (४९ प्रतिशत) ले कायम गरेको छ ।

**तालिका ४.४**
**गणतन्त्र र राजतन्त्रप्रति राजनीतिक दलको अभिमत**

| | | गणतन्त्र | राजतन्त्र | अस्पष्टता |
|---|---|---|---|---|
| सबै | विधायकहरू | ८४ | ६ | ९ |
| | जनसाधारण | ५९ | ४१ | – |
| नेपाली कांग्रेस | विधायकहरू | ५४ | ११ | ३५ |
| | सम्बद्ध नागरिक | ६४ | ३६ | – |
| नेकपा एमाले | विधायक | ९७ | ३ | – |
| | सम्बद्ध नागरिक | ७२ | २८ | – |
| नेकपा माओवादी | विधायक | १०० | ० | – |
| | सम्बद्ध नागरिक | १०० | ० | – |
| रा.प्र.पा. | विधायक | ३३ | ३३ | ३४ |
| | सम्बद्ध नागरिक | ३० | ७० | – |
| नेपाल सद्भावना पार्टी | विधायक | ८३ | १७ | – |
| | सम्बद्ध नागरिक | ८१ | १९ | – |
| मधेसी जनअधिकार फोरम | विधायक | – | – | – |
| | सम्बद्ध नागरिक | ४७ | ५३ | – |

केही विश्लेषकहरूले राजसंस्थाको लोकप्रियतामा ह्रास आउनाका कारणहरूमध्ये २००१ को राजदरबार हत्याकाण्ड, सन् २००२ र २००५ मा राजाद्वारा गरिएको राजनीतिक हस्तक्षेप र जनतामाझ वर्तमान राजा र युवराजको नकारात्मक छविलाई लिएका छन् । तर यस सर्वेक्षणमा राजतन्त्र अलोकप्रिय हुनाका कारण भिन्न पाइएको छ । गणतन्त्रको पक्षमा मत व्यक्त गर्ने उत्तरदातामध्ये ५० प्रतिशतले सिद्धान्तको आधारमा राजतन्त्रलाई नकारेको देखिन्छ । *तपाईं गणतन्त्रको पक्षमा हुनुहुन्छ भने राजतन्त्र हटाउनुपर्नाको मुख्य कारण के हो ?* भन्ने प्रश्नको उत्तरमा यिनीहरूले म जनताले शासन गरेको सरकार चाहन्छु भनेका थिए । त्यस्तै १७ प्रतिशतले अहिलेको युगमा राजाको आवश्यकता छैन भनेका थिए । २४ प्रतिशतले दरबार हत्याकाण्डका कारण गणतन्त्रलाई रोजेको बताए भने ९ प्रतिशतले वर्तमान राजा र युवराजको नकारात्मक छविका कारणले राजतन्त्र हटाउनुपर्ने विचार व्यक्त गरे । देशमा साँच्चै जनताद्वारा शासित प्रजातान्त्रिक व्यवस्था स्थापित गर्न राजतन्त्र वाधक छ भन्ने कुरा जनताले महसुस गरेका छन् । जनआन्दोलन-२ को सफलता र यसपछि देशमा आएको राजनीतिक वातावरणले यस कुरालाई थप पुष्टि गरेको छ । यी बहुसंख्यक उत्तरदाताहरूको गणतन्त्रात्मक व्यवस्थाका पक्षमा व्यक्त धारणालाई राजदरबार हत्याकाण्ड वा राजा र युवराजको नकारात्मक छविले त्यति ठूलो असर पारेको देखिँदैन ।

विधायिका सर्वेक्षणका ९४ प्रतिशत उत्तरदाताहरूले सिद्धान्तका आधारमा राजतन्त्रलाई अस्वीकार गरेका छन् । यिनीहरूले राजतन्त्रलाई अस्वीकार गर्नका मुख्य चार कारणहरू दिएका छन्: (१) जनताको सरकार स्थापना गर्न (५१ प्रतिशतले), (२) राजतन्त्र पुरानो व्यवस्था भएको (३० प्रतिशतले), (३) सामन्ती प्रथा निर्मूल पार्न (९ प्रतिशतले) र (४) प्रजातन्त्र र राजतन्त्र एकअर्कासँग मेल नखाने (४ प्रतिशतले) । यी उत्तरदाताहरूले गणतन्त्रको पक्षमा आफ्नो मत व्यक्त गर्नुमा राजदरबार हत्याकाण्ड र राजा र उनका छोराको नकारात्मक छविलाई कारक तत्त्व मानेका छैनन् ।

राजतन्त्र अथवा राजतन्त्रात्मक व्यवस्थाको पक्षमा मत व्यक्त गर्ने उत्तरदाताहरूले पनि यसका आधारहरू फरक फरक बताएका छन् । त्यस्ता आधारहरूमा (१) राजतन्त्रले परम्परालाई निरन्तरता दिने र देशमा स्थिरता कायम गर्ने, (२) हिन्दू धर्मको संरक्षक भएको र (३) राष्ट्र र राष्ट्रिय एकताको प्रतीक भएको जस्ता रहेका छन् । तर जनआन्दोलन-२ पछि देशमा आएको गणतान्त्रिक वातावरणका कारण राजतन्त्र रहनैपर्ने पक्षका आधारहरू बिस्तारै हराउँदै जान थालेको देखिन्छ ।

**तालिका ४.५**
**गणतन्त्रात्मक व्यवस्थाप्रतिको अभिमत र वृद्धिदर**

| | | २००४ | २००७ | वृद्धिदर |
|---|---|---|---|---|
| नागरिक सर्वेक्षण | जनसाधाण | १५ | ५९ | + ४४ |
| लिङ्ग | पुरुष | १९ | ६६ | + ४७ |
| | महिला | १० | ५१ | + ४१ |
| उमेरसमूह | युवा | १९ | ६८ | + ४९ |
| | वृद्ध | १० | ३८ | + २८ |
| क्षेत्र | ग्रामीण | १६ | ६० | + ४४ |
| | सहरी | १३ | ४९ | + ३६ |
| भौगोलिक स्थिति | हिमाल | २१ | ६१ | + ४० |
| | पहाड | १४ | ५९ | + ४५ |
| | तराई | १६ | ५८ | + ४२ |
| विकासक्षेत्र | पूर्वाञ्चल | १४ | ५७ | + ४३ |
| | मध्यमाञ्चल | १२ | ५४ | + ४२ |
| | पश्चिमाञ्चल | २० | ६२ | + ४२ |
| | मध्य पश्चिमाञ्चल | १९ | ६१ | + ४२ |
| | सुदूर पश्चिमाञ्चल | १९ | ७३ | + ५४ |
| शिक्षा | निरक्षर | ९ | ४२ | + ३३ |
| | उच्च शिक्षित | ३० | ७१ | + ४१ |
| पहाडी | उच्च जात | १४ | ६२ | + ४८ |
| | जनजाति | १८ | ६० | + ४२ |
| | दलित | १९ | ६० | + ४१ |
| मधेसी | उच्च जात | १६ | ४८ | + ३२ |
| | जनजाति | १६ | ६२ | + ४६ |
| | दलित | १९ | ४७ | + २८ |
| | मुस्लिम | २५ | ४९ | + २४ |

## ४.४ नेकपा (माओवादी)को बहुदलीय लोकतान्त्रिक व्यवस्थामा रूपान्तरणका प्रति जनताको आशङ्का

नेकपा माओवादी देशमा शान्तिस्थापनार्थ क्रियाशील रहेको छ र सोहीअनुरूप यसले रूपान्तरणका लागि विभिन्न चरणहरू पार गर्दै आएको छ । सात राजनीतिक दलसँग १२ बुँदे समझदारी पत्रमा हस्ताक्षर गर्नु, लोकतन्त्रको स्थापनाका निम्ति गरिएको जनआन्दोलन-२ मा अन्य राजनीतिक दलहरूसँग कार्यगत एकता गर्नु, युद्धविराममा सहमति जनाउनु, सात राजनीतिक दलहरूसँग औपचारिक अनौपचारिक वार्तामा सम्मिलित हुनु, विस्तृत शान्ति-सम्झौतामा हस्ताक्षर गर्नु, हातहतियार व्यवस्थापनका लागि संयुक्त राष्ट्रसंघलाई बोलाउनमा सहमति जनाउनु र नेपालमा अनमिनको गतिविधिलाई स्वीकार्नु रूपान्तरणका महत्त्वपूर्ण पक्ष हुन् । यी केही उदाहरणहरू मात्र हुन् जसले नेकपा माओवादी बहुदलीय प्रतिस्पर्धात्मक व्यवस्थामा रूपान्तर हुँदै गएको देखाउँछन् । तर त्यसमा शङ्का गर्नेहरूको पनि कमी छैन । तल उद्धृत दुई भनाइहरूले यसको सङ्केत गर्दछन्:

*हाम्रो पार्टीले '२१ औं शताब्दीमा लोकतन्त्रको विकासको दस्तावेज' लाई पारित गरी एक नयाँ प्रस्तावलाई अघि सारेको छ । यसमा सबभन्दा महत्त्वपूर्ण कुरा भविष्यमा निर्माण हुने समाजवादी राज्यसंरचनामा पनि बहुदलीय प्रजातान्त्रिक प्रतिस्पर्धात्मक पद्धतिलाई स्वीकार्नु रहेको छ । यसलाई समाजवादी प्रजातन्त्रको विकासको दिशामा अग्रगामी पाइलाको रूपमा लिएका छौं ।*

– प्रचण्ड, नेकपा माओवादीका अध्यक्षले *हिन्दूस्तान टाइम्स*, लिडरसिप समिट २००७ मा दिएको भाषणको अंश

*नेकपा माओवादी शान्ति-प्रक्रियामा सामेल भइसकेको छ र यसले संसद् र सरकारमा समेत सामेल भई शक्ति साझेदारीमा आफ्नो उपस्थिति जनाइसकेको छ । तर पनि यसको रूपान्तरणका बारेमा केही भनिहाल्ने बेला भएको छैन । यो विद्रोहबाट सिर्जित एक अति वामपन्थी पार्टी हो र यस्ता पार्टीहरूले छिटो परिवर्तन र परिणाम चाहेका हुन्छन् । लम्बिँदै गएको सङ्क्रमण काल र परिवर्तनका प्रक्रियागत ढिलाइका कारण यस राजनीतिक पार्टीका कार्यकर्ताहरू निराश बन्दै गएका छन् । माओवादीप्रति जनता पहिलेजस्तो आशावादी तथा विश्वस्त देखिँदैनन् । जनताबीच यसको लोकप्रियता घटेको छ । यसको राजनीतिक प्रभाव चुनौतीपूर्ण रहेको छ । जनतामाथि आफ्नो राजनीतिक प्रभावलाई संविधानसभाको निर्वाचनद्वारा पुनःस्थापित गर्न गाह्रो हुनेमा यसले अनुमान लगाइसकेको छ । त्यसैले यो पार्टी संविधानसभाको निर्वाचनको परिणामप्रति उत्साहित देखिँदैन । नेकपा माओवादीले अहिले पनि आफ्नो उद्देश्यपूर्तिका लागि दुवै विकल्प खुल्ला राखेको छ– शान्ति-प्रक्रियाको बाटो अपनाउने वा यसबाट नभएमा अर्को बाटो अपनाउने । यसरी माओवादी आफ्नो रूपान्तरणप्रति आफैं विश्वस्त छैन ।*

– शंकर पोखरेल, नेकपा एमालेका केन्द्रीय सदस्य

यस सर्वेक्षणका कुल ४,०८९ नागरिक उत्तरदाताहरूमध्ये ६६ प्रतिशतले नेकपा माओवादीले बहुदलीय प्रजातान्त्रिक व्यवस्थालाई स्वीकारेको विषयमा जानकारी राखेका छन् । त्यसमध्ये दुई तिहाइले माओवादी आफ्नो परिवर्तित सिद्धान्तमा अडिग रहन्छ भनेका छन् भने एक तिहाइले यस विषयमा आशङ्का व्यक्त गरेका छन् । नागरिक सर्वेक्षणका ६७ प्रतिशतले माओवादीको राजनीतिक पार्टीमा भएको रूपान्तरणलाई स्वागत गरेका छन् भने नेकपा माओवादीप्रति विश्वास राख्नेहरू ४९ प्रतिशत मात्र छन् । उपर्युक्त तथ्याङ्कले के जनाउँछ भने कुनै एक दलमाथिको विश्वास र त्यस दलको सिद्धान्त फरक फरक कुरा हुन् । जनताको विश्वासले पार्टीको समग्रतालाई लक्षित गरेको हुन्छ तर पार्टीको सिद्धान्त समग्रताको एक पक्ष मात्र हो । तर यी दुई तत्त्वबीच अन्तर्सम्बन्ध पनि रहेको हुन्छ ।

विधायिका उत्तरदातामध्ये ७३ प्रतिशतले नेकपा माओवादीको बहुदलीय प्रजातन्त्रप्रतिको प्रतिबद्धतालाई स्वीकार गरेका छन् भने २७ प्रतिशतले माओवादीको यस प्रतिबद्धताप्रति शङ्का व्यक्त गरेका छन् । तर जहाँसम्म नेकपा (माओवादी) लाई विश्वास गर्ने कुरा छ त्यसमा नागरिक उत्तरदाताहरू (४९ प्रतिशत) ले भन्दा बढी विधायकहरू (५४ प्रतिशत) ले माओवादीप्रति विश्वास राखेका छन् । विश्वासको मतमा यी दुई समूहबीच फरक देखिएको छ तर दुवै समूहले नेकपा माओवादीको रूपान्तरणलाई सराहना गरेका छन् ।

तालिका नं. ४.६ मा दिइएका तथ्याङ्कलाई दृष्टिगत गर्दा सर्वेक्षणका उत्तरदातामध्ये मधेसी समूहबाहेक अन्य समूह (महिला र पुरुष, निरक्षर र उच्च शिक्षित, ग्रामीण र सहरी क्षेत्रका बासिन्दा, युवा र वृद्ध) का बहुसंख्यक नेकपा माओवादीको रूपान्तरण हुने, यसले बहुदलीय लोकतान्त्रिक पद्धतिलाई स्वीकार्ने र यसप्रति इमानदार रहिरहने कुरामा आश्वस्त देखिन्छन् । त्यस्तै पहाडी र हिमाली भेगका उत्तरदाताहरू तथा मध्य पश्चिमाञ्चल र सुदूर पश्चिमाञ्चल क्षेत्रका अधिकांश उत्तरदाताहरूले पनि माओवादीको रूपान्तरणप्रति विश्वास रहेको बताएका छन् । साथै यिनीहरूले नेकपा माओवादीप्रति आफ्नो विश्वास रहेको पनि बताए । तर यिनका तुलनामा माओवादीप्रति विश्वास राख्ने तराई क्षेत्र, पूर्वाञ्चल, मध्यमाञ्चल र पश्चिमाञ्चल विकास क्षेत्रका उत्तरदाताहरूको संख्या कम रहेको छ ।

उत्तरदाताका विभिन्न समूहमध्ये वृद्धभन्दा बढी युवाहरूले माओवादीप्रति आफ्नो विश्वास रहेको बताए । ग्रामीण क्षेत्रका आधाआधी उत्तरदाताहरूले माओवादीप्रति विश्वास व्यक्त गरे भने सहरी क्षेत्रका ६० प्रतिशतले भने माओवादीप्रति विश्वास नरहेको बताए । सञ्चारमा धेरै पहुँच भएका समूह र धेरै सचेत वर्गका अधिकांश व्यक्तिहरू माओवादीप्रति सकारात्मक रहेको देखिए तर सञ्चारमा कम पहुँच भएका र कम सचेत वर्गका अधिकांशले माओवादीप्रति अविश्वास व्यक्त गरेका छन् । त्यस्तै माओवादीप्रति विश्वास गर्नेमा मधेसी

**तालिका ४.६**
**नेकपा माओवादीप्रति विश्वास र यसको रूपान्तरणका विषयमा जनधारणा**

| | | बहुदलीय व्यवस्थाप्रति प्रतिबद्ध रहने | | | नेकपा माओवादीप्रति विश्वास राख्ने | | |
|---|---|---|---|---|---|---|---|
| | | अति विश्वास | विश्वास | दुवैको योगफल | धेरै मात्रामा | केही मात्रामा | दुवैको योगफल |
| विधायिका सर्वेक्षण | विधायकहरू | २३ | ५० | ७३ | २८ | २६ | ५४ |
| नागरिक सर्वेक्षण | जनसाधाण | ११ | ५६ | ६७ | ११ | ३८ | ४९ |
| लिङ्ग | पुरुष | १२ | ५४ | ६६ | ११ | ३९ | ४९ |
| | महिला | १० | ५८ | ६८ | १० | ३८ | ४८ |
| उमेरसमूह | युवा | १० | ५५ | ६५ | ११ | ४२ | ५३ |
| | वृद्ध | ८ | ५४ | ६२ | ११ | ३० | ४१ |
| क्षेत्र | ग्रामीण | १२ | ५५ | ६६ | ११ | ३९ | ५० |
| | सहरी | ७ | ६२ | ६९ | ६ | ३५ | ४१ |
| भौगोलिक स्थिति | हिमाल | ११ | ६३ | ७४ | २३ | ३१ | ५४ |
| | पहाड | १२ | ६४ | ७६ | ११ | ४६ | ५७ |
| | तराई | १० | ४४ | ५३ | ८ | ३१ | ३९ |
| विकास क्षेत्र | पूर्वाञ्चल | ८ | ५२ | ५९ | ९ | ३२ | ४१ |
| | मध्यमाञ्चल | १० | ५१ | ६१ | ९ | ३८ | ४७ |
| | पश्चिमाञ्चल | ११ | ५९ | ७० | ८ | ४१ | ४९ |
| | मध्य पश्चिमाञ्चल | १५ | ६५ | ८० | १४ | ४१ | ५५ |
| | सुदूर पश्चिमाञ्चल | २१ | ६५ | ८६ | २३ | ४२ | ६५ |
| शिक्षा | निरक्षर | ९ | ५६ | ६५ | ११ | ३३ | ४४ |
| | उच्च शिक्षित | ८ | ५५ | ६३ | ७ | ३६ | ४३ |
| सञ्चारमा पहुँच | पहुँच नभएका | ११ | ५३ | ६४ | ६४ | ११ | ३६ |
| | धेरै पहुँच भएका | ६ | ६३ | ६९ | ४ | ५० | ५४ |
| सचेतता | सचेत नभएका | ६ | ५० | ५६ | ८ | ३५ | ४२ |
| | धेरै सचेत | १२ | ५७ | ६९ | १२ | ४१ | ५३ |
| सामाजिक समूह | पहाडी | १३ | ६१ | ७४ | १३ | ४३ | ५७ |
| | मधेसी | ८ | ३५ | ४३ | ६ | २५ | ३० |

भन्दा पहाडी समूहको संख्या अधिक रहेको छ । यसबाट माओवादीप्रति मधेसी समूहको अविश्वास प्रस्ट हुन्छ । मधेसी उत्तरदातामध्ये ५७ प्रतिशतले माओवादीको बहुदलीय लोकतान्त्रिक व्यवस्थाप्रति रूपान्तरणमा सन्देह व्यक्त गरेका छन् । नेकपा माओवादीप्रति विश्वास नभएको बताउने मधेसी उत्तरदाताको संख्या ७० प्रतिशत रहेको छ । तसर्थ मधेसीहरू नेकपा माओवादीप्रति सकारात्मक देखिँदैनन् । गत वर्ष देखिएको मधेसी आन्दोलनको एउटा पक्ष भनेको माओवादीको विरोध गर्नु पनि थियो ।

*मधेस आन्दोलनले नेकपा माओवादीको बढ्दो प्रभावलाई छेक्ने/रोक्ने कार्य गरेको छ । यस आन्दोलनको पहिलो सिकार मधेसी जनअधिकार फोरमका कार्यकर्ता रमेश महतो भएका थिए; उनी नेकपा माओवादीको गोलीप्रहारबाट मारिएका थिए । जनअधिकार फोरमले महतोको मृत्यु भएपछि मधेसी जनमोर्चालाई माओवादीको विरोधमा उत्तेजित पाऱ्यो । हुन त २००७ जनवरीमा मधेस आन्दोलन सुरु हुनुभन्दा अगाडि पनि जनतान्त्रिक तराई मुक्तिमोर्चा र मधेसी जनअधिकार फोरमजस्ता मधेसी समूह र नेकपा माओवादीबीच रक्तपातपूर्ण भिडन्तहरू भएका थिए । नेकपा माओवादी र अन्य राजनीतिक दलहरूले मधेस आन्दोलनमा अन्य प्रतिगामी तत्त्वहरू तथा हिन्दू अतिवादीहरूको हात रहेको शङ्का गरेका थिए । नेकपा माओवादीका सर्वोच्च नेता प्रचण्डले सार्वजनिक रूपमा*

*मधेस आन्दोलनविरुद्ध बल प्रयोग गर्नुपर्ने माग गरेबाट यो मधेस आन्दोलन अझ चर्कियो । मधेसी जनअधिकार फोरम र नेकपा माओवादीबीचको द्वन्द्वको चरम परिणति गौर घटनामा २७ माओवादी मारिए ।*

– कृष्ण हाछेथु, 'मधेसी राष्ट्रियता र नेपाल राज्यको पुनर्संरचना' अगस्त २००७

नागरिक तथा विधायकहरूको विभिन्न पार्टीप्रतिको आबद्धताअनुसार पनि नेकपा माओवादीप्रति उनीहरूको धारणामा फरक पाइएको छ (तालिका ४.७) । नेपाली कांग्रेसका विधायक उत्तरदातामध्ये ५३ प्रतिशतले माओवादीको बहुदलीय प्रजातन्त्रको स्वीकारोक्तिप्रति सन्देह जनाएका छन् । तर यस दलसँग आबद्ध नागरिक उत्तरदातामध्ये ५८ प्रतिशत माओवादीको यस रूपान्तरणप्रति सकारात्मक देखिए । नेपाली कांग्रेसका विधायक तथा यस पार्टीसँग आबद्धता जनाउने नागरिकहरू नेकपा माओवादी पार्टीप्रति कम विश्वस्त रहेको देखिन्छ । नेपाली कांग्रेसका विधायक उत्तरदातामध्ये २४ प्रतिशत र नागरिक उत्तरदातामध्ये ३८ प्रतिशत मात्रले नेकपा माओवादीप्रति आफ्नो विश्वास रहेको बताए । राष्ट्रिय प्रजातन्त्र पार्टीका विधायकहरूमध्ये ५० प्रतिशत र यस पार्टीसँग आबद्ध उत्तरदाताहरूमध्ये ४४ प्रतिशत नेकपा माओवादीको रूपान्तरणप्रति सकारात्मक रहेको देखिन्छ ।

**तालिका ४.७**
**नेकपा माओवादी र यसको रूपान्तरणप्रति राजनीतिक दलहरूको विश्वास**

| | | बहुदलीय व्यवस्थाप्रति प्रतिबद्ध रहने | | | नेकपा माओवादीप्रति विश्वास राख्ने | | |
|---|---|---|---|---|---|---|---|
| | | अति विश्वास | विश्वास | दुवैको योग | धेरै मात्रामा | केही मात्रामा | दुवैको योग |
| सबै | विधायकहरू | २३ | ५० | ७३ | २८ | २६ | ५४ |
| | जनसाधारण | ११ | ५६ | ६७ | ११ | ३८ | ४९ |
| नेपाली कांग्रेस | विधायक | १० | ३७ | ४७ | ७ | १७ | २४ |
| | आबद्ध नागरिक | ८ | ५० | ५८ | ७ | ३१ | ३८ |
| एमाले | विधायक | ९ | ६९ | ७८ | ३ | ४५ | ४८ |
| | आबद्ध नागरिक | १० | ५५ | ६५ | ६ | ३७ | ४३ |
| माओवादी | विधायक | ६३ | ३७ | १०० | ९५ | ५ | १०० |
| | आबद्ध नागरिक | ५६ | ४४ | १०० | ५७ | ४३ | १०० |
| राप्रपा | विधायक | ० | ५० | ५० | ० | ० | ० |
| | आबद्ध नागरिक | ३ | ४१ | ४४ | १३ | ३६ | ४९ |
| नेपाल सद्भावना पार्टी | विधायक | ० | ० | ० | ० | ० | ० |
| | आबद्ध नागरिक | १७ | ३३ | ५० | ६ | ६ | १२ |
| मधेसी जनअधिकार फोरम | विधायक | – | – | – | – | – | – |
| | आबद्ध नागरिक | ० | २३ | २३ | ० | १२ | १२ |

उपर्युक्त तालिकालाई हेर्दा राप्रपासँग आबद्ध बहुसंख्यकले नेकपा माओवादीको रूपान्तरणमा विश्वास गरेका छैनन् । त्यस्तै राप्रपाका विधायक उत्तरदातामध्ये कसैले पनि माओवादीप्रति विश्वास व्यक्त गरेनन् भने यस पार्टीसँग आबद्ध नागरिक उत्तरदाताहरूमा ५० प्रतिशतले मात्र माओवादीप्रति विश्वास रहेको बताएका छन् । नेपाल सद्भावना पार्टीको नेकपा माओवादीप्रतिको धारणा पनि राप्रपासँगको आँकडासँग मिल्दोजुल्दो रहेको छ । यस पार्टीका विधायकहरू कसैले पनि माओवादीप्रति विश्वास व्यक्त गरेनन् भने यस पार्टीसँग आबद्ध उत्तरदातामध्ये केवल ११ प्रतिशत मात्रले नेकपा माओवादीप्रति विश्वास रहेको बताए । मधेसी जनअधिकार फोरमसँग आबद्ध उत्तरदाताहरूमध्ये ७७ प्रतिशतले नेकपा माओवादीको रूपान्तरण भरपर्दो नरहेको जनाए भने १२ प्रतिशतले माओवादीप्रति विश्वास रहेको जनाए ।

धेरैजसो वाम पार्टीका विधायकहरू र यी पार्टीहरूसँग आबद्ध नागरिकहरूले माओवादीको परिवर्तित सिद्धान्तप्रति स्वीकृति जनाएका छन् । नेकपा एमालेका ८० प्रतिशत विधायक उत्तरदाताहरू र यस पार्टीसँग आबद्ध करिब दुई तिहाइ नागरिक उत्तरदाताहरूले नेकपा माओवादीको रूपान्तरणको सराहना गरेका छन् । तर जहाँसम्म माओवादीप्रतिको विश्वासको कुरा छ यो संख्या क्रमशः ४७ प्रतिशत र ४३ प्रतिशत मात्र रहेको छ । यसअनुसार एमालेका विधायकहरू र यस पार्टीसँग आबद्ध नागरिकहरूले पनि अन्य गैर वाम पार्टीका विधायक र नागरिकहरूलेझैँ नेकपा माओवादीलाई विश्वास नगरेको प्रस्ट हुन्छ । माओवादी विधायक र यससँग आबद्ध नागरिकहरूले भने पूरै आफ्नो पार्टी र पार्टीको रूपान्तरणप्रति विश्वास व्यक्त गरेका छन् ।

माथि भनिएझैँ जनताले कुनै पार्टीलाई विश्वास गर्नु या अविश्वास गर्नु भनेको त्यस पार्टीको समग्र पक्षप्रतिको धारणामा आधारित हुन्छ । यो २००७ को नागरिक सर्वेक्षणका करिब आधाजसोले माओवादीप्रति विश्वास गरेका छन् । यसलाई उल्लेखनीय संख्या मान्नुपर्छ किनभने नेकपा माओवादी एक विद्रोही समूह थियो र २००६ को जनआन्दोलन-२ को सफलतापश्चात् मात्र राजनीतिक पार्टीमा रूपान्तरित भएको थियो । अहिले पनि जनसाधारणको विश्वास नेकपा माओवादीप्रति भन्दा अन्य राजनीतिक दलहरूमा अधिक (५७ प्रतिशत) रहेको छ । निश्चय नै जनताले माओवादीलाई विश्वास गर्नु र नगर्नुमा धेरै कुराले भूमिका खेलेका छन् । यस सर्वेक्षणका तथ्यहरूबाट प्राप्त केही कुराहरू (जसले माओवादीप्रति विश्वास जनाउन मद्दत गरेका छन्) बारे यहाँ चर्चा गर्नु उपयुक्त हुनेछ। नागरिक सर्वेक्षणका उत्तरदातामध्ये ६० प्रतिशतले माओवादीको जमिनमा हदबन्दी निर्धारण बारेको प्रस्तावलाई समर्थन गरेका छन् भने ७५ प्रतिशतले जनसेनालाई नेपाली सेनामा गाभ्ने विषयमा सहमति जनाएका छन् । यस विषयमा दुई फरक दृष्टिकोणहरू तल दिइएका छन्:

*गौरवशाली इतिहास बोकेको जनमुक्ति सेनाले विगत दश वर्षदेखि जनताको सुरक्षाको लागि लडाइँ लड्दै आएका छन् । जनमुक्ति सेना नभएको भए राजा ज्ञानेन्द्रले राजनीतिक दल र नेपाली जनतालाई धेरै दमन गरिसकेका हुन्थे । जनआन्दोलन-२ को सफलताको लागि यसले गरेको देनको कदर हुनुपर्दछ । तसर्थ जनमुक्ति सेनाको विलय नभई नेपाली सेनासँग समायोजन हुनुपर्छ र यो नै समस्याको समाधान हुनेछ ।*

– कृष्ण केसी, नेकपा (माओवादी) सम्बद्ध पत्रकार

*अहिलेको समयमा जनमुक्ति सेनाको नेपाली सेनामा समायोजन गर्नु दुई कुराले अव्यावहारिक देखिन्छ । पहिलो, नेपाली सेना परम्परादेखि राजा र राजसंस्थाप्रति बफादार रहँदै आएको राष्ट्रिय सेना हो । तर बदलिँदो परिस्थितिअनुरूप यसलाई अभिमुखीकरणको माध्यमबाट परिवर्तन गर्न सकिन्छ, तर जनमुक्ति सेना कुनै एउटा लक्ष्यप्राप्तिका लागि कुनै एक पार्टीप्रति समर्पित सेना हो । दोस्रो, नेपाली सेनाका अधिकृतहरू शिक्षित, तालिमप्राप्त तथा विदेशबाट समेत उच्च शिक्षा र तालिम हासिल गरेका छन् । त्यसैले जनमुक्ति सेनालाई छुट्टै राखिनुपर्छ । अन्ततः नेपाली सेनाले राजसंस्थाको बफादारी गर्न छोडेपछि र जनमुक्ति सेनाले नेकपा माओवादीप्रति बफादार हुन छोडेपछि यी दुईको एकीकरण हुनु राम्रो हुनेछ ।*

– खगेन्द्र संग्रौला, वामपन्थी लेखक

त्यस्तै उत्तरदाताहरूले नेकपा माओवादीलाई पिछडिएको समूहको हितमा कार्य गर्नेहरूमध्ये अग्रपङ्क्तिमा राखेका छन् । उत्तरदाहरूमध्ये धेरै कम (७ प्रतिशत) मात्रले नेकपा माओवादीलाई देशमा विद्यमान असुरक्षाको कारक मानेका छन् र यो संख्या २००४ को सर्वेक्षण (४१ प्रतिशत) को तुलनामा धेरै कम हो ।

जनसाधारण र विधायकहरूको नेकपा माओवादीसँगको अनुभवबारे चर्चा गर्दा यस सर्वेक्षणका कुल ४,०८९ नागरिकमध्ये ४४ प्रतिशतले माओवादीसँग भेटेको अनुभव रहेको बताए भने ९० प्रतिशत विधायकहरूले नेकपा माओवादीसँग भेट भएको बताए । यो संख्या नेकपा माओवादीको कार्यक्षेत्रअनुसार फरक रहेको छ । ग्रामीण क्षेत्रका ४७ प्रतिशत र सहरी क्षेत्रका २२.५ प्रतिशत, हिमाली क्षेत्रका ६२ प्रतिशत, पहाडी क्षेत्रका ५६ प्रतिशत र तराईका २७.५ प्रतिशत एवम् मध्य पश्चिमाञ्चल विकास क्षेत्रका ६१ प्रतिशत र पूर्वाञ्चलका ३३ प्रतिशतले माओवादीसँग कुनै न कुनै अवस्थामा भेट भएको बताए । नागरिक सर्वेक्षणका उत्तरदातामध्ये ३९ प्रतिशतले जनयुद्धको बेला माओवादीसँग भेट भएको बताए भने ११ प्रतिशतले जनयुद्धको अन्त्यपछि र ५१

प्रतिशतले दुवै बखत (जनयुद्ध भइरहेको बेला र यसको अन्त्यपछि) भेट भएको बताए । सर्वेक्षणका विधायक उत्तरदातामध्ये ३ प्रतिशतले जनयुद्धको समयमा, २६ प्रतिशतले जनयुद्ध पश्चात् र ७१ प्रतिशतले दुवै समयमा भेट भएको बताए ।

शान्ति-सम्झौतामा सहभागी हुने निश्चित भई नेकपा माओवादीले आफ्नो कार्यक्षेत्र गाउँबाट सहरमा सारेपछि माओवादीलाई भेटेको बताउने सहरी क्षेत्रका बासिन्दाको संख्यामा वृद्धि भएको देखिन्छ । जनयुद्धको अन्त्यपछि माओवादीलाई भेटेको बताउने ग्रामीण बासिन्दाहरूको संख्या युद्धकालीन अवस्थामा ३९ प्रतिशतबाट जनयुद्धको अन्त्यपछि ८.५ प्रतिशतमा झरेको पाइन्छ र सहरी बासिन्दाको संख्या भने २९ प्रतिशत (युद्धकालीन) बाट ४३ प्रतिशत (शान्तिस्थापनापछि) मा पुगेको छ ।

**तालिका ४.८**
**विभिन्न क्षेत्रका उत्तरदाताहरूको माओवादीसँगको अनुभव**

| | | चन्दा | बास | सकारात्मक | नकारात्मक | केही नगरेको |
|---|---|---|---|---|---|---|
| विधायिका* सर्वेक्षण | विधायकहरू | २२ | ० | ० | ४४ | २८ |
| नागरिक सर्वेक्षण | जनसाधारण | ३० | २३ | १८ | १८ | ११ |
| क्षेत्र | ग्रामीण | ३० | २४ | १८ | १७ | १० |
| | सहरी | २८ | ४ | ११ | २४ | ३३ |
| भौगोलिक स्थिति | हिमाल | ३५ | १९ | १७ | २५ | ४ |
| | पहाड | ३३ | २९ | १२ | १५ | ११ |
| | तराई | २४ | १३ | २८ | २२ | १३ |
| विकासक्षेत्र | पूर्वाञ्चल | २८ | १८ | २१ | १५ | १८ |
| | मध्यमाञ्चल | २६ | १८ | १७ | २६ | १३ |
| | पश्चिमाञ्चल | ३५ | ३४ | १३ | १० | ९ |
| | मध्य पश्चिमाञ्चल | ३४ | २४ | १७ | १९ | ६ |
| | सुदूर पश्चिमाञ्चल | १९ | २१ | ३६ | १६ | १९ |
| सामाजिक समूह | पहाडी | ३० | २५ | १७ | १६ | १२ |
| | मधेसी | २७ | ९ | २६ | २९ | १० |

** यसमा माओवादी विधायकहरूलाई समावेश गरिएको छैन ।*

उपर्युक्त क्षेत्रका उत्तरदाताहरूसँग माओवादीसँगको भेटमा भोगेका तीतामीठा अनुभवहरू रहेका छन् । माओवादीसँग भेटेका नागरिक उत्तरदातामध्ये ३० प्रतिशतले चन्दा दिनुपरेको र २३ प्रतिशतले बास दिएको बताएका छन् । यस्तो चन्दा तथा बास दिने कार्य केहीले आफू खुसी गरेको हुन सक्छ तर धेरैजसो करकापमा परेर गरेको देखिन्छ । नेकपा माओवादीसँग नजिक रहेको बताउनेमध्ये २२ प्रतिशतले आफू खुसी चन्दा दिएको र १५ प्रतिशतले बास दिएको पाइएको छ । यसरी माओवादीलाई चन्दा दिने र बास दिनेमध्ये बहुसंख्यक करकापमा परेको देखिन्छ । माओवादीसँग सकारात्मक अनुभव (सुरक्षा, न्याय आदि पाएका) रहेका र नकारात्मक अनुभव (धम्की, जबर्जस्ती काममा लगाउने, गाली बेइज्जती, सम्पत्ति कब्जा, जबरजस्ती असुली, हत्या आदि) रहेको संख्या भने १८ प्रतिशत रहेको छ । बाँकी ११ प्रतिशतले माओवादीसँगको भेटमा कुनै प्रकारको सकारात्मक वा नकारात्मक अनुभव गर्नु नपरेको बताएका छन् ।

विधायक सर्वेक्षणका ४४ प्रतिशत उत्तरदाताहरूले माओवादीसँगको भेटमा हत्या, धम्की, सम्पत्ति कब्जा, जबर्जस्ती श्रम आदि जस्ता नकारात्मक अनुभव रहेको बताए भने २२ प्रतिशतले माओवादीलाई चन्दा दिएको बताए । तर २८ प्रतिशत विधायकहरूले कुनै प्रकारको राम्रो नराम्रो अनुभव गर्नु नपरेको बताए ।

नागरिक सर्वेक्षणको तथ्याङ्कलाई समूहगत आधारमा छुट्ट्याएर हेर्ने हो भने सहरी क्षेत्रका बासिन्दाका तुलनामा ग्रामीण क्षेत्रका बासिन्दाले माओवादीलाई बढी चन्दा र बास दिनुपरेको देखिन्छ । त्यस्तै चन्दा र बास दिने कुरामा हिमाली क्षेत्रका र पहाडी क्षेत्रका बासिन्दाका तुलनामा तराई क्षेत्रका बासिन्दाहरू कम मात्र प्रभावित भएको पाइन्छ । यसै सिलसिलामा मध्य पश्चिमाञ्चल क्षेत्र, सुदूर पश्चिमाञ्चल क्षेत्र र पहाडी उत्तरदाताहरूमध्ये बहुसंख्यकले चन्दा र बास दिनुपरेको बताएका छन् । माओवादीसँगको भेटमा सहरी क्षेत्रका, हिमाली र पहाडी क्षेत्रका, मध्यमाञ्चल र मध्य पश्चिमाञ्चल क्षेत्रका उत्तरदाताहरूले सकारात्मक भन्दा बढी नकारात्मक अनुभव बटुलेका छन् । मधेसी समुदायले पनि बढी नकारात्मक अनुभव गरेका छन् । चन्दा र बास दिने कुराबाहेक अन्य कुरामा ग्रामीण क्षेत्रका बासिन्दा, तराई भेगका बासिन्दा एवम् मध्यमाञ्चल र सुदूर पश्चिमाञ्चल क्षेत्रका जनसाधारणले बढी सकारात्मक अनुभव गरेका छन् ।

*माओवादीहरू पहिलेजस्तो अहिले बराबर आउँदैनन् । पहिले तिनीहरूले गाउँमा मान्छेहरूलाई पिट्दथे । उनीहरूसँग हामीलाई धेरै डर लाग्दथ्यो । पहिले उनीहरूलाई पैसा पनि दिनुपर्दथ्यो तर अहिले पर्दैन । उनीहरूलाई खाना र बास पनि दिनुपर्थ्यो । एकचोटि उनीहरू यहाँ बीस दिनसम्म बसेका थिए । उनीहरूले हाम्रै घरमा एउटा सुँगुर काटे, एक जना राईको घरमा खसी काटे । मसँग चामल मागेका थिए, मैले दिन मानिन; तर मेरी बुहारीले दिई । मैले चाहिँ मोही दिएँ । उनीहरूले मकैको भात पकाएर खाएका थिए ।*

– देवीकुमारी खड्का, भोजपुर ।

*मलाई लाग्छ, पुलिसले भन्दा माओवादीले राम्रो न्याय दिनेछ । मलाई कसैले अन्याय गऱ्यो भने म त न्यायका लागि माओवादीकहाँ जान्छु ।*

– सीता विश्वकर्मा, नुवाकोट ।

*माओवादीका केन्द्रीय नेताहरूको बानीमा परिवर्तन आयो होला तर स्थानीय नेताहरू परिवर्तन भएका छैनन् । तिनीहरू अहिले पनि जनतालाई त्रासमा राख्न चाहन्छन् । अहिले पनि कतै कतै गाउँमा उनीहरूलाई सित्तैमा खुवाउनुपर्छ र पैसा दिनुपर्दछ । मैले स्थानीय माओवादी नेताहरूलाई निरन्तर भेट्छु र सँधै नै उनीहरूलाई चन्दा दिन्छु । मलाई उनीहरूबाट डर छ । मैले हरेक तीन महिनामा तोकिएको रकम बुझाउनुपर्छ । त्यसैले यसरी डर र धम्कीबाट स्वतन्त्र भएर बाँच्न नपाउन्जेल उनीहरू सुध्रिएको कसरी भन्नु र !*

– (नाम गोप्य राखेको) दाङ

सारांशमा भन्नुपर्दा नेकपा माओवादीले एकदलीय साम्यवादी व्यवस्था स्थापना गर्ने सिद्धान्त त्यागेको छ र बहुदलीय लोकतान्त्रिक व्यवस्थालाई स्वीकार गरेको छ । यद्यपि यसमा सन्देह व्यक्त गर्नेहरूको कमी छैन । माओवादीको छवि परिवर्तन हुँदा धेरै आशा जागेको छ । माओवादीले अहिले पनि चन्दा असुल्ने, हत्या गर्ने र अन्य किसिमका हिंसात्मक कार्यमा निरन्तरता दिनेजस्ता कार्य गरिरहेका छन् तर पहिलेका तुलनामा यस्तो काम नगण्य मात्र छ । विगतमा माओवादीबाट नकारात्मक अनुभव गर्नेहरूले पनि यिनीहरू सुध्रिँदै जाने कुराको आशा लिएका छन् । देशको भविष्यसँग गाँसिएका अन्य सवालहरूका साथै माओवादीको रूपान्तरणसमेतले हालको सङ्क्रमणको गतिलाई निर्धारण गरेको छ । नेपालको राम्रो भविष्यका लागि यस अस्थिर समयमा पनि संविधानसभाको निर्वाचन एक मात्र उपाय हो र यो हुनैपर्छ ।

## ४.५. नेपाली मतदाताहरूको संविधानसभाको अर्थबोध

संविधानसभाको निर्वाचन नेपालीहरूको लागि नौलो कुरा हो । विगतमा यस्तो निर्वाचन कहिले पनि भएको थिएन । संविधानसभासँग गाँसिएका अन्य राजनीतिक मुद्दाहरू पनि नेपाली जनताका लागि नौला नै रहेका छन् । यो २००७ को सर्वेक्षण सञ्चालन गरेको बेला नेपाली जनताले संविधानसभा र यससँग सम्बन्धित अन्य विषयबारे बुझेका छन् वा छैनन् भन्ने कुरामा विवाद भइरहेको थियो । केही विश्लेषकहरूले बहुसंख्यक मतदाताहरूलाई यसबारेमा थाहा नहुने अनुमान गरी २००७ जुनमा हुने भनिएको संविधानसभाको निर्वाचनलाई पछि सार्नुपर्नेमा जोड दिइरहेका थिए । यस सर्वेक्षणका क्रममा प्राप्त तथ्याङ्कअनुसार ती

विश्लेषकहरूको अनुमान ठीक रहेको तर त्यसकै कारणले गर्दा निर्वाचन सार्नुपर्छ भन्ने तर्क भने अस्वीकार्य रहेको छ ।

नेपालका लागि संविधानसभा र यससँग सम्बन्धित अन्य केही शब्दहरू नयाँ र नौलो भएको हुँदा यी शब्दहरू कतिले बुझ्दछन् भन्ने कुरा जान्न खोजिएको छ । नागरिक सर्वेक्षणका उत्तरदाताहरूमध्ये ६८ प्रतिशतले संविधानसभाबारे र ७२ प्रतिशतले गणतन्त्रबारे सुनेको बताए । उत्तरदाताहरूमध्ये एक तिहाइले मात्र आरक्षण र संघात्मकताबारे सुनेको बताए । १८ प्रतिशत उत्तरदाताहरूले संविधानसभाको अर्थ बुझेको बताएका छन् भने २२ प्रतिशतले गणतन्त्रको अर्थ बुझेको बताए । ११ प्रतिशतले मात्र आरक्षणबारे बुझ्दछौं भनेका छन् भने ८ प्रतिशतले मात्र संघात्मकताबारे बुझ्दछौं भनेका छन् ।

पिछडिएको समूहका व्यक्तिहरू जस्तै महिला, वृद्ध, हिमाली क्षेत्रका बासिन्दा तथा पहाडी र मधेसी दलितहरूका बहुसंख्यक उत्तरदाताहरू संविधानसभा, गणतन्त्र, संघात्मकता तथा आरक्षणको अर्थ बुझ्दैनन् । यस्ता जानकारी नहुनाका कारणमा यिनीहरूको शिक्षाको तहलाई मान्न सकिन्छ । यी शब्दहरूको अर्थ बुझ्ने कुरा शिक्षाको तह र सञ्चारमा पहुँचको तहमा निर्भर रहेको हुन्छ । उदाहरणका लागि निरक्षरहरूमध्ये २ प्रतिशतले संविधानसभाको अर्थ बुझेका छन् भने शिक्षितमध्ये ५३ प्रतिशतलाई यसको अर्थ

**तालिका ४.९ (क)**
**संविधानसभा र सम्बन्धित विषयमा जनसाधारणको बुझाइ**

| | | संविधानसभा | | | | गणतन्त्र | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | सुनेका र बुझेका | सुनेका तर नबुझेका | नसुनेका | | सुनेका र बुझेका | सुनेका तर नबुझेका | नसुनेका |
| नागरिक सर्वेक्षण | जनसाधारण | ६८ | १८ | ५१ | ३२ | ७२ | २२ | ४९ | २८ |
| लिङ्ग | पुरुष | ८० | २६ | ५४ | २० | ८३ | ३२ | ५१ | १७ |
| | महिला | ५७ | ९ | ४८ | ४३ | ६१ | १३ | ४८ | ३९ |
| उमेरसमूह | युवा | ७९ | २४ | ५४ | २१ | ८२ | ३१ | ५० | १८ |
| | वृद्ध | ५० | ८ | ४१ | ५० | ५३ | १० | ४२ | ४८ |
| क्षेत्र | ग्रामीण | ६६ | १६ | ५० | ३४ | ७० | २० | ५० | ३० |
| | सहरी | ८१ | २५ | ५५ | १९ | ८० | ३८ | ४२ | १९ |
| भौगोलिक स्थिति | हिमाल | ७१ | १२ | ५९ | २९ | ७४ | १२ | ६२ | २६ |
| | पहाड | ७३ | १९ | ५५ | २७ | ७७ | २४ | ५४ | २३ |
| | तराई | ६२ | १७ | ४५ | ३८ | ६५ | २२ | ४२ | ३५ |
| शिक्षा | निरक्षर | ४१ | २ | ३९ | ५९ | ४६ | ३ | ४२ | ५४ |
| | उच्च शिक्षित | ९४ | ५३ | ४२ | ६ | ९६ | ६२ | ३४ | ४ |
| सञ्चारमा पहुँच | पहुँच नभएका | ४६ | ४ | ४२ | ५४ | ५२ | ६ | ४६ | ४८ |
| | धेरै पहुँच भएका | ९५ | ६५ | ३० | ५ | ९५ | ७८ | १८ | ५ |
| पहाडी | उच्च जात | ८२ | २४ | ५८ | १८ | ८४ | ३१ | ५४ | १६ |
| | जनजाति | ६९ | १७ | ५२ | ३१ | ७३ | २१ | ५२ | २७ |
| | दलित | ५९ | ११ | ४९ | ४१ | ६४ | १३ | ५० | ३६ |
| मधेसी | उच्च जात | ५० | १६ | ३४ | ४९ | ५१ | १७ | ३४ | ४९ |
| | जनजाति | ६४ | १० | ५४ | ३६ | ६६ | १६ | ५० | ३४ |
| | दलित | ३५ | ८ | २७ | ६५ | ४५ | १० | ३४ | ५५ |
| | मुस्लिम | ५१ | १५ | ३५ | ४९ | ५८ | १७ | ४१ | ४२ |

थाहा भएको पाइन्छ । सञ्चारमा धेरै पहुँच भएका समूहका ७८ प्रतिशतले गणतन्त्रको अर्थ थाहा भएको बताए भने सञ्चारमा पहुँच नभएका समूहका ६ प्रतिशतले मात्र गणतन्त्रको अर्थ थाहा भएको बताए । त्यस्तै आरक्षण र संघात्मकता शब्दको अर्थ बुझ्ने शिक्षित तथा सञ्चारमा धेरै पहुँच भएका व्यक्तिहरूको आँकडा पनि उच्च नै रहेको छ ।

यसै सर्वेक्षणका तथ्याङ्कलाई हेर्ने हो भने धेरै जनसाधारणले संविधानसभा र यससँग सम्बन्धित अन्य शब्दावलीहरूको अर्थ नबुझेको कुरा प्रस्ट हुन्छ । सर्वेक्षणमा सोधिएको एउटा प्रश्न *संविधानसभा भनेको के हो ?* को उत्तरमा ५९ प्रतिशतले थाहा छैन भन्ने जवाफ दिएका छन् । यसरी यी शब्दावलीको अर्थ थाहा नहुने र यसबारेमा नबुझ्नेको संख्या जोड्दा धेरै देखिन्छ । तर यसको अर्थ जनतालाई संविधानसभा र अन्य शब्दावलीबारे केही जानकारी नै नभएको पक्कै होइन । यिनै कुराहरू फरक प्रसङ्गमा सरल ढङ्गबाट गरिँदा उत्तरदाताहरू जानकार रहेको पाइयो । संविधानसभाको प्रसङ्गमा यसबाट के अपेक्षा राख्नुहुन्छ भनी सोधिएको प्रश्नको उत्तरमा १५ प्रतिशत मात्रले थाहा छैन भन्ने उत्तर दिएका थिए । त्यस्तै गणतन्त्रको सन्दर्भमा *तपाईँ राजालाई राख्न चाहनुहुन्छ कि हटाउन चाहनुहुन्छ* भनी सोधिएको प्रश्नमा १९ प्रतिशत मात्रले थाहा छैन भन्ने उत्तर दिएका छन् । तालिका ४.९ मा दिइएअनुसार ११ प्रतिशत मात्रले आरक्षणबारे बुझेको

**तालिका ४.९ (ख)**
**संविधानसभा र सम्बन्धित सवालहरूबारे जनताको बुझाइ**

| | | आरक्षण | | | | संघात्मकता | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | सुनेका र बुझेका | सुनेका तर नबुझेका | नसुनेका | | सुनेका र बुझेका | सुनेका तर नबुझे | नसुनेका |
| नागरिक सर्वेक्षण | जनसाधारण | ३६ | ११ | २५ | ६४ | ३३ | ८ | २५ | ६७ |
| लिङ्ग | पुरुष | ४७ | १७ | ३० | ५३ | ४६ | १३ | ३३ | ५४ |
| | महिला | २५ | ५ | २० | ७५ | २१ | ३ | १८ | ७९ |
| उमेरसमूह | युवा | ४७ | १५ | ३२ | ५३ | ४० | १० | ३१ | ६० |
| | वृद्ध | १७ | ५ | १३ | ८३ | १६ | ३ | १३ | ८४ |
| क्षेत्र | ग्रामीण | ३४ | ९ | २४ | ६६ | ३१ | ७ | २४ | ६९ |
| | सहरी | ४९ | १९ | २९ | ५१ | ४६ | १५ | ३१ | ५४ |
| भौगोलिक स्थिति | हिमाल | २४ | ३ | २१ | ७६ | २४ | ३ | २१ | ७६ |
| | पहाड | ३५ | ११ | २४ | ६५ | २८ | ७ | २१ | ७१ |
| | तराई | ६२ | १७ | ४५ | ३८ | ३९ | ९ | ३० | ६१ |
| शिक्षा | निरक्षर | १० | ० | १० | ९० | ११ | – | ११ | ८९ |
| | उच्च शिक्षित | ७९ | ४९ | ३० | २१ | ७१ | ३३ | ३८ | २९ |
| सञ्चारमा पहुँच | पहुँच नभएका | १४ | १ | १३ | ८६ | १३ | १ | १२ | ८६ |
| | धेरै पहुँच भएका | ९१ | ५८ | ३३ | ९ | ८७ | ४१ | ४६ | १३ |
| पहाडी | उच्च जात | ४७ | १५ | ३१ | ५३ | ४० | १० | २९ | ६० |
| | जनजाति | २९ | ९ | २० | ७१ | २६ | ६ | २० | ७४ |
| | दलित | २५ | ५ | २० | ७५ | २२ | ३ | २० | ७७ |
| मधेसी | उच्च जात | ३४ | १३ | २१ | ६६ | ३६ | ११ | २५ | ६४ |
| | जनजाति | ३८ | ६ | ३२ | ६२ | ४१ | ५ | ३६ | ५९ |
| | दलित | २१ | ५ | १६ | ७९ | २० | ४ | १६ | ८० |
| | मुस्लिम | २२ | ९ | १३ | ७८ | २६ | ८ | १८ | ७४ |

बताएका छन् तर पिछडिएको समूहका लागि संविधानमा केही प्रावधान रहनुपर्छ कि भनी सोधिएको प्रश्नमा ९० प्रतिशतले उनीहरूका लागि संविधानमा विशेष प्रावधान हुनुपर्नेमा आफ्नो विचार राखेका छन् । त्यस्तै संघात्मकताका बारेमा सरल ढङ्गले प्रश्न गर्दा ७६ प्रतिशतले आफ्नो विचार राखे । नेपाली जनसाधारणलाई संविधानसभा तथा अन्य शब्दावलीको कानुनी, प्राविधिक वा प्राज्ञिक अर्थ थाहा नभए पनि यी विषयहरूको भावबारे जानेका छन् भन्ने कुरा स्पष्ट हुन्छ ।

त्यसैले नेपाली जनताले संविधानसभा र यससम्बन्धी अरू कुरा बुझेका छैनन् भन्ने आधारमा संविधानसभाको निर्वाचनको मिति पछि सार्नु तर्कपूर्ण देखिँदैन । यसबारे जनतालाई जानकारी गराउन अन्य कार्यक्रमहरू सञ्चालन गर्न सकिन्छ । यसबाहेक संविधानसभाको मिति निर्धारण गरेपछि राजनीतिक दल तथा अन्य सम्बद्ध संस्थाहरू यसबारेमा जानकारी गराउन जनतासमक्ष उपस्थित हुन बाध्य हुने नै छन् ।

## ४.६ संविधानसभाको निर्वाचन निष्पक्ष हुने कुरामा जनसाधारणको विश्वास तर राजनीतिक दलहरूको आशङ्का

संविधानसभा निर्वाचनतर्फ उन्मुख यस सङ्क्रमणकालमा देशमा विद्यमान शान्ति-सुरक्षाको समस्या निराकरण हुनु जरुरी छ । सन् २००६ अप्रिलको जनआन्दोलनले हतियारयुक्त विद्रोहको अन्त्य गरी शान्तिपूर्ण प्रतिस्पर्धात्मक राजनीतिको बाटो खोलिदिएको छ । सन् २००६ अप्रिलमा युद्धविरामको घोषणाबाट सुरु भएको शान्तिप्रक्रिया २००६ नोभेम्बर २१ मा विस्तृत शान्ति-सम्झौतामा हस्ताक्षर गरी जनयुद्धको अन्त्य भएको घोषणाबाट चरमोत्कर्षमा पुगेको थियो । त्यसैले अहिले देशको सुरक्षास्थितिमा जनआन्दोलन-२ अघिको तुलनामा धेरै फरक आइसकेको छ । तथापि केही जनता अझै पनि संविधानसभाको चुनाव स्वतन्त्र र निष्पक्ष सम्पन्न हुन अहिलेको शान्ति स्थिति पर्याप्त छ भन्ने कुरामा आशङ्का व्यक्त गर्दछन् । देशमा सन्त्रासको स्थिति पैदा भएकोमा नेपाल कम्युनिष्ट पार्टी माओवादीका योङ्ग कम्युनिस्ट लिग ( वाइसियल) का क्रियाकलापलाई आलोचनात्मक रूपमा हेर्ने गरेको देखिन्छ ।

त्यस्तै तराईमा करिब एक दर्जन साना हतियारधारी समूहहरूले साम्प्रदायिक तनाव तथा राजनीतिक गतिरोध उत्पन्न गराएका छन् । त्यस्तै अन्य साना ठूला संघ-संस्थाहरूसँग आबद्ध सबै किसिमका आन्दोलनकारीहरूले पनि नियमित रूपमा बन्द हडतालको आह्वान गरी सरकारी कामकाजमा अवरोध पुऱ्याइरहेका छन् । विस्तृत शान्ति-सम्झौताले सेनापरिचालनमा रोक लगाएका कारण शान्ति-सुरक्षा कायम गर्ने राज्यको क्षमतामा जनसाधारणले शङ्का व्यक्त गर्ने गरेका छन् । देशमा पूर्ण शान्ति र सुरक्षाको स्थिति कायम हुने सम्भावना नभएको हुँदा केही विश्लेषकहरूले पूर्वनिर्धारित मिति २००७ जुनमा संविधानसभाको चुनाव गर्न नहुने विचार व्यक्त गरेका छन् । शान्ति-सुरक्षाको स्थितिबारे केही नेताहरूको भनाइ तल दिइएको छः

> *देशमा पूर्ण अराजक स्थिति रहेको छ । राज्यको प्रमुख कर्तव्य भनेको जनताको जिउज्यानको सुरक्षा र स्वतन्त्रताको ग्यारेन्टी गर्नु हो तर अहिलेको समयमा सरकारले यो कार्य गर्न सकिराखेको छैन । संविधानसभाको निर्वाचनभन्दा अगाडि गर्नुपर्ने धेरै कुराहरू छन् । वाइसीएलका गतिविधि र तराईका गडबडीले धेरै समस्या ल्याएका छन् । वाइसीएलका यस्ता गतिविधि रोकिनुपर्छ र माओवादीहरू कानुनभित्र रहनुपर्छ । आठ पार्टीको गठबन्धनले बलियो सुरक्षा नीतिका लागि राम्रो उपाय निकाल्नुपर्दछ ।*
>
> – अर्जुननरसिंह के.सी., नेपाली कांग्रेस केन्द्रीय समिति सदस्य

> *देशको विद्यमान स्थिति संविधानसभाको निर्वाचन सम्पन्न गर्न उपयुक्त छैन । माओवादीहरूले गडबडी गरिरहेका छन् । तिनीहरूले जनसाधारणलाई मात्र होइन सञ्चार क्षेत्रमा पनि डर धम्की दिने गरेका छन् र उनीहरूले भनेको नमान्नेले भयङ्कर परिणामसमेत भोग्नुपरेको छ । माओवादीहरूको गराइ र उनीहरूको बोलीमा मेल खाँदैन । त्यसैले मैले उनीहरूलाई विश्वास गर्न सकेको छैन । तराईको गडबडीले अनिश्चितता र अराजकताको स्थितिलाई अझ चर्काएको छ । बढ्दो अशिष्ट आन्दोलनको प्रवृत्तिले प्रशासनलाई पङ्गु बनाएको छ । राज्यको सुरक्षानिकाय*

*देशमा शान्ति-सुरक्षा कायम गर्न असमर्थ देखिन्छ । त्यसैले संविधानसभाको निर्वाचन सम्पन्न गराउनुअघि शान्ति सुरक्षाको वातावरण सिर्जना गर्नु आवश्यक छ ।*

– लोकेन्द्रबहादुर चन्द, राप्रपाका नेता तथा पूर्व प्रधानमन्त्री

*तराईमा निहित स्वार्थ बोकेका विभिन्न समूह सक्रिय रहेका छन् । उनीहरूको खास लक्ष्य संविधानसभाको निर्वाचन हुन नदिनु हो । यसका लागि धेरै हतियारधारी समूह परिचालन भएका छन् । तराईका जनता सन्त्रासको स्थितिमा रहेका छन् । राजनीतिक पार्टीहरूले त्यहाँ आफ्ना नियमित कार्यक्रमहरू सञ्चालन गर्न सकिरहेका छैनन् । गौर हत्याकाण्डपछि राजनीतिक दलहरूले आमसभाहरू गर्न सकिरहेका छैनन् ।*

– सीपी गजुरेल, नेकपा (माओवादी) का नेता

*वाइसीएल हाम्रो पार्टीको एउटा लडाकू समूह हो । यस समूहका केही सदस्यहरू जबर्जस्ती चन्दा असुली, अपहरण तथा हत्याहिंसा जस्ता कार्यमा संलग्न रहने गरेकोमा हामीलाई दुःख लागेको छ र यस्ता कार्यको हामी भर्त्सना गर्दछौं । तर सञ्चार क्षेत्रले पनि हामीलाई बदनाम गराउन सुनियोजित ढङ्गले यस्ता कार्यलाई बढाइचढाइ प्रस्तुत गर्ने गरेका छन् । वाइसीएलका अन्य रचनात्मक कार्यहरू, जस्तैः अपराध नियन्त्रण, सहरको सफाइ, सडक निर्माण तथा बाढीपीडितका उद्धारबारे खासै लेख्दैनन् ।*

– गणेशमान पुन, वाइसीएलका अध्यक्ष

**तालिका ४.१०**
**संविधानसभाको निर्वाचन भयरहित हुनेमा विश्वास**

| | | विश्वस्त | केही विश्वास भएको | दुवैको योगफल | धेरै विश्वास नभएको | पटक्कै विश्वास नभएको | दुवैको योगफल |
|---|---|---|---|---|---|---|---|
| विधायिका सर्वेक्षण | विधायकहरू | ७ | ३२ | ३९ | ४७ | १४ | ६१ |
| नागरिक सर्वेक्षण | जनसाधाण | १५ | ४७ | ६२ | २९ | ९ | ३८ |
| लिङ्ग | पुरुष | १५ | ४५ | ६० | २९ | १० | ३९ |
| | महिला | १३ | ४९ | ६२ | २९ | ९ | ३८ |
| उमेरसमूह | युवा | १६ | ४८ | ६४ | २६ | ९ | ३५ |
| | वृद्ध | १० | ४४ | ५४ | ३४ | ११ | ४५ |
| क्षेत्र | ग्रामीण | १५ | ४७ | ६२ | २९ | ९ | ३८ |
| | सहरी | १३ | ४९ | ६२ | २७ | ११ | ३८ |
| भौगोलिक स्थिति | हिमाल | १९ | ५४ | ७३ | २१ | ५ | २६ |
| | पहाड | १६ | ५२ | ६८ | २५ | ६ | ३१ |
| | तराई | १२ | ४० | ५२ | ३४ | १५ | ४९ |
| विकासक्षेत्र | पूर्वाञ्चल | १४ | ४५ | ५९ | २८ | १२ | ४० |
| | मध्यमाञ्चल | १४ | ४८ | ६२ | २७ | १० | ३७ |
| | पश्चिमाञ्चल | ११ | ५३ | ६४ | २७ | ७ | ३४ |
| | मध्य पश्चिमाञ्चल | १६ | ४१ | ५७ | ३३ | ९ | ४२ |
| | सुदूर पश्चिमाञ्चल | २० | ४४ | ६४ | ३१ | ४ | ३५ |
| शिक्षा | निरक्षर | १३ | ४६ | ५९ | ३१ | १० | ४१ |
| | उच्च शिक्षित | १४ | ४६ | ६० | २७ | १३ | ४० |
| सञ्चारमा पहुँच | पहुँच नभएका | १३ | ४८ | ६१ | ३० | ९ | ३९ |
| | धेरै पहुँच भएका | १९ | ४७ | ६६ | २३ | ११ | ३४ |
| सामाजिक समूह | पहाडी | १६ | ४९ | ६५ | २७ | ७ | ३४ |
| | मधेसी | १० | ३७ | ४७ | ३५ | १९ | ५४ |

२००७ को सर्वेक्षण देशमा युद्धविरामको घोषणा भएको एक वर्षपछि र मधेस आन्दोलन सुरु भएको केही महिनापछि सञ्चालन गरिएको थियो । यस्तो स्थितिमा संविधानसभाको निर्वाचन स्वतन्त्र र निष्पक्ष सम्पन्न हुने कुरामा जनताले फरक फरक विचार व्यक्त गरेका छन् । यससम्बन्धमा जनसाधारण र विधायकहरूका विचार निकै भिन्न रहेका छन् । नागरिक सर्वेक्षणका ३८ प्रतिशत उत्तरदाता भयरहित वातावरणमा संविधानसभाको निर्वाचन सम्पन्न हुने कुरामा विश्वस्त छैनन् तर ६६ प्रतिशतले भयरहित वातावरणमा सो निर्वाचन सम्पन्न हुन सक्नेमा विश्वास लिएका छन् । तर यसका विपरीत विधायिका सर्वेक्षणका ६१ प्रतिशत उत्तरदाता भयरहित वातावरणमा संविधानसभाको निर्वाचन हुनेमा आश्वस्त छैनन् भने ३९ प्रतिशत विधायक उत्तरदाताहरू यस विषयमा आशावादी रहेका छन् ।

सबैखाले उत्तरदाताहरूले संविधानसभाको निर्वाचन भयरहित वातावरणमा हुनसक्ने विचार व्यक्त गरेका छन् । तर वृद्ध तथा तराई क्षेत्रका बासिन्दाहरूले यसमा शङ्का व्यक्त गरेका छन् । मधेसीहरूमध्ये बहुसंख्यकले अहिलेको स्थितिमा संविधानसभाको निर्वाचन गर्नु उपयुक्त नहुने विचार राखेका छन् ।

तोकिएको मिति (त्यस बेला निर्धारित मिति २००७ जून) मा निर्वाचन सम्पन्न हुनसक्ने सम्भावनालाई जनसाधारणले देशमा विद्यमान शान्ति-सुरक्षाको स्थितिसँग जोडेर हेर्ने गरेका छन् । जनसाधारणसँग आआफ्ना क्षेत्रको सुरक्षास्थितिको बारेमा सोधिएको प्रश्नको जवाफमा २३ प्रतिशतले धेरै सुरक्षित, ७० प्रतिशतले सुरक्षित र ७ प्रतिशतले असुरक्षित महसुस गरिएको पाइयो । बहुसंख्यक उत्तरदाताले देशको स्थिति राम्रो रहेको बताएका छन् भने त्यसै अनुपातमा बहुसंख्यकले भयमुक्त स्थितिमा संविधानसभाको निर्वाचन हुनसक्ने विश्वास व्यक्त गरेका छन् । यसै प्रसङ्गमा विधायिका सर्वेक्षणका २५ प्रतिशत उत्तरदाताहरूले असुरक्षित रहेको र ९ प्रतिशतले धेरै सुरक्षित रहेको बताए । स्थिति असुरक्षित रहेको बताउनेमा जनसाधारणको संख्या (७ प्रतिशत) भन्दा विधायकको संख्या (२५ प्रतिशत) १८ प्रतिशतले बढी रहेको छ । त्यस्तै धेरै सुरक्षित बताउनेमा विधायकहरूको संख्या नागरिक उत्तरदाताको संख्या भन्दा १४ प्रतिशतले कम रहेको छ । यसरी शान्ति-सुरक्षाको स्थितिबारे विधायक तथा जनसाधारणको धारणा फरक रहेको छ र यसकै आधारमा विधायकहरूले भयमुक्त वातावरणमा संविधानसभाको निर्वाचन हुन नसक्ने बताएका छन् भने जनसाधारणले हुन सक्ने बताएका छन् ।

सन् २००४ मा सर्वेक्षण सञ्चालन गरिएको समयको तुलनामा अहिले २००७ को सर्वेक्षण गर्दाको समयमा सुरक्षाको स्थितिमा निकै सुधार आइसकेको छ। यी दुई सर्वेक्षणमा प्राप्त तथ्याङ्कअनुसार २००४ को सर्वेक्षणमा १९ प्रतिशत उत्तरदाताले धेरै सुरक्षित महसुस गरेको बताएका थिए भने ८ प्रतिशतले असुरक्षित रहेको बताएका थिए। तर २००७ को सर्वेक्षणमा धेरै सुरक्षित अनुभव गर्नेको संख्या पहिलेको तुलनामा ४ प्रतिशतले बढेको छ भने असुरक्षित महसुस गर्ने उत्तरदाताको संख्या ७ प्रतिशतले घटेको छ ।

यी तीन वर्ष (२००४ देखि २००७) का बीचमा देशको सुरक्षास्थितिमा सुधार आएको देखिएको छ तर समग्र जनसमुदायले यस कुराको अनुभूति गर्न सकेको चाहिँ देखिएन । सहरी क्षेत्रका उत्तरदाता र मधेसी समुदायका उत्तरदाताहरूमध्ये धेरै सुरक्षित रहेको बताउनेको संख्यामा कमी आएको छ । सन् २००४ मा २६ प्रतिशत सहरबासी उत्तरदाताले धेरै सुरक्षित रहेको बताएका थिए भने २००७ मा यो संख्या २१ प्रतिशतमा झरेको छ । त्यस्तै २००४ मा स्थिति असुरक्षित बताउने सहरी जनसाधारणको संख्या ९ प्रतिशत मात्र रहेकोमा २००७ मा यिनीहरूको संख्या १५ प्रतिशत पुगेको छ । सहरी बासिन्दाहरूमा असुरक्षाको अनुभूति बढी हुनुमा हाल सहरी क्षेत्रमा बढ्दै गएको असुरक्षाको स्थिति पैदा गर्ने घटनाक्रमले पनि सहयोग पुर्‍याएको देखिन्छ । सहरी क्षेत्रका बासिन्दाहरूले जस्तै मधेसी समुदायका उत्तरदाताहरूले पनि सुरक्षास्थिति खस्केको अनुभव गरेका छन् । २००४ को सर्वेक्षणमा धेरै सुरक्षित महसुस गर्ने सहरबासी र मधेसी समुदायले सुरक्षाको स्थिति खस्केको महसुस गर्नाका कारणहरूबारे पछि चर्चा गरिनेछ ।

अहिले देशको सुरक्षास्थितिमा सुधार आएको छ भन्ने विषयमा केही चर्चा गर्नु उपयुक्त हुनेछ । २००७ को नागरिक सर्वेक्षणका ४८ प्रतिशतले गत वर्षको तुलनामा अहिले धेरै सुरक्षित महसुस गरेको बताए भने १०

प्रतिशतले पहिलेभन्दा अहिले कम मात्र सुरक्षित महसुस गरेको बताए । बहुसंख्यक विधायक उत्तरदाताहरूले पनि पहिलेको तुलनामा सुरक्षाको स्थितिमा सुधार आएको बताएका छन् । पहिलेको तुलनामा सुरक्षास्थिति राम्रो भएको बताउने विधायकहरूको संख्या ५२ प्रतिशत रहेको छ भने कम सुरक्षित महसुस गर्नेको संख्या २६ प्रतिशत रहेको छ । यसरी यी तथ्याङ्कहरूबाट देशको सुरक्षास्थितिमा सुधार आएको देखिए तापनि दुई तिहाइ विधायकहरूले भयमुक्त बातावरणमा संविधानसभाको निर्वाचन सम्पन्न गराउन यो स्थिति यथेष्ट नभएको बताए ।

**तालिका ४.११**
**सुरक्षास्थिति**

| | | धेरै सुरक्षित | | | केही सुरक्षित | | | असुरक्षित | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | २००४ | २००७ | +– | २००४ | २००७ | +– | २००४ | २००७ | +– |
| नागरिक सर्वेक्षण | जनसाधारण | १९ | २३ | +४ | ६७ | ७० | +३ | १४ | ८ | -६ |
| क्षेत्र | ग्रामीण | १७ | २३ | +६ | ६८ | ७१ | +३ | १५ | ६ | –९ |
| | सहरी | २६ | २१ | –५ | ६५ | ६४ | –१ | ९ | १५ | +६ |
| भौगोलिक स्थिति | हिमाल | ९ | १३ | +४ | ६३ | ७८ | +१५ | २७ | ८ | –१९ |
| | पहाड | २० | २६ | +६ | ६९ | ६९ | ० | ११ | ५ | –४ |
| | तराई | १८ | २० | +२ | ६६ | ७० | +४ | १६ | १० | –६ |
| भौगोलिक क्षेत्र | पूर्वाञ्चल | १५ | २४ | +९ | ६४ | ६९ | +५ | २१ | ७ | –१४ |
| | मध्यमाञ्चल | २६ | २६ | ० | ६६ | ६४ | –२ | ७ | ९ | +२ |
| | पश्चिमाञ्चल | १४ | २२ | +८ | ७८ | ७३ | –५ | ८ | ५ | –३ |
| | मध्य पश्चिमाञ्चल | १४ | १७ | +३ | ५५ | ७६ | +२१ | ३० | ७ | –२३ |
| | सुदूर पश्चिमाञ्चल | | १३ | –१ | | ७८ | +२३ | | ९ | –२१ |
| सामाजिक स्तर | पहाडी | १८ | २३ | +५ | ७१ | ६९ | –२ | ११ | ८ | –३ |
| | मधेसी | २३ | १५ | –८ | ६० | ७२ | +१२ | १७ | १४ | –३ |

सन् २००४ देखि हालसम्मको समयावधिमा देशमा सुरक्षाको स्थिति सुधारोन्मुख रहेको छ । उत्तरदाताहरूले गत वर्ष वा केही वर्षअघिको आआफ्नो क्षेत्रको सुरक्षास्थिति र अहिलेको स्थितिलाई तुलना गरी दिएको अभिव्यक्तिबाट पनि यस कुराको पुष्टि मिल्दछ । सन् २००४ र २००७ मा प्राप्त तथ्याङ्कअनुसार विगतको तुलनामा अहिले धेरै सुरक्षित महसुस गर्नेको संख्या २००४ (१२ प्रतिशत) को तुलनामा २००७ मा ३६ प्रतिशतले बढी रहेको छ । सन् २००७ को यस सर्वेक्षणमा पहिलेभन्दा कम सुरक्षित महसुस गरेको बताउने उत्तरदाताको संख्या १० प्रतिशत रहेको छ जबकि २००४ को सर्वेक्षणमा पहिलेको तुलनामा ५५ प्रतिशतले कम सुरक्षित महसुस गरेको बताएका थिए ।

समग्रमा अहिलेको सुरक्षास्थितिलाई धेरै सुरक्षित महसुस गर्नेको संख्या ४८ प्रतिशत रहेको छ । यो कुरा कमबेसी सबैखाले उत्तरदाताहरूले महसुस गरेका छन् (तालिका ४.१२ हेर्नुहोस्) । यस तालिकाअनुसार सहरी क्षेत्रका बासिन्दामध्ये ३० प्रतिशत र मधेसी समुदायका २७ प्रतिशत उत्तरदाताहरूले मात्र अहिले बढी सुरक्षित महसुस गरेका छन् । यो आँकडा राष्ट्रिय आँकडा (४८ प्रतिशत) को अनुपातमा धेरै कम रहेको छ । त्यस्तै अहिलेको स्थितिमा कम सुरक्षित बताउने सहरी उत्तरदाताको संख्या २२ प्रतिशत र मधेसी उत्तरदाताको संख्या १६ प्रतिशत रहेको छ । यो प्रतिशत राष्ट्रिय आँकडा (१० प्रतिशत) भन्दा उच्च रहेको छ ।

**तालिका ४.१२**
**पहिलेको तुलनामा अहिलेको सुरक्षास्थिति**

| | | धेरै सुरक्षित | | | कम सुरक्षित | | | पहिले जस्तै | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | २००४ | २००७ | +– | २००४ | २००७ | +– | २००४ | २००७ | +– |
| विधायिका सर्वेक्षण | विधायक | | ५२ | – | | २६ | – | | २२ | – |
| नागरिक सर्वेक्षण | जनसाधारण | १२ | ४८ | +३६ | ५५ | १० | –४५ | ३३ | ४२ | +९ |
| क्षेत्र | ग्रामीण | ११ | ५१ | +४० | ५५ | ८ | –४७ | ३० | ४२ | +१२ |
| | सहरी | १४ | ३० | +१६ | ५६ | २२ | –३४ | ३० | ४८ | +१८ |
| भौगोलिक स्थिति | हिमाल | १ | ७६ | +७५ | ५९ | ४ | –५५ | ४० | २० | –२० |
| | पहाड | १५ | ५७ | +४२ | ५२ | ६ | –४६ | ३३ | ३७ | +४ |
| | तराई | १० | ३४ | +२४ | ५८ | १५ | –४३ | ३२ | ५२ | +२० |
| भौगोलिक क्षेत्र | पूर्वाञ्चल | ९ | ४५ | +३६ | ५९ | १३ | –४६ | ३२ | ४२ | +१० |
| | मध्यमाञ्चल | १७ | ३५ | +१८ | ५१ | १२ | –३९ | ३२ | ५३ | +२१ |
| | पश्चिमाञ्चल | ११ | ५४ | +४३ | ५६ | ५ | –५१ | ३३ | ४१ | +८ |
| | मध्य पश्चिमाञ्चल | ७ | ७१ | +६४ | ५२ | ७ | –४५ | ४१ | २२ | -१९ |
| | सुदूर पश्चिमाञ्चल | | ४९ | +४२ | | ६ | –४६ | | ४५ | +४ |
| सामाजिक स्तर | पहाडी | १२ | ५५ | +४३ | ५० | ७ | –४३ | ३७ | ३७ | ० |
| | मधेसी | ११ | २७ | +१६ | ५७ | १६ | –४१ | ३२ | ५६ | +२४ |

यस सर्वेक्षणअनुसार राजनीतिक स्थितिमा आएको परिवर्तनको परिणामस्वरूप देशको सुरक्षास्थितिमा सुधार आएको देखिन्छ । यस सर्वेक्षणका दुवै समूह नागरिक तथा विधायकले आफूले विगतमा भन्दा बढी सुरक्षित महसुस गर्नुमा केही कारण दिएका छन्; जस्तै- नागरिक सर्वेक्षणका ४१ प्रतिशतले आठ दलीय गठबन्धन र २२ प्रतिशतले माओवादी द्वन्द्वनिराकरणलाई मानेका छन् । यस्तै सुरक्षास्थितिमा सुधार आउनुका अन्य कारणहरूमा विकास (१२ प्रतिशत), सुशासन (९ प्रतिशत), लोकतन्त्रको पुनर्स्थापना (७ प्रतिशत), असामाजिक तत्त्वमा आएको कमी (४ प्रतिशत) र राज्यको सुरक्षा निकायको अनुपस्थिति (२ प्रतिशत) तथा माओवादीहरूको अनुपस्थिति (२ प्रतिशत) लाई औंल्याएका छन् । २००७ को विधायिका सर्वेक्षणका बहुसंख्यक उत्तरदाताहरूले सुधारोन्मुख सुरक्षास्थितिका लागि आठ दलीय गठबन्धनलाई श्रेय दिएका छन् ।

नागरिक सर्वेक्षणका उत्तरदाताहरूमध्ये सहरी, ग्रामीण, हिमाली, पहाडी समुदायले देशमा सुरक्षाको स्थिति राम्रो हुनुमा गैरराजनीतिक विषय विकास वा शासन व्यवस्थालाई भन्दा बढी आठ दलीय गठबन्धन तथा माओवादीको द्वन्द्वनिराकरणबाट राजनीतिक क्षेत्रमा आएको परिवर्तनलाई महत्त्वपूर्ण कारक मानेका छन् । तर मधेसी समुदाय र तराईका बासिन्दाले राम्रो सुरक्षास्थिति पैदा हुनुमा गैर राजनीतिक क्षेत्रमा आएको सकारात्मक स्थितिलाई बढी महत्त्व दिएका छन् ।

संविधानसभाको निर्वाचन सम्पन्न गर्ने सन्दर्भमा सुरक्षास्थितिको विश्लेषणका लागि यी प्रश्नहरूबारे सोच्नु जरुरी हुन्छः असुरक्षाका कारणहरू के के हुन् ? किन सहरी बासिन्दाहरूले सुरक्षाको स्थिति खस्केको महसुस गर्दै छन् ? किन मधेसी समुदाय भयमुक्त वातावणमा संविधानसभाको निर्वाचन हुन सक्नेमा विश्वस्त छैन ? र किन जनसाधारणभन्दा विधायकहरूले बढी असुरक्षित महसुस गर्दछन् ?

**तालिका ४.१३**
**सुरक्षास्थितिमा सुधार आउनाका कारणहरू**
*(बहुउत्तरहरूलाई १०० प्रतिशतमा परिवर्तन गरिएको)*

| | | आठ दलीय गठबन्धन | माओवादी द्वन्द्व निराकरण | विकास | शासनव्यवस्था |
|---|---|---|---|---|---|
| विधायिका सर्वेक्षण | विधायक | ४९ | ३७ | ४ | ३ |
| नागरिक सर्वेक्षण | जनसाधारण | ४१ | २२ | १२ | ९ |
| क्षेत्र | ग्रामीण | ४१ | २२ | १२ | ८ |
| | सहरी | ४३ | २१ | १३ | १२ |
| भौगोलिक क्षेत्र | हिमाल | ४३ | २३ | १५ | ४ |
| | पहाड | ४३ | २६ | ८ | ७ |
| | तराई | ३६ | १५ | १७ | १३ |
| सामाजिक स्तर | पहाडी | ४० | २४ | ११ | ८ |
| | मधेसी | ३० | २२ | १७ | १३ |

*सुरक्षास्थितिमा सुधार आउनुमा प्रजातन्त्रको पुनर्स्थापना, असामाजिक तत्त्वमा आएको कमी, माओवादीहरूको अनुपस्थिति, राज्यको सुरक्षा संयन्त्रको अनुपस्थिति आदिलाई कारक तत्त्व मान्ने उत्तरदाताको संख्या ज्यादै न्यून रहेका कारण यिनीहरूलाई यस तालिकाबाट हटाइएको छ ।*

यस सर्वेक्षणबाट प्राप्त तथ्याङ्कअनुसार देशको सुरक्षास्थिति संविधानसभाको निर्वाचनका लागि अनुकूल रहेको छ । यस सर्वेक्षणका २७ प्रतिशत नागरिक उत्तरदाता तथा ३९ प्रतिशत विधायकहरूले आफूहरूले असुरक्षित महसुस नगरेको बताएका छन् । यस तथ्याङ्कका आधारमा संविधानसभाको निर्वाचन भयरहित वातावरणमा सम्पन्न हुन सक्ने देखिन्छ । त्यस्तै उत्तरदाताहरूले असुरक्षित स्थितिका कारक तत्त्वप्रति व्यक्त गरेका धारणालाई दुई भागमा विभाजन गरी विश्लेषण गर्दा पनि परिणाम उत्साहजनक पाइएको छ; जस्तै- राजनीतिक कारणमा-माओवादी, पुलिस, सेना र प्रशासनबाट धम्की, सशस्त्र विद्रोह तथा अभद्र आन्दोलन र गैरराजनीतिक कारणमा-असामाजिक तत्त्व (तालिका ४.१४ हेर्नुहोस्) । असुरक्षाको स्थिति पैदा गर्ने वा असुरक्षित महसुस गराउने तत्त्वहरूबारे विश्लेषण गर्दा राजनीतिक कारणहरूले मात्र संविधानसभाको निर्वाचन गराउने कुरामा प्रभाव पार्ने देखिन्छ । तर असामाजिक तत्त्वबाट जनसाधारणले महसुस गर्ने असुरक्षित भावनाले भयरहित संविधानसभाको निर्वाचन सम्पन्न गर्न खासै प्रभाव पार्दैन । प्राप्त तथ्याङ्कअनुसार ४५ प्रतिशत नागरिक र १४ प्रतिशत विधायक उत्तरदाताहरूले असामाजिक तत्त्वलाई असुरक्षाका कारक तत्त्वका रूपमा लिएका छन् । त्यस्तै २४ प्रतिशत जनसाधारण र २७ प्रतिशत विधायकहरूले असुरक्षाको कारक तत्त्वमा राजनीतिक विषयलाई राखेका छन् ।

विधायिका सर्वेक्षणका लगभग एक चौथाइ उत्तरदाताले राजनीतिक तत्त्वलाई असुरक्षित स्थितिको कारक तत्त्व मानेका छन् तापनि उनीहरू भयरहित वातावरणमा संविधानसभाको निर्वाचन हुन सक्नेमा निश्चिन्त छैनन् । किन त ? विधायिका उत्तरदाता तथा नागरिक उत्तरदाताहरूले असुरक्षाका प्रमुख कारणबारे फरक मत व्यक्त गरेका छन् । यस सर्वेक्षणमा दिइएका पाँच विभिन्न तत्त्वमध्ये विधायकहरूले असुरक्षित महसुस गर्नाको कारणमा तराईको सशस्त्र विद्रोहलाई प्रमुख रूपमा औंल्याएका छन् । तर नागरिक सर्वेक्षणका मधेसी उत्तरदाताहरूले तराईको सशस्त्र विद्रोहलाई असुरक्षाका कारणमध्ये चौथो तहमा राखेका छन् । विधायकहरूले भन्दा बढी जनसाधारणले अशिष्ट आन्दोलनले सुरक्षास्थितिलाई गम्भीर बनाउने विचार व्यक्त गरेका छन् । सहरी बासिन्दाहरू बढ्दो अभद्र आन्दोलनबाट चिन्तित रहेका छन् । यसबाट सहरी जनताले पहिलेको तुलनामा सुरक्षाको स्थिति खस्केको महसुस गर्ने गरेका छन् । यस सन्दर्भमा एक महिला अधिकारवादीको विचार यस्तो रहेको छः

*अहिले अभद्र ढङ्गले विरोध गर्ने संस्कृति विकास भएको छ । बन्दको आह्वान, चक्का जाम, टायर बाल्ने आदि कुरा साधारण भइसकेका छन् । आन्दोलन गऱ्यो भने तपाईंको आवाज सुनिन्छ, होइन भने सुनिँदैन । यो नयाँ राजनीतिक संस्कृति नै देशमा शान्तिस्थापना गर्ने कार्यमा मुख्य बाधक बनेको छ । कसरी यसबाट मुक्त हुने ?*

– सपना मल्ल (प्रधान), महिला अधिकारवादी कार्यकर्ता ।

**तालिका ४.१४**
**असुरक्षाका स्रोतहरू**

| | | असामाजिक तत्त्वहरू | अभद्र आन्दोलन | माओवादी | सशस्त्र विद्रोह | पुलिस/सेना/प्रशासन | असुरक्षित नभएको |
|---|---|---|---|---|---|---|---|
| विधायिका सर्वेक्षण | विधायक | १४ | ३ | ६ | १५ | ३ | ३९ |
| नागरिक सर्वेक्षण | जनसाधारण | ४५ | १२ | ७ | ३ | २ | २७ |
| क्षेत्र | ग्रामीण | ४६ | ९ | ७ | ३ | २ | २९ |
| | सहरी | ३९ | ३३ | ६ | २ | २ | १६ |
| भौगोलिक स्थिति | हिमाल | ५१ | ७ | ६ | ५ | २ | २४ |
| | पहाड | ४६ | १० | ५ | २ | २ | ३१ |
| | तराई | ४३ | १६ | ८ | ३ | २ | २३ |
| सामाजिक समूह | पहाडी | ४६ | ११ | ५ | ३ | ३ | २९ |
| | मधेसी | ४१ | १४ | ९ | ३ | २ | २६ |

आन्दोलनका नयाँ रूप र गतिबाट सहरी जनता चिन्तित रहेका छन् । यिनै कारणबाट सहरी जनताले पहिलेको तुलनामा सुरक्षास्थिति खस्केको विचार व्यक्त गरेका हुन् । सन् २००४ को सर्वेक्षणमा ४१ प्रतिशत जनसाधारणले माओवादीलाई र २८ प्रतिशतले पुलिस/सेनालाई असुरक्षाको प्रमुख कारण मानेका थिए । त्यतिबेला सरकार र माओवादीबीचको सशस्त्र द्वन्द्वले सहरी क्षेत्रमा प्रत्यक्ष प्रभाव पारेको थिएन । त्यस्तै २००६ अप्रिलको जनआन्दोलनपश्चात् पनि माओवादी र सरकारी सुरक्षाशक्तिबाट सहरी जीवनमा खासै प्रभाव परेको थिएन । २००४ को सर्वेक्षणको समयमा अहिलेको असुरक्षाका प्रमुख कारणहरू सशस्त्र तराई विद्रोह र अभद्र आन्दोलनहरू मुख्य समस्याका रूपमा रहेका थिएनन् ।

सहरबासी जस्तै मधेसी समुदाय पनि असुरक्षाका नयाँ कारकतत्त्वबाट प्रभावित छन् । माओवादीको जनयुद्धबाट पहाडी क्षेत्रको तुलनामा तराई क्षेत्र कम मात्र प्रभावित रहेको थियो । त्यसैले राज्यले सुरक्षाका कारवाही पहाडी क्षेत्रमा बढी गर्नुपरेको थियो । मधेसी उत्तरदाताहरूले सशस्त्र विद्रोहबाट कुनै खतराको अनुभव नगरेको बताए भने केवल ३ प्रतिशतले सशस्त्र विद्रोहलाई असुरक्षाको कारण मानेका छन् । यसरी मधेसी उत्तरदाताले तराईको सशस्त्र विद्रोहलाई खासै असुरक्षाको कारण नमान्नुमा यो विद्रोह तराईमा रहेका पहाडीमूलका जनताविरुद्ध लक्षित भएकाले पनि हुनुपर्दछ । यी सशस्त्र विद्रोहहरू तराईका खासगरी पूर्वाञ्चल, मध्यमाञ्चल तथा पश्चिमाञ्चल क्षेत्र जहाँ हतियारयुक्त एवम् हतियारविहीन किसिमले चर्केका छन् । त्यसैले उत्तरदाताहरूले सुरक्षास्थिति कमजोर हुँदै गएको विचार व्यक्त गरेका हुन् ।

*अहिले तराईको स्थिति यति नराम्रो भएको छ, यो नेपालको इतिहासमा कहिल्यै नभएको घटना हुन पुगेको छ । स्थिति यति अराजक छ कि त्यहाँ हरेक हप्ताजसो मान्छे मारिन्छन् तर सरकार असहाय बनेको छ । मानिसहरू विनसित्ति मारिँदै छन् । नयाँ सशस्त्र समूहहरू देखापरिरहेका छन्, जस्तैः कोब्रा समूह, टाइगर समूह, विस्फोट समूह । त्यहाँ भइरहेको गतिविधिले देशको शान्तिस्थितिमा खलल पार्ने मात्र नभई देशमा श्रीलङ्काको स्थितिसमेत ल्याउन सक्छ ।*

– श्याम श्रेष्ठ, नागरिक समाजका कार्यकर्ता तथा स्वतन्त्र वामपन्थी

पहिलेभन्दा बढी सुरक्षित महसुस गरेको बताउनेमा तराईको पूर्वाञ्चल विकास क्षेत्रका २९ प्रतिशत, मध्यमाञ्चलका २१ प्रतिशत र पश्चिमाञ्चलका ३१ प्रतिशत उत्तरदाता रहेका छन्; यो प्रतिशत राष्ट्रिय सरदर प्रतिशत ४८ भन्दा निकै कम रहेको छ। मध्य पश्चिमाञ्चल र सुदूर पश्चिमाञ्चलका तराई क्षेत्रका बासिन्दा यी साम्प्रदायिक गडबडी तथा राजनीतिक द्वन्द्वबाट कम मात्र प्रभावित देखिन्छन् । यस क्षेत्रका उत्तरदाताहरूमध्ये मध्य पश्चिमाञ्चल क्षेत्रका ६१ प्रतिशत र सुदूर पश्चिमाञ्चलका ६७ प्रतिशतले पहिलेको तुलनामा अहिले बढी सुरक्षित महसुस गरेको बताएका छन् ।

## ४.७ संविधानसभाको स्वतन्त्र र निष्पक्ष निर्वाचन सम्पन्न गराउनमा अन्तर्राष्ट्रिय सुपरिवेक्षणको भूमिकाको अपेक्षा

नेपालको सुरक्षास्थिति सुदृढ तुल्याउनमा अन्तर्राष्ट्रिय समुदाय सक्रिय भई कार्यरत छन् । अनमिन नेकपा माओवादी लडाकू समूहको प्रमाणीकरण र निरीक्षणका साथै हतियार व्यवस्थापन कार्यमा संलग्न रहँदै आएको छ । भारतले नेपालमा द्वन्द्वको रूपान्तरण र सङ्क्रमणको प्रक्रियासम्बन्धी सम्झौताहरूलाई निर्विघ्नतापूर्वक सम्पन्न गराउन प्रमुख भूमिका खेल्दै आएको छ। तराईमा भइरहेको विद्रोह समाधान गर्नमा भारतको निर्णायक भूमिकाको सबै पक्षबाट अपेक्षा गरिँदै आएको छ । युरोपियन युनियन, संयुक्त अधिराज्य र संयुक्त राज्य अमेरिकाले नेपाली जनतालाई संविधानसभा र यससम्बन्धी अन्य विषयमा जानकारी गराउने उद्देश्यले शिक्षामूलक कार्यक्रमहरू सञ्चालन गर्न सबै किसिमका सहयोग गर्दै आएका छन् । चीन र जापानले संविधानसभाको निर्वाचनको लागि प्राविधिक तथा भौतिक सहयोग गर्दै आएका छन् । अन्य मुलुकहरू तथा संघ-संस्थाहरूले पनि सम्बन्धित क्षेत्रमा आवश्यक कार्य गर्दै आएका छन् । तर नेपालको अहिलेको यस सङ्क्रमणकालको समयमा यी विदेशी मुलुक तथा संघ-संस्थाहरूले गरेका गतिविधि तथा सहयोगहरू विवादमुक्त भने छैनन् । भारत तथा अमेरिकाको भूमिका महत्त्वपूर्ण हुँदाहुँदै पनि उनीहरू प्रभुत्व जमाउने खेलमा संलग्न हुँदै आएका छन् । दातृराष्ट्रहरूले खुला रूपमा नै हस्तक्षेप गर्ने गर्दा नेपालीहरूले नेपालको राजनीतिमा विदेशी समुदायको हस्तक्षेप तथा चलखेल बढ्दै गएको अनुमान गरेका छन् । विदेशी राष्ट्रहरूको यस किसिमको गतिविधिको विरोध गर्नेमा नेपालका वामपन्थी राजनीतिक दलहरू अग्रपङ्क्तिमा रहेका छन् । अन्तर्राष्ट्रिय समुदायबीच एकआपसमा समझदारी र समन्वयमा कमी रहेको महसुस गरिएको छ । यस्ता कमीकमजोरीका बावजुद पनि विदेशी समुदायको सहयोग तथा तिनका भूमिकालाई दुई कारणले औचित्यपूर्ण मान्नुपर्दछ । पहिलो- द्वन्द्वको रूपान्तरणको लागि अन्तर्राष्ट्रिय समुदायको भूमिका सराहनीय छ र दोस्रो- अन्तर्राष्ट्रिय सुपरिवेक्षणले नेपालमा संविधानसभाको निर्वाचन निष्पक्ष र स्वतन्त्र ढङ्गमा सम्पन्न हुनेमा जनताले विश्वास गरेका छन् ।

*विदेशीहरूले हाम्रो देशलाई सहयोग गरेका छन् । मलाई लाग्छ, यिनीहरूको सहयोगबिना यहाँ केही हुँदैन । यिनीहरूले स्कुल, पाटी-पौवा, सडक तथा बूढाबूढीका लागि आश्रमसमेत बनाइदिएका छन् । शान्तिस्थापना समेतका लागि उनीहरूको सहयोग चाहिन्छ । मैले चीन, भारत, अमेरिका र संयुक्तराष्ट्र संघ शान्तिस्थापनामा कार्यरत रहेको भन्ने सुनेको छु । उनीहरूले शान्तिस्थापनामा कतिको सहयोग पुऱ्याउँछन् भन्ने त थाहा छैन तर तिनीहरूले काम गरिरहेको नै राम्रो लाग्दछ ।*

– भीमकुमारी कटुवाल, भोजपुर

*ठीक छ; विदेशीहरूले हामीलाई लोकतन्त्रको मूल्य र मान्यताअनुरूप कार्य गर्न प्रेरित गरेका छन् । तर मलाई अमेरिका र भारतले 'ठूलो दाजुको मनःस्थिति' देखाएको मन पर्दैन । यदि हाम्रो देश सार्वभौमसम्पन्न छ भने हाम्रो सरकारको गठन र सञ्चालनमा उनीहरूको हस्तक्षेप कत्तिको जायज छ ? ठूला राष्ट्रले साना राष्ट्रलाई थिच्ने मिच्ने गर्नु हुँदैन । एउटा सानो राष्ट्रलाई हेप्ने, अधिनायकत्व देखाउने र विस्तारवादी नीति अपनाउनेलाई कसरी प्रजातान्त्रिक मान्न सकिन्छ ? मेरो विचारमा हाम्रो देशमा निरन्तर चलिरहेको द्वन्द्वको पछाडि अमेरिका र भारतको हात छ । माओवादी सरकारमा सामेल होला भनेर अमेरिकाले कति बखेडा गरेको होइन त ?*

– भीमप्रसाद शर्मा, पर्वत

सन् २००७ को सर्वेक्षणमा नेपालमा अन्तर्राष्ट्रिय समुदाय (अमेरिका, चीन, जापान, भारत, संयुक्त अधिराज्य, संयुक्त राष्ट्र संघ र युरोपियन युनियन) ले खेल्दै आएको भूमिकाको महत्त्वबारे सोधिएको प्रश्नमा ४७ प्रतिशतले थाहा छैन भन्ने उत्तर दिएका छन् । नेपालको साक्षरताको दरलाई विचार गर्दा यो तथ्याङ्क आश्चर्यजनक छैन । यस बारेमा जानकारी राख्ने उत्तरदाताहरूमध्ये ८२ प्रतिशतले नेपालको प्रजातान्त्रिक रूपान्तरणमा विदेशी राष्ट्र/समुदायको भूमिकालाई महत्त्वपूर्ण मानेका छन् । नेपालको राजनीतिक सङ्क्रमणको क्षेत्रमा महत्त्वपूर्ण कार्य गर्दै आएका विदेशी राष्ट्रहरूमध्ये भारतको स्थान पहिलो नम्बरमा आउँछ किनभने नागरिक सर्वेक्षणका ९१ प्रतिशतले भारतको भूमिकालाई महत्त्वपूर्ण मानेका छन् । भारतपछि श्रेय पाउने अन्तर्राष्ट्रिय समुदायहरूमा क्रमशः संयुक्त राष्ट्र संघ, अमेरिका, चीन, युरोपियन युनियन, जापान र संयुक्त अधिराज्य रहेका छन् । अन्तर्राष्ट्रिय समुदायको भूमिकाको महत्त्वबारे विधायकहरूले व्यक्त गरेका विचार जनसाधारणकै विचारसँग मिल्दाजुल्दा छन् ।

नागरिक सर्वेक्षणका उत्तरदाताहरूले अन्तर्राष्ट्रिय समुदायको भूमिकाको महत्त्वप्रति व्यक्त गरेका धारणा उत्तरदाताहरूको सामाजिक पृष्ठभूमिअनुसार केही फरक रहेका छन् भने विधायकहरूले पनि आफू आबद्ध राजनीतिक दलअनुसार केही फरक धारणा व्यक्त गरेका छन् । नेपालको राजनीतिक क्षेत्रमा खेल्दै आएको भूमिकाको आधारमा पहाडी क्षेत्रका जनसाधारणले संयुक्त राष्ट्रसंघलाई धेरै श्रेय दिएका छन् भने तराईका बासिन्दाले भारतको भूमिकालाई महत्त्वपूर्ण मानेका छन् । तराईका बासिन्दाले भारतको भूमिकाको सराहना गर्नुमा भौगोलिक कारण एवम् तराईको संस्कृतिले भारतीय संस्कृतिसँग मेल खानुले पनि मधेसीहरूको धारणामा प्रभाव पारेको हुन सक्छ । नागरिक सर्वेक्षणका मधेसी समुदायका उत्तरदातामध्ये ६५ प्रतिशतले भारतको भूमिकालाई महत्त्वपूर्ण बताएका छन् भने ३५ प्रतिशतले राष्ट्रसंघको भूमिकालाई श्रेय दिएका छन् । पहाडी उत्तरदातामध्ये बहुसंख्यकले संयुक्त राष्ट्रसंघको भूमिकालाई प्रमुख महत्त्व दिए भने यसपछि दोस्रोमा भारतको भूमिकालाई महत्त्व दिएका छन् ।

अन्तर्राष्ट्रिय समुदायले खेल्दै आएको भूमिकाको महत्त्वबारे विधायकहरूको आआफ्ना पार्टीअनुसार फरक धारणा रहेको देखिन्छ । नेपाली कांग्रेसका विधायकहरूले भारतको भूमिकालाई उल्लेखनीय ठहऱ्याएका छन् भने नेकपा एमालेका सांसदहरूले संयुक्त राष्ट्रसंघको भूमिकालाई अग्रस्थानमा राखेका छन् । नेकपा

**तालिका ४.१५**
**अन्तर्राष्ट्रिय समुदायको भूमिकाको वर्गीकरण**

| | | भारत | संयुक्त राष्ट्र संघ | अमेरिका | चीन | युरोपियन युनियन | जापान | संयुक्त अधिराज्य |
|---|---|---|---|---|---|---|---|---|
| नागरिक सर्वेक्षण | जनसाधारण | ५१ | ४९ | ३८ | २८ | २४ | १९ | १७ |
| भौगोलिक स्थिति | हिमाल | ३७ | ३८ | ३१ | २७ | १४ | १३ | १४ |
| | पहाड | ४२ | ५२ | ३७ | २७ | २५ | २१ | २० |
| | तराई | ६१ | ४७ | ४० | २८ | २४ | १७ | १३ |
| सामाजिक समूह | पहाडी | ४५ | ४७ | ३५ | २८ | २४ | १९ | १७ |
| | मधेसी | ६५ | ३८ | ३९ | २८ | २३ | १८ | १३ |
| विधायिका सर्वेक्षण | विधायक | ७६ | ६९ | ५४ | ४४ | ३१ | ९ | १६ |
| राजनीतिक दल | नेपाली कांग्रेस | ८६ | ७१ | ६५ | ३७ | ४३ | १२ | २८ |
| | एमाले | ८१ | ८२ | ६१ | ३८ | ३५ | ४ | १५ |
| | माओवादी | ५९ | ५२ | ३० | ५५ | २० | ५ | ४ |
| | राप्रपा | ७५ | ७५ | ५० | २५ | ५० | २५ | ५० |
| | नेसपा | १०० | ५० | ६७ | २० | – | – | – |

*यस तालिकामा अन्तर्राष्ट्रिय समुदायको भूमिका अत्यन्त महत्त्वपूर्ण भनी जनाउनेको संख्या मात्र दिइएको छ ।*

माओवादीका सांसदहरूले स्पष्ट रूपमा चीनको भूमिकालाई महत्त्व दिएका छन् भने अन्य अन्तर्राष्ट्रिय निकायहरूको भूमिकालाई कम महत्त्व दिएका छन् ।

सर्वेक्षणका क्रममा नागरिक तथा विधायक उत्तरदाताहरूले अन्तर्राष्ट्रिय समुदायको सुपरिवेक्षणबाट नेपालमा संविधानसभाको निर्वाचन स्वतन्त्र र धाँधलीरहित रूपमा सम्पन्न गराउन मद्दत पुग्ने अपेक्षा राखेका छन् । यसबारे नागरिक सर्वेक्षणका ४३ प्रतिशत उत्तरदाताले अनभिज्ञता व्यक्त गरेका छन् । जसलाई यस बारे जानकारी छ तीमध्ये ८४ प्रतिशतले अन्तर्राष्ट्रिय समुदायको सुपरिवेक्षणले स्वतन्त्र र धाँधलीरहित निर्वाचन सम्पन्न गराउन सहयोग मिल्ने विचार व्यक्त गरेका छन् । अन्तर्राष्ट्रिय समुदायको सहयोगप्रति सकारात्मक हुनेमा नागरिक उत्तरदाताभन्दा विधायकहरू बढी आशावादी रहेका छन् । उत्तरदाताहरूको शिक्षा, बसोबास क्षेत्र, उमेर, लिङ्ग, जातजातिको भिन्नताले अन्तर्राष्ट्रिय समुदायको सहयोगबारे उनीहरूको धारणामा खासै फरक परेको देखिएन । त्यस्तै सबै विधायक उत्तरदाताहरूले पनि अन्तर्राष्ट्रिय समुदायको सुपरिवेक्षणबाट संविधानसभाको निर्वाचन निष्पक्ष र धाँधलीरहित सम्पन्न हुन सहयोग मिल्ने विश्वास लिएका छन् ।

## ४.८ सारांश

प्रस्तुत सर्वेक्षण-२००७ सञ्चालन गर्दा नेपालको सङ्क्रमणकाल निर्दिष्ट लक्ष्यतर्फ उन्मुख भइसकेको थियो । सात राजनीतिक दल र नेकपा माओवादीबीच विस्तृत शान्ति-सम्झौतामा हस्ताक्षर सम्पन्न भइसकेको थियो । अन्तरिम संविधानको निर्माण भइसकेको थियो र नेकपा माओवादी अन्तरिम संसद् र अन्तरिम सरकारमा सामेल भइसकेको थियो । नेकपा माओवादी शान्ति-प्रक्रियामा सामेल हुनुले देशमा शान्ति, स्थायित्व र राज्य पुनर्संरचनाको नेपाली जनताको चाहना पूर्ण हुने सम्भावना बढेको छ । माओवादीले बहुदलीय व्यवस्थालाई स्वीकार गरी आफ्नो सिद्धान्तमा परिवर्तन गरेको छ । बेलाबेलामा आफ्नो बहुदलीय व्यवस्थाप्रति प्रतिबद्धता रहेको दोहोऱ्याए पनि नेपाली समाजमा माओवादीको नयाँ राजनीतिक परिचयप्रति अझै पनि प्रश्न उठ्ने गरेको छ । जनआन्दोलनको एउटा मुख्य लक्ष्य गणतन्त्र स्थापनाको सम्भावना बढ्दै गएको छ र राजतन्त्रको विरोधमा जनआवाज चर्को हुँदै आएको छ । यो सर्वेक्षण सञ्चालन गर्दासम्म राजतन्त्रबारे स्पष्ट धारणा नबनाइसकेको नेपालको सबभन्दा पुरानो पार्टी नेपाली कांग्रेसले पार्टीको महासमितिबाट गणतन्त्रको प्रस्तावलाई पारित गरेको छ । वर्तमान सङ्क्रमणकालका तीन प्रमुख लक्ष्य माओवादीहरूलाई बहुदलीय व्यवस्थाको मूलधारमा सहभागी गराई शान्ति स्थापित गर्नु, गणतन्त्रलाई संस्थागत गर्नु र समावेशी प्रजातान्त्रिक व्यवस्थाको निर्माण गर्नुलाई समाहित गरी नेपाल राष्ट्रको पुनर्संरचना गर्ने कुरामा सबै राजनीतिक वृत्त प्रायः स्पष्ट छ । तर विभिन्न राजनीतिक घटनाक्रमका कारण संविधानसभाको निर्वाचनको मिति सर्दै गएको छ ।

यस अध्ययनको एउटा पाटो नागरिक सर्वेक्षण सञ्चालन गरिएको समय (मार्च-अप्रिल २००७) मा संविधानसभाको निर्वाचनको मिति तोकिएको समयभन्दा पछि सर्नेबारे व्यापक चर्चा भइरहेको थियो । निर्वाचनको निर्धारित मिति आउन एक महिना मात्र बाँकी थियो, तर कुनै राजनीतिक दलले चुनावी प्रचार अभियान थालेका थिएनन् । अर्कोतर्फ निर्वाचन आयोगले प्राविधिक, व्यवस्थापकीय तथा प्रशासनिक कारणबाट पनि उक्त मितिमा निर्वाचन गराउन नसकिने कुरा जनाउँदै आएको थियो । निर्वाचनको मिति पछि सार्नुमा देशको शान्ति-सुरक्षाको स्थितिका साथै निर्वाचनबारे जनसाधारणलाई जानकारी गराउन यथेष्ट समय नभएको आदिजस्ता कारण पनि प्रचारमा ल्याइएका थिए । तर त्यति बेलाको राजनीतिक वातावरणलाई विश्लेषण गर्दा उक्त २००७ जुनको निर्धारित मिति पूर्वनियोजित रूपमा नै सारिएको प्रतीत हुन्छ । २००७ को जनवरीपछिको तराई-विद्रोह र राजनीतिक अवरोधका कारण संविधानसभाको निर्वाचन सम्पन्न गराउन आवश्यक शान्तिको स्थिति पैदा नहुने सम्भावना बढेको छ । तर मधेस आन्दोलन पार्टीका नेता तथा जनतालाई समावेशी लोकतन्त्रको आवश्यकताबारे महसुस गराउन सफल रहेको छ । साथै यसले राज्यलाईसमेत समावेशी लोकतन्त्रको अवधारणाअनुरूप कार्य गर्न वाध्य पारेको देखिन्छ ।

पाँचौं परिच्छेद

# जातीयता र समावेशन

## ५.१ पृष्ठभूमि

नेपालको सबभन्दा पहिलो मुलुकी ऐन १८५४ ले नेपाली जनतालाई जातको आधारमा ३ श्रेणीमा विभाजन गरेको थियोः (क) तागाधारी (जनै लाउने उपल्लो जात), (ख) मतवाली (जाँड, रक्सी मादक पदार्थ सेवन गर्ने), (ग) शूद्र (तल्लो जात १. पानी नचल्ने, छोइछिटो हाल्नु नपर्ने २. अछूत, पानी नचल्ने छोइछिटो हाल्नुपर्ने) । यस ऐनले जनजाति समूहलाई हिन्दू वर्णक्रममा समाहित गरी जातलाई सामाजिक श्रेणीको रूपमा प्रस्तुत गरेको थियो । साथै जातकै आधारमा देशको स्रोत र साधनमाथिको अधिकारको निर्धारण र कानुनी उपचारसमेतको फरक व्यवस्था यसमा गरिएको थियो । विश्वव्यापी समानताको सिद्धान्तको आधारमा सन् १९६३ मा निर्माण गरिएको नेपालको नयाँ मुलुकी ऐनले पुरानो मुलुकी ऐनलाई विस्थापित गरे तापनि पुरानो ऐनले customony law को स्थान पाइरहेकै छ ।

राज्यद्वारा निर्देशित राष्ट्रिय एकताका नीतिहरू राजसंस्थाको सुरक्षा तथा हिन्दू धर्म र नेपाली भाषाको प्रचारका लागि लक्षित थिए । जनआन्दोलन-२ अगाडिसम्म पनि हिन्दूधर्म, नेपाली भाषा र राजसंस्थालाई नेपाली राष्ट्रियताको आधारस्तम्भ मानिएको थियो । राष्ट्रिय एकता र अखण्डताको लक्ष्यप्राप्तिका लागि राज्यले केन्द्रीकृत प्रशासन र एकात्मक सरकारको पद्धति अँगाल्यो र अधिनायकवादी संस्कृतिलाई बढावा दियो । साथै सुनियोजित ढङ्गमा पहाडीहरूलाई तराईमा बसाइ सार्ने जस्तो कुरामा प्रोत्साहन दियो । यसप्रकारको राज्यनीतिले गर्दा बहुसंस्कृति लोप हुँदै जाने, विभिन्न वर्ग तथा समूहबीच भेदभाव बढ्नुका साथै विभिन्न जनजाति समूहले परापूर्वकालदेखि रहँदै आएको आफ्नो रैथाने मूल थलो गुमाउनुपर्‍यो । अन्तमा यस नीतिले पहाडी उच्चजातका ब्राह्मण, क्षेत्री वर्गलाई सुविधाभोगी र प्रभावशाली तुल्यायो भने अन्य जनजाति, मधेसी तथा दलित समूहहरूलाई सीमान्तकृत समूहमा पुर्‍यायो ।

सन् १९९० मा प्रजातन्त्रको पुनर्बहालीपश्चात्को परिवर्तित परिवेशमा पहिलेदेखि बहिष्कृत रहेका विभिन्न समूहले आआफ्नो अधिकार र स्वपहिचानको लागि आवाज उठाए । यी जनजाति समूहले आफ्नो अधिकारका लागि तीनवटा मागहरू प्रस्तुत गरेः (क) जातीय स्वपहिचान र मान्यता, (ख) राष्ट्रिय स्रोत र साधनमा साझेदारी एवम् (ग) राजनीतिक सत्ता र संरचनामा प्रतिनिधित्व । सन् १९९० को संविधानले नेपाललाई बहुसांस्कृतिक, बहुजातीय र बहुभाषिक राष्ट्रको मान्यता दिएको छ तर यसका लागि आवश्यक समावेशी प्रावधानहरूको संविधानमा कमी नै रहेको भने थियो ।

सन् १९९० मा प्रजातन्त्रको पुनर्स्थापनाबाट आएको खुला वातावरण जनजातिहरूको आफ्नो पहिचान र अधिकारका लागि आन्दोलनका कार्यक्रम र गतिविधि सञ्चालन गर्न सहायक सिद्ध भएको थियो । साथै यसै बेलामा बुद्धिजीवी, जनजाति कार्यकर्ताहरू र नेकपा माओवादीले पनि यसको समर्थनमा आवाज उठाए ।

नेपालमा जातीय पहिचानको विषयमा अध्ययन गर्ने अध्येताहरू सिद्धान्तका आधारमा दुई पङ्क्तिमा विभाजित छन्: एकथरीले यसलाई primordial model बाट हेरेका छन् (गुरुङ १९९८; भट्टचन १९९५; २०००; लावती २००५; बुरघार्ट १९९६; न्यौपाने २०००) र अर्कोथरीले instrumental model बाट विश्लेषण गरेका छन् ( शर्मा १९८७ र १९९२; दाहाल १९९५ र २०००; नेसाक १९९८; गेल्नर (सं.) १९९७; फिसर २००१; लोकम्टे-तिलौने (सं.) २००३) । सैद्धान्तिक दृष्टिकोणले विवादित रहे तापनि जातीय पहिचानको सवाल सञ्चारक्षेत्र र प्राज्ञिक वृत्तमा चर्चाको एउटा महत्त्वपूर्ण विषय बनेको छ । यसबाट जातीयताका आधारमा अहिलेसम्म भए गरेका भेदभाव/बहिष्करणका कारणहरूलाई उजागर गर्ने र समावेशनका लागि रणनीतिहरू सुझाउने कार्यमा सहयोग पुगेको देखिन्छ ।

जनआन्दोलन-२ पश्चात् देशको राजनीतिक सत्ता र संरचनामा जातीय विविधतालाई सम्बोधन गर्ने गरी गरिएका केही ठोस निर्णयहरू:

- सन् २००६ मेमा अन्तरिम संसद्बाट नेपाल धर्मनिरपेक्ष राज्य भएको घोषणा ।
- निजामती सेवामा नयाँ भर्ना गर्दा कुल सदस्य संख्याको ४५ प्रतिशत स्थान समाजका पिछडिएका समूह महिला, दलित, जनजाति, मधेसी र भौगोलिक दृष्टिले दुर्गम तथा पिछडिएका क्षेत्रका समूहका लागि सुरक्षित गर्न अन्तरिम संसद्बाट निजामती सेवा विधेयक संशोधन ।
- अन्तरिम संविधान २००७ ले नेपालका सबै भाषालाई राष्ट्रभाषाको मान्यता प्रदान र सम्बन्धित क्षेत्रमा स्थानीय/मातृभाषालाई सरकारी कामकाजमा प्रयोग गर्न स्वीकृति ।
- अन्तरिम संविधान २००७ मा राजनीतिक दलहरूको केन्द्रीय कमिटीमा ३३ प्रतिशत स्थान महिलाहरूका लागि सुरक्षित राख्नुपर्ने र दलितहरूको पनि उचित प्रतिनिधित्व हुनुपर्ने प्रावधान राखिएको छ । यस्तै राजनीतिक दलहरूले निर्वाचनका लागि उम्मेदवारीको चयन गर्दा समावेशी सिद्धान्तलाई अङ्गीकार गरी जनजाति, दलित, किसान, मजदुर तथा विभिन्न भौगोलिक क्षेत्रका बासिन्दाहरूको उचित प्रतिनिधित्व र ३३ प्रतिशत महिला हुनुपर्ने प्रावधान राखिएको छ ।
- ९ मार्च २००७ मा अन्तरिम संविधानमा संशोधन गरी संविधानसभाको निर्वाचनबाट संघात्मक राज्यपद्धतिको स्थापना गर्ने कुरा सुनिश्चित गरिएको छ ।
- अन्तरिम संविधान २००७ को तेस्रो संशोधनमा संविधानसभाको सदस्य संख्या ६०१ पुऱ्याइएको छ । यसमा २४० सीट बहुमतीय/प्रत्यक्ष पद्धतिबाट, ३३५ सीट समानुपातिक प्रतिनिधित्वको पद्धतिबाट चुनिने र २६ जना सरकारबाट मनोनयन गरिने व्यवस्था छ । त्यस्तै राजनीतिक दलहरूले निर्वाचनका लागि उम्मेदवारको चयन गर्दा समावेशी लोकतन्त्रको अवधारणालाई अङ्गीकार गर्नुपर्ने प्रावधान राखिएको छ ।
- संविधानसभाका सदस्य निर्वाचन ऐन २००७ ले समानुपातिक प्रतिनिधित्व पद्धतिमा राजनीतिक दलहरूले उम्मेदवारी दिँदा निम्नानुसारको प्रतिनिधित्व हुनुपर्नेः मधेसी समूहबाट ३१.२ प्रतिशत, दलितबाट १३ प्रतिशत, जनजातिबाट ३७.९ प्रतिशत, पिछडिएको क्षेत्रबाट ४ प्रतिशत र अन्य (पहाडी ब्राह्मण-क्षेत्री समुदाय) बाट ३० प्रतिशत ।

जनजाति तथा विभिन्न जात/जातिका समस्या वा मुद्दाहरूको समर्थन तथा त्यससम्बन्धी गतिविधिका लागि धेरै सामाजिक संस्थाहरू क्रियाशील रहेका छन् । जनजातिसम्बन्धी मुद्दाहरूमा कार्यरत संघ-संस्थामध्ये नेपाल आदिवासी जनजाति महासंघ प्रमुख रहेको छ । त्यस्तै दातृराष्ट्रहरूको सहयोगमा महिला तथा दलित कार्यकर्ताहरूले गैरसरकारी तथा अन्तर्राष्ट्रिय गैरसरकारी संघ-संस्थाहरूसँगको सहकार्यमा आवश्यक गतिविधि सञ्चालन गर्दै आइरहेका छन् । त्यस्तै मधेसी समुदायले पनि विशेषतः राजनीतिक दलहरूको संरक्षणमा

(जनतान्त्रिक तराई मुक्तिमोर्चाका गोइत र ज्वाला सिंहका दुवै समूह र सद्भावना पार्टीले) आफ्नो समुदायको समस्या तथा सवालमा कार्य गर्दै आइरहेका छन् ।

नेकपा माओवादीले जनजाति तथा दलितहरूका मुद्दाहरूलाई सम्बोधन गरिदिएबाट पनि जनजातिका आन्दोलनले गति पाएका छन् । यसबाट माओवादी मनोवैज्ञानिक रूपमा दलित तथा जनजाति वर्गमाथि असर पार्न सफल रह्यो । यिनीहरूबाट नेकपा माओवादीले आफ्नो जनयुद्धमा धेरै सहयोग र समर्थनसमेत पाएको थियो । जातीय समस्या र वर्गसंघर्षलाई सँगसँगै अघि बढाउने आफ्नो प्रयासअनुरूप यस पार्टीले क्षेत्रीय तथा जातीय आधारमा एघारवटा भ्रातृ संघ-संस्थाहरू स्थापना गरेको छ । साथै नेकपा माओवादीले देशलाई जातीय र क्षेत्रीय आधारमा ९ वटा क्षेत्रीय स्वशासित सरकारसहितको संघीय राज्यको संरचनासम्बन्धी प्रस्ताव पनि पेस गरेको छ ।

जनआन्दोलन-२ पछिको अन्तरिम संसद्ले जनजातिका धेरै मागलाई सम्बोधन गरेको छ तर पनि नेकपा माओवादीलगायत ठूला राजनीतिक दलहरू जनजातिको सवालमा भन्दा हतियार व्यवस्थापन तथा आफू-आफूमा शक्ति बाँडफाँडमा मात्र केन्द्रित रहेकोले समावेशनको मुद्दामा यथोचित ध्यान दिन सकेनन् । यसकारण बहिष्कृत समूहका कार्यकर्ताहरूले नयाँ प्रकारले आन्दोलन थाले । जनजाति, दलित तथा महिलाहरूले संविधानमा आआफ्ना समस्यालाई सम्बोधन गर्ने प्रावधानको व्यवस्था स्थापित गराउन सडकमा उत्रे भने मधेसी समुदायले हिंसायुक्त आन्दोलनको बाटो रोज्यो । मधेस आन्दोलनले सङ्क्रमणकालका सत्ताधिकारीहरूलाई संघात्मकताबारे गम्भीरताका साथ सोच्न, जनसंख्याको आधारमा निर्वाचनक्षेत्रको पुनर्वितरण गर्न तथा समानुपातिक प्रतिनिधित्व पद्धतिका आधारमा संविधानसभा सदस्यको निर्वाचन गराउन वाध्य पारेको छ ।

## ५.२ राष्ट्रिय पहिचानलाई प्राथमिकता दिनका साथै जातीय/क्षेत्रीय पहिचानप्रति लगाव

यस सर्वेक्षणका नागरिक उत्तरदातामध्ये सबैभन्दा बढी ४३ प्रतिशतले आफ्नो पहिचान नेपाली भनेर गर्न चाहेको बताए भने २६ प्रतिशतले आफ्नो जातीय/क्षेत्रीय पहिचानलाई प्राथमिकता दिए र बाँकी ३१ प्रतिशतले दुवै पहिचानलाई उत्तिकै प्राथमिकता दिए । विधायक उत्तरदातामध्ये ८७ प्रतिशतले राष्ट्रिय पहिचान नेपालीलाई रोजे भने मात्र ३ प्रतिशतले आआफ्नो जातीय पहिचानलाई प्राथमिकता दिए ।

नागरिक सर्वेक्षणका सबै उमेर, महिला र पुरुष, सहरी र ग्रामीण एवम् सबै विकास क्षेत्रका उत्तरदाताहरूमध्ये बहुसंख्यकले आफू नेपाली भनी चिनिन चाहेको बताए । यीमध्ये पनि नेपाली पहिचान रुचाउनेमा सहरी तथा पश्चिमाञ्चल तथा सुदूर पश्चिमाञ्चल विकास क्षेत्रका बासिन्दाहरूको संख्या उल्लेखनीय रहेको छ ।

उत्तरदाताहरूमध्ये पहाडी जनजाति तथा पहाडी उच्च जातका समूहले राष्ट्रिय पहिचानलाई रुचाएका छन् जबकि मधेसी समुदायले आफ्नो जातीय/क्षेत्रीय पहिचानलाई प्राथमिकता दिएका छन् । पहाडी उत्तरदातामध्ये पनि उच्च जातका ६४ प्रतिशत उत्तरदाताले राष्ट्रिय पहिचानलाई रोजेका छन् । यो प्रतिशत राष्ट्रिय सरदर प्रतिशत ४३ भन्दा २१ प्रतिशतले बढी रहेको छ । तर पहाडी समुदायका जनजातिमध्ये ४० प्रतिशतले राष्ट्रिय पहिचानलाई रोजेका छन् भने २४ प्रतिशतले आफ्नो जातीय पहिचानलाई रोजेका छन् । मधेसी समुदायका सबै समूह (जातजाति, जनजाति, दलित र मुस्लिम) मध्ये ४५ प्रतिशतले आफ्नो जातीय पहिचानलाई प्राथमिकता दिएका छन् भने १८ प्रतिशतले मात्र राष्ट्रिय पहिचानलाई प्राथमिकता दिएका छन् । तराई क्षेत्रमा बढ्दो जातीय-क्षेत्रीय भावनाका मूल कारण र परिणाम २००७ जनवरी-फेब्रुवरीको मधेसी विद्रोहलाई मान्न सकिन्छ ।

*मधेसी जनअधिकार फोरमबाट आयोजित बन्द कार्यक्रममा जनतान्त्रिक मधेस मुक्तिमोर्चाका दुवै समूह (गोइत र ज्वालासिंह) ले सघाएको देखिन्छ । यसमा नेपाल सद्भावना पार्टीका कार्यकर्ताहरूले पनि भाग लिएका थिए । धेरैजसो प्रदर्शनकारी १२–२५ उमेरसमूहका थिए र यिनीहरूको संख्या हरेक दिन बढ्दै गएको थियो । स्कुल, पसलहरू बन्द भएका थिए । सम्पूर्ण यातायातका साधन चलाउन निषेध गरिएको थियो र केही गरी चलाएमा*

*प्रदर्शनकारीहरूले गाडीहरू ध्वस्त पारिदिन्थे । उनीहरूले सहरका ठाउँ-ठाउँमा टायर बालेका थिए । हरेक साँझ प्रदर्शनकारीहरूले मसाल जुलुसको आयोजना गर्दथे । त्यहाँ खटिएका धेरैजसो प्रहरी मधेसी थिए र कहिलेकाहीँ गोली चलाउनुपर्ने अवस्था आइपर्थ्यो । सुरक्षाप्रहरीले स्थितिलाई नियन्त्रणमा लिन सकिरहेका थिएनन्, बरु आन्दोलनकारीहरूले कर्फ्यू तोडे र सरकारी भवन, बैंक तथा केही निजी सम्पत्तिसमेतमा आगो लगाए । हरेक साँझ अन्तरिम संविधान जलाइन्थ्यो ।*

*जुलुसमा प्रायः पहाडी चोर मधेस छोड, पहाडी प्रशासन मुर्दाबाद जस्ता नाराहरू लगाइन्थे । पहाडीहरूले चलाएका केही पसल र ससाना होटेलहरूमा आगो लगाइएको थियो । मधेस बन्दको समयमा जनकपुर सहरी क्षेत्रमा एकजना पनि पहाडी देखिएन (जनकपुरको सम्पूर्ण जनसंख्यामध्ये २० प्रतिशत पहाडी रहेका छन्) । हरेक दिन गरिने भाषणमा उनीहरूका माग यस्ता हुन्थेः अन्तरिम संविधानलाई नष्ट गरिनुपर्छ, संघात्मक राज्यको घोषणा गरिनुपर्छ, संविधानसभाको निर्वाचनभन्दा अगाडि जनगणना हुनुपर्छ; जनसंख्याको आधारमा चुनावी क्षेत्रको निर्धारण हुनुपर्छ र सरकारी संयन्त्रमा मधेसीहरूलाई समावेश गरिनुपर्छ ।*

– लालबाबु यादव, मधेस बुस्टर सर्वेक्षणका सचेतकले गरेको अनुभवका आधारमा

प्रस्तुत सर्वेक्षणका उत्तरदातामध्ये सम्भ्रान्त वर्गले राष्ट्रिय पहिचानलाई नै प्राथमिकता दिएका छन् । कुल ३०० विधायक उत्तरदातामध्ये ८७ प्रतिशतले राष्ट्रिय पहिचानबाट आफू परिचित हुन चाहेको बताए । नागरिक सर्वेक्षणका विभिन्न उत्तरदातासमूहमध्ये पनि शिक्षा, सचेतता तथा सञ्चारमा पहुँचको बढ्दो तहअनुसार राष्ट्रिय पहिचान रोज्नेको संख्या पनि बढेको पाइन्छ । सञ्चारमा धेरै पहुँच भएका समूहबाट ६९ प्रतिशतले तथा धेरै सचेत समूहका ५३ प्रतिशतले नेपाली पहिचानलाई रोजेका छन् । यी तथ्याङ्कहरूले नेपालमा जातीयताको भावना माथिबाट तल (top-down) को सिद्धान्तअनुसार नभई तलबाट माथि (bottom up) को सिद्धान्तबाट प्रेरित भएको पाइन्छ ।

बुस्टर सर्वेक्षणका तथ्यहरूले पनि माथिको भनाइलाई पुष्टि गर्दछन् । यसका उत्तरदाताहरूमा गुरुङ र मधेसी समुदायको आफ्नो जातीय पहिचानप्रति झुकाव रहेको स्पष्ट देखिन्छ । बुस्टर सर्वेक्षणका गुरुङ उत्तरदातामध्ये ५१ प्रतिशत र मधेसी उत्तरदातामध्ये ६४ प्रतिशतले आफ्नो जातीय/क्षेत्रीय पहिचानलाई रोजेका छन् । यसरी आफ्नो स्वपहिचान रोज्नुमा आफ्नो जात र क्षेत्रका अतिरिक्त अन्य कुराले पनि प्रभाव पारेका छन् ।

नागरिक सर्वेक्षणमा प्राप्त तथ्याङ्कअनुसार उत्तरदाताको शैक्षिक तह जति तल रह्यो उति बढी उनीहरूले जातीय पहिचानलाई रोजेको पाइन्छ । उच्च शिक्षित समूहका १३ प्रतिशतले, विद्यालयस्तरका १६ प्रतिशतले, साक्षर समूहका २६ प्रतिशतले र निरक्षरमध्ये ३७ प्रतिशतले जातीय पहिचानमा आफ्नो मत व्यक्त गरेका छन् । सञ्चारमा पहुँच र सचेतता जति बढ्दै गयो त्यति जातीय पहिचानको रोजाइ घट्दै गएको देखिन्छ । तुलनात्मक रूपमा हेर्ने हो भने सन् २००४ देखि सन् २००७ सम्मको समयावधिमा आफ्नो जातीय पहिचानप्रति झुकाव राख्नेको संख्या निकै बढेको छ । सन् २००४ को नागरिक सर्वेक्षणमा ५९ प्रतिशत उत्तरदाताले नेपाली पहिचानलाई चाहेको बताएका थिए भने २००७ को यस सर्वेक्षणमा राष्ट्रिय पहिचान रोज्ने उत्तरदाताको संख्या ४३ प्रतिशत मात्र रहेको छ । जातीय र राष्ट्रिय दुवै पहिचान रोज्ने उत्तरदाताको संख्या २००४ मा १९ प्रतिशत रहेकोमा २००७ मा यो संख्या ३१ प्रतिशत पुगेको छ । त्यस्तै जातीय/क्षेत्रीय पहिचानको समर्थन गर्ने उत्तरदाताहरूको संख्या २००४ मा २२ प्रतिशत रहेको थियो भने २००७ मा यो संख्या २६ प्रतिशत पुगेको छ । यी तथ्याङ्कबाट के देखिन्छ भने समाजका कुनै कुनै वर्गले आफ्नो राष्ट्रिय पहिचानको रोजाइलाई छोडी जातीय पहिचान अँगाल्न पुगेको स्पष्ट हुन्छ ।

*कोसी नदीको पूर्वी क्षेत्रमा चल्ने हरेक गाडीका अगाडि पछाडि 'लिम्बूवान नेपाल' लेखिएको देखेर म छक्क परें । अस्तिको दशैंसम्म (२००६ अक्टुबर-नोभेम्बर) यहाँ त्यस्तो थिएन ।*

– प्रदीपकुमार राजवंशी, सर्वेक्षक

**तालिका ५.१**
**पहिचानको प्राथमिकता**

| | | नेपाली | | | नेपाली र जातीय दुवै | | | जातीय | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | २००४ | २००७ | +– | २००४ | २००७ | +– | २००४ | २००७ | +– |
| विधायिका सर्वेक्षण | विधायक | – | ८७ | – | – | १० | – | – | ३ | – |
| बुस्टर सर्वेक्षण | गुरुङ | – | १६ | – | – | ३३ | – | – | ५१ | – |
| | मधेसी | – | ३ | – | – | ३३ | – | – | ६४ | – |
| नागरिक सर्वेक्षण | जनसाधारण | ५९ | ४३ | –१६ | १९ | ३१ | +१२ | २२ | २६ | +४ |
| लिङ्ग | पुरुष | ६२ | ४७ | –१५ | १९ | ३० | +११ | १८ | २३ | +५ |
| | महिला | ५४ | ३९ | –१५ | १८ | ३३ | +१५ | २७ | २८ | +१ |
| उमेरसमूह | युवा | ६१ | ४७ | –१४ | १७ | ३२ | +१५ | २२ | २१ | –१ |
| | वृद्ध | ५६ | ३८ | –१८ | १९ | ३२ | +१३ | २५ | ३० | +५ |
| क्षेत्र | ग्रामीण | ५६ | ४२ | –१४ | १९ | ३१ | +१२ | २५ | २७ | +२ |
| | सहरी | ६७ | ५० | –१७ | १७ | ३३ | +१६ | १६ | १७ | +१ |
| भौगोलिक स्थिति | हिमाल | ६३ | ६० | –३ | १३ | १९ | +६ | २३ | २१ | -२ |
| | पहाड | ६० | ४९ | –११ | २० | ३३ | +१३ | २० | १८ | -२ |
| | तराई | ५८ | ३३ | –२५ | १८ | ३२ | +१४ | २६ | ३५ | +९ |
| विकासक्षेत्र | पूर्वाञ्चल | ५८ | ३७ | –२१ | १७ | २७ | +१० | २५ | ३६ | +११ |
| | मध्यमाञ्चल | ५९ | ३७ | -२२ | १५ | ३४ | +१९ | २५ | २९ | +४ |
| | पश्चिमाञ्चल | ५९ | ५१ | –८ | २९ | ३६ | +७ | १२ | १३ | +१ |
| | मध्य पश्चिमाञ्चल | ५१ | ४७ | –४ | १५ | २७ | +१२ | ३४ | २६ | –८ |
| | सुदूर पश्चिमाञ्चल | | ५७ | +६ | | ३० | +१५ | | १३ | –२१ |
| शिक्षा | निरक्षर | ४९ | ३१ | -१८ | १९ | ३२ | +१३ | ३२ | ३७ | +५ |
| | उच्च शिक्षित | ७३ | ६१ | –१२ | १९ | २६ | +७ | ७ | १३ | +६ |
| पहाडी | जातजाति | ६९ | ६४ | –५ | १७ | २४ | +७ | १४ | १२ | –२ |
| | जनजाति | ४७ | ४० | –७ | २१ | ३६ | +१५ | ३२ | ३४ | +२ |
| | दलित | ६२ | ४७ | –१५ | १९ | २९ | +१० | १९ | २४ | +५ |
| मधेसी | जातजाति | ५३ | २० | –३३ | १९ | ३३ | +१४ | २८ | ४७ | +१९ |
| | जनजाति | ५१ | १८ | –३३ | २१ | ४५ | +२४ | २८ | ३७ | +९ |
| | दलित | ४९ | १७ | –३२ | २१ | २६ | +२५ | ३० | ५७ | +२७ |
| | मुस्लिम | – | १९ | – | – | ४३ | – | – | ३८ | – |

तालिका नं. ५.१ मा दिइएको तथ्याङ्कअनुसार समाजका तल्लो तहका जो एक वा अर्को प्रकारले बहिष्कृत छन् तिनीहरूले नै 'राष्ट्रियता' को पहिचानको ठाउँमा आफ्नो जातीय/क्षेत्रीय पहिचानलाई समर्थन गरेको स्पष्ट हुन्छ । सन् २००४ र सन् २००७ को तथ्याङ्कलाई तुलनात्मक रूपमा अध्ययन गर्दा नागरिक सर्वेक्षणका पहाडी जनजाति समूहको मिश्रित पहिचानको रोजाइ पहिलेभन्दा १५ प्रतिशतले बढेको छ भने उनीहरूको राष्ट्रिय पहिचान माथिको समर्थन ७ प्रतिशतले घटेको छ । त्यस्तै मधेसी उत्तरदाताहरूको जातीय/क्षेत्रीय पहिचानलाई रोज्नेको संख्या २००४ मा २९ प्रतिशत रहेकोमा २००७ मा ४७ प्रतिशत पुगेको छ ।

दक्षिण एसियाका देशहरूमध्ये जातीय/क्षेत्रीय राजनीतिको प्रभाव देखिनेमा नेपाल सबभन्दा पछिल्लो देश हो । नेपाली जनतामा यस किसिमको जातीय पहिचानको भावना वृद्धि हुनु नयाँ र नौलो भएको कारण यसले देशको राष्ट्रिय एकतामा पार्न सक्ने प्रभावप्रति चिन्ता पैदा हुनु स्वाभाविक छ । तर यस अध्ययनले जातीयता

र राष्ट्रियताको भावना साथसाथ अघि बढ्न सक्ने निष्कर्ष निकालेको छ। दक्षिण एसियाका अन्य मुलुकहरूको अनुभव पनि यस्तै रहेको छ।

> *हरेक नागरिकले एकभन्दा बढी नै पहिचान बोकेका हुन्छन् तर ती पहिचानहरू एक-आपसमा बाझिएका हुँदैनन् .... यस्ता एक-आपसमा नबाझिएका धेरै पहिचानहरूले लोकतान्त्रिक अभ्यासमा प्रशस्त स्थान प्रदान गरेका हुन्छन्।*
>
> एसडीएसए समूह, २००८, *दक्षिण एसियामा प्रजातन्त्रको स्थिति,* नयाँ दिल्लीः अक्सफोर्ड

२००७ को नागरिक सर्वेक्षणका अत्यधिक उत्तरदाताहरू (७६ प्रतिशत) ले उनीहरू आफ्नो समुदायप्रति गर्वित रहेको बताए। उनीहरूले नेपाली भएकोमा अझ बढी गर्व महसुस गरेको बताएका छन्। ८३ प्रतिशत उत्तरदाताले नेपाली हुनुमा गर्वको अनुभव गरेको बताए। सन् २००४ को सर्वेक्षणमा पनि बहुसंख्यक उत्तरदाताले राष्ट्रिय पहिचान र आफ्नो जातीय पहिचानप्रति झन्डै उस्तै गर्व महसुस गरेका थिए। यी तथ्यहरूले जातीय पहिचानप्रतिको बढ्दो भावनाले राष्ट्रिय एकताको सवालमा नकारात्मक प्रभाव नपार्ने कुरा स्पष्ट पारेका छन्। बरु यी दुवै पहिचानहरू (राष्ट्रिय र जातीय) एकैसाथ अघि बढ्न सक्छन् भन्ने कुरा अझ बढी प्रस्ट भएको छ।

सन् २००४ र सन् २००७ का नागरिक सर्वेक्षणका विभिन्न समूहका उत्तरदाताहरूले राष्ट्रिय पहिचानलाई पहिलो प्राथमिकता दिएका छन्। त्यस्तै विधायक उत्तरदाताहरूमा पनि राष्ट्रिय पहिचानप्रति बलियो झुकाव रहेको पाइन्छ। विधायक उत्तरदातामध्ये ९७ प्रतिशतले आफ्नो राष्ट्रियताप्रति गर्व रहेको बताए भने ६४ प्रतिशतले आफ्नो समुदायप्रति गर्व रहेको बताए।

आफ्नो पहिचानको विषयमा मधेसी र पहाडी समुदायबीच र पहाडीकै विभिन्न समूहबीच पनि फरक धारणा रहेको छ। पहाडी समूहको तथ्याङ्कलाई हेर्दा यस भित्रका सबै समूह, जातजाति, जनजाति र दलितले राष्ट्रिय पहिचानलाई प्राथमिकता दिएको पाइन्छ। तर पहाडी उच्च जात र पहाडी जनजातिको प्राथमिकतालाई तुलनात्मक रूपमा हेर्दा पहाडी जनजातिले भन्दा पहाडी उच्च जातिका उत्तरदाताहरूले राष्ट्रियतालाई पहिलो प्राथमिकता दिएका छन्। पहाडी जनजातिहरू आफ्ना जातीय पहिचानप्रति बढी गर्वित रहेको कुरा स्पष्ट हुन्छ। यसका अतिरिक्त सन् २००७ को सर्वेक्षणमा मधेसी समुदायका बहुसंख्यक उत्तरदाता जात, जनजाति, दलित र मुस्लिम समूहहरूको आफ्ना जातीयतामा गर्व रहेको देखिन्छ। तर २००४ को सर्वेक्षणमा भने राष्ट्रिय पहिचानलाई प्राथमिकता दिने संख्या अधिक रहेको थियो।

बुस्टर सर्वेक्षणका तथ्यहरूले जनसाधारणका लागि जातीय पहिचानको महत्त्व बढ्दै गएको कुरा अझ स्पष्ट पार्दछन्। बुस्टर सर्वेक्षणका गुरुङ समुदायका उत्तरदातामध्ये ८९ प्रतिशतले आफू गुरुङ हुनुमा गौरव रहेको बताए भने ८५ प्रतिशतले नेपाली हुनुमा पनि गौरवान्वित भएको बताए। त्यस्तै यस बुस्टर सर्वेक्षणका मधेसी समुदायका ९६ प्रतिशतले मधेसी हुनुमा गौरव रहेको बताए भने ७८ प्रतिशतले नेपाली हुनुमा गौरवान्वित भएको बताए।

सारांशमा यस अध्ययनबाट के स्पष्ट हुन्छ भने नेपाली जनता राष्ट्रिय तथा जातीय दुवै पहिचानप्रति गर्व गर्दछन्। मधेसी तथा जनजातिहरूमा आआफ्नो जातीय/क्षेत्रीय पहिचानको भावनामा वृद्धि हुँदै गएको छ र यसले निरन्तरता पाउने देखिन्छ। तसर्थ जातीय/क्षेत्रीय पहिचानको भावनामा खलल नपुऱ्याई राष्ट्रियताप्रति जनतालाई समर्पित गराउन आवश्यक पहल थाल्नु जरुरी छ।

**तालिका ५.२**
**राष्ट्रियता र आफ्नो जातीयतामा गर्व गर्नेहरू**

| | | नेपाली | | | जनजाति | | |
|---|---|---|---|---|---|---|---|
| | | २००४ | २००७ | +– | २००४ | २००७ | +– |
| विधायिका सर्वेक्षण | विधायकहरू | x | ९७ | x | x | ६४ | x |
| बुस्टर सर्वेक्षण | गुरुङ | x | ८४ | x | x | ८९ | x |
| | मधेसी | x | ७८ | x | x | ९६ | x |
| नागरिक सर्वेक्षण | जनसाधारण | ८७ | ८३ | –४ | ७७ | ७६ | –१ |
| पहाडी | जातजाति | ८९ | ८६ | –३ | ७४ | ७१ | –३ |
| | जनजाति | ८६ | ८४ | -२ | ८२ | ७८ | –४ |
| | दलित | ८५ | ७९ | -६ | ६६ | ६५ | –१ |
| मधेसी | जातजाति | ८६ | ७८ | -८ | ७९ | ८५ | +६ |
| | जनजाति | ८५ | ७८ | –७ | ७९ | ८३ | +४ |
| | दलित | ८६ | ७८ | –८ | ७९ | ८१ | +२ |
| | मुस्लिम | x | ८१ | x | x | ८३ | x |

## ५.३ समावेशनको अभावले जातीय भावनामा आएको वृद्धि

नेपालमा जातीयताको भावना वृद्धि हुनुमा असमावेशनका समस्याहरूको ठूलो हात रहेको छ । यस भनाइसँग धेरै प्रश्नहरू जोडिएका छन् । के जनसाधारणलाई कुन समूह समावेशी र कुन समूह बहिष्कृत हुन् भन्ने कुराको जानकारी छ ? यदि छ भने उनीहरू के कारणले बहिष्कृत भएका हुन् ? देशमा लोकतन्त्रको पुनःस्थापना र जनजातिको आन्दोलनले पिछडिएका समूहको अवस्थामा के सुधार गर्‍यो ? समावेशी लोकतन्त्रको अभिवृद्धि गर्न के गर्नुपर्ला ?

साधारणतया पहाडी उच्चजाति (ब्राह्मण, क्षेत्री) लाई समावेशी समूह र अन्य दलित, मधेसी, जनजाति, मुस्लिम तथा महिलाहरूलाई बहिष्कृत वा असमावेशी समूह मानिन्छ । यस कथनलाई स्थानीय तहमा कसरी बुझेका छन् भनी जान्न यस सर्वेक्षणका नागरिक तथा विधायक उत्तरदाताहरूसँग उपर्युक्त समूहहरूमध्ये कुन समावेशी, कुन बहिष्कृत समूहमा पर्दछन् भनी सोधिएको थियो ।

नागरिक सर्वेक्षणका ८८ प्रतिशत र विधायिका सर्वेक्षणका ९१ प्रतिशत उत्तरदाताहरूले पहाडी उच्चजातिलाई समावेशी समूह भनी पहिचान गरेका छन् भने त्यस्तै अत्यधिक संख्याले मुस्लिम, जनजाति, दलित, मधेसी र महिलालाई बहिष्कृत वर्गको रूपमा पहिचान गरेका छन् । साथै समावेशी समूहप्रति उनीहरूको नकारात्मक भावना रहेको समेत पाइयो ।

| दलित | जनजाति | महिला |
|---|---|---|
| *हामीले पसलेलाई पैसा तिर्दा पनि टाढाबाट उनीहरूलाई नछुने गरी दिनुपर्छ । पसलमा चिया खाइसकेपछि हामी आफैले खरानी र पानीले ग्लास सफा गरेर फर्काउनुपर्छ । सार्वजनिक रूपमा छुवाछुतको विरोधमा कार्य गर्नेहरूले पनि आफ्नो निजी क्षेत्रमा फरक व्यवहार गर्दछन् ।*<br>– **श्रीमती सुन्तली सुनुवार**, नुवाकोट<br><br>*बाहुन छेत्रीहरू धनी छन् । उनीहरू पहिलेदेखि नै हामीभन्दा हरेक क्षेत्रमा राम्रा छन् । उनीहरू शिक्षित छन्, चलाक छन् र उनीहरूसँग ज्ञान पनि छ, उनीहरूको शक्ति सम्पन्न मानिसहरूसँग सम्बन्ध छ । हामी दमाई, कामी, सार्की पछाडि परेका छौँ । हामीसँग धन छैन, जमिन छैन । हामी कडा परिश्रम गर्छौं तर आधा बाली जग्गाधनीलाई तिर्नुपर्छ । हामीलाई खान लाउन पनि दुःख छ । यसरी हामी पछाडि परेका छौँ ।*<br>– **श्रीमती काली मिजार**, नुवाकोट | *बाहुन-क्षेत्रीहरू धनी छन् । उन्नति गर्न दिमाग चाहिन्छ, बाहुन क्षेत्रीहरूसँग पहिलेदेखि दिमाग छ । राईहरूले पायो कि जाँड खान्छन् र होस हराउँछन् । राईहरू सधैँ जहाँ पनि हार्छन् । हामीलाई बाहुनको भान्छाभित्र पस्न दिइन्न ।*<br>– **श्रीमती दिलमाया राई**, भोजपुर<br><br>*बाहुनहरूले जहाँ पनि अधिकार जमाएका छन् । हामीलाई (मगर) कसले हेरेको छ र ? हामीलाई सबैले हेला गर्छन्, हामी सोझा जनजाति हौँ भन्ने कुरा उनीहरूलाई थाहा छ । सोझा र साना जातकाहरू मिलेर अघि बढ्न नसक्नुले पनि उनीहरूलाई फाइदा पुगेको छ ।*<br>– **हीराकुमारी थापामगर**, पर्वत<br><br>*बाहुन-छेत्रीले हामीलाई दबाएर राखेका छन् । उनीहरूसँगको पैसाको लेनदेनमा पनि ठीकसँग व्यवहार गर्दैनन् । तामाङले उनीहरूसँग पैसा सापटी लियो भने एक सय रुपियाँमा महिनाको पाँच रुपियाँ वार्षिक (६० प्रतिशत) ब्याज तिर्नुपर्छ । उनीहरूले तामाङहरूलाई स-साना कुरामा पनि पिट्छन् । यसमा तामाङहरूको पनि दोष छ, उनीहरू धेरै रक्सी खान्छन् र चाडपर्वमा धेरै खर्च गर्छन् ।*<br>– **श्रीमती बोबी तामाङ**, नुवाकोट | *जुम्लाका महिलाहरू बच्चा जन्माउनेबाहेक अरू जान्दैनन् । बच्चा पाएन भने लोग्नेले तुरुन्तै अर्की ल्याउँछ । यहाँका धेरै लोग्ने मानिसका ३/४ वटी स्वास्नी छन् । लोग्नेमान्छेहरू साधै रक्सी खाएर बस्छन्, केही काम गर्दैनन् । दाङमा मैले एकजना थारू महिलासँग तिमी को हौ भनेर सोधेँ । उसले म कोही पनि होइन भनी । ३/४ पल्ट सोध्दा पनि त्यही जवाफ दिई । पछि थाहा पाएँ त्यहाँ महिलाहरूको पहिचान नै नहुँदो रहेछ । कपिलवस्तुका मुस्लिम महिलाहरू यति कट्टर छन् कि केही गरी उनीहरूका बच्चालाई सर्पले टोक्यो भने पनि बच्चाको उपचार गराउनुभन्दा बढी सहयोगका लागि आएका मानिसहरूबाट आफ्नो मुख लुकाउन बढी तत्पर हुन्छन् । नुवाकोटमा एउटै कामका लागि लोग्नेमान्छेलाई ३०० रुपियाँ ज्याला दिइन्छ भने महिलालाई १५० रुपियाँ मात्र दिइन्छ । त्यस्तै शिक्षामा पनि छोरालाई कम्तीमा एसएलसीसम्म पढाउँछन् तर छोरीलाई पाँच कक्षासम्म मात्र पढाउँछन् ।*<br>– सर्वेक्षकहरू, **विनोद भट्टराई** (जुम्ला) **चाँदनी अधिकार** (दाङ), **सपना चन्द गौतम** (कपिलवस्तु) र **कृष्णबहादुर दाहाल** (नुवाकोट) का अवलोकनमा आधारित । |

### ५.३.१ समावेशन तथा बहिष्करणमा जातीय विभाजन जिम्मेवार

समावेशन तथा बहिष्करणका धेरैजसो अनुभवहरू प्रमुख रूपमा जातीय विभाजनमा आधारित छन् । बहिष्कृत वर्गमध्ये सबभन्दा पिछडिएका को हुन् ? र समावेशी समूहमा सबभन्दा उन्नतिशील को हन् ? समावेशन र असमावेशन/बहिष्करणका मात्रासम्बन्धी अझ बढी जानकारी पाउन केही खुला प्रश्नहरू सोधिएका थिए । तपाईं कसलाई समावेशी समूह भन्नुहुन्छ ? र कसलाई बहिष्कृत समूह भन्नुहुन्छ ?

नागरिक सर्वेक्षणबाट प्राप्त उत्तरहरूका आधारमा प्राथमिकताअनुसार समावेशीमा पर्ने समूह यसप्रकार रहेका छन्: पहाडी उच्च जातका, पहाडी क्षेत्रमा बसोबास गर्नेहरू, राजनीतिक व्यक्तित्वहरू र उच्चजातका मधेसीहरू । नागरिक सर्वेक्षणका सबै समूहले पहाडी उच्च जातिकालाई पहिलो श्रेणीमा राखेका छन् भने दोस्रो श्रेणीमा पर्ने समूहको विषयमा फरक मत रहेको छ । उत्तरदातामध्ये बहुसंख्यक पुरुष, युवा तथा अशिक्षित वर्गले पहाडी क्षेत्रमा बसोबास गर्नेलाई समावेशी समूहको दोस्रो श्रेणीमा राखेका छन् भने उच्च शिक्षित, सहरी क्षेत्रका र विधायक उत्तरदातामध्ये बहुसंख्यकले राजनीतिक व्यक्तित्वहरूलाई दोस्रो श्रेणीमा

राखेका छन् । यस सम्बन्धमा मधेसी उत्तरदाताको अभिव्यक्ति अझ फरक देखिएको छ । मधेसीहरूले पहाडीहरूको जातको आधारमा नभई उनीहरूको बसोबासको क्षेत्रका आधारमा आफ्नो मत व्यक्त गरेका छन् र पहाडी समुदायलाई नै समावेशी समूहको सूचीमा पहिलो स्थानमा राखेका छन् ।

यस सर्वेक्षणअनुसार दलितहरू बहिष्कृत समूहमध्ये पनि सबभन्दा बहिष्कृत समूहमा परेका छन् । पहाडी जनजाति, गरिब, महिला र तराईबासी पनि बहिष्कृत समूहमै रहेका छन् । यस बहिष्कृत वर्गको सूचीमा पनि दोस्रो स्थानमा कुन समूहलाई राख्ने भन्नेबारे फरक मत प्राप्त भएका छन् । सर्वेक्षणको सरदर तथ्याङ्कअनुसार दलित पछि दोस्रो श्रेणीमा पहाडी जनजातिले स्थान पाएको छ तर नागरिक सर्वेक्षणका वृद्ध र निरक्षर समूहले गरिबलाई दोस्रो स्थान दिएका छन् । तराई क्षेत्रमा बसोबास गर्ने तथा मधेसी समुदायले बहिष्कृत समूहको सूचीको दोस्रो स्थानमा तराईबासीलाई राखेका छन् । मधेसीमा पनि उच्चजातका मधेसी र दलित मधेसीले बहिष्कृत समूहको सूचीको पहिलो स्थानमा दलितहरूलाई राखेका छन् भने दोस्रो स्थानमा तराईबासीलाई राखेका छन् । तर मधेसी जनजाति र मुस्लिमहरूले सबभन्दा बहिष्कृत समूह तराईका जनजातिलाई मानेका छन् । बहिष्कृत समूहको सवालमा विधायक उत्तरदाताका विचार पनि फरक रहे । उनीहरूका अनुसार पहाडी जनजातिसमूह र दलित वर्ग दुवै उत्तिकै बहिष्कृत रहेका छन् ।

**तालिका ५.३**

**समावेशी समूह र बहिष्कृत समूह**

*(बहुउत्तरलाई १०० प्रतिशतमा रूपान्तरण गरिएको)*

| | | समावेशी समूह | | | | | बहिष्कृत समूह | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पहाडी उच्च जात | धनी | पहाडमा बसोबास गर्ने | राजनीतिक व्यक्तिहरू | उच्चजातका मधेसी | दलित | पहाडी जनजाति | गरिब | महिला | तराई बासी |
| विधायिका सर्वेक्षण | विधायक | ५२ | १२ | १ | १३ | १ | २६ | २७ | १४ | १० | ६ |
| नागरिक सर्वेक्षण | जनसाधारण | ४८ | १० | ९ | ८ | ६ | ४४ | १४ | ९ | ८ | ७ |
| लिङ्ग | पुरुष | ४९ | १० | १० | ९ | ५ | ४३ | १६ | ९ | ५ | ९ |
| | महिला | ४७ | ११ | ८ | ७ | ७ | ४५ | १२ | ९ | ११ | ६ |
| उमेरसमूह | युवा | ४९ | ९ | १० | ८ | ६ | ४४ | १३ | ८ | ९ | ८ |
| | वृद्ध | ४२ | १४ | ९ | १० | ६ | ४१ | १२ | १३ | ७ | ६ |
| क्षेत्र | ग्रामीण | ४८ | ११ | १० | ७ | ६ | ४४ | १३ | ९ | ८ | ७ |
| | सहरी | ५० | ८ | ६ | १२ | ५ | ४० | २२ | १० | ३ | ६ |
| भौगोलिक क्षेत्र | हिमाल | ३८ | १४ | – | ११ | – | ३६ | ११ | १० | २० | - |
| | पहाड | ५७ | १२ | – | ९ | – | ४८ | १९ | १२ | ६ | १ |
| | तराई | ४१ | ९ | २० | ७ | १३ | ४१ | १० | ७ | ७ | १४ |
| शिक्षा | अशिक्षित | ४० | १३ | १५ | ७ | ८ | ४५ | १० | १० | ८ | ९ |
| | उच्च शिक्षित | ५२ | ७ | ७ | १० | ६ | ४३ | २० | ७ | ५ | ७ |
| सामाजिक समूह | पहाडी | ५८ | १० | १ | ८ | २ | ५१ | १६ | १० | ७ | २ |
| | मधेसी | २५ | ९ | ३४ | ५ | १८ | ४३ | ३ | ६ | ७ | १९ |

*समावेशी वा बहिष्कृत समूहका लागि दिइएका अन्य वर्गको भार नगण्य भएको हुँदा यसमा समावेश गरिएको छैन ।*

तालिका नं. ५.३ ले समावेशी तथा बहिष्कृत वर्गको श्रेणीविभाजनमा गरिएका थुप्रै आधारहरूलाई स्पष्ट पार्दछ । पहिलो, जाति/जनजातिका आधारमा समावेशी वा बहिष्कृत वर्गमा सूचीकृत गरिनु । उच्च जातिकाहरू समावेशी वर्गमध्ये प्रथम स्थानमा परेका छन् र तल्लो जाति (दलित) बहिष्कृत वर्गको पनि सबभन्दा तल्लो स्थानमा परेका छन् । त्यस्तै पहाडी उच्च जातकालाई सबभन्दा उन्नतिशील समूहमा स्थान

दिएका छन् भने दलित वर्ग सबभन्दा पिछडिएका समूहमा परेका छन् । दोस्रो, उत्तरदाताहरूले समावेशी वा बहिष्कृत वर्गको सूचीमा समूहको स्थान निर्धारण गर्नमा जातीय वर्गीकरणका अतिरिक्त अन्य (जस्तै लिङ्ग, वर्ग, बसोबासको क्षेत्र आदि) तत्त्वलाई पनि आधार बनाएका छन् । त्यस्तै उत्तरदाताहरूले स्थाननिर्धारणको क्रममा एकै समूहका लागि पनि एकभन्दा बढी तत्त्वलाई आधार मान्ने गरेका छन् । जस्तैः दलितहरूलाई बहिष्कृत वर्गको पनि सबभन्दा पहिलो स्थान निर्धारणका लागि उनीहरूको तल्लो जातीयता र गरिबीलाई लिइएको छ भने पहाडी उच्च जातकालाई समावेशीको प्रथम स्थान दिन पनि यिनीहरूको उच्च जातीयता र सम्पन्न आर्थिक अवस्था, राजनीतिक प्रभाव र उन्नतिशीलतालाई प्रमुख आधार मानेका छन् ।

### ५.३.२ केही समूहलाई बहिष्कृत वर्गमा पार्न धेरै तत्त्वहरूले काम गरेका

समाजका केही वर्गलाई बहिष्कृत धेरै कुराहरूले गरेका छन्, जस्तै– जातीय विभाजन, परम्परा, क्षेत्रीय विभाजन, भाषिक विभेद, धार्मिक निष्ठा तथा राज्यका नीतिहरू । तर बहिष्करणको मूलकारण जातीय विभेद हो भन्ने तथ्य तलको भनाइले पुष्टि गर्दछ :

> *भगवान्का पालादेखि नै हाम्रो रगत रातो हुन्छ र उनीहरू (कामी, दमाई)को रगत कालो हुन्छ भन्छन् । गणेशमान (स्थानीय उच्च जातका बासिन्दा) ले सबै जात एउटै गर्ने भनी धोबीकी छोरीसँग बिहे गरेका थिए । त्यो बेलामा उनले सुत्केरी स्याहार्ने काम गर्न बोलाएका थिए तर मैले त्यो धोबीकी छोरीको हेरचाह गर्न अस्वीकार गरें ।*
>
> – लक्ष्मी चौलागाईं, नुवाकोट

**तालिका ५.४**
**समाजमा सीमान्तीकरणका कारक तत्त्वहरू**

| | | जातीय वर्गीकरण | परम्परा | क्षेत्रीय | भाषिक भेदभाव | धार्मिक | राज्य/सरकार | अन्य |
|---|---|---|---|---|---|---|---|---|
| विधायिका सर्वेक्षण | | ५ | १५ | ६ | ३ | ७ | ६० | १५ |
| जनसाधारण सर्वेक्षण | | २५ | २६ | १५ | १२ | ३ | २९ | १२ |
| पहाडी | जाति | १७ | ३१ | ८ | ५ | ३ | ३१ | १४ |
| | जनजाति | २९ | ३० | ५ | १२ | ४ | २६ | १२ |
| | दलित | ४६ | ३२ | ३ | ६ | ८ | २१ | ६ |
| मधेसी | जाति | २५ | १३ | १३ | २३ | २ | ३२ | ९ |
| | जनजाति | २४ | १६ | ७ | २२ | १ | २७ | २२ |
| | दलित | ३७ | ११ | ११ | १७ | २ | ३० | ८ |
| | मुस्लिम | १५ | २४ | ११ | १९ | ११ | ४१ | ५ |

*दुई छुट्टाछुट्टै प्रश्नहरू (केही समूहलाई सीमान्तीकृत गर्ने प्रमुख कारक तत्त्व के हुन् ? सीमान्तीकृत गर्नमा सबभन्दा जिम्मेवार कसलाई मान्नुहुन्छ ?) मा उस्तै जवाफ आएका तथ्याङ्कलाई जोडेर प्रस्तुत गरिएको हुँदा कुल जम्मामा १०० प्रतिशतभन्दा बढी देखिएको छ ।*

तालिका नं. ५.४ मा दिइएका तथ्याङ्कअनुसार समाजमा कुनै समूह/वर्ग बहिष्कृत हुनुमा त्यहाँको राज्य/सरकारी नीति, परम्परागत शक्ति र जातीय विभाजनले ठूलो भूमिका खेलेका हुन्छन् भने अन्य कारणहरू जस्तै धर्म, भाषा र क्षेत्रको पनि केही भूमिका रहेको हुन्छ । तर यी तथ्याङ्कहरूलाई उत्तरदाताहरूको समूहअनुसार वर्गीकरण र विश्लेषण गरी हेऱ्यौं भने नतिजा भिन्नै देखिन्छ । मधेसी तथा पहाडी दुवै दलित वर्गले उनीहरू बहिष्कृत हुनु र नेपाली समाज असमावेशी हुनुको प्रमुख कारणमा जातीय विभेद र छुवाछूतको प्रथालाई कारक तत्त्व मानेका छन् । त्यस्तै सबै मधेसी समुदायका उच्चजाति, जनजाति, दलित तथा मुस्लिमले भाषिक कारणबाट उनीहरू असमावेशीमा परेको बताउँछन् । विधायक उत्तरदाताहरूमध्ये ६०

प्रतिशतले हालै विद्यमान असमावेशी अवस्थाका लागि मुख्यतया सरकारी नीति नै दोषी रहेको ठहऱ्याएका छन् भने उनीहरू अन्य तत्त्वहरूको भूमिका नगण्य रहेको ठान्दछन् ।

### ५.३.३ बहिष्कृत समूहको अवस्था सुध्रँदै गएको

२००७ को यस सर्वेक्षणका ५५ प्रतिशत नागरिक उत्तरदाताहरूले बहिष्कृत वर्गको अवस्था राम्रो हुँदै आएको बताएका छन् । सन् २००४ को सर्वेक्षणमा ३५ प्रतिशत उत्तरदाताले मात्र बहिष्कृत वर्गको अवस्थामा परिवर्तन भएको धारणा राखेका थिए । नागरिक उत्तरदाताका विभिन्न समूह महिला र पुरुष, युवा र वृद्ध, सहरी र ग्रामीण तथा सबै भौगोलिक क्षेत्रका बासिन्दाले बहिष्कृत वर्गको अवस्था सुध्रिएको जनाए ।
लोकतन्त्रले यी बहिष्कृत वर्गको अवस्थामा ल्याएका परिवर्तनप्रति लाभमुखी समूह र लाभविमुख समूहका धारणा के रहेका छन् ? विधायक उत्तरदातामध्ये ८५ प्रतिशतले बहिष्कृत वर्गको अवस्थामा सुधार आएको बताए । उच्च शिक्षित उत्तरदाताहरूले पनि बहिष्कृत वर्गको अवस्थामा सुधार भएको धारणा व्यक्त गरे । त्यस्तै अन्य उत्तरदाताहरूमध्ये धेरै सचेत वर्गका ६३ प्रतिशत र सञ्चारमा धेरै पहुँच भएका समूहका ६६

**तालिका ५.५**
**विगत केही वर्षहरूमा बहिष्कृत वर्गको अवस्थामा भएका सुधार**

| | | सुधार भएको | | | झन् बिग्रेको | | | पहिलेजस्तै रहेको | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | २००४ | २००७ | +– | २००४ | २००७ | +– | २००४ | २००७ | +– |
| नागरिक सर्वेक्षण | जनसाधारण | ३५ | ५५ | +२० | २४ | ६ | -१८ | ४१ | ३९ | –२ |
| लिङ्ग | पुरुष | ३६ | ५७ | +२१ | २६ | ६ | -२० | ३८ | ३७ | –१ |
| | महिला | ३४ | ५३ | +१९ | २१ | ५ | –१६ | ४५ | ४२ | –३ |
| उमेरसमूह | युवा | ४४ | ५७ | +१३ | १८ | ६ | –१२ | ३८ | ३७ | –१ |
| | वृद्ध | ३२ | ५५ | +२३ | २८ | ४ | –२४ | ४० | ४१ | +१ |
| क्षेत्र | ग्रामीण | ३४ | ५६ | +२२ | २३ | ५ | –१८ | ४३ | ३९ | –४ |
| | सहरी | ३९ | ५२ | +१३ | २६ | ८ | –१८ | ३५ | ४० | +५ |
| भौगोलिक स्थिति | हिमाल | २३ | ५८ | +३५ | २३ | ७ | –१६ | ५५ | ३५ | –२० |
| | पहाड | ३५ | ६१ | +२६ | २४ | २ | –२२ | ४१ | ३६ | –५ |
| | तराई | ३७ | ४८ | +११ | २४ | ९ | –१५ | ३९ | ४३ | +४ |
| भौगोलिक क्षेत्र | पूर्वाञ्चल | २३ | ५३ | +३० | ३० | ८ | –२२ | ४७ | ३९ | –८ |
| | मध्यमाञ्चल | ४६ | ५४ | +८ | २२ | ६ | –१६ | ३२ | ४० | +८ |
| | पश्चिमाञ्चल | ३६ | ६२ | +२६ | २२ | २ | –२० | ४२ | ३७ | –५ |
| | मध्य पश्चिमाञ्चल | ३४ | ६३ | +२९ | १७ | ३ | –१४ | ४९ | ३४ | –१५ |
| | सुदूर पश्चिमाञ्चल | | ३४ | ० | | १४ | –३ | | ५२ | +३ |
| शिक्षा | निरक्षर | २६ | ४५ | +१९ | २८ | ७ | –२१ | ४६ | ४८ | +२ |
| | उच्च शिक्षित | ४६ | ५९ | +१३ | १८ | ८ | –१० | ३६ | ३२ | –४ |
| पहाडी | जाति | ३८ | ६५ | +२७ | २१ | ३ | –१८ | ४० | ३२ | –८ |
| | जनजाति | ३५ | ६० | +२५ | २५ | ३ | –२२ | ४० | ३७ | –३ |
| | दलित | २३ | ५३ | +३० | ३२ | ८ | –२४ | ४५ | ४० | –५ |
| मधेसी | जाति | ३५ | ३९ | +४ | ३० | १३ | –१७ | ३५ | ४८ | +१३ |
| | जनजाति | १७ | ३९ | +२२ | ३० | १२ | –१८ | ५२ | ४९ | –३ |
| | दलित | ३२ | ३५ | +३ | २१ | १४ | –७ | ४७ | ५० | +३ |
| | मुस्लिम | ३२ | ४५ | +१३ | ५२ | ८ | –४४ | १६ | ४८ | +३२ |

प्रतिशतले पनि यस्तै विचार व्यक्त गरेका छन् । तर लाभविमुख समूहका अशिक्षित र सुदूर पश्चिमाञ्चल क्षेत्रका उत्तरदाताहरूले बहिष्कृत वर्गको अवस्था पहिलेकै जस्तो रहेको बताए । त्यस्तै लाभविमुख समूहमा पर्ने सचेत नभएका उत्तरदातामध्ये ५९ प्रतिशत र सञ्चारमा पहुँच नभएका समूहका ४६ प्रतिशत उत्तरदाताले पनि बहिष्कृत वर्गको अवस्थामा सुधार नआएको विचार व्यक्त गरे । यससम्बन्धमा पहाडी तथा मधेसी समुदायको धारणामा पनि फरक मत पाइएको छ । पहाडी समुदायका सबै समूहले बहिष्कृत वर्गको अवस्थामा सुधार आएको मत व्यक्त गरेका छन् भने सबै मधेसी समुदायले उनीहरूको अवस्था उस्तै रहेको धारणा राखेका छन् ।

सन् २००४ र सन् २००७ को सर्वेक्षणमा प्राप्त तथ्याङ्कहरूको तुलनात्मक अध्ययनबाट लोकतन्त्रको स्थापनापछि बहिष्कृत वर्गको अवस्थामा सुधार आएको कुरा स्पष्ट भएको छ । सरकारी तथा गैरसरकारी संघ-संस्थाहरूको प्रयासले यस वर्गको अवस्थामा सकारात्मक ठोस परिवर्तन ल्याउन महत्त्वपूर्ण भूमिका खेलेका छन् । वहिष्कृत वर्गको अवस्थामा क्रमशः सुधार हुँदै गएकोबारे केही भनाइहरू यसप्रकार छन्–

*महिलाहरूको कानुनी हैसियत परिवर्तन भएकोमा म न्यायिक निकायको सराहना गर्दछु । कानुनका विभेदकारी प्रावधानहरूलाई असंवैधानिक घोषणा गरिनु र लैङ्गिक समानतासम्बन्धी नयाँ कानुन ल्याउन सरकार र सदनलाई गरेको आह्वानलाई स्वागत गर्नुपर्दछ । सन् १९९० मा देशमा प्रजातन्त्रको पुनर्बहालीदेखि अहिलेसम्ममा एक सयभन्दा बढी महिलासम्बन्धी विभेदकारी कानुनहरूमा संशोधन भइसकेको छ ।*

– सपना मल्ल प्रधान, महिला अधिकारवादी

*गोर्खामा महिलाहरूलाई अब बच्चा जन्माउने मेसिन मात्र ठान्दैनन् । महिलाहरू आफ्नो अधिकारप्रति सचेत छन्, उनीहरू पुरुषहरूको नराम्रो व्यवहारका विरुद्ध संगठित भएका छन् र उनीहरूले बचत समूह बनाई त्यसबाट आम्दानी पनि गर्छन् ।*

– सीता भट्ट, सर्वेक्षक

*मैले प्रजातन्त्र के हो त भन्न सक्तिनँ, तर पहिलेभन्दा अहिले देशमा धेरै राम्रो भएको छ । पहिले बाटोमा हिँड्दा पनि ठूला जातका लागि बाटो छोड्नुपर्थ्यो । तिनीहरूका साना केटाकेटीले पनि हामीसँग हेपेर कुरा गर्थे । अहिले त्यस्तो छैन; उनीहरूले हामीसँग राम्रो बोलीमा कुरा गर्छन् । प्रजातन्त्रले नै यस्तो सबै परिवर्तन ल्याएको हुनुपर्दछ । त्यसैले प्रजातन्त्र राम्रो पद्धति हो ।*

– वीरबहादुर सार्की, भोजपुर

### ५.३.४ बहिष्कृत वर्गका लागि काम गरेकोमा नेकपा (माओवादी) लाई सबभन्दा बढी श्रेय दिइएको

सन् २००७ को नागरिक सर्वेक्षणका उत्तरदाताहरूले बहिष्कृत वर्गको उत्थानको लागि सकारात्मक कार्य गर्नेहरूमध्ये नेकपा (माओवादी)लाई प्रथम स्थानमा राखेका छन् । सहयोग पुऱ्याउने अन्यमा प्राथमिकताअनुसार जनजाति सङ्गठनहरू, राजनीतिक दलहरू, सरकार, क्षेत्रीय दलहरू, गैरसरकारी संघ-संस्था/नागरिक समाज तथा अन्य रहेका छन् । तर विधायक उत्तरदाताहरूको प्राथमिकता जनसाधारणको प्राथमिकताभन्दा भिन्न रहेको छ । निश्चय नै विधायकहरूले सबैभन्दा बढी श्रेय राजनीतिक पार्टीहरूलाई दिएका छन्; त्यसपछि मात्र नेकपा माओवादी, जनजातिका सङ्गठनहरू पर्दछन् ।

बहिष्कृत वर्गको समस्यालाई सम्बोधन गरेकोमा पहाड तथा तराईका जनजाति समूहका उत्तरदाताहरूले पनि नेकपा माओवादीलाई नै बढी श्रेय दिएका छन् । तर मधेसका अन्य समूहले यसको श्रेय जनजाति संगठनहरूलाई दिएका छन् । त्यस्तै सहरी क्षेत्रका तथा पूर्वाञ्चलका बहुसंख्यक उत्तरदाताहरूले पनि जनजाति संघ-संस्थाका कार्यहरूलाई महत्त्वपूर्ण मानेका छन् । तर वृद्ध तथा उच्च शिक्षित वर्गका बहुसंख्यक उत्तरदाताहरूले राजनीतिक दलहरूको देनलाई बढी कदर गर्नुपर्ने बताएका छन् ।

**तालिका ५.६**
**बहिष्कृत वर्गको उत्थानमा सहयोग गर्ने निकायहरू**

| | | माओवादी | जनजाति संगठनहरू | राजनीतिक दलहरू | सरकार | क्षेत्रीय दलहरू | गैरसरकारी संस्था/ नागरिक समाज | अन्य | कुनै पनि होइन |
|---|---|---|---|---|---|---|---|---|---|
| विधायिका सर्वेक्षण | विधायकहरू | २५ | ११ | ४९ | १ | १ | ५ | ५ | ३ |
| नागरिक सर्वेक्षण | जनसाधारण | २० | १५ | १३ | १० | १० | ७ | १२ | १३ |
| लिङ्ग | पुरुष | २१ | १४ | १४ | ९ | १२ | ७ | ११ | १३ |
| | महिला | २० | १६ | १३ | १२ | ७ | ७ | १३ | १३ |
| उमेरसमूह | युवा | २० | १५ | १२ | – | ११ | १५ | ११ | ११ |
| | वृद्ध | १६ | ११ | २२ | ६ | ६ | ६ | १४ | १६ |
| शिक्षा | निरक्षर | १८ | ११ | १३ | ८ | १३ | ५ | १३ | २० |
| | उच्च शिक्षित | १५ | १७ | १७ | ८ | ८ | १० | १५ | ९ |
| क्षेत्र | ग्रामीण | २२ | १३ | १२ | ११ | ९ | ७ | १३ | १३ |
| | सहरी | ११ | २२ | २० | ८ | ११ | ९ | ८ | १० |
| भौगोलिक स्थिति | हिमाल | २३ | १२ | ९ | १६ | – | ६ | १९ | १६ |
| | पहाड | २७ | १३ | १६ | १६ | – | ९ | ११ | ८ |
| | तराई | १५ | १६ | १२ | ६ | १७ | ६ | १२ | १६ |
| पहाडी | जाति | २० | १२ | १६ | १५ | १ | १० | १८ | ८ |
| | जनजाति | २६ | १९ | १५ | १४ | ३ | ७ | ८ | ८ |
| | दलित | ३२ | १६ | ८ | १२ | ५ | ९ | ९ | ८ |
| मधेसी | जाति | ४ | १६ | १० | २ | २८ | ३ | ८ | २८ |
| | जनजाति | ३१ | १० | १४ | ६ | ९ | ८ | १२ | ९ |
| | दलित | २ | १६ | ५ | ० | २८ | २ | १० | ३७ |
| | मुस्लिम | ९ | १० | १० | ३ | ३७ | ० | १२ | १८ |

### ५.३.५ संविधानमा समावेशनका प्रावधानहरू राखिनुपर्नेमा मतैक्य रहेको

समावेशी तथा बहिष्कृतसम्बन्धी विविध पक्षमा विभिन्न उत्तरदातासमूहका धारणामा भिन्नता रहे तापनि बहिष्कृतहरूलाई समावेशीकरण गर्दै जान संविधानमा नै व्यवस्था हुनुपर्नेमा भने उनीहरू एकमत भएका छन् ।

नागरिक सर्वेक्षणका सबै समूहका उत्तरदातामध्ये ९० प्रतिशतले यी पिछडिएका समुदायको लागि संविधानमा विशेष प्रावधान राखिनुपर्ने मत व्यक्त गरेका छन् । केही उत्तरदाताहरू, उच्च शिक्षित समूह, सहरी क्षेत्रका र पहाडी उच्च जातकामध्ये करिब १३–१५ प्रतिशतले यस्ता प्रावधानको विरोध गरेका छन् । विधायक सर्वेक्षण र बुस्टर सर्वेक्षणका प्रायः सबै (९५–९७ प्रतिशत) उत्तरदाताले संविधानमा उचित प्रावधानको व्यवस्था हुनुपर्ने मत व्यक्त गरेका छन् । यससम्बन्धमा केही भनाइहरू यस्ता रहेका छन्:

*यदि हाम्रो देशमा साँच्चैको लोकतन्त्र छ भने राज्यका निकायमा दलित, मधेसी, महिला तथा जनजातिको उपस्थिति हुनुपर्दछ । भन्नलाई हामी भन्छौं हाम्रो देशमा भाषिक, सांस्कृतिक, जातीय विविधता छ र भौगोलिक विविधता पनि छ । तर व्यवहारमा सधैं नै चुच्चे नाक भएका र टोपी लाएकाले मात्र देश चलाएका हुन्छन् । शक्तिमा रहेकाहरूले देशको जनसंख्याको चरित्रलाई प्रतिविम्बित गरेका हुँदैनन् । आधी आकाश ढाक्ने महिला, ४० लाखभन्दा बढी दलितहरू, कुल जनसंख्याको ३७ प्रतिशत ओगटेका जनजाति र सिङ्गो तराईका मधेसीलाई*

*पन्छ्याएर चलेको सरकारलाई कसरी समावेशी र लोकतान्त्रिक भन्ने ? सरकारले समावेश गर्न नसकेकै कारणले तराईमा त्यति धेरै जनधनको क्षति भएको छ । सरकारमा सबै जनजाति, जातजाति, धार्मिक, क्षेत्रीय, लैङ्गिक समूह तथा वर्गको प्रतिनिधित्व हुनुपर्दछ । त्यसकारण अविलम्ब समावेशी सरकारको गठन हुनु आवश्यक छ ।*

– नारायण न्यौपाने, दाङ

*नयाँ नेपालमा हामी दलित पनि समान र उचित सम्मान चाहन्छौँ । हामी पनि अरूहरूले जस्तै आफ्नै समुदायको पहिचानमा गर्व गर्न चाहन्छौँ; निश्चय नै अछूत रहन चाहन्नौं । त्यसकारण हामी राज्यमा आफ्नो स्वामित्व चाहन्छौं । सायद सबै क्षेत्रमा जनसंख्याका आधारमा समानुपातिक प्रतिनिधित्वको व्यवस्था गरियो भने हाम्रो लक्ष्य पूरा हुन्छ होला । तर समानुपातिक प्रतिनिधित्व मात्रैले पनि हाम्रो लक्ष्य प्राप्त नहोला, किनभने धेरै पहिलेदेखि नै हामीलाई राज्यको स्रोत तथा राजनीतिक शक्तिबाट टाढा राखिँदै आएको छ । त्यसैले पनि दलितहरूका लागि विशेष अधिकार दिनुपर्दछ ।*

– दुर्गा सोब, अध्यक्ष, दलित महिला महासंघ

## ५.४ समावेशी लोकतन्त्रका लागि उठेका जातीय तथा क्षेत्रीय आन्दोलनका केही ठोस प्रस्तावहरू

पिछडिएका/बहिष्कृत वर्गको उत्थानका लागि संविधानमा केही प्रावधानको व्यवस्था गर्नाले मात्र पर्याप्त हुँदैन । समावेशी लोकतन्त्रको प्राप्तिका लागि जातीय तथा क्षेत्रीय तहबाट व्यक्त मागसँग अन्य अपेक्षाहरूसमेत गाँसिएका छन्– नेपाललाई धर्म निरपेक्ष राष्ट्र बनाउनु, संघात्मक पद्धतिको राज्य स्थापना हुनु र सबै भाषालाई समान मान्यता प्राप्त हुनु आदि । यी लक्ष्यहरूको प्राप्तिले नयाँ नेपाल निर्माणको क्रममा सहयोग पुऱ्याउने देखिन्छ । राज्य पुनर्संरचनाका लागि आवश्यक मानिएका यी मागप्रति सबै जनसमूहको अवधारणा बुझ्नु अति आवश्यक छ ।

### ५.४.१ जनसाधारणले नेपाललाई हिन्दू राज्यकै रूपमा हेर्न चाहे पनि धर्मनिरपेक्षताको पक्षमा जनसमर्थन बढ्दो

सन् २००७ को सर्वेक्षणबाट एउटा विरोधाभासपूर्ण निष्कर्ष प्राप्त भएको छ– सन् २००४ को तुलनामा २००७ मा धर्मनिरपेक्षताको पक्षमा मत जाहेर गर्ने उत्तरदाताको संख्या ३४ प्रतिशतबाट बढेर ३९ प्रतिशत पुगेको छ, तर अझै ६१ प्रतिशत उत्तरदाताहरू हिन्दू राज्यको पक्षमा नै रहेका छन् ।

नागरिक सर्वेक्षणका बहुसंख्यक उत्तरदाता समूहले, जस्तैः महिला तथा पुरुष, युवा तथा वृद्ध, सहरी तथा ग्रामीण बासिन्दा (तीनै भौगोलिक क्षेत्र तथा पाँचै विकास क्षेत्रका बासिन्दा)ले बहुसंख्यकले नेपाल हिन्दू राज्य रहिरहनुपर्ने अभिव्यक्ति दिएका छन् । यस्तो अभिव्यक्ति दिनेमा मधेसी उत्तरदाताको संख्या अझ बढी रहेको छ । मधेसी जनजातिका १० उत्तरदातामध्ये सात जनाले (७० प्रतिशत) हिन्दू राज्य हुनुपर्ने मत व्यक्त गरेका छन् । यस्तै मत दिने मधेसी उच्च जात र दलितहरूको संख्या २००४ को ७६ प्रतिशतबाट बढेर २००७ मा ८५ प्रतिशत पुगेको छ । नेपाललाई धर्मनिरपेक्ष घोषणा गर्न माग भइरहेकै समयमा यो वृद्धिको तथ्याङ्क बेमेलपूर्ण रहेको छ ।

**तालिका ५.७**
**धर्मनिरपेक्ष वा हिन्दू राष्ट्र**

| | | धर्मनिरपेक्ष राष्ट्र | | | हिन्दू राष्ट्र | | |
|---|---|---|---|---|---|---|---|
| | | २००४ | २००७ | + - | २००४ | २००७ | + - |
| विधायिका सर्वेक्षण | विधायकहरू | - | ९४ | - | - | ६ | - |
| बुस्टर सर्वेक्षण | गुरुङ | - | ९१ | - | - | ९ | - |
| | मधेसी | - | ५ | - | - | ९५ | - |
| नागरिक सर्वेक्षण | जनसाधारण | ३४ | ३९ | +५ | ६६ | ६१ | – ५ |
| लिङ्ग | पुरुष | ३५ | ४१ | +६ | ६५ | ५९ | – ६ |
| | महिला | ३२ | ३८ | +६ | ६८ | ६२ | –६ |
| उमेरसमूह | युवा | ३७ | ४३ | +६ | ६३ | ५७ | –६ |
| | वृद्ध | २९ | ३१ | +२ | ७१ | ६९ | – २ |
| क्षेत्र (इलाका) | ग्रामीण | ३४ | ३९ | +५ | ६६ | ६१ | – ५ |
| | सहरी | ३१ | ४० | +९ | ६९ | ६० | – ९ |
| भौगोलिक क्षेत्र | हिमाल | ४६ | ४७ | +१ | ५४ | ५३ | – १ |
| | पहाड | ३४ | ४८ | +१४ | ६६ | ५२ | –१४ |
| | तराई | ३१ | २९ | – २ | ६९ | ७१ | + २ |
| शिक्षा | निरक्षर | २९ | ३३ | + ४ | ७१ | ६७ | – ४ |
| | उच्च शिक्षित | ५७ | ५७ | ० | ४३ | ४३ | ० |
| पहाडी | उच्च जाति | २७ | ३४ | +७ | ७३ | ६६ | –७ |
| | जनजाति | ५४ | ५८ | +४ | ४६ | ४२ | –४ |
| | दलित | ३४ | ४० | +६ | ६६ | ६० | –६ |
| मधेसी | उच्च जाति | २६ | १५ | –११ | ७४ | ८५ | +११ |
| | जनजाति | २० | ३१ | +११ | ८० | ६९ | –११ |
| | दलित | २७ | १५ | –१२ | ७३ | ८५ | +१२ |
| | मुस्लिम | - | ८० | – | – | २० | – |
| धार्मिक समूह | हिन्दू | २७ | ३२ | +५ | ७३ | ६८ | – ५ |
| | बौद्ध | ६९ | ७८ | +९ | ३१ | २२ | –९ |
| | इस्लाम | ८४ | ७९ | –५ | १६ | २१ | +५ |
| | किराँत | ७९ | ८५ | +६ | २२ | १५ | –७ |
| | इसाई | ६७ | ६१ | –६ | ३३ | ३९ | +६ |
| | अन्य | ६२ | ६८ | +६ | ३८ | ३२ | –६ |

राष्ट्रको धार्मिक पहिचानका विषयमा विभिन्न जाति, जनजाति र धार्मिक समूहबीच मतभिन्नता देखिएको छ । २००४ र २००७ का दुवै सर्वेक्षणहरूमा अत्यधिक पहाडी तथा तराई हिन्दू उत्तरदाताहरूले नेपाल हिन्दूराज्य रहनुपर्ने विचार व्यक्त गरेका छन् भने बहुसंख्यक पहाडी जनजाति उत्तरदाताले धर्मनिरपेक्ष हुनुपर्ने मत व्यक्त गरेका छन् । यसै सन्दर्भमा २००७ को बुस्टर सर्वेक्षणका गुरुङ समूहका ९१ प्रतिशतले धर्मनिरपेक्ष हुनुपर्नेमा मत व्यक्त गरेका छन्, जबकि मधेसी समूहका ९५ प्रतिशत उत्तरदाताले हिन्दू राज्यको पक्षमा मत जाहेर गरेका छन् ।

सन् २००७ को नागरिक सर्वेक्षणका उत्तरदाताहरूको धार्मिक संलग्नताबाट पनि देशको धार्मिक पहिचानको मागमा प्रभाव परेको देखिन्छ । यस सर्वेक्षणका हिन्दू उत्तरदातामध्ये दुई तिहाईले हिन्दू राज्यको माग राखे

भने हिन्दूबाहेक अन्य धर्मका बहुसंख्यक उत्तरदाताहरूले स्पष्ट रूपमा धर्मनिरपेक्षताको पक्षमा मत दिएका छन् ।

राज्यको धर्मका सन्दर्भमा जनसाधारण र सम्भ्रान्त वर्गबीच पनि फरक मत रहेको छ । जनसाधारणका ६१ प्रतिशत उत्तरदाताले हिन्दू राष्ट्र नै रहिरहनुपर्ने मत व्यक्त गरेका छन् । तर विधायिका समूहका ९४ प्रतिशत उत्तरदाताले धर्मनिरपेक्ष हुनुपर्नेमा आफ्नो मत जाहेर गरेका छन् । धर्मनिरपेक्षको सवालमा सबै राजनीतिक दलबीच मतैक्य रहेको देखिन्छ ।

### ५.४.२ संघात्मकताको सवालमा जनसाधारण र सम्भ्रान्त वर्गको विचार विभाजित

जनआन्दोलनले उठाएको अर्को प्रमुख सवाल अहिलेको केन्द्रीकृत तथा एकात्मक शासनप्रणालीलाई निरन्तरता दिने या संघीय शासनप्रणालीबाट राज्यको पुनर्संरचना गर्ने भन्ने विषयमा पनि उत्तरदाताहरूका फरक-फरक मत रहेका छन् । निश्चित रूपमा संघीय शासनप्रणालीको पक्षमा मत जाहेर गर्नेको संख्या बढेको छ । संघीय शासन प्रणालीको पक्षमा मत व्यक्त गर्ने उत्तरदाताको संख्या सन् २००४ मा २४ प्रतिशत रहेकोमा सन् २००७ मा ४२ प्रतिशत पुगेको छ । तर दुवै सर्वेक्षणमा एकात्मक राज्यप्रणालीको निरन्तरताको पक्षमा बहुमत रहेको छ । सन् २००४ को सर्वेक्षणमा ६७ प्रतिशत उत्तरदाता र सन् २००७ को सर्वेक्षणमा ५८ प्रतिशतले एकात्मक शासन प्रणालीका पक्षमा मत व्यक्त गरेका छन् ।

**तालिका ५.८**
**एकात्मक या संघात्मक राज्यमा छनोट**

| | | एकात्मक राज्यव्यवस्था | | | संघात्मक राज्य व्यवस्था | | |
|---|---|---|---|---|---|---|---|
| | | २००४ | २००७ | + - | २००४ | २००७ | + - |
| विधायिका सर्वेक्षण | विधायकहरू | - | ७ | - | - | ९३ | - |
| बुस्टर सर्वेक्षण | गुरुङ | - | ५४ | - | - | ४६ | - |
| | मधेसी | - | १७ | - | - | ८३ | - |
| नागरिक सर्वेक्षण | जनसाधारण | ६७ | ५८ | -९ | २४ | ४२ | +१८ |
| लिङ्ग | पुरुष | ६३ | ५४ | -९ | २७ | ४६ | +१९ |
| | महिला | ७२ | ६२ | -१० | २० | ३८ | +१८ |
| उमेरसमूह | युवा | ६४ | ५४ | -१० | २७ | ४५ | +१८ |
| | वृद्ध | ७३ | ७० | -३ | १९ | ३० | +११ |
| क्षेत्र (इलाका) | ग्रामीण | ६७ | ५७ | -१० | २४ | ४३ | +१९ |
| | सहरी | ६९ | ५८ | -११ | २४ | ४२ | +१८ |
| भौगोलिक क्षेत्र | हिमाल | ३७ | ५४ | +१७ | ५० | ४६ | -४ |
| | पहाड | ७० | ६४ | -६ | १९ | ३६ | +१७ |
| | तराई | ६४ | ५२ | -१२ | ३० | ४८ | +१८ |
| शिक्षा | निरक्षर | ७३ | ५९ | -१४ | २१ | ४१ | +२० |
| | उच्च शिक्षित | ५२ | ४४ | -८ | ३८ | ५६ | +१८ |
| पहाडी | उच्च जाति | ६९ | ६७ | -२ | ३१ | ३३ | +२ |
| | जनजाति | ६४ | ५९ | -५ | ३५ | ४१ | +६ |
| | दलित | ७७ | ६२ | -१५ | २३ | ३८ | +१५ |
| मधेसी | उच्च जाति | ६२ | ३४ | -२८ | ३८ | ६६ | +२८ |
| | जनजाति | ७५ | ६५ | -१० | २५ | ३५ | +१० |
| | दलित | ४२ | २६ | -१६ | ५८ | ७४ | +१६ |
| | मुस्लिम | - | ४० | - | - | ६० | - |

२००७ को सर्वेक्षणका उत्तरदाताका विभिन्न समूह महिला/पुरुष, सहरी/ग्रामीण क्षेत्रका बासिन्दा, युवा/वृद्ध तथा तीनै भौगोलिक क्षेत्रका बासिन्दाहरूमध्ये बहुसंख्यकले एकात्मक शासनप्रणालीको निरन्तरतालाई नै रोजेका छन् । तर उत्तरदातामध्ये उच्च शिक्षित समूह र आमसञ्चारमा धेरै पहुँच भएका समूहका बहुसंख्यकले संघीय राज्यप्रणालीको चाहना गरेका छन् । त्यस्तै जनजाति आन्दोलनबाट बढी प्रभावित क्षेत्र जस्तै पूर्वाञ्चल र मध्यमाञ्चका बहुसंख्यक उत्तरदाताहरूले पनि संघीय प्रणालीका पक्षमा आफ्नो मत व्यक्त गरेका छन् । राज्यसंरचनाको सवालमा पहाडी र मधेसी समूहबीच पनि विचारमा भिन्नता रहेको छ । पहाडी समूहका उच्च जातका र दलित वर्गका बहुसंख्यक उत्तरदाताले एकात्मक राज्यप्रणालीको चाहना व्यक्त गरेका छन् । तर जनजाति आन्दोलनको संघीय राज्यप्रणालीको मागका विपरीत पहाडी जनजातिसमूहका बहुसंख्यक उत्तरदाताहरूले आश्चर्यजनक रूपमा एकात्मक राज्यप्रणालीको पक्षमा मत व्यक्त गरे । मधेसी समूहका मुस्लिम, उच्चजातका र दलित उत्तरदाताहरूमध्ये क्रमशः ६० प्रतिशत, ६६ प्रतिशत र ७४ प्रतिशतले संघीय राज्यप्रणालीको पक्षमा मत व्यक्त गरेका छन् भने मधेसी जनजाति समूहका बहुसंख्यक उत्तरदाताले पनि पहाडी जनजाति जस्तै एकात्मक शासनप्रणालीलाई रोजेका छन् । राज्यप्रणालीको रोजाइ सम्बन्धमा मधेसी र पहाडी समुदायबीच देखिएको भिन्नतालाई बुस्टर सर्वेक्षणको तथ्याङ्कले अझ प्रस्ट पार्दछ । गुरुङ समुदायका अधिकांश उत्तरदाताले एकात्मक राज्यप्रणालीको पक्षमा मत व्यक्त गरेका छन् भने ८० प्रतिशत मधेसी उत्तरदाताहरू (बुस्टर सर्वेक्षणका मात्र) ले संघीय राज्यप्रणालीको पक्षमा मत जाहेर गरेका छन् । राज्यप्रणाली रोज्ने विषयमा जनसाधारण र विधायक उत्तरदाताहरूबीच पनि फरक मत देखिएको छ । २००७ को नागरिक सर्वेक्षणका उत्तरदातामध्ये ५८ प्रतिशतले एकात्मक राज्यप्रणालीलाई रोजेका छन् भने विधायिका समूहका ९३ प्रतिशत उत्तरदाताले संघीय राज्यप्रणालीको चाहना गरेका छन् । तर संघीय राज्यप्रणालीद्वारा एकात्मक राज्यप्रणालीलाई विस्थापित गर्ने कुरामा सम्पूर्ण राजनीतिक दलहरूको एक मतमा रहे तापनि राज्य पुनर्संरचनाको क्रममा संघीय राज्यप्रणालीको स्वरूपबारे ती दलहरूले प्रस्तुत गरेका मापदण्ड तथा आधारहरू फरक छन् ।

*नेपालमा मुख्यतः तीन सांस्कृतिक समूह रहेका छन्– खस, मंगोल र मधेसी । खस र मंगोलहरू एकआपसमा धेरै हिसाबले मिल्दाजुल्दा छन् तर मधेसीहरू अलग छन् । यी कुराहरूलाई ध्यानमा राखी भौगोलिक तथा सांस्कृतिक आधारमा नेपाललाई तीन प्रदेशमा विभाजन गर्नुपर्दछ– हिमाली प्रदेश, पहाडी प्रदेश र मधेसी प्रदेश । यी प्रदेशभित्र रहेका आन्तरिक विविधतालाई ध्यानमा राखी यी प्रत्येक प्रदेशलाई ४ देखि ५ एकाइहरूमा विभाजन गर्नुपर्दछ ।*

– भरतविमल यादव, नेता, नेपाल सद्भावना पार्टी

*प्रस्तावित राज्यको पुनर्संरचनाको आधार सामूहिक अधिकारको सिद्धान्त, आत्मसम्मान र आत्मनिर्णयका सिद्धान्तसहितको तर छुट्टिन नपाउने अधिकारको जातीय संघात्मकता हुनुपर्दछ । संघीय एकाइहरू जात, धर्म र भाषाको आधारमा निर्धारित हुनुपर्दछ । एक मधेस, एक प्रदेशको प्रस्तावनालाई स्वीकार गर्नुहुँदैन किनभने यसले मधेसभित्रका विविधतालाई समेटेको छैन । संघीय एकाइको निर्धारण गर्दा मधेसी जनजातिको अधिकारलाई पनि ध्यान दिनुपर्दछ ।*

– पासाङ शेर्पा, आदिवासी जनजाति महासंघ

*संघात्मक एकाइहरू निर्धारण गर्दा भौगोलिक स्थिति र प्रशासनिक विभाजनका साथै जातजाति, जनजाति, भाषा र संस्कृतिका आधारमा सामाजिक एकरूपतालाई पनि ध्यान दिनुपर्दछ ।*

– चक्र बाँस्तोला, नेता, नेपाली कांग्रेस

### ५.४.३ जनसाधारणमा नेपाली भाषाको एकाधिकारको अन्त्यको चाहना

सरकारी भाषाको विषयमा जनताको धारणामा धेरै फरक आइसकेको छ । सन् २००४ को सर्वेक्षणमा बहुसंख्यक उत्तरदाताले विद्यमान सरकारी भाषाको रूपमा नेपाली भाषा नै रहनुपर्ने विचार व्यक्त गरेका थिए, तर २००७ को सर्वेक्षणमा नेपाली भाषा मातृभाषा हुने समूहबाहेक अन्य भाषाभाषी समूहका बहुसङ्ख्यक उत्तरदाताहरूले दुई वा दुईभन्दा बढी भाषा सरकारी भाषा हुनुपर्नेमा जोड दिएका छन् ।

**तालिका ५.९**
**सरकारी कामकाजको भाषाको छनोट**

| | | एक भाषा (नेपाली मात्र) | | | दुई भाषा | | | बहु भाषा | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | २००४ | २००७ | + - | २००४ | २००७ | + - | २००४ | २००७ | + - |
| विधायिका सर्वेक्षण | विधायकहरू | - | १८ | - | - | ३८ | - | - | ४४ | - |
| बुस्टर सर्वेक्षण | गुरुङ | - | ४८ | - | - | ३४ | - | - | १८ | - |
| | मधेसी | - | २ | - | - | ५५ | - | - | ४४ | - |
| नागरिक सर्वेक्षण | जनसाधारण | ५२ | ४८ | -४ | १६ | २७ | +११ | ३१ | २५ | -६ |
| लिङ्ग | पुरुष | ५१ | ४६ | -५ | १७ | २८ | +११ | ३२ | २६ | -६ |
| | महिला | ५४ | ५० | -४ | १६ | २६ | +१० | ३० | २४ | -६ |
| उमेरसमूह | युवा | ५० | ४५ | -५ | १६ | २७ | +११ | ३४ | २८ | -६ |
| | वृद्ध | ५२ | ५२ | - | १६ | २९ | +१३ | ३१ | १९ | -१२ |
| क्षेत्र (इलाका) | ग्रामीण | ५१ | ४६ | -५ | १७ | २७ | +१० | ३२ | २६ | -६ |
| | सहरी | ५९ | ५८ | -१ | १४ | २३ | +९ | २७ | १९ | -८ |
| भौगोलिक क्षेत्र | हिमाल | ४४ | ५२ | +८ | २ | २७ | +२५ | ५४ | २१ | -३३ |
| | पहाड | ६५ | ६४ | -१ | १० | १७ | +७ | २४ | १९ | -५ |
| | तराई | ४० | ३१ | -९ | २३ | ३७ | +१४ | ३६ | ३२ | -४ |
| शैक्षिक स्तर | निरक्षर | ४६ | ४५ | -१ | २० | ३० | +१० | ३४ | २५ | -९ |
| | उच्च शिक्षित | ६० | ५५ | -५ | १६ | २१ | +५ | २४ | २४ | ० |
| पहाडी | उच्च जाति | ७३ | ६६ | -७ | ९ | १६ | +७ | १८ | १८ | ० |
| | जनजाति | ४५ | ५४ | +९ | १२ | २१ | +९ | ४३ | २५ | -१८ |
| | दलित | ६९ | ६२ | -७ | ८ | १८ | +१० | २३ | २० | -३ |
| मधेसी | उच्च जाति | २६ | १७ | -९ | ३२ | ४५ | +१३ | ४२ | ३८ | -४ |
| | जनजाति | ४७ | २१ | -२६ | २० | ५३ | +३३ | ३३ | २६ | -७ |
| | दलित | १८ | १० | -८ | ३५ | ४९ | +१४ | ४७ | ४१ | -६ |
| | मुस्लिम | २७ | ७ | -२० | २२ | ४४ | +२२ | ५१ | ४८ | -३ |

भाषानीतिमा परिवर्तन चाहनेमा तामाङ उत्तरदाताहरूमध्ये ५१ प्रतिशत र नेवार उत्तरदाताहरूमध्ये ५५ प्रतिशत रहेका छन् । दुई वा बहुभाषिक नीतिप्रति समर्थन जनाउने अन्य भाषाभाषी समूहमा मैथिली ९२ प्रतिशत, भोजपुरी ७७ प्रतिशत, अवधि ७१ प्रतिशत र लिम्बू ६२ प्रतिशत रहेका छन् । समग्रमा एक भाषानीतिलाई समर्थन गर्ने संख्यामा उल्लेखनीय कमी आए तापनि बहुसंख्यक सहरी क्षेत्रका उत्तरदाता र उच्च शिक्षित वर्गले एक भाषा (नेपाली) नीति रहनुपर्नेमा जोड दिएका छन् । सरकारी कामकाजमा नेपाली भाषा मात्रको प्रयोग हुनुपर्ने कुरासँग सहमत हुनेमा नागरिक सर्वेक्षणका वृद्धसमूह (६० वर्ष वा बढी उमेरका) तथा पश्चिमाञ्चल र मध्य पश्चिमाञ्चल क्षेत्रमा बसोबास गर्ने बासिन्दा पनि पर्दछन् ।

*भोजपुरमा हिन्दू संस्कृति र नेपाली भाषाको प्रभाव राम्रो देखिन्छ । यहाँ बूढापाकाले पनि आफ्नो मातृभाषामा कुरा गर्दैनन् । यसलाई हिन्दूकरण र नेपालीकरणको ज्वलन्त उदाहरणका रूपमा लिन सकिन्छ ।*

– अभि चौलागाईं, सुपरभाइजर, अवलोकनका आधारमा

भाषानीतिको सवालमा पहाडी तथा तराई क्षेत्रका उत्तरदाताहरूको विचारमा भिन्नता रहेको छ । पहाडी क्षेत्रमा बसोबास गर्ने र पहाडी जनजातिहरू (जसको मातृभाषा नेपाली होइन) उनीहरू अहिलेको एक भाषानीतिको निरन्तरता चाहन्छन् । सन् २००४ को सर्वेक्षणमा अधिकांश पहाडी जनजातिका उत्तरदाताहरूले

बहुभाषानीतिको पक्षमा मत व्यक्त गरेका थिए । यी तथ्याङ्क एक भाषानीतिको विरोध गर्दै आएका जनजाति आन्दोलनकारीहरूका निम्ति आश्चर्यपूर्ण हुने देखिन्छ । भाषानीतिको प्रश्नमा मधेसी समुदाय स्पष्ट रहेका छन् । मधेसीका सबै समूह (दलित, उच्च जात, जनजाति र मुस्लिम) का उत्तरदाताहरूमध्ये क्रमशः ८९.५ प्रतिशत, ८३ प्रतिशत, ७९ प्रतिशत र ९३ प्रतिशतले द्विभाषिक/बहुभाषिक नीतिको समर्थनमा मत व्यक्त गरेका छन् । बुस्टर सर्वेक्षणबाट पनि भाषानीतिको सवालमा मधेसी र पहाडी समूहबीच मतभिन्नता रहेको स्पष्ट हुन्छ । यस बुस्टर सर्वेक्षणका गुरुङ उत्तरदातामध्ये ५२ प्रतिशतले द्विभाषिक नीतिको चाहना व्यक्त गरे भने मधेसी उत्तरदातामध्ये ९८ प्रतिशतले यसको पक्षमा मत व्यक्त गरेका छन् । विधायकहरू पनि भाषानीतिको परिवर्तन चाहन्छन् । ७२ प्रतिशत विधायक उत्तरदाताहरूले द्विभाषिक/बहुभाषिक नीतिको समर्थनमा आफ्नो मत व्यक्त गरेका छन् ।

## ५.५ सारांश

नेपालमा १९९० पछि जातीय भावनामा उल्लेखनीय वृद्धि भएको छ । समाजमा आफ्नो स्थान/स्थितिबारे बहिष्कृत वर्ग सचेत भएका छन् र यसले उनीहरूलाई आफ्नो अधिकार प्राप्तिका लागि जागरुक बनाएको छ । प्राज्ञिक बहसमा जनसमूहको समावेशी या बहिष्कृत वर्गमा वर्गीकरण जातअनुसार गर्ने गरिन्छ । हुन त धेरै हदसम्म यस आधारलाई ठीकै मान्न सकिन्छ । यसअनुसार वर्गीकरण गर्दा Micro and Macro तहमा दुवैमा परिणाम उही हुन्छ । जस्तै पहाडी उच्च जातका बाहुन/क्षेत्रीलाई समावेशी समूह मानिन्छ भने अन्य दलित, जनजाति र मधेसीलाई बहिष्कृत मानिन्छ । यद्यपि जनसाधारणले समावेशी र बहिष्कृतबारे व्यक्त गरेको धारणामा लिङ्ग, वर्ग र बसोबास क्षेत्रसमेतलाई समेटेका छन् । यसले समावेशी र बहिष्कृतको अर्थलाई जात र जातीयतामा मात्र सीमित नराखी विस्तृत बनाएको छ ।

यद्यपि जनसाधारणले समावेशी र बहिष्कृतको वर्गीकरणको आधार केवल जात र जातीयता मात्र नभई लिङ्ग, वर्ग र बसोबासको क्षेत्र आदि पनि भएको भन्ने धारणा राखेका छन् । कुनै जनसमूहलाई बहिष्कृत वर्गमा पार्नमा जिम्मेवार अन्य कारणहरूमा जातीय विभाजन, विभेदयुक्त परम्पराहरू र राज्य/सरकारका विभेदकारी नीतिहरू पर्दछन् ।

राजनीतिक दल तथा अन्य गैरसरकारी संघ-संस्थाहरूले बहिष्कृत वर्गको उत्थानका लागि कार्यहरू गर्दै आएका छन् र जनसाधारणले यसको सकारात्मक प्रभाव अनुभव गरेको बताएका छन् । तर यी कार्यहरू मात्र पर्याप्त छैनन् । बहिष्कृत वर्गको भविष्य सुनिश्चित गर्नका लागि संविधानसभाको चुनावपछि निर्माण हुने नयाँ संविधानमा यिनीहरूलाई समावेश गर्नका लागि स्पष्ट प्रावधानहरू हुनुपर्दछ जसलाई पहिलेका संविधानहरूले समेट्न सकेका थिएनन् । यस अध्ययनको निष्कर्षअनुसार जातीयताको भावनामा वृद्धि हुनुले राष्ट्रिय एकतामा नकारात्मक असर पार्दैन । अब राष्ट्रियताको नयाँ आधार खोजिनुपर्दछ जसमा राष्ट्रिय र जातीय पहिचान दुवै प्रोत्साहित गर्ने नयाँ बहुआयामिक नेपाली राष्ट्रियताको अवधारणा होओस् । जातीय भावनामा आएको वृद्धिले विद्यमान पुरानो सामन्ती विभेदकारी राज्यसंगठनमा आमूल परिवर्तनको अपेक्षा राखेको छ अर्थात् अब हिन्दू राज्यबाट धर्मनिरपेक्ष राज्यमा परिवर्तन, एकात्मक राज्यप्रणालीबाट संघीय राज्य प्रणालीमा परिवर्तन र एक भाषानीतिबाट बहुभाषिक नीतिमा परिवर्तन हुनुपर्छ । यदि सरकारले राज्य पुनर्संरचनाका लागि यी बुँदाहरू लागू गऱ्यो भने नेपाल साँच्चिकै एक समावेशी लोकतन्त्रतिर अग्रसर हुनेछ ।

## छैटौं परिच्छेद

# निष्कर्ष

नेपाल अहिले सङ्क्रमणका अवस्थामा छ। यस स्थितिलाई राजनीतिकर्मीहरूले देशको भविष्य निर्माणको लागि लक्ष्यनिर्धारण र सोको प्राप्तिका लागि मार्गचित्र कोर्नमा उपयोग गर्न सक्नुपर्दछ । संविधानसभाको निर्वाचनपश्चात् नयाँ संविधानको निर्माणबाट राज्य पुनर्संरचना गर्ने विषयमा विभिन्न राजनीतिक दलहरूबीच सहमति भइसकेको छ। समस्या लक्ष्यनिर्धारणमा नभई कसरी लक्ष्यप्राप्ति गर्ने भन्ने विषयमा राजनीतिकर्मीहरू अल्झेको देखिन्छ । खेलमा खेलको नियम बनाउनमा समस्या नभई खेलाडीको नियतमा समस्या देखिएको छ ।

२००७ जुनमा गर्ने भनिएको संविधानसभाको मिति पछि सार्दा यसलाई ठूलो समस्याको रूपमा लिइएको थिएन। संविधानसभाको निर्वाचन गराउनुअघि नै हतियार व्यवस्थापन, सरकार र संसद्मा शक्तिको बाँडफाँड, अन्तरिम संविधानको निर्माण, संविधानसभाको निर्वाचनका लागि नीति-नियमको निर्माण, सुरक्षाको वातावरणको तयारी जस्ता कार्यहरू सम्पन्न गर्नु थियो। यी कार्यहरू एकै वर्षमा सम्पन्न गर्नु ठूलो चुनौती थियो । तर जब दोस्रोपटक नोभेम्बर २००७ मा सम्पन्न हुने भनिएको संविधानसभाको निर्वाचनको मिति सारियो तब त्यसलाई अनुचित ठानियो। अधिकांश जनताले देशको स्थिति निर्वाचनका लागि उपयुक्त भएको ठानेका थिए र निर्वाचन आयोगले पनि निर्वाचन गराउन पूर्ण तयारी भइसकेको जानकारी गराउँदै आएको थियो । जनआन्दोलन-२ पछि उठेका धेरै महत्त्वपूर्ण समस्याहरू सुल्झाउन सरकार आदिवासी जनजाति महासंघ, मधेसी जनअधिकार फोरम, चुरेभावर एकता समाज, विभिन्न महिला, दलित तथा अन्य समूहसँग वार्ता गर्न सफल भएको थियो । सडक आन्दोलनको मात्रामा कमी आइसकेको थियो । नेपाली कांग्रेसको महासमितिले २००७ सेप्टेम्बरमा गणतन्त्रका पक्षमा गरेको निर्णय जनआन्दोलन-२ पश्चात् देशमा आएको गणतन्त्रमय वातावरणका निम्ति अनुकूल रहेको थियो । तर यी सबै अनुकूल परिस्थिति हुँदाहुँदै पनि संविधानसभाको निर्वाचन तोकिएको समयमा हुन सकेन ।

निर्वाचनको मुखमा आएर नेकपा माओवादीले एकवर्ष अगाडि निर्माण गरेको र सबै दलले सहमतिसमेत जनाइसकेको अन्तरिम संविधानको २ बुँदामा पुनरावलोकन गर्नुपर्ने माग राखी निर्वाचन मिति सार्न दबाब दिएको थियो। यी विवादित २ बुँदामा (१) संविधानसभाको पहिलो बैठकको बहुमतले राजतन्त्रको भविष्यबारे निर्धारण गर्ने र (२) मिश्रित निर्वाचनप्रणाली लागू गरिने रहेका थिए । नेकपा माओवादीले यी बुँदाहरूको अभिप्रायविपरीत निर्वाचन अगाडि नै गणतन्त्रको घोषणा हुनुपर्ने र समानुपातिक निर्वाचनप्रणाली अँगाल्नुपर्ने कुरामा दबाब दिए। २००७ अगस्टमा उठाइएका यी मागहरू पूरा गराउन र त्यस कुरामा दबाब दिन २००८ सेप्टेम्बर १८ मा नेकपा माओवादी सरकारबाट बाहिरियो । नेकपा एमालेलगायत अन्य वामपन्थीहरूसँग संयुक्त पहल गरेर माओवादीले उठाएका यी दुई मागका पक्षमा अक्टुबर २००७ मा सम्पन्न विशेष अधिवेशनमार्फत बहुमतबाट निर्णय गरियो । संयुक्त सरकारको नेतृत्वमा रहेको नेपाली कांग्रेस अन्तरिम संविधानका यी बुँदाहरूमा संशोधन नगर्न अडिग थियो । अन्तरिम संविधानको प्रावधान संशोधन गर्न आवश्यक दुई तिहाइको बहुमत कांग्रेसको समर्थनविना सम्भव थिएन । अन्तरिम संविधानअनुसार २००७

डिसेम्बरको अन्तिमसम्ममा सबै किसिमका राजनीतिक गतिरोधहरू हटाइसक्नुपर्ने थियो । यसका लागि राजनीतिक दलहरूबीच निकै वैचारिक मन्थन र सरसल्लाह भएका थिए ।

तर राजनीतिक गतिरोधका बावजुद पनि सङ्क्रमणकालले बाटो बिराएन । त्यस बखतको राजनीतिक गतिविधिको सत्यतथ्य जान्न चाहनेहरूका लागि यस अध्ययनका निष्कर्षहरू अत्यन्तै सान्दर्भिक हुनेछन् । प्रस्तुत अध्ययनका क्रममा नेपालको प्रजातन्त्रको स्थिति तथा संविधानसभाको निर्वाचनका लागि सङ्क्रमणशील रहेको राजनीतिक स्थितिसँग सम्बन्धित विभिन्न विषयमा जनसाधारण तथा दलका नेताहरूका मत/राय/विचार/धारणाहरू सङ्कलन गरिएका थिए । यस्ता जानकारीबाट प्राप्त निष्कर्षहरू नेपालको विद्यमान राजनीतिक स्थिति तथा यसलाई असर पार्ने तत्त्वहरूबारे बुझ्नका लागि उपयोगी हुनेछन् । यस पुस्तकका विभिन्न भागमा विश्लेषण गरिएका विषयहरूका संक्षिप्त सार पुनः तल प्रस्तुत गरिएको छ र यीमध्ये सुरुका ६ वटा निष्कर्षलाई उत्तरदाताहरूबाट प्राप्त सन्देशका रूपमा र बाँकी चारवटा निष्कर्षलाई राज्यले चुनौतीको रूपमा लिनुपर्ने देखिन्छ ।

## ६.१ छवटा सन्देश

**एक** विगतमा राजाको शासनकालमा होस् या हालको सङ्क्रमणकालमा, प्रजातन्त्रप्रति जनताको समर्थन उल्लेखनीय रहेको छ । जनआन्दोलन-२ पश्चात् देशमा सामाजिक पुँजी निर्माण प्रशस्त बढेको छ । यसले प्रजातन्त्रको स्थायित्वलाई निश्चितता प्रदान गर्दछ । प्रजातन्त्रप्रतिको जनसमर्थन, राजनीतिक संघ-संस्था र राज्यप्रतिको जनविश्वासलाई नयाँ समावेशी संरचना बनाई सरकारका संयन्त्रहरू जनताप्रति उत्तरदायी बनाउनमा उपयोग गर्नुपर्दछ । जनआन्दोलन-२ को सफलताबाट जनताले शान्ति र विकासको अपेक्षा राखेका छन् र संविधानसभाको निर्वाचनबाट यी दुई क्षेत्रमा प्रगति भएको हेर्न चाहन्छन् ।

**दुई** सङ्क्रमणकालको एक वर्षको अवधिमा नै देशका प्रमुख शक्तिहरूले देशको भविष्य निर्धारण र सो लक्ष्यप्राप्तिका लागि मार्गचित्रसमेत कोरिसकेका छन् । विस्तृत शान्ति-सम्झौतामा हस्ताक्षर, अन्तरिम संविधानको निर्माण तथा नेकपा माओवादीसहितको संसद् र सरकारको गठन, जनआन्दोलन-२ पछिका मुख्य उपलब्धि हुन् । हतियार व्यवस्थापन र अन्तरिम कालका लागि राजनीतिक/संवैधानिक व्यवस्था सँगसँगै चलिरहेका छन् । यति छोटो समयमा नै ठोस मार्गचित्र पहिचान गर्न सक्नुमा दलका नेताहरूको अथक प्रयासको सराहना गर्नुपर्दछ । जनआन्दोलन-२ मा असंख्य जनताले भाग लिएका थिए । त्यसैले स्वाभाविक रूपमा उनीहरू देशको भविष्यप्रति आशावादी रहेका छन् । तर यो सङ्क्रमणकाललाई सफल अवतरण गराउने संविधानसभाको निर्वाचनको मिति भने दुई पटक सरिसकेको छ । यसरी अनावश्यक रूपमा सङ्क्रमणकाल लम्बिएमा जनताको अहिलेको आशा नैराश्यमा परिवर्तन हुन सक्नेछ ।

**तीन** मूलधारका राजनीतिक दल र माओवादीको सहकार्यबाट जनआन्दोलन-२ को प्रमुख लक्ष्य राज्य पुनर्संरचनाप्राप्तिका लागि गणतन्त्रको प्रतिष्ठापन, द्वन्द्वरूपान्तरण र समावेशी लोकतन्त्रको स्थापनालगायतका तीनवटा महत्त्वपूर्ण कार्यहरू सम्पन्न गर्नु आवश्यक छ। यी लक्ष्यहरू प्रायःजसो जनताद्वारा अनुमोदित छन् । राजतन्त्र उन्मूलनका लागि जनताको माग दिन प्रतिदिन बढ्दो छ । नेकपा माओवादीको रूपान्तरण र उसको बहुदलप्रतिको प्रतिबद्धतालाई जनताले स्वागत गरेका छन् । सशस्त्र द्वन्द्वको निवारण र देशमा शान्ति सुव्यवस्था कायम गर्न उल्लेखनीय सहयोग गरेकोमा नेपाली जनताले दल र माओवादीलाई श्रेय दिएका छन् । तर अहिलेको स्थितिमा संविधानसभाको निर्वाचन निष्पक्ष र भयरहित वातावरणमा सम्पन्न गर्न सक्नेमा यस सर्वेक्षणका नागरिक उत्तरदाता र विधायक उत्तरदाताबीच फरक मत रहेको छ । राज्यको पुनर्संरचना गर्ने सामूहिक सङ्कल्पलाई जति सक्यो चाँडो नीतिमा परिवर्तन गर्नु दलका नेताहरूको लागि टडकारो चुनौती भएको छ ।

**चार** यस सर्वेक्षणका जनसाधारण र विधायक उत्तरदाताहरूबीच समावेशी समूह र बहिष्कृत समूहको पहिचानमा मतैक्य रहनु समावेशी लोकतन्त्रको चित्र कोर्नेहरूका लागि स्वागतयोग्य निष्कर्ष हुनुपर्दछ । साथै बहिष्कृत/उपेक्षित समूहको हितको लागि संविधानमा विशेष व्यवस्था हुनुपर्ने कुरामा पनि यी उत्तरदाताहरूबीच समान धारणा रहेको छ ।

**पाँच** नेपालमा 'जातीय पहिचान' र 'राष्ट्रिय पहिचान' एकअर्कासँग गाँसिएर रहेका छन् । नेपाली जनता यी दुवै पहिचानप्रति गर्व गर्दछन् । त्यसैले जातीय पहिचानको भावनामा वृद्धि भए तापनि यसले राष्ट्रिय एकतामा कुनै प्रकारको नकारात्मक असर पर्ने देखिँदैन । जातीय पहिचानका विषयमा समाजका उपेक्षित वर्ग र लाभविमुख वर्ग समकक्षी समावेशी वर्ग र लाभमुखी वर्गको तुलनामा बढी स्पष्ट रहेका छन् । यसबाट नेपालमा जातीयताको भावना माथिबाट तल (top-down approach) नभई तलबाट माथि (bottom up approach) को सिद्धान्तमा आधारित रहेको स्पष्ट हुन्छ । मधेसी र जनजाति समूहमा आफ्नो जातीय/क्षेत्रीय पहिचानको भावना बढ्दो छ र यसले भविष्यमा निरन्तरता पाइराख्ने देखिन्छ । जनताको राष्ट्रिय र जातीय दुवै थरी पहिचानको चाहनालाई कायम राख्न बहुल नेपाली राष्ट्रियतालाई प्रवर्द्धन र प्रोत्साहित गर्नु चुनौती भएको छ ।

**छ** नेपाल कहिले पनि विदेशी औपनिवेशिक राज्य हुनुपरेन । विदेशी समुदायले नेपाललाई दिँदै आएको वैदेशिक सहायता र विकासमूलक सहयोगका कारण नेपाली जनसाधारण र विधायकहरू विदेशी समुदायमा विश्वास राख्दछन् । द्वन्द्वको रूपान्तरण र भयरहित निष्पक्ष संविधानसभाको निर्वाचनका लागि आवश्यक वातावरण तयार गर्न विदेशीहरूले सहयोग गर्नेमा नेपाली जनता विश्वस्त छन् । जनताले आफूले व्यक्त गरेको भावनाअनुरूप शान्ति, स्थायित्व, लोकतन्त्र र विकासका लागि सङ्क्रमण कालको सफल अवतरणमा राष्ट्रिय र अन्तर्राष्ट्रिय शक्तिहरूबीच समन्वयको अपेक्षा राखेका छन् ।

## ६.२ चार चुनौती

**एक** वाक् स्वतन्त्रता/अभिव्यक्तिको स्वतन्त्रता र संगठन गर्ने स्वतन्त्रतासहितको प्रजातन्त्रको पुनःस्थापना प्रजातान्त्रिक अभ्यासको एक पक्ष हो भने यसको अर्को पक्ष हो समाजका विभिन्न क्षेत्र र समूह प्रजातान्त्रिक हुँदै जानु । नेपालको प्रजातान्त्रिक अभ्यासको दोस्रो उपर्युक्त पक्षमा कमीकमजोरी रहेको स्पष्ट देखिन्छ । सायद यसैले होला यस सर्वेक्षणमा समावेश भएका उपेक्षित समूह, निरक्षर, गरिब, पिछडिएका, सञ्चारमा पहुँच नभएका, दलित, मधेसी समुदायका बहुसंख्यक उत्तरदाताहरूले देशमा जुनसुकै शासन व्यवस्था (निरङ्कुशतन्त्र वा लोकतन्त्र) आए पनि आफूलाई फरक नपर्ने बताएका छन् । यिनै समूहका बहुसंख्यक उत्तरदाताले देशमा राजतन्त्र रहिरहनुपर्ने राय व्यक्त गरेका छन्; यद्यपि यो मत जनआन्दोलन-२ को भावना विपरीत छ । प्रश्नावलीमा दिइएका राज्यका आठवटा संयन्त्रप्रति पनि यी समूहहरूले कम मात्र विश्वास रहेको जनाएका छन् । त्यस्तै लाभमुखी/समावेशी समूहको तुलनामा लाभविमुख/बहिष्कृत समूहका बहुसंख्यक उत्तरदातालाई संविधानसभाको अर्थ तथा यससँग सम्बन्धित अन्य विषयबारे कम मात्र जानकारी रहेको छ । यसका अतिरिक्त यी लाभविमुख वर्गले संविधानसभाबाट कुनै पनि किसिमको अपेक्षा राखेका छैनन् । यहाँ ध्यान दिनुपर्ने कुरा के छ भने जनआन्दोलन-२ पछिको प्रजातान्त्रिक स्थितिबाट पनि यी पिछडिएका वर्ग लाभान्वित हुन सकेनन् । यसबाट जनआन्दोलन-२ पछिको प्रजातान्त्रिक अवस्थाले पनि यी पिछडिएका वर्गलाई समेट्न नसकेको स्पष्ट भएको छ । यस स्थितिमा यथाशक्य चाँडो परिवर्तन आउनु जरुरी भइसकेको छ ।

दुई जनसाधारण र विभिन्न दलसँग आबद्ध विधायकहरूले नेकपा माओवादीप्रति धेरै विश्वास जनाएका छैनन् । नेकपा माओवादी र अन्य दलबीचको अविश्वासको कारणबाट नै हालको राजनीतिक गतिरोध उत्पन्न भएको छ । नेकपा माओवादीप्रति व्यक्त गरिएको कम विश्वासको आफ्नै सन्देश छ जसले राजनीतिक दल र माओवादी दुवैलाई सचेत गराएको छ । नेकपा माओवादीले यदि राजनीतिक नेता तथा जनताको विश्वास जित्नु छ भने यसले आफ्नो बदला लिने भावनाअनुरूपको कारबाही र सैद्धान्तिक अस्पष्टतालाई हटाउनु जरुरी छ । राजनीतिक दलहरू (जसले विगतमा त्रिपक्षीय राजनीतिक संघर्षमा साँच्चिकै राजतन्त्रको पक्ष लिन चाहेका थिए तर राजा ज्ञानेन्द्रले उनीहरूको प्रस्तावलाई नकारेका कारणले मात्र नेकपा (माओवादी)सँग मेलमिलाप गर्न पुगेका थिए) ले पनि अब गणतन्त्र, संघीय पद्धति र समावेशीकरणलाई गणतन्त्र, संघीय पद्धति तथा समावेशनका मुद्दाहरू नेकपा (माओवादी)ले उठाएका भए तापनि अहिले यी मुद्दा समयानुकूल रहेका कारण अन्य दलहरूले पनि यिनलाई सम्बोधन गरेका छन् । संसदीय धारका राजनीतिक दल र नेकपा माओवादीबीचको साझेदारी आआफ्नो अनुकूलताका लागि मात्र गरिएको थियो । तर अहिले यी दुईको कार्यगत एकता संविधानसभाको निर्वाचन निष्पक्ष र स्वतन्त्र ढङ्गमा सम्पन्न गराउन तथा द्वन्द्वनिवारणका लागि अपरिहार्य भएको छ । यसरी नेकपा माओवादी र अन्य दलबीच विश्वास बढाउने विषय र विभिन्न दलका राजनीतिकर्मीहरूले हालैको राजनीतिक गतिरोधको अन्त्य गर्नका निम्ति गरेका प्रयासहरू एकआपसमा सम्बन्धित छन् ।

